

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष ३० अंक २९६ | ३ पुस २०७९ आइतबार पौष कृष्णपक्ष दशमी | नेपाल संवत् ११४३ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, December 18, 2022 | पृष्ठ १२+२ | १० रुपैयाँ



# राजस्वले चालु खर्च धान्नसमेत कठिन

कृष्ण आचार्य (काठमाडौं)



- मंसिरसम्म ४ खर्ब ६४ अर्ब १२ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य तर १ खर्ब ९ अर्ब रुपैयाँ कम अर्थात् जम्मा ३ खर्ब ५४ अर्ब राजस्व संकलन
- चालुतर्फ मात्र ३ खर्ब ५४ अर्ब रुपैयाँ नै खर्च, कहाँबाट गर्ने पुंजीगत खर्च र वित्तीय व्यवस्थापन ? अर्थशास्त्री भन्छन्, 'पछिल्ला दशकमा यस्तो अवस्था आएको सम्झना छैन'
- सार्वजनिक खर्च पुनरावलोकन आयोगका अध्यक्ष डिल्लीराज खनाल भन्छन्, 'आयात र रेमिट्यान्स बढेका पछिल्ला दशकमा राजस्वले चालु खर्च नधान्ने यस्तो अवस्थाको सम्झना मलाई छैन, यसले मुलुकको सरकारी वित्तीय प्रणालीलाई दुर्घटनातर्फ लैजान्छ'

देशको अर्थ नेतृत्व भद्रगोल हुँदा चालु आर्थिक वर्षमा पनि सरकारी खर्च र राजस्वको अवस्था नाजुक छ । सरकारले गत आर्थिक वर्षको तुलनामा ३१ प्रतिशत बढी राजस्व संकलन गर्ने लक्ष्य राखेको छ, तर गत वर्षको यही अवधिको तुलनामा २० प्रतिशत कम राजस्व संकलन भएको छ । यसरी सरकारी आम्दानीले चालु खर्च धान्न पनि कठिन हुने भएको छ ।

अर्थमन्त्री जनार्दन शर्माद्वारा प्रस्तुत बजेटअनुसार आर्थिक वर्षको पाँच महिना (साउन-मंसिर) सम्म ४ खर्ब ६४ अर्ब १२ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य थियो । तर, लक्ष्यभन्दा १ खर्ब ९ अर्ब ७१ करोड रुपैयाँ कम अर्थात् जम्मा ३ खर्ब ५४ अर्ब ४१ करोड रुपैयाँ मात्रै राजस्व संकलन भएको छ ।

गत आर्थिक वर्षको यही अवधिमा समेत ४ खर्ब ४३ अर्ब ७९ करोड रुपैयाँ राजस्व संकलन भएको थियो । यसरी चालु वर्षको लक्ष्यभन्दा २४ प्रतिशत र गत वर्षको यही अवधिको उपलब्धिभन्दा २० प्रतिशत कम राजस्व संकलन भएको हो ।

आम्दानी र खर्चको तुलना पनि अत्यासलाग्दो अवस्थातर्फ छ । सरकारले संकलन गरेको राजस्वले चालु खर्च (कर्मचारी, शिक्षक, सैनिक, प्रहरीको तलब तथा भत्ता खर्च) का लागि समेत नपुग्ने अवस्था आएको छ । महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकअनुसार मंसिरसम्म ३ खर्ब ५४ अर्ब ४१ करोड रुपैयाँ राजस्व संकलन भएकामा त्यति नै बराबर अर्थात् ३ खर्ब ५४ अर्ब २५ करोड ६९ लाख रुपैयाँ चालु खर्च भइसकेको छ । पुँजीगत र वित्तीय व्यवस्थाका लागि बजेटबाट कुनै योगदान नहुने अवस्था छ ।

'आयात र रेमिट्यान्स बढेका पछिल्ला दशकमा राजस्वले चालु खर्च नधान्ने यस्तो अवस्था आएको मलाई सम्झना छैन । तर यस वर्ष राजस्वले चालु खर्च नपुग्ने अवस्था आयो,' अर्थशास्त्री तथा सार्वजनिक खर्च पुनरावलोकन आयोगका अध्यक्ष डिल्लीराज खनाल भन्छन्, 'यसले मुलुकको सरकारी वित्तीय प्रणालीलाई दुर्घटनातर्फ लैजान्छ ।'

खनालले भनेझैं यस वर्ष राजस्वसहित अन्य स्रोतबाट प्राप्त आम्दानीले सरकारी खर्च नपुगेपछि गत आर्थिक वर्षको मौज्दातबाट खर्च भएको छ । राष्ट्र बैंक स्रोतका अनुसार गत असारसम्म सरकारी ढुकुटीमा (संघ, प्रदेश र स्थानीय तहसहित) २ खर्ब २७ अर्ब रुपैयाँ मौज्दात थियो । यो रकम अहिले १ खर्ब ९० अर्ब रुपैयाँमा झरेको छ ।

राजस्व कम उठ्ने र उठेको राजस्वले पनि चालु खर्च नपुग्ने अवस्था आइरहँदा पुँजीगत खर्चको अवस्था पनि कमजोर छ । चालु आर्थिक वर्षको पाँच महिनामा करिब १० प्रतिशत मात्रै पुँजीगत खर्च भएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार पाँच महिनामा ३३ अर्ब ९९ करोड रुपैयाँ मात्रै पुँजीगत खर्च भएको छ । जब कि वर्षभर खर्चिनुपर्ने यस्तो बजेट ३ खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ हो ।

अर्थ मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले भने हालसम्म भएको पुँजीगत खर्च गत वर्षको तुलनामा प्रतिशत र अंक दुवै हिसाबले बढी भएको तथ्यांक अघि सार्छन् । तर कति ? 'गत आर्थिक वर्षको यही अवधिमा विनियोजनको तुलनामा ७.५१ प्रतिशत मात्रै पुँजीगत खर्च भएको थियो,' उनी भन्छन् ।

डेढ वर्षअघि ३० असार ०७८ मा अर्थमन्त्रीको जिम्मेवारी सम्हालेपछि शर्माले प्रायः नछुटाउने वाक्य थियो- 'हरेक महिना १० प्रतिशत पुँजीगत खर्च र लक्ष्यभन्दा २ सय प्रतिशत बढी राजस्व संकलन' । दुर्भाग्य, यति धेरै महत्त्वाकांक्षी घोषणा गरेका शर्माको पहिलो बजेट कार्यान्वयन असफल जस्तै भएको थियो । गत वर्ष कुल विनियोजनको तुलनामा पुँजीगत खर्च ५७ प्रतिशत मात्रै भयो । राजस्व संकलन पनि लक्ष्यको तुलनामा ९० प्रतिशत मात्रै हासिल भएको थियो ।

अर्थ मन्त्रालयले आफ्नो कार्यक्षमताभन्दा विभिन्न सरकारी निकायका नीतिगत निर्णयलाई कारक ठानेको छ । 'गत वैशाखबाट १० वटा वस्तुको आयातमा लगाइएको बन्देज, सेयरबाट प्राप्त हुने पुँजीगत लाभकरको विषय, घरजग्गाको कारोबारको कमीहरूले गर्दा राजस्व संकलन कम भएको हो,' अर्थ मन्त्रालयका प्रवक्ता काफ्ले भन्छन्, 'समग्रमा अहिले अर्थतन्त्रमा मागको कमी छ । यी विषय नीतिगत कारणसँग अन्तरसम्बन्धित छन् ।'

अर्थशास्त्रीहरूले भने अर्थ मन्त्रालयको नेतृत्व, राजस्व प्रशासनको कार्यक्षमता, नैतिकता र नीति तथा कार्यान्वयनबीचको तालमेलको अभावलाई नै यो अवस्थाको कारक मान्छन् । अर्थमन्त्रीका रूपमा शर्मा आएपछि राजस्व सचिव, राजस्व महाशाखादेखि भन्सार प्रमुखमा क्षमतावान्लाई पाखा लगाएर आफ्नालाई अघि सार्ने प्रवृत्ति बढेकाले त्यसको मूल्य राज्यले चुकाउनुपर्ने अवस्था आएको उनीहरूको भनाइ छ । बाँकी पृष्ठ १२

# प्रधानमन्त्रीमा दाहालको दाबीले दबाबमा देउवा

दोस्रो चरणमा सरकारको नेतृत्व गर्न पाइएला भन्नेमा देउवा र दाहाल दुवैलाई विश्वास छैन

कुलचन्द्र न्यौपाने (काठमाडौं)





माओवादीसहित नयाँ गठबन्धन बनाउने कसरतमा एमाले
पृष्ठ ३

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नै नेतृत्वमा सरकार गठनका लागि बहुमत जुटाउन र पार्टीबाट दलको नेता बन्न कसरत गरिरहेका बेला माओवादी अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्रीमा दाबी गरेका छन् । शनिबार देउवालाई बालुवाटारमा भेटेका दाहालले समग्र शक्ति बाँडफाँटको विषय प्रवेश गराउँदै सरकारको नेतृत्वमा आफ्नो दाबी प्रस्तुत गरेका हुन् ।

माओवादीमा चुनौती दिने अर्को नेता अघि नबढेकाले संसदीय दलको नेता चुनिनुअघि नै दाहालले प्रधानमन्त्रीका लागि दाबी गरेका हुन् । कांग्रेसका दोस्रो तहका नेताहरूमार्फत सन्देश पठाउँदै आएका दाहालले देउवासँग भने पहिलोपल्ट मुख खोलेका हुन् । देउवाले दाहालको प्रस्तावमा प्रस्ट जवाफ दिएका छैनन् । 'संसदीय दलको नेता टुंगो लागेपछि छलफल गरौंला भन्ने जवाफ प्रधानमन्त्रीको छ,' बालुवाटार स्रोतले भन्यो ।

भेटपछि प्रधानमन्त्री देउवाले बालुवाटारमा आफूनिकट नेतासँग छलफल गर्दै दाहालले प्रधानमन्त्री खोजिरहेको जानकारी गराएका थिए । दोस्रो चरणमा प्रधानमन्त्री छाड्न तयार भएका देउवा सुरुमै दाहालले दाबी गरेपछि दबाबमा परेका छन् । कांग्रेस प्रवक्ता प्रकाशशरण महतले भने दाहालको प्रस्तावलाई अन्यथा नमानिएको बताए । 'प्रचण्डजीले आफ्ना लागि प्रधानमन्त्री चाहियो भन्नुभएको छ, अब कसरी अघि बढ्ने भन्नेबारेमा दलको नेता टुंगो लागेपछि हामी छलफल गर्छौं,' उनले भने, 'प्रचण्डले प्रधानमन्त्री हुने प्रस्ताव गर्दैमा गठबन्धन टुट्ने वा विकल्प खोज्ने भन्ने कुरा सोचिएको छैन । आ-आफ्ना कुरा राख्नुलाई अन्यथा लिनुहुन्न । यस्तै प्रस्ताव पहिला पनि थियो होला, अहिले पनि राख्नुभयो । अब छलफल हुन्छ ।'

माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले दाहालले 'पावर सेयरिङ' कसरी गर्ने भन्ने विषयमा मात्रै छलफल गरेको दाबी गरे । 'निर्वाचनबाट तपाईंहरूले बढी लाभ पाउनुभयो, हामीलाई भएन, गठबन्धन कसरी अघि बढाउने ? पावर सेयरिङको समग्रतामा कसरी सोच्नुभएको छ भनेर अध्यक्षले कुरा राख्नुभएको हो,' उनले कान्तिपुरसँग भने, 'प्रधानमन्त्री चाहियो भनेर उच्चारण गर्नुभएको छैन ।'

माओवादी महासचिव देव गुरुङले दाहालको प्रस्ताव स्वाभाविक भएको बताए । 'शान्तिप्रक्रिया र परिवर्तनका मुद्दाको नेतृत्व गरेको हैसियतले प्रचण्डले सरकारको नेतृत्व गर्ने कुरा स्वाभाविक हो, उचित कुरा पनि हो,' उनले भने ।

पाँच वर्षको कार्यकाल आधा-आधा बाँडेर सरकारको नेतृत्व गर्ने विषयमा समझदारी बने पनि को पहिला प्रधानमन्त्री हुने भन्नेमा देउवा र दाहालबीच रस्साकसी छ । यसले सत्ता गठबन्धनको भविष्यलाई समेत अन्योलमा धकेल्ने कतिपय नेताको बुझाइ छ । 'यसपटक प्रचण्डले पनि प्रधानमन्त्री छाड्ने सम्भावना देखिँदैन, छलफलमा उहाँको दह्रो अडान रहने संकेत देखिन्छ, देउवाले पार्टीभित्र र बाहिरसमेत तयारी अघि बढाइसक्नुभएको छ,' कांग्रेसका एक पदाधिकारीले भने, 'साढे दुई वर्षपछि दोस्रो चरणमा सरकारको नेतृत्व गर्न पाइएला भन्ने रत्तिभर विश्वास उहाँहरूलाई छैन । त्यसैले सुरुमै प्रधानमन्त्री हुने दुवै नेताको चाहना छ ।'

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रधानमन्त्रीको विषयले गठबन्धनमा असर नपर्ने बताए । 'चुनावअघि पनि गठबन्धन टुट्छ कि भन्ने आशंका थिए, चुनावले गठबन्धनलाई अनुमोदन गर्‍यो,' कार्कीले भने, 'अहिले पनि प्रधानमन्त्रीको विषयलाई लिएर यस्ता आशंका उठ्न थालेका छन् । यसलाई चिरेर गठबन्धनकै नेतृत्वमा सरकार बनाउँछौं । प्रधानमन्त्रीको विषयले गठबन्धन टुट्ने-फुट्ने हुन्न ।' बाँकी पृष्ठ १२




# मेसीलाई अन्तिम अवसर

- अर्जेन्टिना ३६ वर्षपछि विश्वकप जित्ने सुरमा
- फ्रान्सको दाउ उपाधि रक्षा

राजु घिसिङ (दोहा)



क्रोएसियालाई 'नचाहेको' तेस्रो स्थान
पृष्ठ १३

कतारमा पहिलोपल्ट विश्वकप सुरु हुने बेला दुई खेलाडी खुबै चर्चामा थिए- लियोनल मेसी र क्रिस्टियानो रोनाल्डो । विश्व फुटबलले पाएका सर्वकालीन महान् खेलाडीमध्येका यी दुई विश्वकप जित्ने अन्तिम प्रयासमा थिए । पोर्चुगलको हारसँगै रोनाल्डोको सम्भावना क्वाटरफाइनलमै सकियो । मेसी अर्जेन्टिनालाई फाइनलमा पुर्‍याउँदै विश्वकपको उपाधिसहित करिअर सार्थक पार्ने अभियानको संघारमा छन् । उनको टिमले उपाधि होडमा आइतबार डिफेन्डिङ च्याम्पियन फ्रान्सविरुद्ध लुसेल रंगशालामा फाइनल खेल्दै छ ।

अर्जेन्टिनाका प्रशिक्षक लियोनल स्कालोनी मेसीले फाइनलमा पनि उत्कृष्ट प्रदर्शन गर्नेमा विश्वस्त छन् । 'मेसी उत्कृष्ट खेलाडी हुन् । उनले कतारमा उत्कृष्ट प्रदर्शन गरिरहेका छन्, फाइनलमा पनि पक्कै राम्रो गर्नेछन् । उनीजस्ता उत्कृष्ट खेलाडीको करिअरलाई विश्वकपको उपाधिले थप सुन्दर बनाउँछ,' उनले शनिबार दोहामा आयोजित पत्रकार सम्मेलनमा भने, 'हामीसँग राम्रो टिम छ । युवा खेलाडीहरू छन् । सबैले राम्रो खेलिरहेका छन् । फाइनल जित्ने कोसिस गर्नेछौं ।' उनले प्रतिस्पर्धीबारे बोले, 'फ्रान्स निकै राम्रो टिम हो । राम्रो खेलिरहेको छ । हाम्रो कोसिस फ्रान्सलाई हराएर ट्रफी हात पार्ने हुनेछ ।'

विश्वकै सर्वोत्कृष्ट फुटबल खेलाडीको अवार्ड बालोन डी'अर कीर्तिमानी सातपल्ट जितेका मेसी नै अर्जेन्टिनी टिमको ३६ वर्षपछि विश्वकप जित्ने अभियानका मुख्य हतियार हुन् । गत वर्ष अर्जेन्टिनाले कोपा अमेरिका जित्दाका कप्तान मेसीले पनि यो फाइनल नै विश्वकपमा आफ्नो अन्तिम खेल हुने बताइसकेका छन् । उनकै उत्कृष्ट प्रदर्शनमा अर्जेन्टिना सन् २०१४ मा फाइनल पुगेको थियो तर अतिरिक्त समयमा जर्मनीबाट १-० ले पराजित भएको थियो । त्यसैले दोस्रोपल्ट फाइनल खेल्दा मेसी विश्व विजेता बन्न चाहन्छन् । उनले उपाधि जित्न नसकेको प्रतियोगिता विश्वकप मात्रै हो ।

विश्वकपको २२ औं संस्करण सुरु हुँदा उपाधिको मुख्य दावेदार अर्जेन्टिना थिएन । ब्राजिल, फ्रान्स, इंग्ल्यान्ड र स्पेनलाई बलियो मानिएको थियो । पहिलो खेलमै साउदी अरेबियाविरुद्ध २-१ ले पराजित भएपछि अर्जेन्टिनाका लागि प्रत्येक खेल फाइनल बन्यो । कप्तान मेसीले भने पनि, 'खेल जित्नैपर्ने बाध्यता थाहा पाएर मैदानमा जानु सजिलो थिएन । किनकि हार्‍यो भने प्रतियोगिताबाटै बाहिरिन्थ्यो । दोस्रो खेलदेखि हामी यस्तै परिस्थितिबाट आएका छौं । यसले मानसिक रूपमा धेरै बलियो बनाएको छ र टिमले त्यस्तो परिस्थितिमा कसरी अगाडि बढ्ने भन्ने जानेको छ । हामीले पाँच फाइनल खेल्यौं र अब अर्को एउटा फाइनल खेल्दै छौं ।'

कतारमा अर्जेन्टिनी समर्थकको चहलपहल बढी नै छ । जता पनि आकाशे नीलो र सेतो धर्से रङको जर्सी देखिन्छ । करिब ४० हजार अर्जेन्टिनी समर्थक कतार आएको अनुमान छ । यसले पनि टिमलाई थप ऊर्जा दिएको छ । मैदानमा गतिलो खेल प्रदर्शन गरिरहेको फ्रान्सेली दर्शकको उपस्थिति भने साह्रै थोरै छ । गोल गरेको खुसीयाली मनाउने दर्शक केही सय वा हजारमात्रै रंगशालामा देखिन्छन् । बाँकी पृष्ठ १२

# अझै पनि बालीघरे बोझ

### आयआर्जनको दरिलो विकल्प नपाउँदा शिक्षा, स्वास्थ्यमा पछि परेका दलित समुदाय अझै पनि बालीघरे प्रथा धान्दै



**ललितपुरको गोदावरी-१० का साधुराम विश्वकर्मा आरनमा काम गर्दै ।**
*तस्बिर : मधु/कान्तिपुर*

**मधु शाही** (काठमाडौं)

आगोको रापसँग खेल्नु ललितपुर गोदावरी-१० का साधुराम विश्वकर्माको दैनिकी हो । विष्टबराजु (नियमित ग्राहक) को काममा थोरै पनि ढिलासुस्ती नगरी उनी बिहानैदेखि जुटिहाल्छन् । बुधबार उनको आरनमा पुग्दा फलामका औजार बनाउन उनलाई भ्याइनभ्याई थियो । 'विष्टबराजुको काममा ढिला गर्नु हुँदैन भनेर बाउबाजेदेखि सिक्दै आएको छु,' पुर्खौली हातेपंखा चलाउँदै फलाम तताइरहेका साधुराम भन्छन्, 'काम छिट्टै सक्छु, समयमै बुझाउँछु ।'

उमेरले सात दशक पार गरेका उनी विष्टको सेवामा जति समर्पित छन्, उति परिश्रमको मूल्य पाउँदैनन् । वर्षभरि काम गरेबापत उनले पैसा होइन, एकपाथी अन्नबालीमा चित्त बुझाउनुपर्छ । त्यो पनि विष्ट बराजुले मनपरि हिसाबले दिन्छन् । बाउबाजेको पालामा जे जति अन्न दिइन्थ्यो, अहिलेसम्म त्यही चलन रहेको उनले सुनाए । भन्छन्, 'उहिले पनि एकपाथी धान दिन्थे अहिले त बरु घट्दै गएको छ ।'

दलित समुदायले परम्परादेखि विष्टबराजु बनाएर सेवा गरेबापत अन्नबाली दिइने चलनलाई बालीघरे प्रथा भनिन्छ । परम्पराको नाममा निरन्तरता पाइरहेको बालीघरे प्रथा आधुनिक समयसम्म आइपुग्दा निर्मूल हुन सकेको छैन । दलित समुदायभित्रका विश्वकर्माहरूले परम्परागत कामका रूपमा हँसिया, कोदालो, कुटी, खरुवालगायत फलामका औजार बनाउँछन् भने परियारहरूले लुगा सिलाउने गर्छन् ।

साधुरामको तीन पुस्ता बालीघरेमै भर परिरहेको छ । महँगीले आकाश छुन लागे पनि श्रमको मूल्य बढ्न सकेको छैन । उनका ३० वर्षे छोरा पनि आरन चलाउँछन् । गाउँमा बेरोजगार हुनुभन्दा बाबुले गर्दै आएको काममा लाग्दा खाली बस्नु नपरेको उनको भनाइ छ । तर मेहनतअनुसारको मूल्य नपाउँदा उनको जाँगर मर्दै गएको छ । 'दुःख धेरै गर्नुपर्छ,' उनी भन्छन्, 'अन्नको सट्टा पैसा माग्दा धेरैले आनकानी गर्छन् । कसैले त त्यही अन्न पनि दिँदैनन् ।' वर्षभरि काम गरेर एक घरबाट १५ सय पनि नआउने उनले गुनासो गरे । सादुरामका पुर्खौली विष्टबराजु ३० देखि ३५ जना छन् । 'सबैले वर्षमा अन्नको सट्टा १५ सय रुपैयाँ दिए भने पनि ५० हजार हुने रहेछ,' साधुरामकी पत्नी कालु भन्छिन्, 'अन्न लिएर वर्षभरि खान पुग्दैन, नुनतेल जुटाउन पनि गाह्रो पर्छ ।'

उनीहरूको आयआर्जनको स्रोत नै परम्परागत सीप हो । आरन चलाएरै परिवार पाल्नुपर्ने बालीघरे प्रथा हट्न नसकेको वडा सदस्य सुजाता विकले बताइन् । गोदावरी-१० कै ४५ वर्षीया सुनिता परियारको परिवार पनि यही प्रथामा धानिएको छ । उनी विष्टका लुगाफाटा सिलाउने गर्छिन् । ६ महिना, वर्ष दिन कुरेर अन्न थाप्न जानुपर्छ । 'त्यही अन्नबाली पनि राम्रो परे त हुन्थ्यो नि,' सुनिता भन्छिन्, 'कुहिएका मकै दिएर पठाउँछन् । मन रुवाउँदै घर फर्किन्छु ।'

उनकै छिमेकी मदन परियारले पुर्खादेखि सिलाइ गर्दै आए । पढाइ छैन, विदेश जान लगानी चाहिन्छ । गाउँमै बसेर जीविकोपार्जन गर्न प्रशस्त जमिन छैन । 'बालीघरे काम नगरे अरू उपाय छैन, काम गर्दा पनि सम्मानजनक व्यवहार नपाउँदा झनै दुःख लाग्छ,' उनले भने, 'पैसा दिँदैनन्, अन्न लिँन जाँदा हेपेर दिन्छन् ।'

बाँकेको राप्तीसोनारी-९ खैरी गाउँका घनश्याम विकको परिवारले पुर्ख्यौली आरन चलाउँदै आएको छ । बालीघरे कामले गुजारा नभएपछि ३२ वर्षीय घनश्याम रोजगारीका लागि काठमाडौं आए । घर बनाउने काम गर्दागर्दै महँगीले उनी आत्तिए, फेरि फर्किएर गाउँमै आरन चलाउन थाले । महँगी बढे पनि उनका विष्टबराजुले दिने अन्नबालीको मात्रा बढेको छैन । पछिल्लो समय उनले परिश्रमको मूल्य पैसामा दिन अनुरोध पनि गरे । तर, धेरै अन्नबालीमै चित्त बुझाऊ भन्दै जवाफ दिने गरेका छन् । 'कसैले त पैसा दिइहाल्छन्, कोही चाहिँ परम्परा हो अन्न नै लैजाऊ भन्छन्,' घनश्यामले भने ।

पाल्पाको रैनादेवी छहरा-६ खड्कबहादुर विकले चार जना छोराछोरी बालीघरे गर्दागर्दै हुर्काए । उनले अहिले पनि तीन पुस्ता पुरानो आरन चलाइरहेका छन् । 'विष्टको सोखमा हाम्रो ज्याला अडिएको छ । मन खुसी भए दिइहाल्छन् नभए रित्तै पठाउँछन्,' उनले भने, 'भोकै बस्नुभन्दा थोरैमा चित्त बुझाउनुपर्ने बाध्यता छ ।'

●●●

बालीघरे प्रथाले दलित समुदायको श्रम र सीपको शोषण गरेको भन्दै विगतमा दलित आन्दोलन पनि भए । १९९७ सालमा दलित अधिकारकर्मी भगत सर्वजित विश्वकर्माको नेतृत्वमा बालीघरे प्रथाविरोधी आन्दोलन भएको इतिहास छ । परम्परागत बालीघरे प्रथाले उत्पीडित भएका दलित समुदायमाथि श्रम शोषण भएको र आर्थिक विकासमा दमन भएको भन्दै आन्दोलन चर्किएको थियो । विश्वकर्माले आरनको टुँडो भाँचेर, परियारले लुगा सिलाउने कल बन्द गरेर, सार्की समुदायले छालाको काम बन्द गरेर विरोध गर्ने घोषणा गरेका थिए ।

## सीपको आर्थिक रूपान्तरणले दलितको पुँजीमाथि अधिकार हुन्छ भनेर समाज अनुदार

कुनै स्थानीय तहले बालीघरे प्रथा अन्त्य गर्न आधुनिक सीप सिकाउने तालिमको पनि व्यवस्था गरे । अर्घाखाँचीको मालारानी-५ वडामा गएको आर्थिक वर्ष १० जनालाई सुधारिएको आरन व्यवस्थापनसम्बन्धी तालिम दिइएको थियो । दलित समुदायले खुसीले सहभागी भए तर, त्यसको नजितमा भने परिवर्तन नआएको वडासदस्य विष्णु सुनार बताउँछिन् । बालीघरे काम सीप र क्षमतासँगै विभेदकारी सोचसँग जोडिएकाले अन्त्य गर्न कठिन भएको उनको बुझाइ छ । 'तालिम पाएर राम्रै काम गरे पनि विष्टहरूले परम्परा हो भन्दै अन्नबाली नै दिन्छन्,' उनले भनिन्, 'परम्परा तोड्न चुनौती छ ।'

●●●

चार वर्षअघि बागलुङको काठेखोला गाउँपालिकाले बालीघरे प्रथा अन्त्य गर्ने अभियान थालेको थियो । तत्कालीन वडा सदस्य सुन्तली विकको अध्यक्षतामा 'बालीघरे प्रथाविरुद्ध साझा अभियान' चलेको हो । घरदैलोमा पुगेर दलित समुदायलाई आर्थिक व्यवसाय गर्न सुझाव दिइएको थियो । अभियानपछि गाउँपालिकामा ७० प्रतिशत दलितले बालीघरे प्रथालाई रूपान्तरण गरेर आर्थिक व्यवसाय अपनाउन थालेको काठेखोला-३ का वडाध्यक्ष कुलबहादुर विकले बताए । उनका अनुसार बालीघरेसँगै हलिया प्रथा गाउँमा अझै कायम छ । यसलाई हटाउने थप योजना बनाउन लागिएको उनले बताए । 'दलितले नै पैसा विना काम नगर्ने भन्ने सिकाएपछि प्रथा हट्न थालेको छ,' उनले भने, 'बिस्तारै पुरै हटाउँछौं ।'

नेपालगन्जमा २०६२/६३ तिर अधिकारकर्मी ५८ वर्षे रेशम परियारको नेतृत्वमा बालीघरे र खली प्रथाविरुद्ध अभियान थालिएको थियो । विभिन्न संघसंस्थाको सहयोगमा दुई वर्षसम्म लगातार प्रथा विरोधी अभियानका गतिविधि गरिएको रेशमको भनाइ छ । एउटा पाइन्ट सिलाएको वर्षभरि एक पाथी धान दिन्थे । पछि लुगा सिलाएको ज्याला उचित रकममा लिन थालेपछि दलित समुदायको आर्थिक अवस्थामा सुधार आएको रेशमको अनुभव छ । उनी भन्छन्, 'परियार समुदायमा बालीघरे प्रथा निकै कम भइसकेको छ, यद्यपि सुदूरपश्चिमतिर बाँकी छ ।'

अनुसन्धानकर्ता सीताकुमारी विश्वकर्माले 'बालीघरे प्रथा र दलित समुदायमा पारेको प्रभाव' विषयमा शोध गरेकी छन् । सामाजिक समावेशीकरण अनुसन्धान कोषको लागि प्रस्तुत गरिएको प्रतिवेदनमा बागलुङ जिल्लाका तीन बस्तीका दलित समुदायको पेसागत अवस्था पारे नमुना अध्ययन गरिएको छ । जसमा ५८ घर दलित समुदायको घरधुरीमध्ये ४७ प्रतिशत दलित समुदाय बालीघरे पेसामा आबद्ध भएको तथ्यांक छ । ७७ प्रतिशत फलामको काम गर्छन् भने २३ प्रतिशत कपडा सिलाउने तथा बाजा बजाउने गर्छन् । बालीघरे प्रथा अपनाउँदै आएकामध्ये ८०.७० प्रतिशतले आर्थिक आय राम्रो नभएको बताएका छन् । प्रतिवेदनमा दलितहरूले बालीघरे पेसा गरेबापत वार्षिक प्रतिघर ४ देखि १० पाथी मकै, १ देखि ५ माना फापर पाउने गरेका छन् । जसअनुसार बालीघरे पेसा अपनाउने दलितको औसत परिवार संख्या ५ जना छन् । उनीहरूलाई ३ महिनासम्म पनि खान नपुग्ने अवस्था अनुसन्धानले देखाएको छ ।

बालीघरे प्रथा हटाउन विभिन्न समयमा दलित समुदायले आफ्नै शैलीले विरोध गरिआए पनि राज्यस्तरबाट केही भएको छैन । अधिकारकर्मी जेबी विश्वकर्माका अनुसार दलित समुदायलाई पृथ्वीनारायण शाहको पालादेखि नै श्रमको आधारमा दास प्रथा कायम गर्ने परम्परा बसेको थियो । सीपको आर्थिक रूपान्तरण गराउँदा दलितको पुँजीमाथि अधिकार हुन्छ भन्ने मान्यता थियो । पुँजीले अधिकार र प्रश्न गर्ने हिम्मत जुटाउछ । जसले गर्दा दासत्व कम हुँदै जाने डरले शासकले दलितको श्रमको नियन्त्रण गर्न खोजिएको उनको मत छ ।

'अहिलेसम्म पनि जीवित कुप्रथा हुनुको कारण दमित दास मनोभावको संकेत हो,' उनी भन्छन् । संविधानले सबै प्रकारका विभेद र शोषण हटाउनुपर्छ भनिरहँदा बालीघरे दास प्रथा पनि एउटा मुल मुद्दा पर्छ । तर, यसको मुख्य जिम्मेवारी जनप्रतिनिधिको हुने विश्वकर्माको बुझाइ छ । आधुनिक सीपको विकास गर्ने, आयआर्जनको वैकल्पिक बाटो देखाउने र जागृत गराउन सके बालीघरे प्रथाको अन्त्य हुने उनको भनाइ छ ।

# गाउँमा काम छैन, भोको पेटले मान्दैन

### 'सरकारले सञ्चालन गर्ने विकासे योजनाहरूमा रोजगारी दिने विकास चाहिएको छ, रोजगारी दिने विकास भए कसैले गाउँ छोड्नु पर्दैन'

**विद्या राई** (मुगु)

हुम्ला जोड्ने सडकमा काम पाएपछि छायानाथ रारा नगरपालिका लुमकी रामसरा कामीका दैनिकी फेरिए । उनका श्रीमान्ले मजदुरी गर्न भारत जानुपरेन । सडक निर्माणमा मजदुरी गरेर उनले पनि श्रीमान्कै सरह ज्याला पाइन् । मनग्य कमाइ हुन्थ्यो । छोराछोरीले नियमित विद्यालय जान पाए । नुन, तेल, चामल र लुगाफाटो किन्न ऋणपान गर्नुपरेन । सपरिवार सँगै बस्न पाउँदा खुसियाली थियो । उनलाई लाग्थ्यो, 'श्रीमान्ले कमाइ गर्न इन्डिया जानुपर्ने दुःख काटिए ।' ग्रामीण पहुँच कार्यक्रम (तेस्रो चरण ऱ्याप) अन्तर्गत २०७५ मंसिरदेखि ०७९ जेठसम्म मुगु-हुम्ला लिंकरोड निर्माणका क्रममा आसपास गाउँका बासिन्दा रामसराजस्तै पुकलित थिए ।

सडक निर्माणमा ४ हजार ४ सयभन्दा बढी स्थानीयवासीले काम पाएपछि मुगुको छायानाथ रारा नगर र हुम्लाको चंखेली गाउँपालिकाका बासिन्दाले मौसमी कामका लागि भारत जानुपरेन । ६७ किलोमिटर सडकको निर्माण कार्य जब सम्पन्न भयो, खानकै जोहो गर्न भारत जानुपर्ने नियति फेरि दोहोरियो । गत असोजमा आएको बाढीपहिरोले घर बगेपछि १३ परिवार बिचल्लीमा परेका छन् । उनीहरू छिमेकीको गोठ, पालमा ओत लागेका छन् । रामसराका श्रीमान् कमाउनलाई फेरि केही महिनाअघि भारत गएका छन् । 'बस्ने बास छैन, खाने गाँस छैन, गाउँमा काम छैन, बड्डा (श्रीमान्) इन्डिया गइगए । नगएर के गर्नु, भोको पेटले मान्दैन,' उनले भनिन् ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनको २०१९ को 'नेपालको आप्रवासन प्रोफाइल' मा जनगणना-२०६८ मा अनुपस्थित ३७.२ प्रतिशत नेपाली भारतमा छन् । कर्णाली प्रदेशका बासिन्दाहरूका लागि भारत रोजगारीको मुख्य गन्तव्य रहँदै आएको छ । उनीहरू खेतीको सिजनमा गाउँ फर्कन्छन् । खेती भित्र्याएपछि भारत जान्छन् । जलवायु परिवर्तन, वातावरणीय ह्रास, प्राकृतिक र मानव निर्मित प्रकोपहरूले खेतीयोग्य जमिन र उत्पादनमा क्षति पुऱ्याएपछि जीविकोपार्जनका लागि वैदेशिक रोजगारीमा निर्भर हुनुपरेको छ ।

सडक निर्माणले गर्दा लुमकै अर्का स्थानीय ७० वर्षीय धनपति खड्कालाई पनि बुढेसकालमा छोराबुहारीको सहारा मिलेको थियो । हिउँदमा सधैं भारत जाने छोराबुहारीले सडक निर्माणमा काम पाएका थिए । केही समय गर्जो टार्न भारत जानुपरेन । सडक बनिसकेपछि रोजगारी पनि सकियो । दसैं/तिहार मनाएर तीन वर्षअघिझैं कमाउन भारत गए । 'रोडले गर्दा सुबिस्ता आएको थियो, छोराबुहारी साथै रहने भए भन्ने लागेको थियो । रोडको रोजगारी सकिएपछि इन्डिया गइगए,' खड्काले भने । मुगु सदरमुकाम गमगढीदेखि तीन घण्टा पैदल दूरीमा पुगिने लुम गाउँमा डेढ सय परिवार छन् । रामसरा र धनपतिको परिवारमा जस्तै कमाउन भारत नगएका कुनै घर छैनन् ।



**मुगुको छायानाथ रारा-१३ लुमका देवसिंह खड्कासहितका गाउँले स्थानीयस्तरमा रोजगारी नहुनुले परेको मर्का सुनाउँदै (बायाँ) र वडा १४ को बामका महिला ।** *तस्बिर : विद्या/कान्तिपुर*

भौगोलिक विकटता भएको यो ठाउँ राज्यको नजरमा समेत विकासमा पछाडि परेको छ । खेतीपातीबाट उब्जनी पर्याप्त नहुँदा बाल्यकालबाटै ६ महिना परदेसिनुपर्ने जानेका उनीहरूले सडक निर्माण परियोजनाबाट विकास निर्माण भए गाउँमै रोजगारी पाइने थाहा पाए । सडक परियोजनामा स्टोर किपरको काम गरेका रुगा गाउँका २६ वर्षीय रूपकर्ण थापाले भने, 'रोडमा काम पाउन्जेल गाउँमै बसेकाहरू भटाभट इन्डिया गइसके ।' १ सय ५६ परिवार बसोबास गर्ने रुगा गाउँका सबैजसो भारत गइसकेका छन् । 'सरकारले सञ्चालन गर्ने विकासे योजनाहरूमा रोजगारी दिने विकास चाहिएको छ, रोजगारी दिने विकास भए कसैले गाउँ छोड्नु पर्दैन,' उनले भने ।

गरिबी, विपन्नताले गर्दा शैक्षिकस्तर उक्सन नसकेको र यसले जनजीवन फेर्न अवरोध भइरहेको स्थानीय प्रकाश माविका शिक्षक रतनबहादुर राउतले बताए । १ देखि १० कक्षासम्म पढाइ हुने उक्त विद्यालयमा चार सयभन्दा बढी विद्यार्थी छन् । तर कक्षा चढ्नेको संख्या सधैं कम हुन्छ । गरिबीकै कारण माथिल्लो कक्षामा विद्यार्थीको संख्या घट्दै जाने गरेको राउत बताउँछन् । 'विद्यार्थीले न पढाइमा ध्यान दिन पाउँछन्, न उच्च शिक्षा पढ्न । अनि बाबुआमाले झैं ६ महिना खेतीपाती गर्ने ६ महिना भारत जाने, जीविका चलाउन मात्रै हुन्छ । शैक्षिकस्तर नउक्सेपछि विकटता रहिरहने रहेछ,' उनले भने ।

मुगुका गाउँहरूमा मुस्किलले १० कक्षासम्म पढेका विद्यार्थी पाइन्छन् । यसपछि माथिल्ला तहमा पढ्न सदरमुकाम वा जिल्ला बाहिर जानुपर्छ । अधिकांश परिवारमा सन्तानको उच्च शिक्षाका लागि लगानी गर्ने हैसियत पुग्दैन । बरु उल्टै कमाउन अभिभावकलाई सघाउनुपर्ने हुन्छ । आईएलओ नेपालले गतवर्ष प्रकाशन गरेको 'नेपालको बालश्रम स्थिति' ले समेत कर्णाली प्रदेशको सहरी र ग्रामीण दुवै क्षेत्रमा बालश्रम दर उच्च (२४.६ प्रतिशत) रहेको देखाएको छ । १४ देखि १७ वर्षका बालबालिकाहरूको अनुभव विश्लेषणले घरायसी कामकाज, भाइबहिनीको हेरचाह तथा आयआर्जनमा अभिभावकहरूलाई सघाउनुपर्ने हुँदा पढ्दापढ्दै विद्यालय छाड्छन् ।

छायानाथ रारा-१३ का वडाध्यक्ष वीरबहादुर खड्काका अनुसार गमगढीदेखि लुम हिँडेर पुग्न तीन घण्टा लाग्छ । विकास योजना पर्याप्त नभएपछि जीवनस्तर उकास्न धौंधौं परिरहेको उनले बताए । 'सदरमुकामको नजिक भएर के गर्ने, नगरको काखैमा छौं, पछाडि छौं । शिक्षा राम्रो छैन, राम्रो शिक्षा पाउन आर्थिक चाहिन्छ, यहाँका मानिससँग आर्थिक छैन,' उनले भने, 'यो रोड निर्माण हुन्जेल स्कुल जाने बढेका थिए, विकाससँगै रोजगारी पो चाहिने रहेछ भन्ने त बुझियो ।' सरकारले वडास्तरमा जनसंख्या र भूगोलका आधारमा बजेट र योजना उपलब्ध गराउनुपर्ने उनले बताए ।

मुगुका चार स्थानीय तहमध्ये छायानाथ रारा एक मात्रै नगरपालिका हो । सदरमुकाम गमगढी यही नगरमा पर्छ । २०६८ सालको जनगणनाअनुसार यस नगरको जनसंख्या २० हजार ७८ छ । नगरपालिकाको ४८ हजार ६९ हेक्टर क्षेत्रफलमध्ये ४ हजार ४ सय ३ हेक्टरमात्रै खेतीयोग्य जमिन छ । अधिकांश नगरवासीहरू कृषिमा निर्भर भए पनि जमिन भिरालो भएकाले मलिलो माटो बर्सेनि बग्दै जाँदा खेतीपाती पर्याप्त हुँदैन ।

उब्जनीले मुस्किलले बढीमा ६ महिनामात्रै खान पुग्छ । जसले गर्दा स्थानीयले जीविकोपार्जनमा कठिनाइ खेप्दै आएका छन् । बढ्दो जनसंख्यालाई खाद्य असुरक्षा हुँदा बालबालिका तथा महिलामा कुपोषण हट्न नसकेको छायानाथ रारा नगरपालिका मुगुको बहुक्षेत्रीय पोषण पार्श्वचित्रमा उल्लेख छ ।

# नयाँ गठबन्धनको कसरतमा एमाले

- माओवादी र एकीकृत समाजवादीसँग संवाद
- सहकार्यका लागि पाँचदलीय गठबन्धनबाट बाहिरिनुपर्ने सर्त
- शक्ति बाँडफाँटमा उदार बन्ने रणनीति

**बबिता शर्मा** (काठमाडौं)

शक्ति बाँडफाँटले कांग्रेस र माओवादी केन्द्रबीच विवाद बढेर सत्ता गठबन्धनमा तिक्तता पैदा हुने आकलनसहित एमालेले वैकल्पिक गठबन्धन निर्माणको गृहकार्य गरिरहेको छ । सत्ता गठबन्धन भत्काएर आउने दलहरूसँग शक्ति बाँडफाँटमा उदार रहने रणनीतिका साथ एमालेले अनौपचारिक तहबाट कसरत थालेको हो ।

स्रोतका अनुसार एमाले अध्यक्ष केपी शर्मा ओलीले निकट नेताहरूमार्फत माओवादी र एकीकृत समाजवादीसँग संवाद अघि बढाएका छन् । तर ती दललाई सहकार्यका लागि पहिला सत्ता गठबन्धनबाट बाहिरिनुपर्ने सर्त अनौपचारिक रूपमा राखिएको छ । 'सम्बन्ध सुधारका लागि भेटघाट भइराखेका छन् । पहिला त माओवादी अहिलेको गठबन्धनबाट बाहिरिनुपर्‍यो,' एमालेका एक पदाधिकारीले भने, 'त्यसपछि बल्ल सरकार गठन र शक्ति बाँडफाँटको विषयले प्रवेश पाउने हो ।'

फरक-फरक स्वार्थसहित वैकल्पिक गठबन्धन र शक्ति बाँडफाँटका सम्भावित विकल्पमाथि एमाले र माओवादीभित्र छुट्टाछुट्टै जोडघटाउ चलिरहेको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहालले शक्ति बाँडफाँटमा कांग्रेसले सम्मानजनक व्यवहार नगरे विकल्प सोच्न सकिने बताइसकेका छन् । कांग्रेस वा एमाले जोसँग सहकार्य गरेर भए पनि पहिलो कार्यकाल आफैं प्रधानमन्त्री बन्ने दाहालको चाहना छ ।

सत्ता गठबन्धन कायम रहेसम्म केन्द्र र प्रदेश दुवैतिर आफ्नो नेतृत्वमा सरकार बन्न नसक्ने भएकाले एमालेको जोड गठबन्धन भत्काउनेमै छ । गठबन्धन भत्किए कांग्रेसलाई बहुमत नपुग्न सक्छ । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा एमाले नेतृत्वमा जसपा र राप्रपासहितको तालमेल थियो । प्रतिनिधिसभामा एमालेको ७८, राप्रपाको १४ र जसपाको १२ सिट छ । बहुमत १ सय ३८ पुर्‍याउन थप ३४ सिट चाहिन्छ । माओवादी थपिए १ सय ३६ सिट हुन्छ । एकीकृत समाजवादीको १० सिट पनि जोडिँदा बहुमत पुग्छ ।

माओवादी गठबन्धनबाट बाहिरिए ऊसहित एमाले, राप्रपा, जसपालगायत दल मिलेर सरकार बनाउन पहल हुने ओलीनिकट एक स्थायी कमिटी सदस्यले बताए । 'पहिला पहल कसले गर्ने भन्ने छ । माओवादी हामीसँग संवादमा आए सकारात्मक ढंगले अघि बढ्छौं । तर यस्तो संवाद सुरुमा दोस्रो तहबाट हुनुपर्छ । यसका लागि केही प्रयास भइरहेका छन्,' उनले भने ।

ओलीले माओवादीका महासचिव देव गुरुङमार्फत सत्ता गठबन्धन भत्काए सहकार्य गर्न सकिने सन्देश पठाइसकेका छन् । गुरुङले मंगलबार ओली निवास बालकोट पुगेर झन्डै दुई घण्टा छलफल गरेका थिए । 'गठबन्धन भत्काए सहकार्य गर्न तयार छौं भनेर उहाँले सार्वजनिक रूपमा नै भन्दै आउनुभएको छ,' गुरुङले भने । उनी माओवादीभित्र वाम शक्तिहरूबीचको एकतामा जोड दिँदै आएका नेतामध्येका एक हुन् ।



एमाले उपाध्यक्ष विष्णु पौडेलले केही दिन अगाडि खुमलटार पुगेर माओवादी अध्यक्ष दाहालसँग सहकार्यका सम्भावित विकल्पमाथि छलफल गरेका थिए । उपाध्यक्ष पौडेलले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग पनि भेट गरिसकेका छन् । स्रोतका अनुसार पौडेल ओली-दाहाल र ओली-नेपालबीच सम्बन्ध सुधारको पक्षमा छन् ।

एमाले उपाध्यक्ष सुवास नेम्वाङ र उपमहासचिव पृथ्वी सुब्बा गुरुङलगायत नेताले विगतका 'तीता अनुभव' भुलेर वाम शक्तिहरूबीच सहकार्य गर्नुपर्नेमा जोड दिइरहेका छन् । उपाध्यक्ष नेम्वाङले सम्पूर्ण प्रक्रियामा भाग लिने र सबै दलसँग छलफल गरेर अगाडि बढ्ने बताउँदै आएका छन् । 'अहिलेको म्यान्डेटअनुसार सबै मिलेर अघि बढ्नुपर्नेछ । त्यसको मतलब सरकार नै बनाउनुपर्छ भन्ने छैन । तर लोकतन्त्रको मूल्यमान्यता अनुरूप अघि बढ्नुपर्‍यो,' उनले भने, 'त्यसका लागि हामी माओवादीसँग मात्रै होइन, सबै दलसँग संवाद गर्दै छौं, सम्पर्कमा छौं ।'

**वैकल्पिक समीकरण**

| | |
|---|---|
| एमाले | ७८ |
| माओवादी | ३२ |
| राप्रपा | १४ |
| जसपा | १२ |
| एकीकृत समाजवादी | १० |
| **जम्मा** | **१४६** |

उपमहासचिव गुरुङले केही दिनअघि एकीकृत समाजवादी पार्टीका अध्यक्ष नेपालसँग भेट गरेका थिए । 'अध्यक्षको अनुमतिमा केही भेटघाट भएका हुन् । वाम सरकार बनाउने कुरामा माधव कमरेड पनि नकारात्मक हुनुहुन्न,' उनले भने । गुरुङले माओवादी केन्द्रका दोस्रो तहका नेता र जसपाका नेताहरूसँग पनि भेटघाट गरेका थिए । स्थायी कमिटी सदस्य रघुवीर महासेठले माओवादी अध्यक्ष दाहाल, एकीकृत समाजवादीका अध्यक्ष नेपाल र सम्मानित नेता झलनाथ खनाललाई भेटेका थिए । 'कुनै समय आफूले मानिआएका नेताहरू हुनुहुन्छ । त्यसकारण भेटेर चुनाव जितेकामा शुभकामना आदानप्रदान भयो । अरू खास कुराकानी भएन,' महासेठले भने । एमालेले एक/दुई दिनमा देखिने गरी संवाद सुरु गर्न सक्ने उनको भनाइ छ । 'राष्ट्रपतिबाट आह्वान भएपछि सबैतिरबाट नयाँ सरकार गठनको चलखेल सुरु होला,' उनले भने, 'तर, प्रचण्डजीहरू अहिले पनि गठबन्धन सरकारलाई नै अगाडि बढाउने सोचमा हुनुहुन्छ ।'

एमालेका पोलिटब्युरो सदस्य महेश बस्नेतलगायत नेताले पनि माओवादी अध्यक्ष दाहालसँग भेट गरिसकेका छन् । एमाले महासचिव शंकर पोखरेललगायत केही नेता मुलुकलाई स्थायित्व दिने गरी कांग्रेससँग सहकार्य गर्नुपर्ने पक्षमा छन् । उनले राजनीति दुई पार्टीमा ध्रुवीकरण नहुँदासम्म देशमा राजनीतिक स्थायित्व कायम नहुने मत राख्दै आएका छन् ।

केन्द्रमा अघोषित गृहकार्यमा लागेको एमाले प्रदेश सरकार गठनमा भने सक्रिय देखिएको छ । प्रदेश १, मधेस र लुम्बिनी प्रदेशमा ठूलो दलको हैसियतमा एमालेले सरकार गठनको कसरत जारी राखेको छ । संघीय सरकारसँगै प्रदेश सरकारमा पनि दलहरूबीच भागबन्डा हुने भएकाले अहिले प्रदेशमा कसको नेतृत्वमा सरकार बन्छ भन्ने निश्चित भइसकेको छैन । प्रदेश १, मधेस र लुम्बिनी प्रदेशमा एमाले पहिलो दल छ । प्रदेश १ को ९३ सिटमा बहुमतका लागि ४७ सिट आवश्यक पर्छ, जहाँ एक्लै ४० सिट जितेर एमाले पहिलो दल छ । राप्रपा र जसपासँग सहकार्य गरे एमाले नेतृत्वको सरकार सम्भव हुनेछ ।

मधेसमा बहुमतका लागि ५४ सिट चाहिन्छ । प्रदेशको एक सय सात सिटमा एमाले २३ सिट जितेर ठूलो दल बनेको छ । एमालेले जनमत, जसपा, नागरिक उन्मुक्ति, नेपाल संघीय समाजवादीसहित दलको समर्थन जुटाए आफ्नै नेतृत्वमा सरकार गठन गर्न सक्छ । लुम्बिनीमा २९ सिट जितेर एमाले पहिलो दल भएको छ । ८७ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४४ सिट आवश्यक पर्छ ।





NIC ASIA
एन आई सी एशिया बैंक लि.

# Notice for Talent Acquisition

Are you a **Pride, Glory,** and **Identity Warrior?**
☑ YES

Do you **believe impossible** is **Myth?**
☑ YES

Do you think **अठोटको अगाडी हर लक्ष्य सम्भव छ ?**
☑ YES



*NIC ASIA Bank is looking forward to enriching its team deeply ingrained with unmatched DNA and Ethos, with candidates having Great Dreams, Unfathomable Hunger, and Unstoppable Determination in its journey towards scaling unprecedented heights in its अठोट of becoming the Bank of first choice for all the stakeholders.*

**Chartered Accountant:** Junior Officer/Officer
**Required No.:** Few
**Location:** Inside and Outside Kathmandu Valley

**Job Profile**

The aspirant is expected to possess excellent competitive, market, and product intelligence and be able to chalk out strategies and roadmaps to ensure their effective implementation. Hence, it is imperative that Chartered Accountant means, lives, and stands the extraordinary NIC ASIAN DNA and Ethos in all functions, behaviors and decorum. Riding on unmatched strategy and Instrumental Structure and, backed by Incredible Empowerment and Robust Enablement with which NIC ASIA Bank differentiates itself from competition, the Chartered Accountant aspirant is expected to act as the Carrier and Champion of the Bank's Vision, Mission and overall 10x Drive thus truly illustrating that "Impossible is a myth अठोटको अगाडी हर लक्ष्य सम्भव छ".

**Minimum Eligibility**

Chartered Accountant aspirant should have completed final course of Chartered Accountancy from ICAN/ICAI and age should not exceed 40 years as on the date of application.

**Key Consideration**

At NIC ASIA Bank, speed and scale are at paramount spotlight. We aspire to be both the first mover as well as the fast mover. Hence, Chartered Accountant aspirant is expected to possess tremendous hunger for transformation, passion for excellence and ritualistic agility, iron determination and a great learner's mind. For development of other virtues, we shall incubate you impeccably.

**Scan to Apply**
or visit the link below
www.nicasiabank.com/current-vacancies

Application Submission Deadline: 1st January 2023

www.nicasiabank.com
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



राजधानीको वसन्तपुर दरबार क्षेत्रमा फूल बेच्न बसेका सडक व्यापारी । *तस्बिर : दीपक केसी/ कान्तिपुर*

# बाग्मतीमा २० दिनभित्र नयाँ सरकार

## गठबन्धनमा रहेका कांग्रेस, माओवादी र एकीकृत समाजवादी मिल्दा सरकार गठन गर्न सहज बहुमत

**सुवास बिडारी** (मकवानपुर)

बाग्मती प्रदेशमा नयाँ सरकार गठनका लागि औपचारिक रूपमा बाटो खुलेको छ । निर्वाचन आयोगले शनिबार बाग्मती प्रदेशसभाका लागि निर्वाचित सदस्यको विवरण प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई पेस गरेसँगै सरकार निर्माणको बाटो खुलेको हो ।

निर्वाचन आयोगका सचिव गोकर्णमणि दवाडीले प्रदेश प्रमुख कार्यालय हेटौंडा-१० मा पुगेर प्रदेश प्रमुख शर्मालाई प्रदेशसभाका लागि निर्वाचित सदस्यहरूको विवरणसहितको प्रतिवेदन पेस गरेका हुन् । प्रदेशसभा सचिवालयले नयाँ अधिवेशन बोलाउनका लागि प्रदेश प्रमुखबाट पत्राचार भएसँगै सदन सञ्चालनको प्रक्रियासमेत अगाडि बढ्ने जनाएको छ । प्रदेशसभा सचिवालयका अनुसार प्रतिवेदन बुझाएको मितिले २० दिनभित्र प्रदेशसभाको नयाँ अधिवेशन बोलाइसक्नुपर्ने व्यवस्था छ ।

'हामीले प्रदेशसभाको बैठक बस्नका लागि सबै तयारी पूरा गरिसकेका छौं । केही दिनभित्र शपथग्रहण गर्ने गरी हामी तयारी अवस्थामा छौं ।' प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काले प्रदेश प्रमुखको कार्यालयसँग समन्वय गरेर अगाडि बढ्ने बताए । निर्वाचित प्रदेशसभा सदस्यमध्येबाट ज्येष्ठ सदस्यको शपथग्रहण प्रदेश प्रमुखबाट हुने व्यवस्था छ । त्यसपछि ज्येष्ठ सदस्यबाट अन्य सांसदलाई शपथ गराइनेछ । 'ज्येष्ठ सदस्यको अध्यक्षतामै प्रदेशसभाको पहिलो बैठक बस्नेछ । त्यसपछि सभामुख चयन प्रक्रिया अगाडि बढ्नेछ । 'सभामुख छनोटपश्चात् उपसभामुख छनोट प्रक्रिया भने सदनकै कार्यव्यवस्था परामर्श समितिले तय गर्नेछ,' उनले प्रदेशसभाको पहिलो बैठकअघि सर्वदलीय बैठक राखेर आवश्यक परामर्श र छलफल गरिने बताए ।

प्रदेशसभा सचिवालयले नयाँ सरकार गठन अगाडि नै शपथग्रहणलगायत सम्पूर्ण विषय टुंग्याइसक्ने गरी तयारी गरेको छ । 'नयाँ अधिवेशन आह्वान हुनुअगाडि नै सरकार गठन हुने देखिन्छ । त्यसकारण हामी केही दिनभित्रै शपथग्रहणलगायत विषय टुंग्याउँछौं ।' प्रदेशसभा सचिवालयका एक कर्मचारीका अनुसार शपथग्रहण सकिएसँगै प्रदेशसभाको नयाँ अधिवेशन र सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गर्ने बताइएको छ । निर्वाचन आयोगको प्रतिवेदन प्राप्त भएपश्चात् कानुनी व्यवस्थाअनुसार छिट्टै अगाडि बढ्ने प्रतिबद्धता प्रदेश प्रमुख शर्माले व्यक्त गरेका थिए ।



प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई निर्वाचन आयोगको प्रतिवेदन बुझाउँदै सचिव गोकर्णमणि दवाडी ।

हालकै अवस्थामा बाग्मती प्रदेशमा सत्तारूढ गठबन्धनको सरकार बन्ने निश्चित छ । हाल गठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी मिल्दा सरकार गठन गर्न सहज बहुमत पुग्ने अवस्था प्रदेशमा रहेको छ । सरकारको नेतृत्व कुन पार्टीले गर्ने विषयमा अझै सहमति भएको छैन । जसका कारण दलहरू केन्द्रीय निर्देशन कुरेर बसिरहेका छन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने ठूला दल विशेष गरी कांग्रेस, एमाले र माओवादी केन्द्रभित्र हाल संसदीय दलको नेता बन्नका लागि आन्तरिक कसरत भइरहेको छ । संसदीय दलका नेता भएको खण्डमा मुख्यमन्त्री हुन सहज हुने भएका कारण आन्तरिक दौडमा नेताहरू होमिएका हुन् । आयोगका अनुसार प्रदेशमा ३३ वटा दलको धरौटी जफत भएको छ । प्रदेशमा १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने पुरुष उम्मेदवार ४ सय १७ र महिला उम्मेदवार ६७ जना गरी कुल ४ सय ८४ जनाको धरौटी जफत भएको छ ।

प्रदेशसभाका लागि प्रत्यक्षतर्फ निर्वाचित ६६ र समानुपातिकतर्फ ४४ गरी कुल १ सय १० सदस्य निर्वाचित भएका छन् भने प्रदेशसभामा ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा १ सय १० जना निर्वाचित सदस्यमध्ये पुरुष ७० जना (६३ दशमलव ६३ प्रतिशत) र महिला ४० जना (३६ दशमलव ३७ प्रतिशत) निर्वाचित भएका छन् ।

प्रतिवेदनअनुसार प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४० राजनीतिक दल निर्वाचनमा सहभागी भएकोमध्ये प्रत्यक्षतर्फ पुरुष ५ सय ८८ र महिला ८० गरी कुल ६ सय ६८ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो । समानुपातिकतर्फ कुल ७ सय ५४ जना उम्मेदवारको अन्तिम बन्दसूची कायम गरिएको थियो ।

प्रदेशमा महिला १७ लाख ३३ हजार ३ सय ७८, पुरुष १७ लाख ३८ हजार ८७ र अन्य २७ गरी कुल ३४ लाख ७१ हजार ४ सय ९२ मतदाता कायम रहेका थिए । प्रत्यक्षतर्फ २१ लाख ४ हजार ५ सय ७८ (६० दशमलव ६२ प्रतिशत) मतदान भएकामा ७६ हजार ९ सय ३८ (३ दशमलव ६६ प्रतिशत) मत बदर भएको थियो । समानुपातिकतर्फ २० लाख ९९ हजार १ सय ७ (६० दशमलव ४७ प्रतिशत) मतदान भएकामा १ लाख २५ हजार ६ सय ३३ (५ दशमलव ९९ प्रतिशत) मत बदर भएको थियो ।

# ३ कांग्रेस नेतालाई कारबाही सिफारिस

**ज्योति श्रेष्ठ** (काभ्रे)



मधुप्रसाद आचार्य



गणेश लामा



महेश खरेल

हालै सम्पन्न आम निर्वाचनमा पार्टीका उम्मेदवार हराउन भूमिका खेलेको आरोप लगाउँदै नेपाली कांग्रेस काभ्रेले दुई केन्द्रीय सदस्य र क्षेत्रीय सभापतिलाई कारबाही माग गरी केन्द्रीय अनुशासन समितिमा सिफारिस गरेको छ ।

पार्टीका कुनै पनि जिम्मेवारीमा नरहने गरी केन्द्रीय सदस्य मधुप्रसाद आचार्य, गणेश लामा र प्रतिनिधिसभा क्षेत्र नं २ का सभापति महेश खरेललाई कारबाही गर्ने कांग्रेस काभ्रेले माग गरेको हो । निर्वाचनमा पार्टीका तर्फबाट प्रतिनिधिसभा क्षेत्र नं-२ मा उम्मेदवार रहेका पूर्वकेन्द्रीय सदस्य शिवप्रसाद हुमागाईंलाई अन्तर्घात गरी असहयोग गरेको, केन्द्रीय सदस्यद्वय मधुप्रसाद आचार्य र गणेश लामा निर्वाचन प्रचार अभियानमा मत माग्न नहिँडेको, विपक्षी उम्मेदवारलाई मत मागेको भन्दै कारबाही गरी केन्द्रमा सिफारिस गरेको जिल्ला सभापति तीर्थ लामाले जानकारी दिए ।

निर्वाचन अभियानमा सहभागी नभएको र आफू प्रदेशभरको जिम्मेवारीमा रहेको भन्दै व्यस्त कार्यतालिका सुनाएर गठबन्धन उम्मेदवारलाई मत नमागेको केन्द्रीय सदस्य आचार्यमाथि आरोप छ । वडा सभापति र वडाध्यक्षको बैठक नै बोलाएर गोकुल बाँस्कोटालाई मतदान गर्न दबाब दिएको र अन्य किसिमका प्रलोभन बाँडेको उनीमाथि परेको उजुरीमा उल्लेख छ । उम्मेदवारलाई भेट नदिएको, निकटका सबै कार्यकर्तालाई सके सूर्यमा नसके घण्टीमा मतदान गर्न आह्वान गरेको उनीमाथि आरोप छ । यस्तै, केन्द्रीय सदस्य लामामाथि निर्वाचन अभियानमा उपस्थित नभएको, आफू निकटका साथीलाई सूर्य चिह्नमा मतदान गर्न र नसके हलोमा मत माग्न लगाएको आरोप छ । सार्वजनिक रूपमा 'यो पटक सूर्यमा मतदान गरी चन्द्र लामालाई जिताउनु, अर्को पटक उसले मलाई सहयोग गर्छ' भन्दै पार्टी सभापति तीर्थ लामालाई हराउने अभियान सञ्चालन गरेको उजुरीमा उल्लेख छ ।

प्रतिनिधिसभा क्षेत्र नं २ का सभापति महेश खरेलले क्षेत्रीय सभापतिको जिम्मेवारीमा रहेर निर्वाचन परिचालनको कुनै पनि जिम्मेवारी नलिएको, क्षेत्रीय सभापतिका तर्फबाट मातहतको संगठन वडा, नगर र प्रदेश कार्यसमिति परिचालन नगरेको, आफू निकटका कांग्रेस वडा सभापति र वडा अध्यक्षका उम्मेदवार, नेता र्यिकर्तालाई बोलाई गोकुल बाँस्कोटालाई भोट हाल्न दबाब दिने र पैसासमेत बाँडेको भन्दै उजुरी परेको छ ।

बनेपा नगरपालिकाबाट प्रदेशसभा सदस्य उम्मेदवारलाई भन्दा प्रतिनिधिसभा सदस्य उम्मेदवारलाई तीन हजारभन्दा बढी मत कम आउनुको कारणबारे स्पष्ट पार्न प्रदेश सांसद कञ्चनचन्द्र बादे र बनेपा नगर समितिलाई कांग्रेस काभ्रेले निर्देशन दिने निर्णय गरेको छ ।

**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना ।**

यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौ ।

**संलग्न गर्नुपर्ने कागजात:**
१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।

**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सम्पर्क : ९८४१०९४८१३, ९८०१८७७५५३
इमेल: Pandeypadam277@gmail.com

**Vacancy Announcement**

Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL".*
**Company Name:** Maryada Construction and Suppliers
**Interested candidates can send their CV to Email:** *Prameshworkhp@gmail.com*
**Whatsapp/Viber:** 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |

**आवश्यकता**

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आहवान गरिएको सूचित गरिन्छ ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने । | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको । | केही |

**सहिद मेमोरियल अस्पताल** कलंकी - १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४

JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)

**VACANCY ANNOUNCEMENT**

The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.

**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.

Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.


The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.

The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**

# 'मेट्रो रेल नल्याई सुखै छैन'

## १५ वर्षपछि उपत्यकाको जनसंख्या ६० लाख पुग्ने भएकाले अन्तर्राष्ट्रिय अध्ययनअनुसार पनि मेट्रो अपरिहार्य : मेयर महर्जन



ललितपुर (कास)- ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले काठमाडौं उपत्यकामा अब मेट्रो रेल सञ्चालनका लागि आवश्यक तयारी सुरु गर्नुपर्ने बताएका छन् । मोटरसाइकल ल्याएर उपत्यकामा ट्राफिक जाम बढाउनुको सट्टा मेट्रो रेल सञ्चालन अबको आवश्यकता रहेको उनले बताए ।

शनिबार ललितपुर महानगरपालिकाको १०४ औं स्थापना दिवसका अवसरमा महर्जनले उपत्यकामा मेट्रोको विकल्प नरहेको भनाइ राखेका हुन् । 'मेट्रो रेल धेरै महँगो छ भनेर पछि हट्नु पनि भएन,' उनले भने । अन्तर्राष्ट्रिय अध्ययनअनुसार पनि ३० लाख जनसंख्या भएको ठाउँका लागि मेट्रो अपरिहार्य रहेको भन्दै उनले यसमा ढिलाइ गर्न नहुने बताए । सरकारको अनुहार हेरेर कहिल्यै सम्भव नहुने भन्दै उनले काठमाडौं र ललितपुर महानगरपालिकालगायत उपत्यकाका १८ वटै पालिकाको भूमिका यसमा हुनुपर्नेमा जोड दिए ।

मेट्रो रेल सञ्चालनका लागि विशेषगरी काठमाडौं महानगरपालिकाले प्रमुख भूमिका रहनुपर्ने उनको भनाइ थियो । 'काठमाडौं उपत्यकामा अब मेट्रोको विकल्प छँदै छैन । मेट्रो चलाउनैपर्छ । आज निर्णय गर्न सक्यौं भने अर्को १० देखि १५ वर्षसम्ममा त्यो सकिन्छ,' उनले भने, 'अबको १५ वर्षपछि काठमाडौं उपत्यकाभित्रको जनसंख्या ६० लाख पुग्छ । यसको विकल्प के त ? यही मोटरसाइकल ल्याउने ? यसको निमित्त हामीले मेट्रो नल्याईकन सुखै छैन ।'

# न्यायालयबाटै राष्ट्रपति बनाउने षड्यन्त्र : बिजुक्छे

भक्तपुर (कास)- नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले भारतले न्यायालयभित्रैबाट राष्ट्रपति बनाउने षड्यन्त्र गरिरहेको आरोप लगाएका छन् । खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाएजसरी नै भारतले राष्ट्रपति पनि न्यायालयभित्रैबाट बनाउने प्रयास गरिरहेको उनको भनाइ थियो ।

भक्तपुर नगरपालिकाको ७३ औं स्थापना दिवसका अवसर पारेर शनिबार आयोजित कार्यक्रममा उनले भारतको छायामा मुलुकको कार्यपालिका, न्यायपालिकासमेत जकडिएकाले त्यसविरुद्ध देशभक्त शक्तिहरूले संघर्ष गर्नुपर्ने बताए । प्रधानमन्त्री बनाउने र निर्वाचनमा जिताउने कामसमेत हालसम्म भारतकै निर्णयअनुसार हुने गरेको जिकिर गर्दै उनले भने, 'हामीलाई रासायनिक मलको कारखाना हुनुपर्छ भनेर बारम्बार भनिरहेका छौं, भारतले मान्दैन भनेर कारखाना बनाउन भनेपछि मन्त्रीहरू थर्कमान हुन्छन् ।'

खिलराज रेग्मीलाई लक्षित गर्दै उनले न्याय प्रशासनका व्यक्तिलाई प्रधानमन्त्री बनाएजस्तै अहिले राष्ट्रपति बनाउने कुरा धेरै जटिल विषय भएको बताए । 'यहाँ अन्तर्राष्ट्रिय छाया परेको हुनाले देशलाई अझ संकटमा पुर्‍याउने सम्भावना छ,' उनले भने । भारतले नेपालको जलस्रोत उपयोगको चाबी आफ्नो हातमा लिएर उद्योगहरूलाई निजीकरण गरी आफ्नो इसारामा चलाएको उनको आरोप थियो ।

**वर्गीकृत डिस्प्ले**

**Asian College for Advance Studies**
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

**भाडामा**
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सन्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं : ९८४३२८२६००

**सटर चाहियो**
काठमाडौंको चोक चोकमा म:म पसलको लागि सटर चाहियो ।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

**भर्ना**
बिचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

**वर्गीकृत डिस्प्ले**
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५000, ५१३५00४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# ‘प्रतिबद्धता आए सरकारमा जान्छौं’

प्रतिनिधिसभा निर्वाचनमा सप्तरी-२ मा जसपा अध्यक्ष उपेन्द्र यादवलाई हराएका जनमत पार्टीका अध्यक्ष **चन्द्रकान्त (सीके) राउत** संघीय सरकारमा सहभागी हुन तयार देखिन्छन् । मधेस प्रदेशसभामा पार्टीलाई १३ सिटसहित निर्णायक बनाएका उनले मुख्यमन्त्रीको दाबी पनि गरिरहेका छन् । जापान र बेलायतका प्रतिष्ठित विश्वविद्यालयमा पढेका र अमेरिकाको प्रतिष्ठित ‘रेथन बीबीएन टेक्नोलोजिज’ मा कार्यरत रहेकै अवस्थामा पृथकतावादी ‘आइडियोलोजी’ बोकेर राजनीतिमा आएका राउत अहिले त्यो बाटो छाडिसकेको बताउँछन् । दशकौंदेखि यादव र उच्च जातिका मानिसको हातमा रहेको मधेसको राजनीतिमा सप्तरी र सिरहामा मात्र बसोबास गर्ने राजधोब समुदायका राउत एकाएक उदाएका छन् । उनको तत्कालको ध्यान भने सरकारमा सहभागी भएर मधेसको कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रमा योगदान गर्नेमा देखिन्छ । राउतसँग बुधबार कान्तिपुरकर्मी **तुफान न्यौपाने** र **सन्तोष सिंह**ले गरेको अन्तर्वार्ता :

**सबै दलका केन्द्रीय नेता काठमाडौंमा भेटिन्छन्, तपाईंलाई खोज्नचाहिँ जनकपुर आउनुपर्‍यो । स्थायी रूपमै जनकपुरमा किन बसिरहनुभएको छ ?**

सधैं काठमाडौंकेन्द्रित राजनीति हुँदै आएको छ । हामीले परिवर्तन चाहेका छौं । आफ्ना प्रतिनिधि खोज्न जनताले सधैं काठमाडौं धाउनुपर्ने बाध्यता किन ? म त्यसलाई तोड्न पहिलेदेखि नै जनताको बीचमा बस्दै आएको छु । सुरुमा सप्तरीको राजविराजमा बसें, त्यसपछि जनकपुरमा बस्दै आएको छु । यसले दिने सन्देश ठूलो छ । आगामी दिनमा सदन चलिरहेका बेला त संसद्मा उपस्थित हुनैपर्‍यो । बाँकी समय आफ्नै निर्वाचन क्षेत्र र अन्य भागका जनताको बीचमा बिताउनेछु । जनताका समस्या बुझ्ने र त्यसलाई निवारण गर्ने प्रयास गर्नेछु ।

**अहिलेसम्म मधेसमा निर्वाचन जित्न पैसा, पारिवारिक विरासत वा ‘जातीय जनसांख्यिक लाभ’ निर्णायक देखिन्थ्यो । तपाईंलाई यी कुनै पनि ‘फ्याक्टर’ को अनुकूलता नभएजस्तो देखिन्छ । तैपनि केको बलमा जित्नुभयो ?**

मधेसका जनताले यस पटक निर्वाचनमार्फत ठूलो राजनीतिक सन्देश दिएका छन् । ‘जनता पैसामा बिक्छन्, पारिवारिक विरासत भएका ठूलाबडा नेतालाई मात्रै जिताउँछन्, कुनै खास जाति र समुदायका नेतालाई नै जिताउँछन्’ भन्ने अहिलेसम्मको भाष्यलाई जनताले तोडेका छन् । उनीहरूले आफ्ना लागि संघर्ष गर्नेलाई जिताएका छन् । सप्तरीबाट मेरो जितको सन्दर्भ भने एक दशकसम्म मैले जनताको बीचमा रहेर गरेको संघर्षसँग जोडिन्छ । यसबीचमा म काठमाडौंसमेत नगई जनताको घरदैलोमा केन्द्रित भएको थिएँ । हरेक परिवारसँग व्यक्तिगत तहको भावनात्मक सम्बन्ध स्थापित भएको थियो । त्यो नै जितको आधार हो ।

**तपाईंका बारेमा धेरै जानकारी सार्वजनिक रूपमा उपलब्ध छैनन् । तपाईंको व्यक्तित्व मिथकजस्तो छ । तपाईंले पार्टीको एजेन्डाबाट भन्दा पनि यही मिथकीय व्यक्तित्वका बलमा पो चुनाव जित्नुभएको हो कि ?**

सधैं जनताका बीचमा बसेर उनीहरूको समस्या सुन्दै आयौं । त्यस क्रममा जनताकै बीचबाट पटक-पटक अकारण पक्राउ परियो । जनताले तत्काल कुनै प्रतिक्रिया नजनाए पनि हेरिरहेका थिए, यो मान्छेमाथि अन्याय भइरहेको छ भन्ने महसुस गरिरहेका थिए । यो मान्छे सबै कुरा छाडेर यहाँ हाम्रा लागि योगदान गर्न आएको छ तर यसलाई कुनै काम गर्न र बोल्नसमेत दिइएको छैन । त्यसमा पक्कै केही कारण होला भन्ने उनीहरूलाई लागेको थियो । जितको कारण त्यही हो ।

**हिजो जुन शक्तिहरूको आडमा पृथकतावादी आन्दोलन चलाउनुभयो, आज तिनै शक्तिको इसारामा मूलधारमा आउनुभएको हो भन्ने आरोप छ नि ?**

त्यो बेग्लै परिस्थिति थियो । अहिले नयाँ संविधान जारी भयो । संघीयता र गणतन्त्र संस्थागत भयो । अधिकार स्थानीय तहसम्म पुग्यो । बदलिएको परिस्थितिमा संविधानको दायराभित्र रहेर पनि




जनताको परिवर्तनका आकांक्षालाई पूरा गर्न सक्छौं भन्ने विश्वासका साथ बाटो फेरेका हौं । हामीले २०७४ को निर्वाचनमा भाग लिँदा नै बाटो परिवर्तनको कुरा निर्क्योल भइसकेको थियो तर त्यसपछि पनि हामीलाई काम गर्न दिइएन । म नजरबन्दमा थिएँ । कार्यकर्तालाई सामाजिक गतिविधि गर्न दिइँदैनथ्यो । २०७४ को निर्वाचनमा जनताले हामीलाई ‘तपाईंहरू पनि पार्टी दर्ता गरेर चुनाव चिह्न लिएर आउनुहोस्’ भने । त्यसैले हामीले पुनर्विचार गरेका हौं । संविधानको सर्वस्वीकार्यता बढेपछि हामी पनि पार्टी निर्माणको प्रक्रियामा लागेका हौं ।

**जुनसुकै अदालतमा विचाराधीन मुद्दा पनि फिर्ता लिन सक्ने गरी सरकारले ल्याएको अध्यादेशको समर्थन गर्नुभएको छ, जनमत पार्टीका कति नेता–कार्यकर्ताको मुद्दा फिर्ता लिनुपर्ने छ ?**

हाम्रो कोही पनि नेता-कार्यकर्ता थुना वा हिरासतमा छैनन् । तैपनि हामी यो अध्यादेशको समर्थन गर्छौं । कुनै पर्चा फेला परेका आधारमा मात्र राज्यले जन्मकैदको माग गरेर मुद्दा लगाएको छ । ‘फ्रि सीके राउत’ लेखेको प्लेकार्ड बोकेकै आधारमा राज्यविद्रोहको मुद्दा लगाएको छ । हाम्रा कार्यकर्तामाथि लगाएको कुनै पनि अभियोगमा ढुंगा हानेको वा दंगाफसाद गरेको भन्न सकेको छैन । पर्चा फेला पर्‍यो, नारा लगायो वा प्लेकार्ड बोक्यो भन्ने आधारमा मात्र जन्मकैदको मुद्दा लगाउन मिल्छ ? निर्दोषमाथि मुद्दा लगाउन सक्ने राज्यले त्यस्ता मुद्दा फिर्ता गर्न सक्ने कानुन पनि बनाउनुपर्‍यो नि । तर, त्यस्तो कानुनको दुरुपयोग नहोस् भन्नेमा चाहिँ विचार गर्नुपर्छ । त्यो अध्यादेश ल्याउनेबित्तिकै अरू अपराधी पनि एकै पटक छुटिहाल्ने होइनन् ।

**अध्यादेशलाई गरेको समर्थन र तपाईंका पछिल्ला राजनीतिक भेटघाटले सरकारमा जान चाहेको जस्तो देखिन्छ । सरकारमा सहभागी हुने हो ?**

कुनै पनि पार्टीको स्पष्ट बहुमत छैन । त्यही भएर उहाँहरू (कांग्रेस र माओवादीका नेताहरू) ले समर्थन गर्न र सरकारमा सहभागी हुन आग्रह गर्नुभएको छ । ‘सकारात्मक छौं’ भनेका छौं । हाम्रा मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता आएमा सहभागी हुन्छौं ।

**सरकारमा सहभागी हुन कस्ता मुद्दाको सम्बोधन खोज्नुभएको हो ?**

किसान आन्दोलनमा उठेका माग-मुद्दा सम्बोधन हुनुपर्‍यो । नागरिकता विधेयक ल्याउने ठोस प्रतिबद्धता गर्नुपर्‍यो । हामीले जनतासँग शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गर्ने वाचा गरेका छौं, त्यसका लागि उपयुक्त वातावरण बनाइदिनुपर्‍यो । किसानको बिजुली यथासम्भव निःशुल्क गरिनुपर्‍यो । समयमै सुलभ दरमा मल पाउनुपर्‍यो । किसान कार्डको व्यवस्था हुनुपर्‍यो । बालीनालीमा क्षतिपूर्ति पाउनुपर्‍यो । स्वतः बाली बिमाको व्यवस्था हुनुपर्‍यो । बालीको समर्थन मूल्य तोकिनुपर्‍यो ।

**यसको अर्थ नयाँ सरकारमा कृषि मन्त्रालय नै दाबी गर्नुभएको हो ?**

अरूलाई ज्ञापनपत्र दिएर माग गर्नुभन्दा आफैं सरकारमा गएर कार्यान्वयनको नेतृत्व गर्नु उपयुक्त होइन र ?

**मधेस प्रदेश सरकारको नेतृत्व दाबी गर्नुभएको हो ?**

मधेस प्रदेशमा हामीसँग निर्णायक संख्या छ । हामीले नेतृत्व दाबी गरेका छौं । अरूलाई पटक-पटक अवसर मिलिसकेको छ । जनमत पार्टीलाई एक पटक अवसर दिएर, उसले कस्तो काम गर्छ भन्ने हेर्नु भनेका छौं ।

**अब संविधानबारे कुरा गरौं । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशितालाई यो संविधानका मुख्य आधारस्तम्भ भनिन्छ । यसप्रति तपाईंको दृष्टिकोण के छ ?**

हामीले संविधानका आधारभूत कुरालाई स्वीकार गरेका छौं ।

**धर्मनिरपेक्षता मान्नुहुन्छ ?**

संविधानको व्यवस्था हो । त्यसैले मान्नुपर्छ ।

**संविधानको व्यवस्था भएका कारणले मात्रै कि धर्मनिरपेक्षतामा तपाईंहरूको विश्वास भएकाले ?**

जनताले जे भन्छन्, त्यो हुन्छ । हामी जनताको आदेशअनुसार चल्छौं ।

**संघीयता ?**

एकदम मान्छौं । रक्षा गर्छौं । पैरवी गर्छौं ।

**गणतन्त्र ?**

गणतन्त्रको पनि प्रतिरक्षा गर्न हामी तयार छौं ।

**समानुपातिक समावेशिता ?**

विकृत स्वरूपमा अभ्यास भएको छ । त्यसैले ‘रिजर्भेसन’ छ तर यो अवधारणाको समर्थन गर्छौं ।

**समानुपातिक समावेशिताको कुन विषयमा तपाईंहरूको रिजर्भेसन हो ?**

संविधानले ६ वटा क्लस्टर छुट्याएको छ, त्यो नै वास्तवमा ‘अर्बाइटरी’ छ । त्यो न पहिचानको आधारमा छ न वर्गीय आधारमा । त्यसले विकृति निम्त्याएको देखिन्छ । एउटा उदाहरण हेरौं- अहिलेको चुनावले प्रतिनिधिसभामा खसआर्यको सहभागिता किन यति धेरै दियो ? खसआर्यको ‘ओभर रिप्रिजेन्टेसन’ हुनेबित्तिकै त्यो जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व भयो त ? व्यवस्थापिकामै त्यसको उल्लंघन भइसक्यो ।

**तपाईंले धर्मनिरपेक्षताबारे स्पष्ट जवाफ दिनुभएन नि ?**

जनताको के माग हुन्छ, जनताले के चाहन्छन् भन्ने हेर्नुपर्छ ।

**त्यसको अर्थ अब यो विषयलाई फेरि जनताबाट परीक्षण गर्ने ?**

हाम्रो पार्टीको नाम नै जनमत हो । जनताको मतबाट चल्ने भएकाले त्यसमा ठूलो विवादको आवश्यकता छैन । जनताले जे आदेश दिन्छन्, त्यहीअनुसार अगाडि जाने हो ।

**केही व्यक्तिगत प्रश्न– तपाईंको घाँटीमा पछिल्लो समय नयाँ माला देखिन थालेको छ, यो के हो ?**

(लामो हाँसो...) ओशो संन्यास लिएको हुनाले त्यही माला लगाउने गरेको छु ।

**तपाईंको ‘हेयर स्टाइल’ अन्य नेताको भन्दा फरक छ । तपाईंको व्यक्तिगत सोख मात्रै हो ?**

(लामो हाँसो...) यो विद्रोहको संकेत हो । म ‘एनोदर ब्रिक इन द वाल’ होइन, ‘कन्फर्मिस्ट’ होइन । समाजले जे-जे नियम बनाइदिन्छ, त्यहीअनुसार चल्ने मानिस म होइन भनेको हुँ ।


**तपाईंको घाँटीमा प्रायः रातो गलबन्दी देखिन्छ, त्यो के हो ?**

बलिदानी र क्रान्तिको प्रतीक हो । यो देश बनाउन धेरैको रगत बगेको छ । अहिले त्यो जिम्मेवारी मैले बोकेको छु ।

**ओशोको माला र तपाईंले व्याख्या गर्नुभएअनुसारको हेयरस्टाइलको सम्बन्ध त बुझ्न सकिन्छ तर त्यो माला र रातो गलबन्दी एउटै घाँटीमा कसरी मिलेर बस्न सक्छन् ?**

मिल्छन् । मैले कहिल्यै पनि हिंसाको राजनीति गरिनँ तर कतिले के भन्छन् भने- ‘अब आध्यात्मिक भएपछि त हिंसा गर्दैनौ होला नि ?’ आध्यात्मिक हुँदैमा हिंसा नहुने भन्ने पनि नहुँदो रहेछ । कृष्ण भगवान् त अध्यात्मको श्रेष्ठ भक्त हुन्, तैपनि महाभारतको युद्ध लडेकै हो । त्यसैले आध्यात्मिक हुनेबित्तिकै हिंसा हुँदैन भन्न मिल्दैन । त्यो अलग-अलग छनोटको कुरा हो ।

> संविधानको दायराभित्र रहेर पनि जनताको परिवर्तनका आकांक्षालाई पूरा गर्न सक्छौं भन्ने विश्वासका साथ बाटो फेरेका हौं
>
> पर्चा फेला पर्‍यो, नारा लगायो वा प्लेकार्ड बोक्यो भन्ने आधारमा मात्र जन्मकैदको मुद्दा लगाउन मिल्छ ?
>
> मधेस प्रदेशमा हामीसँग निर्णायक संख्या छ, हामीले नेतृत्व दाबी गरेका छौं



सम्पादकीय

# कारागारका बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर

आमासँगै कारागारभित्र रहेका ससाना बालबालिकाले न्यूनतम सुविधा र हेरचाह पाइरहेका छैनन् । कैदीहरूसँगै उनीहरूको दैनिकी बित्ने गरेको छ । कारागारभित्र पोसिलो खानेकुराका साथै पढ्ने, खेल्ने वातावरण पनि तिनले पाएका छैनन् । कारागार व्यवस्थापनमा सरकारी तवरबाट भइरहेको बेवास्ताका कारण ती बालबालिका आमासँगै 'कैदी' हुनुपरिरहेको छ । गर्दै नगरेको गल्तीको सजाय पाइरहनुपरेको छ । यस्तो वास्तविकता बदल्न सरकारले ध्यान दिनुपर्छ ।

कारागार ऐन-२०१९ ले आमाले कतै केही उपाय नलागेमा आफूसँगै छोराछोरी राख्न पाउने अधिकार दिएको छ । यसैमा टेकेर आमाहरूले कारागारमा छोराछोरी हुर्काइरहेका छन् । ऐनले ६ दशकअघि नै ससाना बालबालिकाको हेरचाहमा आमाको भूमिकालाई बुझेर आफैंसँगै कारागारमा राख्न त दियो, तर यतिका वर्षसम्म पनि सरकारले सो अधिकारको पूर्ण पालनाका लागि कारागारभित्र-बाहिर केकस्तो पूर्वाधार चाहिन्छ भन्नेमा चासो दिएको छैन । कुनै पनि कारागारमा छोराछोरीसहितका आमा बस्ने अलग्गै स्थान छैन । बालबालिका अरू कैदीसँगै असहज र असामान्य वातावरणमा हुर्किरहेका छन् । शौचालय, शयनकक्ष, खानपिन सँगै हुन्छ । यस्तो परिस्थितिमाझ छोराछोरी हुर्काउनुपर्दा दोहोरो सजाय पाइरहेको महसुस आमाहरूलाई हुने गर्छ ।

अर्को, बालबालिकाको भविष्यमै यसले असर पारिरहेको छ । कैदीहरूसँगै कारागारको अग्लो पर्खालमा हुर्कंदा तिनको बानीब्यहोरा, आचरण र मनोविज्ञानमा प्रतिकूल असर पर्छ, जसका कारण कारागारबाट निस्किसकेपछि पनि तिनलाई समाजमा पुनःस्थापना गर्न मुस्किल भइरहेको छ । देशैभरिका कारागारमा सरकार र कारागार प्रशासनको कमजोरीको सजाय भोगिरहेका बालबालिकाको संख्या निकै छ, तिनको संरक्षणका लागि सरकारले पूर्वाधार विकासका कामहरू गर्नु आवश्यक छ ।

बाल अधिकार र मानव अधिकार हनन हुन नदिन कसुर सजाय पाएका १८ वर्षभन्दा मुनिका बालबालिकालाई अन्तर्राष्ट्रिय-राष्ट्रिय कानुनमा सुधारगृहमा राख्नैपर्ने प्रावधान छ । सोही अनुरूप नेपालमा पनि सरकारले नै यस्ता गृहहरूको व्यवस्थापन गरिरहेको छ । तिनको सुविधाको पक्षमा प्रश्न उठे पनि कमसेकम कानुनले नै यसको आवश्यकता महसुस गरेको छ, तर कसुर सजाय नपाएका र आमासँगै जेलमा हुर्किरहेका बालबालिकाको हकमा भने यस्तै विकास केन्द्रको परिकल्पना कानुनी रूपमा गरिएको छैन । फलतः यस्ता बालबालिकाको सुविधा धेरै हदसम्म कारागार प्रशासनको स्वविवेकमा निर्भर छ । बालबालिकाको सुविधाका लागि काम गर्नैपर्ने कुनै कानुनी बाध्यता छैन, न त सरकारले नै नियमित रूपमा यस्ता बालबालिकाका लागि आवश्यक बजेटको विनियोजन नै गरेको छ ।

आमासँगै कारागारमा हुर्किरहेका बालबालिकाका लागि कारागार प्रशासनले रासन र भत्ता थोरै थपिदिने गरेको छ । सुत्केरी अवस्थामा रहेका आमाहरूको हालत झनै नाजुक छ । शिशु र आमा दुवैले पौष्टिक खानेकुरा र स्याहार पाउँदैनन् । कतिपय कारागार प्रशासनहरूले गैरसरकारी संस्थासँग समन्वय गरेर सहयोग जुटाउने गरेको देखिन्छ । तर, यो न पर्याप्त छ न भरपर्दो नै । सरकारले नै कारागारभित्रका बालबालिकाका लागि छुट्टै खाने, बस्ने, पढ्ने वातावरण मिलाइदिनुपर्छ । सुत्केरी अवस्थामा रहेकाहरूको उचित ख्याल गर्नुपर्छ । रासन र भत्ता थपिदिएर मात्र राज्यको दायित्व पूरा हुन्न । कारागारभित्र बालबालिकाको आधारभूत आवश्यकतालाई पूरा गर्न नियमित बजेट व्यवस्थादेखि बालविकास केन्द्र वा तिनलाई खाने, बस्ने, पढ्ने र खेलकुद सुविधाकेन्द्रित पूर्वाधार निर्माणसम्ममा सरकारले यथोचित प्रबन्ध मिलाउनुपर्छ ।

पछिल्ला दशकमा बालबालिका र मानव अधिकारका क्षेत्रमा अन्तर्राष्ट्रियस्तरमा निकै महत्त्वपूर्ण सुधार भएका छन्, जसमध्ये आमासँगै कारागारमा थुनिएका छोराछोरीको आवश्यकताको पहिचान र तिनको सुविधा पनि एक हो । यसको सुनिश्चित गर्ने विभिन्न महासन्धिमा नेपालले पक्षराष्ट्रका रूपमा हस्ताक्षर गरेको छ । पौष्टिक आहार, शिक्षा, स्वास्थ्य लगायत बालबालिकाको सर्वांगीण विकासका लागि कारागारलाई चाहिने पूर्वाधार बनाउने र सुविधाका लागि आवश्यक नियमित बजेट छुट्याउने प्रतिबद्धता गरेको छ । तर, सो अनुरूप काम भएको छैन । यस्ता सबै प्रतिबद्धता अन्तर्राष्ट्रिय मञ्चमा आफू बालबालिका तथा मानव अधिकारको हिमायती भएको देखाउनका लागि मात्र गरेकोजस्तो देखिन्छ ।

अतः बाल अधिकार र मानव अधिकार रक्षाका लागि सरकारले कारागारभित्र आमासँगै थुनिएका बालबालिकाको सुविधाका लागि आवश्यक व्यवस्थाहरू मिलाउन जरुरी छ । त्यसका लागि यस्ता बालबालिकालाई मातृवात्सल्यबाट टाढा नपुर्‍याई कारागार-वातावरणको उकुसमुकुसबाट कसरी बाहिर निकाल्न सकिन्छ र उनीहरूको सहज हुर्काइ सुनिश्चित हुन्छ, यसबारे सरकारले उचित गृहकार्य गर्नैपर्छ । बालबालिकाको भविष्यलाई पनि आमासँगै कारागारमा कैद गर्नु हुन्न ।

# संसदीय नेतृत्वमा गगनको सकस



कृष्ण खनाल

नेपाली कांग्रेसको गत महाधिवेशनमा सर्वाधिक मत पाएर महामन्त्रीमा विजयी भएका गगन थापा के त्यसै गरी संसदीय दलको नेतृत्वमा पुग्न सक्लान् ? यो कति सम्भव छ ? धेरैका मनमा यो प्रश्न खेलिरहेको हुनुपर्छ । निश्चय पनि महामन्त्रीभन्दा यो प्रतिस्पर्धा बढी पेचिलो छ । यो नेतृत्वमा पुग्नु भनेको प्रधानमन्त्री बन्ने ढोका खुल्नु पनि हो । संसद्मा अहिले कांग्रेस सबैभन्दा ठूलो दल भएकाले त्यो सम्भावना पनि उत्तिकै छ । प्रत्यक्ष र समानुपातिक गरी प्रतिनिधिसभामा कांग्रेसका ८९ सांसद छन्, कांग्रेसको विधान अनुसार यिनै सांसदहरूले कांग्रेस संसदीय दलको नेता चुन्छन् । चुनिनका लागि पचास प्रतिशतभन्दा बढी मत ल्याउनुपर्छ, अर्थात् कम्तीमा ४५ जना सांसदको समर्थन चाहिन्छ । कांग्रेसमा देउवा पक्ष र देउवाइतर भनेर अहिले जुन समीकरण छ, त्यसलाई मात्र आधार मान्ने हो भने त चुनाव नै गर्नु पर्दैन, परिणाममा शेरबहादुर देउवाकै निरन्तरता निश्चित छ । गगनलाई ४० प्रतिशत पुर्‍याउन पनि हम्मे पर्छ ।

पार्टी नेतृत्वको चुनाव भनेको केवल पक्ष-विपक्षमा संख्याको जोडघटाउजस्तो अंकगणितीय खेल र बहुमतको प्राविधिकतामा मात्र सीमित होइन । धेरै कुरा यसमा जोडिन्छन् । गुटगत समर्थन र विरोधभन्दा प्रतिस्पर्धामा उत्रिएका व्यक्तिको दृष्टिकोण, क्षमता र चरित्र निर्णायक हुन्छन् । पार्टीमा यथास्थितिको निरन्तरता वा परिवर्तनको बाटो निर्धारण गर्ने अवसर पनि हो यो । नयाँ नेतृत्वले पार्टीमा जीवन र गति दिन्छ, मतदाता र समर्थकमा उत्साह भर्छ । योग्य र सबल नेतृत्व पाउन सके छिमेकी र शक्तिराष्ट्रहरूको चलखेललाई पनि न्यूनीकरण गर्न सकिन्छ । कांग्रेस लगायत नेपालका राजनीतिक दलका नेतृत्व चयनमा यिनको कति भूमिका होला, प्रश्न गर्न सकिएला, तर स्वस्थ पार्टी प्रणालीको विकासका लागि यी अनिवार्य तत्त्व हुन् । अहिले समयको जुन मोडमा कांग्रेस संसदीय दलको नेतृत्व चयन हुँदै छ, त्यसमा पार्टी मात्र होइन, आउने पाँच वर्ष सरकार, संसद् र मुलुककै भविष्य गम्भीर रूपमा जोडिएको छ । त्यसैले पनि कांग्रेसको संसदीय नेतृत्वप्रति मुलुकको ध्यान केन्द्रित भएको हो । एमाले र माओवादीमा अहिले नेतृत्व परिवर्तनको अपेक्षा गर्न पनि सकिन्न, ओली र प्रचण्डको अनुमोदनबाहेक ।

कांग्रेसका सांसदहरूले स्वतन्त्र भएर गुणदोषको मूल्याङ्कनसहित विवेक प्रयोग गर्ने हो भने परिणाम उल्टिनुपर्ने हो र गगन विजयी हुनेमा शंका गर्नुपर्ने थिएन । देउवालाई फेरि पनि नेता चुन्न चित्तबुझ्ने कारण के छ र ? पटकपटक अवसर पाउँदा पनि उनको सफलताको कथा भाग्यवादबाट माथि उठ्न सकेको छैन । पहिलो पटक २०५१ सालमा संसदीय दलको नेता चुनिँदादेखि नै उनी भाग्यमानी बन्दै आएका छन् । उनलाई कृष्णप्रसाद भट्टराईको शुभेच्छा त छँदै थियो, गिरिजाप्रसाद कोइरालाले पनि आपत्ति गरेनन्, उनी निर्विरोध चुनिए । सम्भावित प्रतिस्पर्धीहरूमध्ये रामचन्द्र पौडेल सभामुख पाइने भो भनेर रमाए, शैलजा आचार्य पनि गिरिजाको प्राथमिकतामा परिनन् । संसदीय दलको नेता चुनिएको दस महिना नबित्दै देउवाले मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारलाई अविश्वासको प्रस्तावबाट विस्थापित गर्दै कांग्रेस-राप्रपा-नेसपा गठबन्धनमा प्रधानमन्त्री बन्ने अवसर पाए । त्यतिखेर उनी नयाँ पुस्ताका युवा प्रधानमन्त्री भएकामा सबै खुसी पनि थिए । प्रधानमन्त्री भएपछि सत्ताको आडमा पार्टीभित्र उनको गुट पनि बन्दै गयो ।

प्रधानमन्त्री हुँदा देउवाको भाग्यवादको जरा अरू बढ्नुबाहेक मुलुक, लोकतन्त्र र नेपाली कांग्रेसले उल्लेख्य केही पाएनन् । बरु लोकतन्त्रप्रति निष्ठावान् नागरिकले शिर निहुर्‍याउनुपर्ने हुन थाल्यो । ससद्मा बदनामित पजेरो संस्कृति र निर्वाचन क्षेत्र विकासका नाउँमा सांसदको खल्ती भर्ने गलत प्रथा र जम्बो मन्त्रिमण्डलको परम्परा उनैले भित्र्याए । दोस्रो पटक प्रधानमन्त्री हुँदा संवैधानिक प्रणालीलाई नै दरबारमा बुझाए, आफैंले प्रस्ताव गरेको प्रतिनिधिसभाको चुनाव नै गर्न सकेनन् । उल्टै राजा ज्ञानेन्द्रले समेत नालायक भनेर बरखास्त गरे । तेस्रो पटक उनै राजा ज्ञानेन्द्रले निगाहपूर्वक फेरि प्रधानमन्त्रीको कुर्सीमा बसाले, देउवाले 'गोरखाली राजाबाट न्याय पाएँ' भन्दै जयजयकार गरे । तर १० महिनामै फेरि बरखास्तगीमा परे । उनको चौथो कार्यकालमा कांग्रेसले संसदीय चुनावमा सर्मनाक हार बेहोर्नुपर्‍यो, तर नेतृत्वमा रहिरहे । भाग्यवादी राजनीतिका पात्र देउवा कम्युनिस्ट सत्ता विग्रहका कारण पाँचौं पटक प्रधानमन्त्री हुन पुगे । तर उनको यो कार्यकाल उनका पूर्ववर्ती ओलीको भन्दा कुनै किसिमबाट पनि राम्रो मान्न सकिने ठाउँ छैन । कम्युनिस्ट विभाजनको यत्रो ठूलो राजनीतिक अवसरमा पनि चुनावमा कांग्रेसले अपेक्षित मत नपाउनु उनकै अयोग्यता र अक्षमता हो ।

अहिले कांग्रेस संसद्मा सबैभन्दा ठूलो पार्टी भएको छ, गत चुनावका तुलनामा यो उपलब्धि भन्न सकिएला । तर यसको अन्तर्यमा पसेर विवेचना गर्ने हो भने देउवाको सफलता भनेर भजन गाउनुपर्ने ठाउँ छैन । गठबन्धनका कारण प्रत्यक्षतर्फ कांग्रेसले तुलनात्मक लाभ पाएको छ, सिट पनि बढेको छ । तर समानुपातिकतर्फ पहिलेभन्दा ८ सिट कम पाएको तथ्य पनि छ । पहिलेभन्दा चार लाख अन्ठाउन्न हजार लोकप्रिय मत नै घट्यो, जबकि यो चुनावमा पहिलेभन्दा दस लाख मत बढी खसेको छ । पार्टीको जनाधार जान्ने मुख्य सूत्र चुनावमा उसले प्राप्त गर्ने लोकप्रिय मत हो, जस्तो नदीमा पानीको बहाव कम भयो भने विद्युत् उत्पादन घट्छ । यो प्रकृति र विज्ञान दुवैले पुष्टि गर्ने सूत्र हो । लोकप्रिय मतमा स्खलन भनेको अर्को चुनावसम्म पार्टीको काम र छविमा सुधार नहुने हो भने, हार निश्चितजस्तै हो । कसले सुधार्छ त कांग्रेसको छवि ? कसले आशा जगाउन सक्छ सरकारको काम र जनमुखी परिणाम दिन ?



**निजी प्रतिष्ठा, अहंकार र आफू नै अपरिहार्य हुँ भन्ने मानसिकताबाट आफैं मुक्त हुन सके देउवाको राजनीतिक विश्राम उदाहरणीय हुनेछ । २०५१ सालमा उनी जसरी निर्विरोध संसदीय दलको नेता चुनिएका थिए, त्यही परम्परा उनले अहिले पछ्याउनुपर्ने होइन ?**

नेपालकै इतिहासमा ठूलो क्रान्तिकारी परिवर्तनको पारिवारिक विरासत बोकेका पनि छन् कांग्रेस सांसद्मा – शशांक कोइराला र प्रकाशमान सिंह । शशांक बीपी कोइरालाका पुत्र हुन् भने प्रकाशमान गणेशमान सिंहका । दुवै पार्टीभित्रको लोकप्रिय मतबाट महामन्त्री र उपसभापतिमा निर्वाचित पनि भएका थिए । चुनाव अभियानका बेला र चुनावपछि पनि उनीहरूले समेत प्रधानमन्त्री बन्ने निरीह धोको व्यक्त गरे । तर देउवाकै निगाह एवं मेजमानीमा रमाउनु र आश्रय लिनुबाहेक उनीहरूको राजनीतिक व्यक्तित्व नै बन्न सकेन । राजनीतिक सोच र दृष्टि भनेको आमाले काखमा राखेर शिशुलाई दूध पिलाएजस्तो होइन; त्यो ऐनमौकामा व्यक्तिको आँट, काम र गतिमा पनि जनताले पत्याउने गरी देखिनुपर्छ । अहिले कांग्रेस सांसदमध्ये केही युवा देखिएका छन्– गगन, विश्वप्रकाश, प्रदीप पौडेल जसमाथि भावी नेतृत्वको आशा र भरोसा गर्ने ठाउँ देखिएको छ । अरू पनि नयाँ अनुहार र युवा छन् जसले आफूलाई निरन्तरको परीक्षाबाट आशालाग्दो नेतृत्वमा प्रक्षेप गर्न सक्छन् । तर यस पटक कांग्रेसका शुभेच्छुक, समर्थकको लोकप्रिय मतमा गगन नै देउवाको विकल्पमा अग्रपंक्तिमा छन् ।

जहाँसम्म गगनको सम्भावनाको कुरा छ, उनलाई पनि संसदीय दलको नेतृत्वमा चुनिन त्यति सहज भने छैन । आदर्श र सिद्धान्तका कुरा आफ्नो ठाउँमा महत्त्वपूर्ण छन्, तर नेपालको राजनीतिको धरातल यति धमिलो र प्रदूषित छ कि स्वस्थ प्रतिस्पर्धाको ठाउँ पनि साँघुरो छ; छैन भने पनि हुन्छ । त्यसमाथि छिमेकीको गिद्धेदृष्टि छ । यस पटकको चुनावमा भारतीय जनता पार्टी (भाजपा) र उसको चरम कट्टरपन्थी हिन्दु युवा दस्ता, राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) उम्मेरवार बनाउनेमा अर्थात् कसलाई टिकट दिनुपर्छ, कसलाई दिनु हुँदैन भन्नेसम्ममा लागे भन्ने सुनिएको छ । छिमेकी मात्र होइन, शक्तिराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको पनि नेपालको राजनीतिमा के भइरहेछ, यो कता जाँदै छ भनेर चासो हुन्छ । उनीहरूले आफ्नो राष्ट्रिय हित र प्राथमिकतालाई सुरक्षित गर्न चाहन्छन् । राजनीतिमा यो स्वाभाविक कुरा हो । त्यसलाई ठीक ठाउँ र सन्तुलनमा राख्ने, त्यसको अवाञ्छित प्रभावबाट जोगिने र जोगाउने काम नेतृत्वको हो । अघिल्लो संसदीय कालमा नेपालको परराष्ट्र सम्बन्ध, खास गरी छिमेकी भारत र चीनसित अत्यन्तै असन्तुलित र असंयमितसमेत रह्यो । त्यसको प्रभावबाट नेपाल अहिले पनि मुक्त छैन ।

यतिखेर कांग्रेसमा बीपी कोइरालाजत्तिकै राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै नीतिमा जोखिम बोक्न तयार तर सबल र सक्षम नेतृत्वको खाँचो छ । गगनमा मैले त्यो सम्भावनाको ठाउँ देखेको छु । जुन किसिमबाट उनी पार्टीमा, संसद्मा, सरकारमा र सार्वजनिक प्रस्तुतिमा देखिन्छन्, तिनमा त्यो प्रतिभा र क्षमता देख्न सकिन्छ । गगनप्रति मेरो कुनै व्यक्तिगत अनुराग भएर मैले यो भनेको पनि होइन । पुरानो चिनजान र सम्पर्कको कुरा गर्ने हो भने, देउवा र रामचन्द्र पौडेलजति कांग्रेस नेतामध्ये अरू कसैसँग छैन होला । निजी लाभ त मैले देउवासँगै जति पनि पाउँथें होला । त्यसमाथि म एक दशकभन्दा लामो समयदेखि कुनै पनि राजनीतिक दल र नेतासँग राजनीतिक सम्पर्कमा छैन, विरलै जाने एकाध सार्वजनिक कार्यक्रममा हुने देखादेखबाहेक ।

संसदीय दलको नेतृत्वमा गगनले गर्नुपर्ने पार्टी सभापति एवं बहालवाला प्रधानमन्त्रीसमेत रहेका देउवाको प्रत्यक्ष सामना त देखिने कुरा हो । तर देखिने र नदेखिने गरी उनले आफ्नै खेमा र समवर्तीहरूसँग सामना गर्नुपर्ने चुनौती र सकस पनि उत्तिकै छन् । देउवाविरुद्ध जति छन्, ती सबै मत आफ्नो पक्षमा पार्न उनले निकै ठूलो कसरत गर्नुपर्नेछ । त्यसैले कांग्रेसमा नेतृत्वको यो प्रतिस्पर्धा बहुकोणीय प्रकृतिको हुनेछ । संक्षेपमा भन्नुपर्दा, उनका कारण देउवालाई सत्ताबाट हट्नुपर्ला भन्ने पीडा छ, कोइरालाहरूलाई पारिवारिक विरासत गुम्ने भय छ, उनका समकालीनहरूलाई कनिष्ठले उछिन्ने भयो भन्ने चिन्ता छ । कांग्रेसमा मात्र होइन, यसको प्रभाव आफूमाथि पनि पर्ला भन्ने अरू दलका नेताहरूलाई पनि पिरलो छ । कांग्रेसमा अहिले यो खेल गगनविरुद्ध भित्रभित्रै भुसको आगोजस्तै फैलाउने प्रयत्न भैरहेको आभास पाइन्छ ।

यो स्वाभाविक हो, सनातनी पार्टीमा नयाँ नेतृत्व उदयको सम्भावना देखिएका बेला । देउवाले चुनाव जिते पनि उनी अस्ताउन लागेका घाम हुन् र यो उनको अन्तिम प्रयास हो, ज्योतिषीको भविष्यवाणी पनि अन्तिम नै होला । आशाको पालो बाँधेर बसेकालाई उनी अब चुनौती होइनन् । तर गगन नेतृत्वमा आए भने उनले अर्को दस वर्ष पार्टी हाँक्ने सम्भावना रहन्छ । उनी युवा मात्र छैनन्, उत्साही र ऊर्जाशील पनि छन् । खुला राजनीतिमा प्रभावशाली औजार मानिने लोकप्रियता पनि आर्जन गरेका छन् । उनकै शुभेच्छुकमा पनि उनी आएपछि आफूले मौकै नपाइने हो कि भन्ने चिन्ताको मनोविज्ञान बुझ्न कठिन हुँदैन । त्यसैले गगनविरुद्ध अहिले भित्री टिप्पणी सुनिन्छ– उनले दस भोट पनि ल्याउँदैनन्, देउवा अरू बलियो हुन्छन् । उनी विभिन्न तहका पार्टी कार्यकर्ताको पहुँचमै छैनन्, फोन नै उठाउँदैनन् । उनी पार्टीको कार्यक्रममा भन्दा गैरसरकारी संस्थाले पाँचतारे होटलमा आयोजना गर्ने कार्यक्रममा बढी पुग्छन् । उनी क्षेत्री गठबन्धनमा लागेका छन् । समानुपातिकतर्फ पार्टीको भोट घट्नुमा महामन्त्रीको हैसियतले के उनी जिम्मेवार छैनन् ?

देउवाको टक्कर शेखरले मात्रै दिन सक्छन् भन्ने एउटा विकृत मत निर्माण गर्ने प्रयत्न भइरहेको देखिन्छ । म भन्दिनँ, गगनविरुद्ध सुनिने गुनासाहरू सत्य छैनन्, गलत छन् । त्यसमाथि पार्टीबाहिरको व्यक्तिले कसैलाई क्लिन चिट दिने वा आरोप लगाउने होइन, सापेक्षिक अभिमतसम्म राख्ने हो । गगनका हजार कमजोरी होलान्, तर कांग्रेसमा देउवालाई टक्कर दिने उनको हैसियतको अर्को नेतृत्व कोही देखिएको छैन । बाटामा मुर्दा कुर्नेको ताँती भने ठूलै होला । नेतृत्वमा चुनिए गगनले केकति गर्न सक्छन्, त्यो परीक्षामै छ, तर देउवाको निरन्तरतामा राजनीति अरू खराब हुने निःसन्देह निश्चित नै छ । उदाउँदो नेतृत्वमा शंकाको घेरा बढाएर विद्यमान गलत नेतृत्वको निरन्तरता पुष्टि हुन सक्तैन । अहिले कांग्रेस संसदीय दलमा स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउनु आवश्यक छ । राम्रो त, देउवाले स्वैच्छिक विश्राम लिएर बरु आफ्नै पक्षबाट आफूले चाहेको अर्को कुनै सांसदलाई संसदीय दलको नेतृत्वका लागि उम्मेदवार बनाए पनि हुने हो । त्यो अन्यथा पनि मानिँदैन । पार्टी राजनीतिमा यस्तो प्रचलन पनि छ । निजी प्रतिष्ठा, अहंकार र आफू नै अपरिहार्य हुँ भन्ने मानसिकताबाट आफैं मुक्त हुन सके देउवाको राजनीतिक विश्राम उदाहरणीय हुनेछ । के देउवाबाट त्यो अपेक्षा गर्न सकिन्छ ? २०५१ सालमा उनी जसरी निर्विरोध संसदीय दलको नेता चुनिएका थिए, त्यही परम्परा उनले अहिले पछ्याउनुपर्ने होइन ?

## सम्पादकलाई चिठी

### निगम सुध्रियोस्

नेपाल वायुसेवा निगम व्यवस्थापनले दुई जना एयर होस्टेसको करार सेवा नवीकरणको विवाद समाधान गर्न नसकेका कारण काठमाडौंबाट मलेसिया र दुबईका लागि बुधबार राति उडेका दुई जहाज उतै रोकिएको समाचार ज्यादै अनौठो लाग्यो । अचम्भित बनायो । नेपाल वायुसेवा क्याबिन क्रु संघले बुधबारदेखि थालेको हडतालले विमान परिचारिका र परिचारक अभाव भएकाले निगमले बुधबारयता दुई दिनमा सयौं यात्रुलाई समयमै गन्तव्यमा लैजान र ल्याउन नसकिरहेको र हडतालले निगमको दिल्ली उडानसमेत रोकिएको समाचार आएको छ । लामो समयदेखि नै अक्षम व्यवस्थापनका कारण दुर्नाम कमाइरहेको निगमले यस्तो आन्दोलनजस्ता तुलनात्मक रूपमा सामान्य समस्याका कारण सयौं यात्रु अलपत्र पर्ने, बिग्रिएको निगमको छवि अझ बिगार्ने र अन्तर्राष्ट्रियस्तरमा मुलुककै बदनाम गर्ने कुकृत्य हुँदासमेत नियमनकारी निकाय नागरिक उड्डयन प्राधिकरण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय के हेरेर बसेको छ ? यो ज्यादै सोचनीय विषय भएकाले सामान्य रूपमा समाधान गर्न सकिने सवालका कारण गम्भीर समस्या र त्रुटि हुनु सामान्य कुरा होइन, निगमको गम्भीर लापरबाही हो । तसर्थ, सम्बन्धित आधिकारिक निकायबाट समयमै हस्तक्षेप गरी तत्काल वायुसेवालाई सुचारु गर्न र सम्बन्धित गैरजिम्मेवार पदाधिकारीहरूलाई हदैसम्म कारबाही गर्न ध्यान जाओस् ।

– **प्रदीप सुवेदी**, *कलंकीस्थान, काठमाडौं*

### शेरबहादुरजी, शिक्षामा हेलचेक्र्याइँ किन ?

१. २०४६ सालयता तपाईं पाँच-पाँच पटक प्रधानमन्त्री बन्नुभयो र अझै प्रधानमन्त्री बन्ने दौडधुपमा हुनुहुन्छ । तर यही तीन दशकयता नेपालको शिक्षा कामै नलाग्ने गरी धराशायी भएको छ । चाहे तपाईं सार्वजनिक शिक्षाको कुरा गर्नुहोस् या निजी शिक्षाको ।

२. तपाईंकै परिवारका सदस्य नेपालका अति धनाढ्य पढ्ने निजी शिक्षासँग सम्बन्धित संस्थामा मरिमेटेर लागेको देखिएकै छ तर सर्वसाधारणले पढ्ने सार्वजनिक शिक्षामा किन जोड दिइएन ?

३. तपाईंकै एकाघरका सदस्यले भर्खरै सम्पन्न चुनावताका डडेलधुरामा तपाईंको पक्षमा वकालत गर्दै सर्वसाधारण जनताका लागि खाडीमा निःशुल्क पठाइदिने भनी दिएको भाषणले नेपालको सार्वजनिक शिक्षा अझ ओझेलमा पारेको कुरा तपाईंलाई हेक्का छ कि छैन ?

४. त्यस्तै अर्का पूर्वप्रधानमन्त्रीले रौतहटमा दिएको भाषण पनि हुबहु उस्तै छ । अझ अर्का पूर्वप्रधानमन्त्रीले त पीएचडीको धज्जी नै उडाएका छन् । यसबाट नेपालका सरकारप्रमुखहरू शिक्षामा प्राथमिकता दिँदैनन् भन्ने प्रस्ट हुन्छ कि हुन्न ?

५. जहिले पनि अरू दलसँग मिलेर सरकार बनाउने अनि शिक्षालाई अर्कै पार्टीको पोल्टामा हालिदिने र सरकारप्रमुखका नाताले त्यसतर्फ के भैरहेछ भन्ने सूचनासमेत नराख्नु तपाईंको व्यक्तिगत र सरकारप्रमुखका नाताले ठूलो कमजोरी हो भन्ने कुरा स्विकार्न सक्नुहुन्छ ? सक्नुहुन्न भने तपाईंबाट शिक्षामा आशा गर्ने ठाउँ देखिन्न ।

६. पटकपटक तपाईंकै पार्टीको शिक्षामन्त्री पनि नबनेका होइनन्, तर हातलागी शून्य । २०७५ सालमा तपाईंकै पार्टीबाट शिक्षामन्त्री हुनेले त शिक्षा ऐन २०२८ को नवौं संशोधनमार्फत स्थायी शिक्षक सम्बन्धी व्यवस्थामा परिवर्तन गरी पश्चगामी बुँदा लागू गर्नाले नेपालको सार्वजनिक शिक्षालाई ५० वर्षपछाडि धकेल्ने काम भएको कुरा तपाईंलाई थाहा छ कि छैन ?




७. विद्यालय शिक्षाको हालत कस्तो छ भन्ने थाहा पाउन शिक्षा मन्त्रालयले प्रत्येक वर्ष सञ्चालन गर्दै आएको विद्यार्थी मूल्यांकनको राष्ट्रिय परीक्षण मात्रै हेरे पुग्छ । २१औं शताब्दीमा हाम्रो शिक्षाको हालत यस्तै रहिरहे हाम्रा शिक्षाका उत्पादन केही वर्षपछि खाडीमै पनि अयोग्य हुनेछन् ।

८. उच्च शिक्षाको हालत त विद्यालय शिक्षाभन्दा पनि गएगुज्रेको छ । कतिपय विश्वविद्यालयमा अहिले पनि उपकुलपति पद खाली भएको महिनौं भैसक्यो, कतिपय विश्वविद्यालयमा १८ महिनादेखि कुनै पनि संकायमा डिन नियुक्त भएका छैनन्, विश्वविद्यालय अनुदान आयोग नेतृत्वविहीन छ, देशको सबैभन्दा ठूलो विश्वविद्यालयमा विद्यार्थीले नतिजा कुर्न १८ महिना पर्खनुपर्ने भएको छ । खुला विश्वविद्यालयबाहेक यी सबै विश्वविद्यालयको कुलपति तपाईं स्वयम् हुनुहुन्छ भने दोष कसलाई दिनुहुन्छ ?

९. राजनीतिक भागबन्डाको आधारमा विश्वविद्यालयको नेतृत्व चयन गर्ने, आफ्नो दलले भनेको भन्दा फरक निर्णय भए आफ्नै कार्यकर्ता उचालेर विश्वविद्यालयमा तालाबन्दी गर्ने, क्याम्पसप्रमुख, सहायक क्याम्पसप्रमुख, विभागीय प्रमुखदेखि कर्मचारी र शिक्षकसमेत भागबन्डामा नियुक्त गर्ने प्रथाले उच्च शिक्षा उँभो लाग्छ ? के शैक्षिक पदमा राजनीतिक भागबन्डा अपराध होइन ?

१०. अझै पनि यही चाला कायम राखिराख्ने हो भने कृपया नेपालका सबै शिक्षालय बन्द गरिदिनुहोस् र अन्तर्राष्ट्रिय बेइज्जतीबाट नेपाललाई जोगाउनुहोस् । हैन नेपालको विकास पनि अरू राष्ट्रको झैं शिक्षाबाट मात्रै सम्भव हुन्छ भन्ने कुरा ढिलै भए पनि बुझ्नुहुन्छ भने आउनुहोस् सँगै बसेर नयाँ नेपाल निर्माणका लागि नयाँ ढंगले शिक्षाको काम गरौं ।

– **मनप्रसाद वाग्ले**, *मीनभवन, काठमाडौं*

### देउवावरिपरि राजनीति

शेरबहादुर देउवा पुनः विवादमा तानिएका छन् । पटकपटक सरकारप्रमुख भइसकेर पनि फेरि उनी प्रधानमन्त्री हुने दौडमा लागेका छन् । बलियो बहुमतका लागि नयाँ राजनीतिक दलहरूको विश्वास जुटाउन तिनका नेता-कार्यकर्तामाथि लागेका मुद्दा फिर्ता गर्न अध्यादेश ल्याए, जुन अनावश्यक छ । अहिलेसम्मको समीकरण हेर्दा सत्ता गठबन्धनले पुनः सरकार बनाउन त्यति मिहिनेत गर्नुपर्ने देखिँदैन । गठबन्धनका सांसदहरू र स्वतन्त्रबाट लडेका प्रभु शाह र अमरेशकुमार सिंहलाई विश्वासमा लिए सरकार गठन हुन्छ । सत्तामा जान लालायित जसपा समेट्न पनि सकिन्थ्यो । निर्वाचनको मुखैमा जसपा एमालेतिर लागेको झोंकमा देउवा नयाँ दलहरूतिर लागेको हुनुपर्छ । संघीयता खारेजी र राजतन्त्र पुनःस्थापनाको मुद्दा बोकेको राप्रपासँग सहकार्य गर्न देउवा अग्रसर छैनन् । त्यसै गरी पहिलो पटक संसद्मा आएको राष्ट्रिय स्वतन्त्र पार्टीप्रति पनि देउवा सकारात्मक छैनन् । देउवा मात्र होइन सबै पुराना राजनीतिक दलहरू नै यो पार्टीप्रति विश्वस्त छैनन् । यद्यपि राप्रपा र रास्वपासम्म पुग्दै नपुगी देउवाले सजिलै बहुमत पुर्‍याउन सक्ने देखिन्छ । तर, असहज बाटो हिँड्न खोजिरहेका छन् । यसले राजनीतिक माहोल असहज बनाएको छ ।

– **सुजन देवकोटा**, *पालुङ्टार-४, गोरखा*

### न्याय प्रणालीको सुधार

न्यायिक संहिताका सिमाना नाघेर चोलेन्द्रशमशेर जबराले मच्चाएको न्यायिक विचलनले विराम पाएको छ । तर यो विराम क्षणिक हुने हो कि स्थायी भन्ने आगामी प्रधानन्यायाधीशको इच्छाशक्तिमा टिकेको छ । अघिल्ला प्रधानन्यायाधीशहरूको बदनियतका कारण अदालत कुनै समय न्यायाधीशविहीन भएको थियो । त्यही रिक्ततामा राजनीतिक लेनदेनबाट अदालतमा खराब व्यक्तिहरूको प्रवेश भएकै हो । त्यसैले आज अदालतमाथि सबैतिरबाट औंला उठाउनुपर्ने परिस्थिति सृजना भयो । महाभियोग दर्ता टुंगोमा नपुगी जबराको कार्यकाल समाप्त भएको छ । आम नागरिकको खबरदारीले प्रधानन्यायाधीश अदालत प्रवेश गर्न पाएनन् । न्यायपालिका प्रमुख कार्यपालिकाको समेत प्रमुख बन्ने वातावरण राजनीतिक दलहरूले बनाएपछि नै न्याय प्रणाली संकटमा परेको थियो । अब राजनीतिक दलहरू सुध्रिनुको विकल्प छैन । अन्यथा आज जबरालाई खबरदारी गर्ने आम नागरिक भोलि राजनीतिक दलहरूका निर्णयविरुद्ध सडकमा उत्रने निश्चित छ । तसर्थ समय छँदै सुध्रिएको राम्रो ।

– **रामकृष्ण बराल**, *जोरपाटी-५, काठमाडौं*

# उत्थान र पतनको बाटामा माओवाद



किशोर नेपाल


संसारमा सर्वाधिक आधिकारिक मानिने सन्दर्भ-ग्रन्थ 'इन्साइक्लोपिडिया ब्रिटानिका' को पछिल्लो संस्करणमा माओवादी जनयुद्धका प्रमुख 'सेनापति' कामरेड पुष्पकमल दाहाल 'प्रचण्ड' को तस्बिर मार्क्स, एंगेल्स, लेनिन, माओ त्सेतुङ, हो ची मिन्ह, स्टालिन, ट्रटस्की लगायतका दार्शनिक र क्रान्तिकारी व्यक्तित्वहरूको लहरमा सजाएर राखिएको छ। आदिम सामन्तवादको जालोमा जेलिएको नेपाली समाजलाई साम्यवादी समाजमा रूपान्तरित गर्ने साहसका साथ सशस्त्र अभियानमा लागेका प्रचण्डलाई भाषा-साहित्य र ज्ञान-विज्ञानका सम्पादकहरूले दिएको यो हैसियत वैचारिक, बौद्धिक र व्यावहारिक हिसाबले समेत चानचुने होइन। नेपाललाई सामन्तवादको चंगुलबाट मुक्त गर्ने जनयुद्धका नायकका रूपमा प्रचण्डको राजनीतिक आधिकारिकतालाई उनका मित्र र शत्रु कसैले चुनौती दिएका छैनन्। ब्रिटानिकाको नयाँ संस्करणमा प्रकाशित एक सय जना साम्यवादी नेताका तस्बिरबीच सजाइएको प्रचण्डको तस्बिर अहिलेको नेपालका लागि कति सान्दर्भिक होला अथवा नहोला, यो देशका चेतनशील राजनीतिक वर्ग र सामाजिक विज्ञानका अध्येताहरूले ठम्याउने कुरा हो। यो विवादको विषय पनि हुन सक्छ। तर, नेपाली समाजको चौतर्फी रूपान्तरणको लक्ष्य राखेर अदम्य साहसका साथ जनयुद्धको संयोजन गर्ने अभियन्ताका रूपमा प्रचण्डको योगदानको मूल्यांकन इतिहासले गर्नेछ।

यो सत्य हो, जनयुद्ध सफल भएको झन्डै दुई दशकपछि प्रचण्डको तस्बिर पहेंलिन थालेको छ। तस्बिर खिच्ने र खिचेको नेगेटिभबाट तस्बिर बनाउने फोटोग्राफरले 'फिक्स्चर' राम्ररी पखालेन भने तस्बिर छोटो समयमै पहेंलिन थाल्छ। यद्यपि, अहिलेसम्म प्रचण्ड नेपालमा स्थापित संघीय गणतन्त्रका मेरुदण्डका रूपमै छन्। उनले संसदीय व्यवस्थामा एकाग्र भएर लागेका नेपालका ठूला-साना, कांग्रेस-एमाले सबै थरी राजनीतिक दललाई गणतन्त्रको मूल धारमा घसेटेर ल्याएकै हुन्। त्यसैले पनि परिवर्तनको एक मुख्य पात्रका रूपमा उनको भूमिका स्थापित भएको छ। व्यक्तिगत रूपमा यो नै प्रचण्डको नेतृत्वको उपलब्धि पनि हो। तर, यो उपलब्धि प्रचण्ड एक्लैको मात्रै नभएर सधैं निसासिएर बाँच्न बाध्य भएका नेपाली जनताको संघर्षको प्रतिफल हो।

स्वदेशमा बसेर राजनीति गर्दा होस् अथवा निर्वासनमा बसेर राजनीतिको खेलमा होमिँदा, जीवनभरि कम्युनिस्टप्रति कटाक्षपूर्ण राजनीति गरेका नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले माओवादीलाई रहरले होइन, बाध्यताले शान्तिको बाटामा ल्याएका थिए। त्यसको विकल्प न तत्कालीन राजासँग थियो, न लोकतान्त्रिक शक्तिको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेससँग। त्यति बेलाको राजनीतिक परिस्थितिको आकलन गर्ने जोसुकैलाई पनि यसको राम्रो ज्ञान हुनुपर्छ– नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना कुनै एक पार्टीको उपलब्धि थिएन। यो उपलब्धिको मुख्य कारक तत्त्व माओवादीको सशस्त्र संघर्ष थियो। देशमा रहेका कांग्रेस र एमाले लगायतका राजनीतिक शक्तिहरूको निरन्तर योगदानले जनताको आन्दोलनलाई बलियो बनाएको थियो।

माओवादीका सर्वोच्च कमान्डरका हैसियतले शान्तिवार्तामा आएका प्रचण्ड राजनीतिक विचारधाराहरूबीच समन्वयको खोजीमा थिए। उनी बीपी कोइरालाले खिच्नुभएको नेपाली किसानको आधारभूत आवश्यकताको तस्बिरमा एक थान टेलिफोन र इन्टरनेट मात्रै थपिदिए पुग्ने कुरा गर्थे। तर, समयसँगै अहिले उनको आवाज बदलिएको छ। उनको आफ्नै पार्टी माओवादी सत्ताको खेलमा लिप्त भएको छ। उनका सहयोगीका रूपमा रहेका नेताहरू यौन अपराधमा मुछिएका छन्। राजनीति र चुनावका नाममा उठतीपुठती गर्नमा माओवादी कार्यकर्ताको संलग्नता बढ्दो छ।

नेपालमा संघीय गणतान्त्रिक लोकतन्त्रको स्थापनापछि देशमा दुई पटक संघीय र प्रादेशिक चुनावहरू भैसकेका छन्। तर, तीबाट कुनै प्रकारको राष्ट्रिय प्रतिफल आएको छैन जो जनताको सन्तोषको बलियो आधार बन्न सकोस्। माओवादीसहितका राष्ट्रिय पार्टीहरूको हैसियत खस्किँदै गएको छ। कम्युनिस्टहरू




**समयसँगै अहिले प्रचण्डको आवाज बदलिएको छ। माओवादी सत्ताको खेलमा लिप्त भएको छ। उनका सहयोगीका रूपमा रहेका नेताहरू यौन अपराधमा मुछिएका छन्। राजनीति र चुनावका नाममा उठतीपुठती गर्नमा माओवादी कार्यकर्ताको संलग्नता बढ्दो छ।**

मिलेर बस्न चाहँदैनन्। कांग्रेसहरू सत्ताको मोहमा डुबेर मृत्युवरण गर्न चाहन्छन्। केही हुनुपर्ने र केही नभएको अवस्थामा संघीय गणतन्त्रको बिजोग भएको छ। न मधेशमा, न पहाडमा कतै पनि सामञ्जस्य स्थापित हुन सकेको छैन। देशको युवा जनशक्ति वैदेशिक रोजगारीमा जान लालायित छ। उसको मन एकोहोरिएको छ। देशका अग्रणी विद्वान् राजेन्द्र विमलका शब्दमा– राजनीति मूल्यहीन हुँदै गएको छ। सम्पूर्ण देश हाट-बजारमा रूपान्तरित भएको छ। गणतन्त्रको 'जनाजा' उठाउन बोरामा नोट खाँदेर बसेका छन् बिचौलियाहरू।

संघीय गणतन्त्रको स्थापनापछि प्रचण्डको नेतृत्वमा गठन भएको सरकारबाट आर्थिक अवसरको ओइरो लाग्ने आशा राखेका थिए जनताले। माओवादीहरू झन्डै तीन हजार वर्षदेखि सामन्तवादको प्रतीकका रूपमा देशमा जरो गाडेर रहेको निरंकुश राजतन्त्रबाट देशलाई मुक्त गर्न त सफल भए तर त्यो निरंकुश राजतन्त्रलाई आफ्नो स्वार्थरक्षाका लागि धर्मका नाममा, जातिका नाममा र पहाड-मधेशका नाममा टिकाउँदै आएको 'भूमिगत' सत्ताको पत्तो नै पाएनन्। मोहन वैद्य किरण, डा. बाबुराम भट्टराई, कृष्णबहादुर महरा, रामबहादुर बादल लगायतका नेताहरू सत्ताभोगको आत्मरतिमा मग्न थिए। जनताले खास गरेर डा. बाबुराम भट्टराईले केही गर्लान् भन्ने आशा राखेका थिए। तर, उनी पञ्चायतकालमा राजा वीरेन्द्रको संकेत र स्वीकृतिमा तत्कालीन अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले लागू गरेका तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वकालमा छाया अर्थमन्त्रीका रूपमा डा. रामशरण महतले परिशोधन गरेका विश्व बैंकको 'स्ट्रक्चरल एडजस्टमेन्ट प्रोग्राम' को रिमझिममा अल्झिए। त्योभन्दा पर सोच्ने शक्ति थिएन उनमा। माओवादी सत्तामा आएपछि पनि देशमा बजार अर्थ व्यवस्था निर्विघ्न अघि बढ्यो। गरिब जनतालाई बजारसम्म पुऱ्याउन समर्थ बनाउने अर्थ व्यवस्थाको तर्जुमा नै हुन सकेन। आफ्नो प्रतिरक्षामा डा. भट्टराईले नयाँ नारा निकाले– परिवर्तनको प्रतिफल कहीं पनि रातारात आउँदैन। यसका लागि जनताले निरन्तर संघर्ष गर्नुपर्छ। डा. भट्टराई प्रधानमन्त्री पनि भए। तर, उनको प्रधानमन्त्रित्वकाल मुख्य सचिव लीलामणि पौड्यालसँग सफा वाग्मती नदीको परिकल्पनामा डुबुल्की लगाउँदैमै बित्यो।

देशमा संविधानसभाको शासन पनि लामै समय चल्यो। यसबीच, प्रचण्डको कृपामा सर्वोच्च अदालतका प्रधान न्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद्को अध्यक्ष भए। उनले संविधानसभाको दोस्रो चुनाव गराए। त्यही समयदेखि माओवादी पार्टी ओरालो लाग्न थालेको हो। त्यति बेलासम्म प्रचण्डले नचाहेसम्म राजनीतिको पत्ता हल्लिँदैनथ्यो। अहिले त्यो स्थिति रहेन। माओवादी पार्टीका सर्वाधिक प्रभावशाली व्यक्तित्व कामरेड प्रचण्डको साख निरन्तर खस्किन थाल्यो। उनको नेतृत्वमा माओवादी पार्टीको चुनावी दायरा पत्याउनै नसकिने हिसाबले साँघुरियो। अहिले देशमा विभिन्न प्रवृत्ति चलायमान छन्। सहर-बजारका मानिसहरू प्रचण्डविरुद्ध आक्रोश ओकल्न थालेका छन्। देशका दोगला बुद्धिजीवीहरू सत्र वर्षपछि आएर पटकपटक जनयुद्धमा 'मारिएका' सत्र हजार नेपालीको प्रश्न उठाउन थालेका छन्। विभिन्न दलका ती नेताहरू, जसले नेपाल सरकार र माओवादीबीच भएको बृहत् शान्ति सम्झौतामा हस्ताक्षर गरेका थिए वा साक्षीका रूपमा मूल हस्ताक्षरकर्तापछिको दोस्रो लहरमा बसेका थिए, परिवर्तनप्रति निरपेक्ष बन्न थालेका छन्। पक्कै पनि यो स्वाभाविक होइन। स्वयं माओवादी पार्टीको नेतृत्वमा पनि, केही नेतालाई छाडेर अरूमा, खासै जोस देखिँदैन। देश-विदेशमा 'अध्यक्ष कामरेड' को 'लोकप्रियता' खस्किएको छैन। तर, देश-विदेशमा नेताको लोकप्रियता जतिसुकै बढे पनि देशमा हुने चुनावमा उम्मेदवार भएको व्यक्तिका लागि विदेशको लोकप्रियता सम्पत्तिका रूपमा होइन, विपत्तिका रूपमा आउन सक्छ।

माओवादी नेताहरू आफ्नो पार्टीलाई कांग्रेस, एमाले र राप्रपाको जस्तो अवस्थामा रूपान्तरित गर्न हतारिए। हिजो उनीहरूले गाउँघरमा सामन्तहरूका घर लुट्दा सामान्य जनता आँखा चिम्लिने गर्थे। किनभने, त्यो लुटको आयस्ता क्रान्तिकारीको रासनमा खर्च हुने गर्थ्यो। आज माओवादीका लागि चुनाव खर्च जुटाउन कुनै समस्या छैन। एक विश्वसनीय स्रोतले बताए अनुसार, माओवादीको 'सञ्चालन खर्च' एमालेको भन्दा कम छैन। कम्युनिस्ट पार्टीको यो 'विकास' विरुद्ध सडकमा ऱ्याप गीतको सृजना हुनु अस्वाभाविक हुँदैन। सम्भवतः माओ त्सेतुङको दृढ नेतृत्व नभएको भए चीन यति छिटै आर्थिक विकासको उच्च विन्दुमा पुग्ने थिएन होला। स्कुल जाने बच्चाहरूले महेन्द्रमाला किताबमा जिल्ला हाल्न बटुलेका 'सचित्र चीन' का पाना नियाल्दानियाल्दै, रेडियो बेइजिङ सुन्दासुन्दै, कनीकुथी 'बेइजिङ रिभ्यु' पढ्दापढ्दै नेपालका गरिब जनताले माओवादीको शासन आएपछि आफ्नो देश पनि चीनजस्तै बन्ने आशा राखेका थिए होलान्। अब माओवादीले त्यो आशा धूलधूसरित भएको वास्तविकता स्विकार्ने बेला आएको छ। त्यसो नगर्ने हो भने, माओवादीसँग हिड होइन, हिङ बाँधेको टालो पनि बाँकी रहनेछैन।

# महिला हिंसाविरुद्ध कानुन कार्यान्वयनको खाँचो



वर्षा झा

यस वर्ष मनाइएको लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको राष्ट्रिय नारा 'सभ्य समाजको पहिचान : लैंगिक हिंसाविरुद्धको अभियान' थियो। नेपाल सरकार तथा सम्बन्धित निकायहरू महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि नीतिगत रूपमा प्रतिबद्ध नै छन्। त्यसअनुरूपका नियम-कानुन पनि बनाइएका छन्। नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गरेको छ। केही वर्षयता सरकारी स्तरबाट लैंगिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म विभिन्न कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन्। शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण तथा नेतृत्व तह आदिमा महिलाको पहुँच बढेको पनि छ। तर महिलाप्रति हिंसात्मक व्यवहार विद्यमान रहेकाले उनीहरूको सामाजिक अवस्थामा परिवर्तन आउन नसकेको देखिन्छ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालको कुल जनसंख्याको आधाभन्दा बढी (५१.०४ प्रतिशत) महिला छन्। नेपालमा सन् २०२० मा मानव विकास सूचकांकमा ०६०२ अंकसहित १४२ औं स्थानमा छ। विश्व आर्थिक मञ्चद्वारा तयार पारिएको ग्लोबल लैंगिक समानता अन्तराल प्रतिवेदन-२०२० मा नेपाल ०.६८३ अंकसहित १०६ औं स्थानमा छ, जुन दक्षिण एसियामा बंगलादेशपछिको दोस्रो स्थान हो। केन्द्रीय तथ्यांक विभागको सन् २०२१ को तथ्यांक अनुसार नेपालमा महिला साक्षरता ५७.४ प्रतिशत छ। राष्ट्रिय मानव विकास प्रतिवेदन-२०२० अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत छ। यद्यपि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाले समाजमा हिंसा बढेको छ। हिंसा भनेको कुनै पनि व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अमानवीय व्यवहार हो जुन शारीरिक वा मानसिक दुवै किसिमको हुन सक्छ र मानिसमा रहेका अन्धविश्वास, सामाजिक लिंगभेद आदिका कारण हिंसाले प्रोत्साहन पाउँछ। हिंसा घरभित्र वा बाहिर दुवै ठाउँमा हुन सक्छ। परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिलाविरुद्ध हुने हिंसाका रूपमा लिइन्छ तर हिंसाभित्र धेरै कुरा पर्दछन्। बालविवाह, बहुविवाह, जबर्जस्ती विवाह, जबर्जस्ती करणी, चेलीबेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिलाविरुद्ध हुने हिंसाका कारक तत्त्व हुन्। हिमाल-पहाडदेखि तराई-मधेशसम्म उच्च घरानियादेखि सुकुम्बासी झुपडीसम्म, राजनेतादेखि मतदातासम्म जहाँसुकै, जोसुकैबाट र जहिले पनि हिंसा हुन सक्ने जोखिममा महिलाहरू हरपल बाँचिरहेका हुन्छन्।

नेपालले लिंगमा आधारित महिला हिंसाविरुद्ध संवैधानिक प्रतिबद्धता जनाएको छ। नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-महासन्धिको कार्यान्वयनका सन्दर्भमा नेपालमा लैंगिक समानता र महिलाविरुद्ध हुने घरभित्रका सबै प्रकारका हिंसा नियन्त्रण गर्नका लागि छुट्टै ऐनका रूपमा २०६६ वैशाख १४ देखि घरेलु हिंसा (कसुर र सजाय) ऐन-२०६६ लागू गरिएको छ। त्यसै गरी घरेलु हिंसा (कसुर र सजाय) नियमावलीसमेत कार्यान्वयनमा छ। पछिल्लो समयमा लैंगिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास भएका छन्। नेपालका सन्दर्भमा लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६६ द्वारा महिलाविरुद्धका भेदभावपूर्ण कानुनको खारेजी र लैंगिक समानताका लागि कानुन संशोधन गरी लागू छ। महिलामाथि हुने हिंसाका अनेक स्वरूप र प्रकृतिलाई सम्बोधन गर्न मुलुकी ऐन-२०२० लाई २०७५ भदौदेखि मुलुकी फौजदारी संहिता, मुलुकी देवानी संहिता र अपराध संहिता लगायतका विभिन्न ऐनद्वारा प्रतिस्थापन गरिएको छ। ती ऐनहरूमा मुलुकी अपराध संहिता-२०७४, मुलुकी फौजदारी संहिता-२०७४, मुलुकी फौजदारी कार्यविधि संहिता-२०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन-२०७४, मुलुकी देवानी संहिता-२०७४, मुलुकी देवानी कार्यविधि संहिता-२०७४ छन्। यी ऐनहरूमार्फत सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक-सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरूलाई आपराधिक कार्यका रूपमा व्याख्या गरी हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानुनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ। महिलाविरुद्ध हुने हिंसाको कानुनी उपचार, सोको समाधान र आपराधिक कार्यका लागि कसुर तथा त्यसको मात्रा निश्चित गर्दै दण्ड-सजायका निमित्त माथि उल्लिखित ऐनहरू विशेष छन्। यति मात्र होइन, न्यायमा पहुँच नभएकाहरूलाई राज्यले निःशुल्क कानुनी सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको छ। कानुनी सहायतासम्बन्धी ऐन-२०५४ ले आर्थिक रूपले विपन्न वर्गलाई यो सेवा उपलब्ध गराउने भनेको थियो। न्यायमा पहुँच हुन नसक्नुमा आर्थिक अवस्था मात्र कारक तत्त्व होइन भन्ने ठहर भैसकेको छ। केही ऐनलाई संशोधन गर्ने ऐन-२०७२ ले घरेलु हिंसा तथा लैंगिक हिंसाबाट पीडित व्यक्तिलाई पनि निःशुल्क कानुनी सहायता उपलब्ध गराउने व्यवस्था गरेको छ।

यसका लागि जिल्ला कानुनी सहायता समितिमा दरखास्त दिनुपर्छ। कानुनी सहायता प्राप्त गर्न चाहने व्यक्ति स्वयं दरखास्त फारम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फारम भर्न नसक्ने अवस्था रहेछ भने निजले पत्याएका अन्य व्यक्तिले समितिमा दरखास्त दिन सक्ने व्यवस्था गरिएको छ। यसरी घरेलु हिंसा तथा लैंगिक हिंसाबाट पीडित व्यक्ति जोकोहीले तथा वार्षिक आम्दानी ४० हजार रुपैयाँभन्दा कम भएका वा द्वन्द्वपीडित महिलाले निःशुल्क कानुनी सहायता प्राप्त गरी लाभ लिन सक्ने व्यवस्था गरिएको भए पनि ग्रामीण क्षेत्रका लक्षित समूह यसबाट यथेष्ट रूपमा लाभान्वित हुन सकिरहेका छैनन्। यस्ता पक्षप्रति राज्यका संयन्त्रहरू संवेदनशील हुनु जरुरी छ। नेपालमा कुनै पनि क्षेत्रमा नीति, ऐन र कानुन अभावभन्दा पनि तिनको कार्यान्वयन पक्ष कमजोर हुने गरेको छ। लैंगिक हिंसा प्रभावित ग्रामीण क्षेत्रका महिला तथा बालिकालाई केन्द्रमा राखी छिटोछरितो र प्रभावकारी रूपले मनोसामाजिक सेवा, सुरक्षा र संरक्षण, चिकित्सा सहायता तथा कानुनी सेवा, सीपमूलक तालिम तथा आयआर्जनमा सहयोग लगायतमा ध्यान नदिएसम्म कानुन जतिसुकै राम्रो बनाए पनि त्यो निष्प्रभावी नै भइरहन्छ।

समाजमा विद्यमान पितृसत्तात्मक मूल्य र मान्यताहरू, चरम गरिबी, शिक्षा र चेतनाको कमी, बाल-विवाह, बहुविवाह तथा संस्कृति र परम्पराहरू महिला सशक्तीकरणका बाधकका रूपमा छन्। यसर्थ राज्यले महिलाको शरीर, सम्पत्ति, श्रम र सत्ता (चार 'स') माथिको अधिकार सुनिश्चित गर्नुपर्छ। कानुनबारे महिलालाई जानकारी गराउनुपर्छ। कानुनहरू प्रभावकारी ढंगले कार्यान्वयन गरिनुपर्छ। महिला हिंसाका सम्बन्धमा अनुसन्धान गर्न दक्ष महिला प्रहरी, महिला कानुन व्यवसायी, अदालतमा गोप्य इजलास र महिला न्यायाधीश चाहिन्छन्। नत्र महिलाले जतिसुकै आँट गरेर पीडा सार्वजनिक गरे पनि उल्टो पीडित हुने स्थिति बन्छ। पितृसत्तात्मक सोचमा परिवर्तन ल्याउन महिला पनि प्रतिबद्ध हुनुपर्छ। नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक व्यवस्था तथा सर्वोच्च अदालतबाट भएका आदेशहरूका सन्दर्भमा महिला हिंसा नियन्त्रणसँग सम्बन्धित विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गरिनुपर्छ।

# प्रधानमन्त्री देउवालाई पूर्वबैंकरको पत्र



भुवन दाहाल

प्रधानमन्त्रीज्यू,
सर्वप्रथम, २०४८ सालदेखि २०७९ सालसम्म लगातार संसद्को चुनाव जितेर रेकर्ड कायम गर्नुभएकामा विशेष बधाई। यहाँको भाग्य यति बलियो रहेछ, ५० वर्षभन्दा कम उमेरमा २०५२ सालमा नेपालको प्रधानमन्त्री हुनुभयो। २०४७ सालमा लोकतन्त्र आएपछि अरू कोही ५० वर्षभन्दा कम उमेरमा नेपालको प्रधानमन्त्री हालसम्म भएको छैन। दुर्गम इलाकामा, सामान्य परिवारमा हुर्केर पाँच-पाँचचोटि देशको प्रधानमन्त्री हुनु तथा नेपाली कांग्रेसजस्तो ऐतिहासिक पार्टीको केन्द्रीय सभापतिमा दुई-दुईचोटि चुनिनु चानचुने कुरा होइन। तर, यहाँका व्यक्तिगत उपलब्धिलाई समग्र नेपाली जनताको उपलब्धिसँग तुलना गर्दा कस्तो देखिएला ? हेरौं–

**प्रतिव्यक्ति आम्दानी (अमेरिकी डलरमा)**

| देश | २०४७ साल | २०७८ साल | वृद्धि |
|---|---|---|---|
| नेपाल | १९२ | १,२२३ | १,०३१ |
| भारत | ३६८ | २,२७७ | १,९०९ |
| चीन | ३१८ | १२,५५६ | १२,२३८ |
| बंगलादेश | ३०६ | २,५०३ | २,१९७ |
| सिंगापुर | ११,८६२ | ७२,७९४ | ६०,९३२ |
| स्विट्जरल्यान्ड | ३९,६०८ | ९३,४५७ | ५३,८४९ |
| विश्व | ४,३१४ | १२,२६३ | ७,९४९ |

*स्रोत : विश्व बैंक*

यो अवधिमा शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, बैंकिङ लगायत धेरै क्षेत्रमा विकास भएको यथार्थ हो। तर, लोकतन्त्र आएपछि नेपालीलाई सिंगापुर र स्विट्जरल्यान्डको सपना देखाइएको पृष्ठभूमिमा, ती दुई देशको त कुरै छोडौं, हाम्रा नजिकका छिमेकीसँग मात्र तुलना गर्दा पनि अवस्था कति दयनीय छ भन्ने थाहा हुन्छ। हेर्नुस् त, अहिले हामी कति बेथितिबाट गुज्रिएका छौं ! अधिकांश क्षेत्रमा सुशासनको अभाव छ। असल मानिसलाई बाँच्नै गाह्रो छ। हाम्रा छोराछोरी विदेश गएपछि फर्केर आउनै चाहँदैनन्।

हामीले छिमेकीले जति पनि विकास किन गर्न सकेनौं ? कारण मैले बताउनैपर्दैन, संसार घुम्नुभएका र यतिका चोटि प्रधानमन्त्री भैसक्नुभएका यहाँलाई धेरै राम्ररी थाहा हुनुपर्छ। देशको तीव्र विकास सामान्य प्रयासले मात्र सम्भव हुन्न। सुशासनका विषयमा अविचलित अठोट र दूरदृष्टिका साथ दैनिक पन्ध्र-सोह्र घण्टा सृजनात्मक काममा खटी जनताको आकांक्षा अनुरूप तीव्र विकास गर्न आफू हैन अर्कै पात्र उपयुक्त हुन्छ भन्ने वास्तविकता क्रान्तिकारी तथा संघर्षशील पृष्ठभूमिका यहाँलाई थाहा नहुने कुरै छैन।

२०४८ सालमा यहाँले डडेलधुरामा २४,५७० मत पाउनुभएको थियो, जुन निकटतम प्रतिद्वन्द्वीको भन्दा झन्डै चार गुणा बढी थियो। डडेलधुरावासीले यहाँलाई यति धेरै माया गर्दा न बालुवाटारको ढोका 'खुल जा सिमसिम' भन्दै खुलाउनुपर्थ्यो, न यहाँले 'फ्री टिकट फ्री भिसा' मा कसैलाई मलेसिया नै पठाउनुपरेको थियो, न यहाँको परिवारको हैसियत 'हामीलाई भोट नहाल्ने ठाउँमा थोडै हामी बजेट पठाउँछौं' भन्ने थियो, न यहाँसँग महागठबन्धन नै थियो। तर, २०७९ सालमा महागठबन्धन गरेर यहाँले पाउनुभएको २५,५३४ मत निकटतम प्रतिद्वन्द्वीभन्दा दोब्बर पनि छैन। कल्पना गर्नुस् त, ती निकटतम प्रतिद्वन्द्वी सागर ढकाल गुल्मीको नभई डडेलधुराकै स्थायी बासिन्दा भएका भए चुनावको नतिजा कस्तो हुन्थ्यो होला ? एउटा ठिटो (टुरिस्ट उम्मेदवार), चार महिनाअगाडि बल्ल डडेलधुरा टेकेको मान्छेलाई डडेलधुरावासीले त्यत्रो मत दिएर यहाँलाई स्पष्ट सन्देश दिएका छन्, 'तमले डडेलधुराका लाई भौत गरया छ, हाम तमलाई अपमानित नाई अद्दा। आब भण्या ज्वान मान्सको पालो आयो। आब तमले सत्ताको चाबी ज्वान मान्सका हातमा दिय र तम सयाना भयाले अरती दिन्या भै वर बस।'

पूर्वप्रधानमन्त्री केपी ओलीद्वारा गरिएको प्रतिनिधिसभा विघटनबाट पाठ सिकेर यहाँले सुशासन कायम गर्नुहोला भन्ने झीनो आशा थियो, तर सरकार यसरी चलाउनुभयो, यहाँको नेतृत्वको गठबन्धनलाई जनताले 'ठगबन्धन' पो भन्न थाले। यहाँका धेरै मन्त्रीले चुनावै हारे। महागठबन्धनका बावजुद यहाँको पार्टीको नतिजा खासै उत्साहप्रद छैन, प्रतिनिधिसभामा एमालेभन्दा केही संख्या ठूलो भए पनि।



२०७४ सालको चुनावमा नेपाली कांग्रेसले ३२.७८ प्रतिशत जनमत पाएको थियो, जुन अहिले २५.७१ प्रतिशतमा झरेको छ अर्थात् जनमतमा २१.५६ प्रतिशत ह्रास भएको छ। एमालेको मत पनि २०७४ सालको ३३.२५ प्रतिशतबाट २६.९५ प्रतिशतमा झरेको छ तर त्यो १८.९६ प्रतिशत मात्र कम हो। अर्थात्, एमालेको कांग्रेससँगको मतान्तर बढेको छ (०.७४ प्रतिशत विन्दुबाट १.२४ प्रतिशत विन्दु)। यहाँ पहिलोचोटि सभापति बन्दा नेपाली कांग्रेस जनमतमा देशको पहिलो पार्टी थियो, एमालेभन्दा १.८९ प्रतिशत विन्दुले अगाडि।

अर्कातिर, माओवादी केन्द्रले २०७९ सालको चुनावमा ११.१३ प्रतिशत जनमत पायो जबकि २०७४ सालको चुनावमा १३.६६ प्रतिशत थियो। जनमतमा १८.५२ प्रतिशतको ह्रास, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको पार्टीको मत जोड्दासमेत ! पूर्वप्रधानमन्त्री माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी त ३ प्रतिशत मत

**आफ्नो पार्टीको जनमत २० प्रतिशत हाराहारी ह्रास हुँदा पनि र पार्टीले ३ प्रतिशत मत नकटाउँदासमेत पार्टी प्रमुखहरूले राजीनामा नदिनुपर्ने थोरै मुलुकमा सायद नेपाल पर्ला।**

ल्याउन नसकेर राष्ट्रिय पार्टीसम्म पनि बन्न सकेन जबकि चुनावभन्दा अगाडि यो प्रतिनिधिसभामा चौथो ठूलो पार्टी थियो। आफ्नो पार्टीको जनमत २० प्रतिशत हाराहारी ह्रास हुँदा पनि र पार्टीले ३ प्रतिशत मत नकटाउँदासमेत पार्टीप्रमुखहरूले राजीनामा नदिनुपर्ने थोरै मुलुकमा सायद नेपाल पर्ला।

बहालवाला र भूतपूर्व प्रधानमन्त्रीहरूले नेतृत्व गरेका चारै पार्टीलाई नेपाली जनताले कम मत हालेर 'नो नट अगेन' भन्ने स्पष्ट सन्देश दिएका होइनन् र ? पार्टी नेतृत्वमा नरहेका अर्का भूतपूर्व प्रधानमन्त्री झलनाथ खनाललाई इलामेली जनताले केवल 'नो नट अगेन' भन्दा पुग्थ्यो, भनिदिए। नेपाली जनताले यहाँहरूलाई सम्मान गर्दै आएका छन्, 'नो नट अगेन' पनि यहाँहरूको अपमान होइन। 'यहाँहरूले जति सक्नुहुन्थ्यो, गर्नुभयो; अब आराम गर्नुस् र नयाँ पुस्तालाई सल्लाह दिने भूमिकामा बस्नुस्' भन्नु त सम्मान नै हो नि !

हाम्रोजस्तो गरिब देशका प्रधानमन्त्रीमा कम्तीमा दुई गुण हुनु जरुरी छ– (१) लक्ष्य तथा कार्यक्रममा स्पष्टतासहित सुशासनका मामिलामा सम्झौता नगर्ने, (२) शारीरिक, मानसिक र आध्यात्मिक रूपमा स्वस्थ भई देशका लागि दैनिक पन्ध्र-सोह्र घण्टा सृजनात्मक काममा खट्न सक्ने। तर, यहाँबाट यो सम्भव छैन। देशलाई विकसित बनाउने 'इच्छा' मात्र भएर पुग्दैन भन्ने त लन्डन स्कुल अफ इकोनोमिक्सको समेत संगत पाएका यहाँले मागको परिभाषा पढ्नुभएकै होला। त्यसका अलावा, अंग्रेजीको प्रख्यात उखान 'इफ विसेज वैर हर्सेज, बेगर्स उड राइड' त पक्कै सुन्नुभएको हुनुपर्छ। यसबारे एक्लै बसेर चिन्तन गर्न म यहाँलाई विनम्र अनुरोध गर्छु।

आरजु म्याडमलाई पनि मलाई केही भन्नु छ। म्याडम, हाम्रा दुइटा भेट बैंकिङ विषयमा भएको थियो, विशुद्ध प्रोफेसनल। यहाँ शिक्षित हुनुहुन्छ, संसार घुम्नुभएको छ, नेतृत्व सम्बन्धी प्रशिक्षण पनि दिनुहुन्छ। यहाँलाई आफ्ना पति, प्रधानमन्त्री देउवाको ८० वर्ष पुग्न लागेको शरीर र दिमागले पन्ध्र घण्टाको निरन्तर खटाइ हैन, आराम खोजिरहेको छ भन्ने लाग्दैन ? यहाँलाई लाग्दैन, उहाँले देशका लागि प्रधानमन्त्रीभन्दा पनि अभिभावक भएर सल्लाहकारको भूमिकामा बढी योगदान गर्न सक्नुहुन्छ ? छैटौंचोटि प्रधानमन्त्री भएर चाहिँ उहाँको इज्जत बढ्छ र ?

आरजु म्याडम, प्रधानमन्त्री देउवालाई भनिदिनुस्, 'अब तिमी छैटौंचोटि प्रधानमन्त्रीको दौडमा नलाग, इमानदार र सक्षम व्यक्तिलाई संसदीय दलको नेता चुनेर आफू अभिभावक/सल्लाहकार भएर बस, अब बन्ने प्रधानमन्त्रीलाई सघाऊ। यसले नै तिम्रो यश बढाउनेछ, देशको कल्याण गर्नेछ। तिम्रा श्रद्धेय नेता गणेशमान सिंह प्रधानमन्त्री नभएर पनि धेरै मान्छेको दिल र दिमागमा हुनुहुन्छ त !'

प्रधानमन्त्रीज्यू, यहाँले देख्नुभएकै छ, ४० वर्ष नपुग्दै इम्यानुएल म्याक्रोनले फ्रान्सजस्तो देश चलाएको, ४२ वर्षका ऋषि सुनकले संयुक्त अधिराज्यको नेतृत्वको अवसर पाएको, एक समयका चर्चित महाथिर मोहम्मद कुर्सीमा बसिरहने लालसाका कारण हालै चुनावमा नराम्ररी पराजित भएको। यहाँले सक्षम व्यक्तिलाई नेतृत्व हस्तान्तरण गर्नुभएन भने नेपाली जनता कांग्रेस पार्टी भनेर बसिरहनेवाला छैनन्। रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी र सीके राउत नेतृत्वको जनमत पार्टीमार्फत नेपाली जनताले घण्टी र माइक बजाइसकेका छन्।

यहाँले सक्षम व्यक्तिलाई नेतृत्व हस्तान्तरण गरिदिनुभयो भने नेपाली कांग्रेसमा मात्र हैन, एमाले र माओवादीमा पनि सुधार आउनेछ। ओली ७० वर्ष उमेरहदको अनौठो व्याख्या गरेर पार्टी अध्यक्ष हुनुहुन्छ। उहाँले समन्वयकारी भूमिका खेल्नुभएको भए आज एमाले निकै ठूलो पार्टी हुने थियो। प्रचण्ड झन्डै ४० वर्षदेखि पार्टीप्रमुख हुनुहुन्छ, पार्टी अवनतिको दिशामा छ। दुइटै कम्युनिस्ट पार्टीको जनमतमा ठूलो ह्रास आएको छ तर पनि तिनका अन्य नेता पार्टी अध्यक्षलाई 'कमजोरी स्विकार्नुस्' भन्न सक्ने अवस्थामा छैनन्। यहाँले आफ्नो पार्टीमा नेतृत्व हस्तान्तरण गरिदिनुभयो भने यी दुइटै पार्टीका युवाहरूले पनि आफ्ना नेतृत्वहरूको कमजोरीबारे खुलस्त बोल्ने थिए। यहाँको उदाहरणीय सत्ता हस्तान्तरणले देशको भलाइ गर्नेछ। यहाँ राजनेता हुने दिशातिर लम्कनुहुनेछ। आफ्नो छेउछाउ घुम्ने लोभीपापीका कुरा सुन्ने हैन, आफूले आदर्श मानेका बीपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलाई सम्झनुस्। अनि यहाँको सम्मान बढ्ला। आगे यहाँकै मर्जी !

*दाहाल पूर्वबैंकर हुन्।*

# बेलायतमा पढाइ छाड्दै 'वर्क पर्मिट' मा

बेलायत युरोपेली संघको सदस्य रहँदा युरोपेली नागरिकलाई चाहेजति बस्न र काम गर्न पाउने अधिकार थियो । तर, ब्रेक्जिटपछि युरोपेली र अन्य मुलुकका नागरिकका लागि एउटै अध्यागमन नियम लागू भएपछि कामदार अभाव पूरा गर्न बेलायत सरकारले लचिलो नीति ल्याएको हो ।

**नवीन पोखरेल** (लन्डन)

युनिभर्सिटी अफ वेस्ट लन्डनमा इन्टरनेसनल टुरिजम एन्ड एभिएसन म्यानेजमेन्टमा स्नातकोत्तर गर्न सेप्टेम्बरमा बेलायत आइपुगेका एक नेपाली विद्यार्थी तीन महिनामा नै पढाइ छाड्ने तयारीमा छन् । पढाइ खर्च वार्षिक १४ हजार ७ सय ५० पाउन्ड (झन्डै २२ लाख रुपैयाँ) मध्ये आधा तिरेर बेलायत टेकेका उनी पछिल्लो केही दिनयता वर्क पर्मिटको चक्करमा लागेका हुन् ।

'विश्वविद्यालयलाई बुझाउनुपर्ने बाँकी रकममा केही थपेर एजेन्टलाई बुझाए वर्क पर्मिट नै पाइने रहेछ,' उनले भने, 'पढाइमै अल्झिरहन झन्झटिलो र खर्चिलो हुने भएकाले मन फेरेको हुँ ।'

त्यस्तै, युनिभर्सिटी अफ सेन्ट्रल ल्यांकसायरमा स्नातक (अनर्स) बिजनेस एन्ड म्यानेजमेन्ट पढ्न साढे तीन वर्षको भिसा लिएर गत जनवरीमा बेलायत आएका थिए रोशन सापकोटा । तीन वर्षको कोर्स, वार्षिक ९ हजार २ सय ५० पाउन्ड शुल्क । पहिलो वर्षको पढाइ शुल्क नेपालबाटै तिरेर आएका भए पनि पढाइ सकुन्जेल थप ३० लाख रुपैयाँ लाग्ने भएपछि उनले पनि पढाइलाई निरन्तरता दिएनन् ।

त्यसका साथै, आफू उत्तीर्ण हुन्छु भन्ने आत्मविश्वास पनि निकै झिनो छ उनमा । द्विविधा र सास्तीबीच उनले विद्यार्थी भिसालाई वर्क पर्मिटमा परिवर्तन गर्ने निधो गरेर एक बंगाली रेस्टुरेन्ट व्यवसायीलाई १० हजार पाउन्ड बुझाइसकेका छन् । 'सर्टिफिकेट अफ स्पोन्सरसिप' को प्रतीक्षामा रहेका उनले छिट्टै स्किल्ड वर्कर भिसाका लागि आवेदन दिने तयारी गरिरहेको बताए ।

बेलायत पस्न विद्यार्थी भिसा अनि यहाँ आइपुगेपछि वर्क पर्मिट । पछिल्लो समय अन्तर्राष्ट्रिय विद्यार्थीहरू अध्ययनका लागि बेलायत आएर स्किल्ड वर्कर भिसा सिस्टममा जाने क्रम ह्वात्तै बढेको छ । पढाइबीचमै छाडेर विद्यार्थीहरू खास गरी केयर र हस्पिटालिटी क्षेत्रमा वर्क पर्मिट भिसातर्फ आकर्षित हुन थालेका हुन् ।

यो प्रवृत्ति नेपाली विद्यार्थीमाझ पनि बढ्दै गएको छ । कम्तीमा १० देखि १५ हजार पाउन्ड (करिब २० लाख रुपैयाँ) तिरेर विद्यार्थी वर्क पर्मिट (टियर टु) क्याटेगोरीमा स्वीच भइरहेका छन् उनीहरू । अध्ययनभन्दा कमाउन र बेलायतमै 'सेटल्ड' हुन इच्छुक नेपालीले एक वर्षको विश्वविद्यालय फी खर्च गरे ५ वर्षको वर्क पर्मिट किन्न पाइने भएकाले पनि भिसा परिवर्तन गर्न प्रेरित भएका देखिन्छन् ।



बेलायतको लन्डनस्थित वेस्ट लन्डन विश्वविद्यालय परिसरमा विद्यार्थी । *तस्बिर : एजेन्सी*

सरकारको यो लचिलो नयाँ प्रणालीले नेपाली विद्यार्थी, व्यवसायी, एजेन्ट र दक्षिण एसियालीमूलका व्यापारीका साथै सोलिसिटरहरू समेत लाभान्वित भएका छन् । पहिलो, होम अफिसबाट मान्यता प्राप्त रोजगारदाताले जागिर अफर गरे विद्यार्थी रुटबाट बिनाडिग्री सजिलै स्टाटस परिवर्तन गर्न सकिन्छ । दोस्रो, अन्तर्राष्ट्रिय विद्यार्थीलाई पढाइमै रहे महँगो पढाइ खर्च र उत्तीर्ण गर्नुपर्ने झन्झट भएकाले पनि छिटो सेटल्ड हुन पनि विद्यार्थीहरू वर्क पर्मिटतर्फ लागेका हुन् । भिजिट भिसा, सिजनल भिसा र छोटो अवधिको अध्ययन भिसा भएकाले भने स्किल्ड वर्कर रुटमा जान मिल्दैन ।

बेलायतको सरकारी तथ्यांकअनुसार २०२१ देखि एक वर्षभित्र झन्डै २ लाख ४९ हजार जनाले वर्कर भिसा पाएका छन् । सन् २०१९ को कोभिड महामारीको तुलनामा यो ८२ प्रतिशतले बढी हो । बेलायत सरकारले युरोपेली संघ (ईयू) छाडेपछि संसारभरिका प्रतिभावान् तथा दक्ष कामदार भित्र्याउने उद्देश्यसहित सन् २०२१ को जनवरीदेखि अंकमा आधारित नयाँ भिसा प्रणाली सुरु गरेको थियो ।

'स्किल्ड वर्कर भिसा' का लागि रोजगारदाताबाट जागिरको अफर, न्यून तहको अंग्रेजी र कमाइ वार्षिक न्यूनतम २५ हजार ६ सय पाउन्ड चाहिन्छ । आप्रवासी कामदारहरूले भिसाका लागि योग्य हुन कुल ७० अंक ल्याउनुपर्नेछ जसमा मान्यताप्राप्त रोजगारदाताबाट दक्ष सीपयुक्त जागिरको अफरले ४० अंक, अंग्रेजी भाषाबाट १० अंक र वार्षिक तलब कम्तीमा २५ हजार ६ सय हुँदा २० अंक प्राप्त गर्न सक्नेछन् । भिसा अवधि ५ वर्षसम्म हुनेछ ।

बेलायतले सामान्य, प्रभावकारी र लचिलो उक्त प्रणालीले रोजगारदातालाई आवश्यकताअनुसार दक्ष जनशक्ति भर्ना गर्न र बेलायतको 'वर्क फोर्स' लाई प्रशिक्षित र लगानी गर्न प्रेरित गर्ने अपेक्षासहित यो रुट लागू गरेको हो । नयाँ नियमका कारण तेस्रो मुलुकबाट सिधै वर्क पर्मिटमा आउन वा विद्यार्थी भिसामा बेलायतमै आएपछि रुट परिवर्तन गर्न सहज बनेको कानुनविद् महेशकुमार दाहाल बताउँछन् ।

बेलायत ईयू सदस्य हुँदा युरोपेली नागरिकलाई बेलायतमा चाहेजति बस्न र काम गर्न अधिकार थियो । तर, अहिले युरोपेली र अन्य मुलुकका नागरिकका लागि समान अध्यागमन नियम लागू छ । कामदार अभाव पूरा गर्न पनि सरकारले यसमा लचिलो नीति ल्याएको अध्यागमन सल्लाहकारहरूको बुझाइ छ ।

ब्रेक्जिटसँगै युरोपबाट बेलायत खुला आवागमन बन्द भएपछि गैरईयू मुलुकबाट काम गर्न र पढ्न आउने मानिसहरूको संख्या बढ्ने अनुमान गरिएको छ । बेलायतको लिड्स विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक प्रा. सूर्यप्रसाद सुवेदी (क्यूसी) बेलायतमा प्रतिस्पर्धा र गुणात्मक क्षमताको भरमा सबैले प्रगति गर्न सक्ने वातावरण भएकाले पनि यहाँ विश्वभरका मानिसको रोजाइ भएको बताउँछन् ।


**विजय डिष्टिलरी प्रा. लि.**
नवलपरासी, नेपाल

**मूल्य सूची सम्बन्धी सूचना**

यस उद्योगबाट उत्पादित २५ यु.पी. शक्तिको मदिरा नेपालभर यहि मिति २०७९-०९-०४ देखि निम्न मूल्यमा बिक्री वितरण गरिने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | मि. लि. | नेशनल डिष्ट्रिब्युटर्स मूल्य मु.अ.क. समेत | नेशनल डिष्ट्रिब्युटर्स कमिशन मु.अ.क. समेत | डिष्ट्रिब्युटर्स मूल्य मु.अ.क. समेत | डिष्ट्रिब्युटर्स कमिशन मु.अ.क. समेत | होलसेलर्स मूल्य मु.अ.क. समेत | होलसेलर्स कमिशन मु.अ.क. समेत | रिटेलर्स मूल्य मु.अ.क. समेत | रिटेलर्स कमिशन मु.अ.क. समेत | उपभोक्ता मूल्य मु.अ.क. समेत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति बोटल |
| Kala Patthar | ७५० | २५,९७३.०० | १,४२८.०० | २७,४०१.०० | १,३७०.०० | २८,७७१.०० | १,४३९.०० | ३०,२१०.०० | २,१९०.०० | ३२,४००.०० | २,७००.०० |
| Kala Patthar | १८० | २५,९७३.०० | १,४२८.०० | २७,४०१.०० | १,३७०.०० | २८,७७१.०० | १,४३९.०० | ३०,२१०.०० | २,१९०.०० | ३२,४००.०० | ६७५.०० |
| Kala Patthar | ९० | २६,१६६.०० | १,४३९.०० | २७,६०५.०० | १,३८०.०० | २८,९८५.०० | १,४४९.०० | ३०,४३४.०० | २,२०६.०० | ३२,६४०.०० | ३४०.०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको आवश्यकता अनुसार विभिन्न व्यापारीक एंव अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।


## पेरुमा हिंसात्मक प्रदर्शन, २० जनाको मृत्यु

लिमा (एजेन्सी)- पेरुमा पूर्वराष्ट्रपति पेद्रो कास्टिलोलाई महाभियोग लगाइएको विरोध सुरु भएको विरोध प्रदर्शन हिंसात्मक बन्दै गएको छ । डिसेम्बर ७ मा कास्टिलालाई महाअभियोग लगाइएपछि सुरु भएको प्रदर्शनका कारण कम्तीमा २० जनाको ज्यान गइसकेको छ । कास्टिलाको बहिर्गमनसँगै गहिरिएको राजनीतिक संकटबीच दुई जना मन्त्रीले राजीनामा दिइसकेका छन् ।

समस्या समाधानका लागि राज्य परिषद् र चर्चका नेताहरूबीच शुक्रबार तीन घण्टा लामो वार्ता भएको बीबीसीले उल्लेख गरेको छ । वार्तापछि राष्ट्रिय न्यायिक बोर्डका प्रमुख जोसे अभिलाले जनतालाई हिंसा अन्त्य गर्न तथा वार्तामार्फत समस्या समाधान गर्नका लागि आह्वान गरेका छन् । उनले प्रदर्शनका कारण प्रभावित स्थानहरूमा सरकारका मन्त्रीहरूले भ्रमण गर्ने र जनतासँग संवाद गर्ने बताएका छन् । प्रदर्शन चर्कँदै गएपछि दक्षिणपूर्व सहर कुस्कोमा हजारौं पर्यटकहरू अलपत्र परेका जनाइएको छ । प्रदर्शनकारीले विमानस्थल बन्द गरिदिएपछि ५ हजारभन्दा बढी पर्यटकहरू अन्यत्र जान नसकेका जनाइएको छ ।

कास्टिलाको बहिर्गमनसँगै राष्ट्रपति बनेकी डिना बोलुआर्टेले भने हासम्म कुनै प्रतिक्रिया दिएकी छैनन् । उनी गत डिसेम्बर ८ मा राष्ट्रपति चयन भएकी थिइन् । त्यसअघि उनी उपराष्ट्रपति थिइन् । राष्ट्रपतिमा चयन भएलगत्तै बोलुआर्टेले संसद् विघटन गर्ने पूर्वराष्ट्रपति क्यास्टिलोको आलोचना गर्दै 'एकताको सरकार' गठनका लागि आह्वान गरेकी थिइन् ।

पेद्रो क्यास्टिलोले संसद् भंग गर्ने र आपत्कालीन सरकार गठन गर्ने घोषणा गरेपछि बुहमत सांसदहरूको निर्णयले क्यास्टिलोलाई हटाएर उपराष्ट्रपतिलाई जिम्मेवारी दिने निर्णय गरेको थियो । पेरुको १३० सदस्यीय कंग्रेसका १०१ सदस्यले क्यास्टिलोविरुद्ध महाभियोग लगाउने पक्षमा मतदान गरेका थिए । पेद्रो कास्टिलो सन् २०२१ को जुलाईमा पेरुको राष्ट्रपति निर्वाचित भएका थिए ।


## वर्गीकृत विज्ञापन

### घर जग्गा

जावलाखेलमा ०-९-३-२ जग्गा 9849449673, 9841287677, 9851333629

2.5 Storeys House in Pavitra Awas Hattibhan 6Anna Land 9803049235

जडीबुटिमा जग्गा बिक्रिमा ०-३-३-३ ९८५१०२६६८५

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

बुढानीलकण्ठमा ०-४-०-० जग्गा बिक्रीमा, 9803198714

वाण:भञ्ज्याङमा १रोपनी जग्गाबिक्रीमा साथैभक्तपुर राधेराधे 9828572329

सांखु पालुवारीमा १३रोपनी जग्गाबिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८

तिनकुनेमा ८आना जग्गाबिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८

लेलेमा टुक्रा जग्गाहरू 9818084129, 9843262234

चितवन भरतपुरमा ३०-गठ्ठा जमिन बिक्रीमा ९८४६०४४१०५, ९८१९१२०३४०

धापासी हाईटमा ०-२१-०-०, सामाखुशी खरीबोटमा ०-५-१-०, कुपण्डोल हाईटमा ०-९-१-० जग्गा बिक्रिमा 9851012695, 9818751646

चण्डोल मेनरोडमा घर बसुन्धारामा नयांघर 9851027364, 9851315556

जग्गासस्तो बिक्रीमा नारानथान ६आना, सुकेधारा निलोपुल ४आना बौद्धजोरपाटी ६आना नगरकोट साढे ३रोपनी ९८२४७५१९३३

बौद्ध सेतोगुम्बामा घरबिक्रीमा ९८२४७५१९३३

चोभारमा प्रतिआना २५ लाख ९८१३८३४८८५

कार्गेश्वरी मनोहरा न.पा.वडानं.-९ माहानटार चोकबाट १-कित्ताभित्र ०-७-१-२ दाम.जग्गा अर्जेन्ट बिक्रीमा आनाको, 45,50,000/-, 9818619024

**मैतीदेवी मन्दिर पश्चिम १३ आना जग्गा बिक्रिमा ९८५१०६५१९१**

सातदोबाटो स्विमिंग पुलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ४०लाख, 9843284483

नयांबानेश्वर संगमचोकमा ०-५-०-०प्रतिआना १,२०,००,०००।- ९८५१०२४६७८

रातोपुलको ६५ फिट बाटोमा ०-६-२-० कमर्सीयल जग्गा, 9843670264

बसुन्धारामा १रोपनी साथैटोखामा पनिजग्गा ९८४१०५०६१९

बुढानिलकण्ठमा ८आना, ७आनाका टुक्राजग्गा ९८४९२५८२५५

फुटुङ्ग, साङलास्थित ३आना जग्गाबिक्रिमा ९८४१८१३६१७

धुलिखेलको highway ले छोएको हिमालदेखिने कमर्सियल ०-९०-०-० ९८५१०१७९८९

नख्खुमा 4BHK अपार्टमेन्ट बिक्रिमा 9810255363

भैंसेपाटीमा जग्गा बिक्रि ५आना 9810255363

नयांबानेश्वर संगमचोकमा २रोपनीजग्गा प्रतिआना १,०५,००,०००।- ९८५१०२४६७८

ललितपुरको जनसुकै एरियामा घरजग्गा खरिदबिक्रि.गर्नुपरेमा, ९८४९१८८७८२

कमलामाइ नगरपालिका ४मल्लागाउंमा बनेपाबर्दिबास राजमार्गसंगै जोडिएको १कठ्ठा घडेरी बिक्रिमा ९८१८९४४६७३, ९८०३५७१९४८

साँखु जर्सिङपौवामा पिचबाटो भित्र तेह्रफिटे बाटोमा ३-८-३-० तुरुन्त लिनेलाई आनाको ३,५०,००० ९८४१०७२७४७

सानागाउँ सितलहाइटमा रहेको ६ आना आकर्षक जग्गा बिक्रीमा सम्पर्क: ९८२५७१४४८०

बनस्थली ढुङ्गेधारा तरकारी बजार पहाडी ०-४-०-०, ०-५-०-० टुक्रा जग्गाहरू बिक्रीमा ९८५१०४४७५७

सस्तो जग्गाहरू बिक्रिमा रोपनीमा पाचखालमा ६५ भक्तपुरमा १५० ललितपुरमा ११० दक्षिणकाली १९ ९८५१०५३२७४

### सम्पर्क

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा धितोफुकुवा Cash Deposited 9851277564

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

द्यबलप म्भउयकष्त धितोफुकुवा गर्नुपरेमा ९८५११६१२०२

Cash Deposit Without Collateral, 9841756349

Student, Dependent, etc Visa: 9818253012

**www.kbsewa.com वेबसाईटबाट रु.१००मा बिज्ञापन 9851120180**

धितोफुकुवा गाडीमा, पसलमा, तु.ऋण घरजग्गामा व्यापारीलाई बिनाधितोमा, 9845855033

### विविध बिक्रीमा

पेप्सीकोला चोकमा १०वर्षदेखी चलिरहेको Institute बिक्रिमा 9869075621

फेन्सी पसल बिक्रिमा लोकन्थली चोक 9867071698

पोखराको पन्थीगल्लीमा चलिरहेको पसल बिक्रीमा ९८१५१६४४१४

चलिरहेको होटल होस्टल बिक्रिमा ९८१८१४१३१३

### निर्माण सफाई

ढलमंगल, सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9849519040

ढलट्वाईलेट सेफ्टीटैकी सफाई 9851088270, 9861728599

ढलमंगाल जामखोल्ने सस्तोमा 9840225522, 9851109635

सेरुटीट्याङकी सफाई ठुलोगाडीमा मेसिनबाट ०१-५२५१०९२, ९८५१०२४३६४

सेरुटीट्याङकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

ढलट्वाइलेट सेप्टीट्याङ्की जामखोल्ने सस्तोमा 9841634234, 9841176292

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

### भाडामा

ललीतपुरमा घरफ्ल्याट लिनदिन परेमा, 9851046386

५-६-०-० जग्गा बहालमा का.म.पा.-७ कालोपुल, १-३-०-० जग्गामा २-कोठासमेत बहालमा का.म.पा.-५ हांडीगाउं, 9849465944

ललितपुरमा घरफ्ल्याट तुरुन्त लिनदिन 9841358684

लोकन्थली, जडिबुटी, वृद्धनगर, ग्वार्को- वाफलचोकमा जग्गा भाडामा, 9841352119

ज्ञानेश्वर ओरालो मेनचोकमा तिनकोठाको फ्ल्याट रेसिडेन्स, अफिसकोलागी 9841693339

### चाहियो

घरायसी कामगर्ने महिलाहरू चाहियो ९८१८८५२१७८

अनुभवी मार्केटिङ मेनेजर २ जना, सेक्युरिटी गार्ड (भक्तपुर, ललितपुर, काठमाडौं) ५० जना, कुक वेटर ड्राइभर हाउस किपिङ १०० जना तुरुन्त चाहियो सम्पर्क: मल्टिपल सेक्युरिटी सर्भिसेज प्रा.ली. 01-4495916, 01-5906964, 9851135714, 9847759249

कर्मचारी चाहियो गोंगबुचोक 9861308375, 9802309152

साधारण सेक्युरिटि तुअजेन्ट 19000 9818310258

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9851323953, 9823252176

जडिबुटी मासुपसलमा बाईकंडेलिभरी तुआवश्यकता आठघण्टाको-१५,०००।- 9851049899

बालाजुमा SLC/+2 कर्मचारी 17,500/- 9851024068

फाइबरमाला डलखेलौनाकुशन, कटिङ्गपेष्टिमा महिलापुरुष कामदारहरू १८५००-२७५००/- (क.नि.छ) ०१-४५८७८७८, ९८१०११६५३० शुल्क२०००/-

घरेलुउद्योगमा लगानीगरी घरबाट ३०,००० कमाउनकालागी 9858080488, 9866976829

संगीत भोकल टिचर, कोटेश्वर ०१४६००१९२, ९८४१३६८७४३

प्यारेन्ट पोल्ट्रीफर्मलाई जोडी कामदार ९८०१३५२०२५

Electrician, Welder, Waiter, Special Cook and Plumber required 9769772923

सेक्युरिटिगार्ड, साधारण महिलापुरुषहरू अर्जेन्ट २३,५००/- 9749878585

Ladies cashier, accountant, kitchen staff and part time delivery, 01-4465022

फाष्टफुडकोलागि राम्रो कुक चाहियो, सुमेरु हस्पिटल, धापाखेल ९८५११८५१५६

हरिसिद्धिमा अनुभबि कुक, हेल्पर ९८६९३४४३८७

मासुपसलमा मासु काट्नजान्ने कामदार चाहियो तलब 25,000/- 9814875146

खानबस्नसहित कर्मचारीहरूको तु.आवश्यकता १५,०००/- ९८०३२७४२२७

कुक, हेल्पर, क्लिनर सातदोबाटो ९८४९१९६४५३

Continental खाना बनाउने Cook चाहियो Sanepa, 9824858052

वेटर, अलराउण्डर कुक चाहियो 9808607313

रेष्टुरेन्ट म्यानेजर, कुकहेल्पर चाहियो 9808607313

डिल्ली बजारलाई भूपुगार्ड 21000 9823005384

कुक चाहियो स्कुल क्यान्टिको लागि कलंकी 9851035270

तिनकुनेमा चलिरहेको गर्ल्सहोस्टेलमा खानापकाउने र सरसफाइकालागि महिलाकामदार चाहियो, 9868274369

Experienced Social/English Primary teacher(1-4) Kuleshwor, 9803642244

सामान्य अंग्रेजी पढ्न जान्ने मोटरसाइकलको लाइसेन्स भएको -१० तलब २५००० देखी ३५०००/- सामान्य कम्प्युटर जानेको महिला -२ तलब १५०००/- ०१-४२५०७०१

Play group fresh candidates for Montessori teacher, 9803642244

कुक, हेल्पर, वेट्रेस् 9823822986, 9843652175

रेडियोलाई उद्घोषकहरू चाहियो नजान्नेलाई तालिमपछि अवसर 9862791739

अलराउण्डर कुक हेल्पर चाहियो 9851059269

कुक हेल्पर घरायसी महिला 9813014587

WBO कम्पनीलाई 22500/- 9810075072, 9843834575

WAE कम्पनीलाई 22500/- 9818266575, 9818045130

कर्मचारी आवश्यकता 22,000/- माछापोखरी 9840902588

कुक- १, हेल्पर- १, बौद्ध ९८४१९६८६८१

सेकुवापसलमा खानबस्न सुबिधासहीत कामदारको आवश्यता सिनामंगल, 9841853041

अनुभवी कुक- १जना, ४५१७९५८, पुतलीसडक

किचेनकुक इस्पेशल 18000 मसाल्ची 10000 9813050625

जुनसुकै किसिमको रोजगारी/ कर्मचारी ९८६०८५५६०८

### मर्मत

जेटमेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

AC फ्रिज वाशिङ्गमेशिन, गिजर स्पेशलिष्ट ९८४१२४२२६०

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841739477

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा ९८६००५३५१६

ढलट्वाइलेट, मंगाल जामखोल्ने 9841881901, 9841256050

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841050858

### भर्ना

प्राइभेट SEE, +2, BBS/BA 100%पास, 9880780413

प्राईभेट SEE,+2 Bachelor ग्यारेन्टी-किताब, भर्ना नि:शुल्क, 9860579477

### उपचार

यौनशक्ति Extratime साईजबढाउने Herbal Suppliment ९८५११४७८१०

### बिहावारी

20-60 महीला- पुरुषले विवाहलाई, 9865368166

२१देखि ३६वर्ष शाक्य/बज्राचार्यहरूले विभिन्न पेशाको स्वदेश-विदेश वरवधुमा बूवामुमाले सम्पर्क, 9865552528

शिक्षित ३३देखि ४०बर्षको वरचाहियो shivaparbati43@gmail.com

२०देखि ६०सम्मका जुनसुकै जात-जातिका वरवुध चाहिएमा ९८०६४७३५५६

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| जिरो मिडिया | अनामनगर | ५७०५६९५ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत डिस्प्ले: श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

वर्गीकृत विज्ञापन: साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* मु.अ.क. बाहेक

# हिमालयन डिष्टिलरी लिमिटेडको बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

## कम्पनी ऐन २०६३ को दफा ८४ (४) बमोजिमको संक्षिप्त वार्षिक आर्थिक विवरण

(पहिलो पटक प्रकाशित : २०७९/०९/०३)

आदरणीय शेयरधनी महानुभावहरु,

**विषय : बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

यस कम्पनीको मिति २०७९ साल मंसिर ९ गते शुक्रबार दिनको ११:३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको बाईसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।
२. कम्पनीको आ.व.२०७८/०७९ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।
३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूँजीको १० प्रतिशतले हुने नगद लाभांस रु. १५,१८,४७,९१५।६३ (अक्षरुपी पन्ध्र करोड अठार लाख सत्चालिस् हजार नौ सय पन्ध्र रुपैंया त्रिसठ्ठी पैसा मात्र) (लाभांस कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।
५. आ.व.२०७९/०८० का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्टस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका जी. पौडेल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउन्टेन्टस् नियुक्तीका लागि योग्य हुनु हुन्छ ) ।
६. कम्पनीको नियमावली बमोजिम संचालक समितिले नियुक्त गरेका स्वतन्त्र संचालकको नियुक्तीलाई अनुमोदन गर्ने ।
७. संचालक समितिको सदस्यहरुको बैठक भत्ता बृद्वि गर्ने ।

**ख. विशेष प्रस्तावहरु:**

८. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ६० प्रतिशत (कायम १० शेयरमा ६ बोनश) का दरले हुने रु. ९१,१०,८७,४९३।७५ (अक्षरुपी एकानब्बे करोड दश लाख सतासी हजार चार सय त्रियानब्बे रुपैंया पचहत्तर पैसा मात्र) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।
९. कम्पनीको साविकको अधिकृत पूँजी रु.१,६०,००,००,०००।०० (अक्षरुपी एक अरव साठी करोड मात्र) बाट रु. २,५०,००,००,०००।०० (अक्षरुपी दुई अरब पचास करोड मात्र) गर्ने र बोनस वितरणबाट साविकको चुक्ता पूँजी रु. १,५१,८४,७९,१५६।२५(अक्षरुपी एक अरब एकाउन्न करोड चौरासी लाख उनान्असी हजार एक सय छपन्न रुपैंया पच्चिस पैसा मात्र) लाई वृद्धि गरी रु. २,४२,९५,६६,६५०।०० (अक्षरुपी दुई अरब बयालिस करोड पन्चानब्बे लाख छैंसठ्ठी हजार छ सय पचास रुपैंया मात्र) हुने हुनाले सो अनुसार कम्पनीको प्रबन्ध पत्रको दफा ५(क),(ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संशोधन गर्ने ।
१०. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।
११. आ.व.२०७९/०८० को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा बढीको खर्चलाई पूर्व स्वीकृतीको लागि विशेष प्रस्ताव पारित गर्ने ।
१२. विविध ।

मिति : २०७९ पौष २७ गते, बुधवार (तदनुसार ११ जनवरी सन् २०२३)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, विरगन्ज महानगरपालिका वार्ड नं.२१, लिपनिविर्ता, पर्सा ।
समय : विहान ठिक १०:०० बजे

**साधारण सभा सम्बन्धी जानकारी:**

१. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तीका सभास्थलमा सभा हुने दिन विहान ९:०० वजे देखि सभा संचालन रहे सम्म खुल्ला रहने छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस(कोभिड–१९) को कारण सभामा उपस्थित हुँदा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी सभास्थलमा उपस्थित भई दिनु हुन अनुरोध छ ।
२. शेयरधनी महानुभावहरुको जानकारीका लागि यस कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंग प्रकाशित गरिएको छ । संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको Website: www.himalayandistillery.com मा पनि हेर्न सकिने गरी राखिएको छ ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ती गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै विरगन्ज, पर्सा स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी दर्ता गराउनु पर्नेछ । प्रोक्सी दर्ता गरी सके पछि सो वदर गराउन चाहेमा सो को सूचना २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केही शेयर आफै संग बाँकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन । सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वत: रद्द हुनेछ ।
४. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको (डिम्याट)/शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न दिईने छैन ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ ।
६. संयुक्त नाममा शेयर रहेको भए शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।
७. प्रतिनिधि (प्रोक्सी)नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र गर्नु पर्नेछ ।
८. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला, ब्याग आदि नल्याई दिनुहुन अनुरोध गर्दछौं । सभामा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले साधारण सभाकक्षमा प्रवेश गर्दा सबैको झोला, ब्याग, आदि जाँच गर्न सक्नेछन् ।
९. विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत लिखित रुपमा संचालक समितिका अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।
१०. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरी पालो पालो मिलाई मन्तब्य वा जिज्ञासा व्यक्त गरी दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।
११. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका एकल सदस्य वा सामुहिक रुपमा वा सभाध्यक्षको निर्देशनमा कम्पनी व्यवस्थापनका प्रतिनिधिहरुले जवाफ दिनु हुनेछ ।
१२. वार्षिक साधारण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता किताब मिति २०७९ साल पौष २० गतेका दिन बन्द हुनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दर्ता किताब बन्द हुनु भन्दा अगाडि कारोवार भई शेयर खरिद गरेका र नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु बाईसौं वार्षिक साधारणसभामा भाग लिन र सो सभाबाट निर्णय भए बमोजिम नगद लाभांस तथा बोनस शेयर पाउन योग्य हुने यसै सूचनाबाट अवगत गराईन्छ ।

आज्ञाले,
कम्पनी सचिव

## हिमालयन डिष्टिलरी लिमिटेडको आ.व. २०७८/०७९ को संक्षिप्त आर्थिक विवरण

## कम्पनी ऐन २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित विवरण

(प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनको संक्षिप्त मात्र हो ।)

आदरणीय शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको बाईसौं वार्षिक साधारण सभाको प्रयोजनार्थ आ.व. २०७८/०७९ को यस कम्पनीको सहायक कम्पनीहरु सहितको एकिकृत वासलात, नाफा नोक्सान हिसाब, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण लगायत कम्पनीको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं ।

क. आ.व. २०७८/०७९ को कम्पनीको कारोवारको सिंहावलोकन मुख्य रुपमा वित्तीय सूचकहरु निम्नानुसार रहेका छन् ।

(रुपैयाँमा)

| विवरण | आ.व.२०७८/०७९ | आ.व.२०७७/०७८ | वृद्धि/(ह्रास) प्रतिशत (%) |
|---|---|---|---|
| खुद बिक्री | ४,०५९,११९,९६३ | ३,६९९,६६८,४१० | १०% |
| बिक्री लागत | १,५७२,३६५,३३४ | १,४७४,७२३,२४९ | ७% |
| कुल नाफा | २,४८६,७५४,६२८ | २,२२४,९४५,१६१ | १२% |
| अन्य आम्दानी | ५,३३९,१३२ | ७२,९५५,११८ | -९३% |
| संचालन तथा अन्य खर्च | १,०७२,३५८,९१२ | ८८९,७७५,२६४ | २१% |
| कर खर्च | ३६२,७९४,३६२ | ३६६,७२८,२४९ | -१% |
| खुद मुनाफा | १,०५६,९४०,४८६ | १,०४१,३९६,७६६ | १% |
| कुल दायित्व | ३४७,७७८,६९३ | ३०५,०६०,०४६ | १४% |
| चुक्ता पूँजी | १,५१८,४७९,१५६ | ८६७,७०२,३७५ | ७५% |
| नगद र बैंकमा रहेको जम्मा रकम | १,११६,२६८,७७७ | ९०९,११९,०७८ | २३% |


उपरोक्त तालिका अनुसार २०७८ आषाढ मसान्तको तुलनामा २०७९ अषाढ मसान्तमा कम्पनीको खुद विकीमा १०% ले वृद्धि भएको छ भने कम्पनीको खुद मुनाफा रकममा समेत १.४९ % ले वृद्धि भएको छ ।

ख. प्रतिवेदन मिति सम्म चालु आर्थिक वर्षको उपलब्धि :

चालु आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिमा यस कम्पनीको खुद विकी रु. ७५,५७,५६,५०६।०० भएको छ ।

ग. लेखा परीक्षकको मन्तब्य

कम्पनीले माथि प्रस्तुत गरेको संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणबाट संक्षेपीकरण गरिएको हो । कम्पनीको आ.व. २०७८/०७९ को एकिकृत वासलात, एकिकृत नाफा नोक्सानीको हिसाब तथा सोही अवधिको एकिकृत नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा लेखा परीक्षकबाट सामान्य लेखाका सिद्धान्त अनुसार यथार्थ परक रहेको राय सहितको प्रतिवेदन निम्नानुसार रहेको छ ।


G. Paudyal & Associates
Chartered Accountants
ICAN Regd. No.: 307
PAN : 602785567

5th Floor, Tewa Tower
Teku, Kathmandu
Tel: 01-4233709
Website: www.gpa.com.np
Email: info.gpaca@gmail.com

INDEPENDENT AUDITOR'S REPORT
TO THE SHAREHOLDERS OF
HIMALAYAN DISTILLERY LIMITED

Reports on the Audit of the Consolidated Financial Statements

Opinion

We have audited the consolidated financial statements of Himalayan Distillery Limited (hereinafter referred to as "the Parent"), and its subsidiaries (the Parent and its subsidiaries hereinafter referred to as "the Group"), which comprises the consolidated statement of financial position as at Ashadh 32, 2079 (corresponding to July 16, 2022), the consolidated statement of profit or loss and other comprehensive income, the consolidated statement of change in equity, the consolidated statement of cash flows for the year then ended, and note to the consolidated financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying consolidated financial statements present fairly, in all material respect, the financial position of the Group as at Ashadh 32, 2079 and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

Page 1 of 3

Information Other Than the Consolidated Financial Statements and Auditor's Report Thereon.

The management of the Parent is responsible for the other information. The other information comprises the information included in the annual report, but does not included the consolidated financial statements and our auditor's report thereon.

Our opinion on the consolidated financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the consolidated financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the consolidated financial statements, or our knowledge obtained during the course of audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we concluded that there is a material misstatement therein, we are required to report that fact. We have nothing to report in this regard.

Responsibilities of Management and Those Charged with Governance for the Consolidated Financial Statements

Auditors' Responsibilities for the Audit of Consolidated Financial Statements

Page 2 of 3

We communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit finding, including any significant deficiencies in internal control that we identify during our audit.

Report on Other Legal and Regulatory Requirements

On the basis of our examination, we would like to report that:

a. We have obtained all the information and explanations, which were necessary for the purpose for our audit.
b. The enclosed consolidated statement of financial position, statement of profit or loss and other comprehensive income and statement of cash flow have been prepared as per the Company Act, 2063 are in agreement with the books of account maintained by the Group.
c. In our opinion, proper books of accounts as required by law have been kept by the Group, so far as appears from our examination of those books.
d. In our opinion and to the best of our information and according to the explanations given to us and from our examination of the books of account of the Group, we have not come across the cases where the Board of Directors or any member thereof or any employee of the Group has acted contrary to the provisions of law or caused loss or damage to the Group relating to the accounts of the Group.

Page 3 of 3

### घ. २०७९ साल अषाढ मसान्त सम्मको एकिकृत वित्तिय अवस्थाको विवरण (वासलात)

In NRs.

| Description | Notes (Group / Company) | Group: As at Ashad 32, 2079 (July 16, 2022) | Group: As at Ashad 31, 2078 (July 15, 2021) | Company: As at Ashad 32, 2079 (July 16, 2022) | Company: As at Ashad 31, 2078 (July 15, 2021) |
|---|---|---|---|---|---|
| **ASSETS** | | | | | |
| **NON-CURRENT ASSETS** | | | | | |
| a) Property, plant and equipment | 3A | 531,774,364 | 548,102,445 | 497,483,671 | 513,811,752 |
| b) Capital work-in-progress | 3B | - | 44,596 | - | 44,596 |
| c) Intangible assets | 3C | 866,938 | 451,264 | 866,938 | 451,264 |
| d) Right to use assets | 3D | 11,477,106 | - | 11,477,106 | - |
| e) Investments | -/4 | - | - | 101,100,000 | 69,000,000 |
| f) Other non-current assets | 4/5 | 20,193,142 | 23,430,898 | 20,193,142 | 23,430,898 |
| **Total non-current assets** | | **564,311,551** | **572,029,203** | **631,120,858** | **606,738,510** |
| **CURRENT ASSETS** | | | | | |
| a) Inventories | 5/6 | 207,327,472 | 164,953,755 | 207,327,472 | 164,953,755 |
| b) Financial assets | | | | | |
| Trade receivables | 6/7 | 1,150,583,354 | 517,130,075 | 1,150,583,354 | 517,130,075 |
| Cash and cash equivalents | 7/8 | 1,116,865,702 | 909,656,083 | 1,116,268,777 | 909,119,078 |
| c) Other current assets | 4/5 | 83,001,171 | 75,795,548 | 87,088,062 | 111,713,565 |
| **Total current assets** | | **2,557,777,699** | **1,667,535,461** | **2,561,267,664** | **1,702,916,473** |
| **TOTAL ASSETS** | | **3,122,089,250** | **2,239,564,664** | **3,192,388,522** | **2,309,654,983** |
| | | | | | |
| **EQUITY AND LIABILITIES** | | | | | |
| **EQUITY** | | | | | |
| a) Equity | | | | | |
| Share capital | 8/9 | 1,518,479,156 | 867,702,375 | 1,518,479,156 | 867,702,375 |
| b) Other equity | | | | | |
| Reserves and surplus | 9/10 | 1,255,781,515 | 1,066,751,043 | 1,326,130,673 | 1,136,892,562 |
| **Total equity** | | **2,774,260,671** | **1,934,453,418** | **2,844,609,829** | **2,004,594,937** |
| **NON-CURRENT LIABILITIES** | | | | | |
| a) Financial liabilities | | | | | |
| Borrowings | 9/11 | - | 12,195 | - | 12,195 |
| Lease Payables | 11/12 | 9,138,595 | - | 9,138,595 | - |
| b) Deferred tax liabilities | 12/13 | 32,397,515 | 35,620,944 | 32,397,515 | 35,620,944 |
| **Total non-current liabilities** | | **41,536,110** | **35,633,139** | **41,536,110** | **35,633,139** |
| **CURRENT LIABILITIES** | | | | | |
| a) Financial Liabilities | | | | | |
| Borrowings | 10/11 | - | 1,470,430 | - | 1,470,430 |
| Lease Payables | 11/12 | 3,100,775 | - | 3,100,775 | - |
| Trade payables | 12/13 | 78,285,482 | 43,212,587 | 78,285,481 | 43,167,987 |
| Other financial liabilities | 14/15 | 44,144,327 | 34,869,420 | 44,099,727 | 34,869,420 |
| b) Other current liabilities | 15/16 | 177,066,256 | 174,422,979 | 177,060,971 | 174,416,379 |
| c) Current tax liabilities (net) | 16/17 | 3,695,629 | 15,502,691 | 3,695,629 | 15,502,691 |
| **Total current liabilities** | | **306,292,469** | **269,478,107** | **306,242,583** | **269,426,907** |
| **TOTAL EQUITY AND LIABILITIES** | | **3,122,089,250** | **2,239,564,664** | **3,192,388,522** | **2,309,654,983** |

### २०७८ साल श्रावण १ देखि २०७९ साल अषाढ ३२ सम्मको एकिकृत नाफा/नोक्सान विवरण

In NRs.

| Description | Notes (Group / Company) | Group: As at Ashad 32, 2079 (July 16, 2022) | Group: As at Ashad 31, 2078 (July 15, 2021) | Company: As at Ashad 32, 2079 (July 16, 2022) | Company: As at Ashad 31, 2078 (July 15, 2021) |
|---|---|---|---|---|---|
| **Revenue from operations** | 17/18 | **7,583,029,044** | **6,507,081,210** | **7,583,029,044** | **6,507,081,210** |
| Less: excise duties | | 3,523,909,081 | 2,807,412,800 | 3,523,909,081 | 2,807,412,800 |
| Less: cost of goods sold | 18/19 | 1,346,817,677 | 1,335,253,891 | 1,346,817,677 | 1,335,253,891 |
| Less: manufacturing expenses | 19/20 | 225,547,657 | 139,469,358 | 225,547,657 | 139,469,358 |
| **Gross profit** | | **2,486,754,628** | **2,224,945,161** | **2,486,754,628** | **2,224,945,161** |
| Other operating income | 20/21 | 5,339,132 | 4,523,088 | 5,339,132 | 72,955,118 |
| **Total income from operations** | | **2,492,093,760** | **2,229,468,249** | **2,492,093,760** | **2,297,900,279** |
| Employee benefit expenses | 21/22 | 310,158,478 | 277,536,178 | 310,158,478 | 277,536,179 |
| Administration and other expenses | 22/23 | 78,676,276 | 102,026,599 | 78,468,637 | 101,742,075 |
| Selling and distribution expenses | 23/24 | 626,746,744 | 442,180,809 | 626,746,744 | 442,180,809 |
| **Operating profit** | | **1,476,512,261** | **1,407,724,663** | **1,476,719,901** | **1,476,441,216** |
| Depreciation and amortisation | | 54,828,501 | 51,090,332 | 54,828,501 | 51,090,332 |
| Finance costs | 24/25 | 2,156,551 | 17,225,869 | 2,156,551 | 17,225,869 |
| **Profit before tax** | | **1,419,527,209** | **1,339,408,462** | **1,419,734,848** | **1,408,125,015** |
| **Income tax expenses** | | | | | |
| Current tax | 25/26 | 366,017,791 | 360,694,741 | 366,017,791 | 360,694,741 |
| Deferred tax | 25/26 | (3,223,429) | 6,033,508 | (3,223,429) | 6,033,508 |
| **Profit for the year** | | **1,056,732,847** | **972,680,213** | **1,056,940,486** | **1,041,396,766** |
| **Other comprehensive income** | | | | | |
| *Items that will not be reclassified to profit or loss:* | | | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | | - | - | | |
| (ii) Income tax credit/(charge) relating to these items | | - | - | | |
| **Other comprehensive income** | | **-** | **-** | **-** | **-** |
| **Total comprehensive income for the year** | | **1,056,732,847** | **972,680,213** | **1,056,940,486** | **1,041,396,766** |
| **Profit is attributable to:** | | | | | |
| Owners of Himalayan Distillery Limited | | 1,056,732,847 | 972,680,213 | 1,056,940,486 | 1,041,396,766 |
| Non - Controlling Interests | | - | - | - | - |
| | | **1,056,732,847** | **972,680,213** | **1,056,940,486** | **1,041,396,766** |
| **Other comprehensive income is attributable to:** | | | | | |
| Owners of Himalayan Distillery Limited | | - | - | - | - |
| Non - Controlling Interests | | - | - | - | - |
| **Total comprehensive income is attributable to:** | | | | | |
| **Owners of Himalayan Distillery Limited** | | **1,056,732,847** | **972,680,213** | **1,056,940,486** | **1,041,396,766** |
| Non - Controlling Interests | | - | - | - | - |
| **Earning per equity share (face value of Rs. 100 each)** | | | | | |
| **Basic EPS** | 26/27 | **69.59** | **64.06** | **69.61** | **68.58** |
| **Diluted EPS** | 26/27 | **69.59** | **64.06** | **69.61** | **68.58** |

### २०७८ साल श्रावण १ देखि २०७९ साल अषाढ ३२ सम्मको एकिकृत नगद प्रवाह विवरण

In NRs.

| | Description | Group: As at Ashad 32, 2079 (July 16, 2022) | Group: As at Ashad 31, 2078 (July 15, 2021) | Company: As at Ashad 32, 2079 (July 16, 2022) | Company: As at Ashad 31, 2078 (July 15, 2021) |
|---|---|---|---|---|---|
| A | **CASH FLOW FROM OPERATING ACTIVITIES** | | | | |
| | Profit before tax | 1,419,527,209 | 1,339,408,462 | 1,419,734,848 | 1,408,125,015 |
| | ***Adjustments for :*** | | | | |
| | Depreciation and amortisation | 54,828,501 | 51,090,332 | 54,828,501 | 51,090,332 |
| | (Gain)/loss on sale of property, plant and equipment (net) | (1,994,832) | (1,028,367) | (1,994,832) | (1,028,367) |
| | (Gain)/loss on sale of non-current asset-held for sale | - | - | - | (68,372,030) |
| | Bad debts | - | 46,996 | - | 46,996 |
| | Interest expense | 2,156,551 | 17,225,869 | 2,156,551 | 17,225,869 |
| | Liabilities written back | - | (3,476,354) | - | (3,476,354) |
| | **Operating profit before working capital changes** | **1,474,517,430** | **1,403,266,938** | **1,474,725,069** | **1,403,611,461** |
| | ***Adjustments for :*** | | | | |
| | (Increase)/decrease in inventory | (42,373,717) | 261,151,127 | (42,373,717) | 261,151,127 |
| | (Increase)/decrease in trade receivables, loans and other assets | (637,421,146) | 351,157,834 | (605,590,020) | 317,317,676 |
| | Increase/(decrease) in trade payables, other liabilities and provisions | 44,301,926 | (236,346,236) | 44,303,240 | (236,352,236) |
| | **Cash generated from operation** | **839,024,493** | **1,779,229,663** | **871,064,572** | **1,745,728,028** |
| | Income tax paid | (377,824,853) | (421,093,142) | (377,824,853) | (421,093,142) |
| | **Net cash from operating activities** | **461,199,640** | **1,358,136,521** | **493,239,720** | **1,324,634,886** |
| B | **CASH FLOW FROM INVESTING ACTIVITIES** | | | | |
| | Purchase of property, plant and equipment & intangible assets | (34,591,411) | (14,581,582) | (34,591,411) | (13,162,332) |
| | Sale of property, plant and equipment | 2,166,749 | 2,122,124 | 2,166,749 | 2,122,124 |
| | Sale of non-current asset held for sale | - | - | - | 81,100,000 |
| | Investment in Equity instrument of subsidiaries | - | - | (32,100,000) | (49,000,000) |
| | **Net cash generated from / (used in) investing activities** | **(32,424,662)** | **(12,459,458)** | **(64,524,662)** | **21,059,792** |
| C | **CASH FLOW FROM FINANCING ACTIVITIES** | | | | |
| | Increase/(decrease) in short term loan | - | (145,000,000) | - | (145,000,000) |
| | Repayment of term loan | (1,482,625) | (2,282,898) | (1,482,625) | (2,282,898) |
| | Payment for lease liability | (2,495,459) | - | (2,495,459) | - |
| | Dividend paid | (215,430,724) | (280,617,647) | (215,430,724) | (280,617,647) |
| | Interest paid | (2,156,551) | (17,225,869) | (2,156,551) | (17,225,869) |
| | **Net cash generated from / (used in) financing activities** | **(221,565,359)** | **(445,126,414)** | **(221,565,359)** | **(445,126,414)** |
| | **Net increase / (decrease) in cash and cash equivalents** | **207,209,619** | **900,550,649** | **207,149,699** | **900,568,264** |
| | Cash and cash equivalents at the beginning of the year | 909,656,083 | 9,105,434 | 909,119,078 | 8,550,814 |
| | **Cash and cash equivalents at the end of the year** | **1,116,865,702** | **909,656,083** | **1,116,268,777** | **909,119,078** |
| | **Cash and cash equivalents comprise of:** | | | | |
| | Cash on hand | 161,341 | 28,558 | 156,141 | 23,358 |
| | Balance with banks in current accounts | 1,116,704,361 | 909,627,525 | 1,116,112,636 | 909,095,720 |
| | Bank overdraft | - | - | - | - |
| | **Total** | **1,116,865,702** | **909,656,083** | **1,116,268,777** | **909,119,078** |

**हिमालयन डिष्टिलरी लिमिटेड**, विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल

# किन विवादमा आइरहन्छन् साम्पाङ ?

## जातीय सद्भाव खलबलिने गरी सामाजिक सञ्जालमा उत्रिएपछि कानुनी कारबाही गर्न माग

**प्रदीप मेन्याङ्बो** (सुनसरी)

धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज साम्पाङ र कार्यपालिका सदस्यबीचको विवाद उत्कर्षमा पुगेको छ । साम्पाङले स्वेच्छाचारी नीति अपनाएर 'तोक आदेशका आधारमा नगर चलाउँछु' भनेपछि वडाध्यक्षले बिहीबार प्रमुखको राजीनामा मागे । भोलिपल्ट प्रमुख साम्पाङले उल्टै वडाध्यक्षहरू नसच्चिने हो भने राजीनामा गरेर मार्ग प्रशस्त गर्नुपर्ने जिकिर गरे ।

साम्पाङले स्वेच्छाचारी ढंगले गैरकानुनी र गैरजिम्मेवार अभिव्यक्ति दिँदै बसेको वडाध्यक्षहरूको आरोप छ । साम्पाङले पनि वडाध्यक्षहरू स्वेच्छाचारी, गैरजिम्मेवार भएको भन्दै प्रत्यारोपमा उत्रिएका छन् । उनीहरूबीच दुई महिनाअघिदेखि विवाद चर्किएको हो । गत असोज १३ मा बसेको कार्यपालिका बैठकमा साम्पाङले धरान-१७ को सप्तरंगी पार्कलाई बहुसांस्कृतिक पार्क बनाउने प्रस्ताव राखेका थिए । तर कार्यपालिका सदस्य अनुप देवानले उक्त पार्कको पहिलैदेखि डीपीआर तयार भइसकेकाले नाम परिवर्तन नगरी पूर्वकार्ययोजना अनुसार बजेट विनियोजन गर्दै पर्यटकीय स्थलका रूपमा विकास गर्नुपर्ने र बहुसांस्कृतिक जातीय संग्रहालय धरान-१४ मै निर्माण भइरहेको आग्रह गरेपछि साम्पाङले 'तपाईंको बोल्ने पालो सकियो, अब बस्नुस्' भनेका थिए । तर आफ्नो कुरो नसकिएकाले नबस्ने र बोल्न दिनुपर्ने अडान लिएका देवानलाई तत्कालै उनले 'नबस्ने हो भने निस्केर जानुस्' भनेपछि विवाद सुरु भएको थियो ।

देवानको समर्थन गर्दै २० वडाध्यक्ष र ८ कार्यपालिका सदस्यले साम्पाङले जनप्रतिनिधिमाथि निरंकुशता, स्वेच्छाचारिता र अराजकता लाद्न खोजेको आरोप लगाउँदै माफी माग्न आग्रह गरेका थिए । तर उनले आफूले कुनै गल्ती नगरेकाले माफी नमाग्ने अडान लिएपछि वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरूले बैठक बहिष्कार गरेका थिए । विवादका कारण कार्यपालिका बैठक बस्न सकेन । यसबीच दुई पटक कार्यपालिका बैठक बोलाइए पनि वडाध्यक्ष र कार्यपालिका सदस्यहरूले साम्पाङ सच्चिएर माफी नमागेसम्म बैठक बहिष्कार गर्ने चेतावनी दिँदै आएका थिए । मंसिर २९ मा कार्यपालिका बैठक बसे पनि दुवै पक्षले पुरानै अडान लिएपछि विवाद मत्थर हुनुको साटो बढ्दै गएको छ ।

स्थानीय तहको चुनाव जितेर धरान उपमहानगरपालिका प्रमुखको कुर्सीमा बस्दै गर्दा साम्पाङले जनताको अभिभावक बनेर विकास निर्माणमा ध्यान दिने र त्यसका लागि सबै दल तथा जनप्रतिनिधिसँग मिलेर काम गर्ने बताएका थिए । वडाध्यक्ष र कार्यपालिका सदस्य एकातिर छन् भने उनी अर्कोतिर, यसो हुँदा 'सबैलाई मिलाएर लैजाने' भन्ने नीतिलाई साम्पाङले अख्तियार गर्न चुकेका छन् । धरान-१५ का वडाध्यक्ष नरेश इङ्वारमका अनुसार जनप्रतिनिधिलाई साम्पाङले धरान लुट्न र बिगार्न आएको सम्म भनेका छन् । 'उनले हातै जोडेर माफी माग्नु पर्दैन तर कम्तीमा 'बोल्दा शब्दमा तलमाथि पर्‍यो सदस्यज्यूहरू, अन्यथा नलिनु होला, हामी सबै अब एक भएर धरानको विकासका लागि अगाडि बढौं' भन्न पनि गाह्रो मानेका छन्,' इङ्वारमले भने, 'मेयरको यस्तो रवैयाले त कसरी धरानको विकास गर्ने चिन्ता लाग्न थालेको छ । अझै ४ वर्ष बिताउनुपरेको छ मेयर साबसँग ।' वडाध्यक्षहरूले उनले कार्यशैली परिवर्तन गरेर 'म' को ठाउँमा 'हामी' भन्ने भावनाअनुरूप धरानको विकास गर्न एकताबद्ध रूपमा अघि बढ्ने वातावरण सिर्जना गर्न पनि माग गरेका छन् ।


**कार्यपालिका सदस्यहरूले बैठक बहिष्कार गरेपछि आफ्नो भनाइ राख्दै नगरप्रमुख हर्क साम्पाङ ।** *तस्बिर : प्रदीप/कान्तिपुर*

वडा-१७ का अध्यक्ष एवं नगर कार्यपालिका प्रवक्ता सूर्य भट्टराई (मनोज) का अनुसार साम्पाङले अराजक र स्वेच्छारी प्रवृत्ति देखाउँदै गैरसंवैधानिक र गैरकानुनी रूपमा तोक आदेशकै आधारमा काम गरिरहेकाले त्यसको जवाफदेही नगर कार्यपालिका हुँदैन । 'मेयर साम्पाङले विभिन्न विकास निर्माणका लागि आवश्यक उपभोक्ता समिति गठनमा रोक लगाएका छन्, निर्णयबिनै राष्ट्रिय वन क्षेत्रमा पर्ने ठाउँमा माया धराने लुगा धुने साबुन फ्याक्ट्रीको निर्माण कार्य सुरु गरेका छन्,' उनले भने, 'धरान-१३ र २० को बीचमा पर्ने बीपी पार्कको नाम परिवर्तन गरी बिनानिर्णय आफ्नो फोटो राखेर 'श्रम संस्कृतिक पार्क' नामकरण गरेका छन्, सामाजिक सञ्जालमा पदीय मर्यादाविपरीत जथाभावी तुच्छ शब्दहरू प्रयोग गरेर गालीगलौज गर्दै आएका छन् ।'

### सामाजिक सञ्जालमा आक्रोश

विवादको शृंखलामा घेरिएका साम्पाङ पछिल्लो समय जातीय सद्भाव खलबलिने गरी सामाजिक सञ्जालमा उत्रिएका छन् । 'चमारे बुद्धि' शब्द प्रयोग गरी दलित समुदायको आत्मसम्मानमा चोट पुर्‍याएको, सेवाग्राहीहरूलाई कार्यकक्षमा हप्कीदप्की गर्नुका साथै राष्ट्रसेवक कर्मचारीलाई अपमान गर्दै आएकाले उनको लोकप्रियताको ग्राफ ह्वात्तै तल झर्न थालेको छ । राजनीतिक दलबाट निर्वाचित वडाध्यक्ष, स्वतन्त्रबाट निर्वाचित वडाध्यक्ष र कार्यपालिका सदस्यहरूसँग बढेको दूरीलाई घटाउने प्रयास गर्न नसकेको वडाध्यक्षहरूले बताए ।

वडाध्यक्षहरूले लगाएको आरोपको खण्डन गर्न उनले सञ्चारकर्मीलाई सामाजिक सञ्जालमार्फत नै बोलाएका थिए । मूलधारका व्यावसायिक सञ्चारकर्मीलाई 'पार्टीको झोले पत्रकार' भन्न रुचाउने साम्पाङले वडाध्यक्ष र कार्यपालिका सदस्यहरूविरुद्ध आफ्नो विस्तृत भनाइ राख्न भने तिनै पत्रकारलाई बोलाए । प्रमुख साम्पाङले सञ्चारकर्मीसँग भने, 'जनताको म्यान्डेटविपरीत र कानुन, अनुशासन उल्लंघन गर्दै बैठक निरन्तर बहिष्कार गर्ने सबै कार्यपालिका सदस्यहरूले सच्चिन आग्रह गर्छु, नसच्चिए राजीनामा दिए हुन्छ ।' उनले कार्यपालिका सदस्यहरूले बैठकमा भाग नलिएर कर्तव्य पूरा नगरेको, अनुशासनहीन र लापरबाही गरेको आरोप लगाए । उनले निरन्तर बैठक बहिष्कार गरेर धराने जनताको आदेशअनुरूप वडाध्यक्ष, कार्यपालिका सदस्यहरूले आचरण बिगारेको, विधिको शासन पनि नमानेको आरोप लगाए ।

> साम्पाङले अराजक र स्वेच्छाचारी प्रवृत्ति देखाउँदै गैरकानुनी रूपमा तोक आदेशकै आधारमा काम गरिरहेको कार्यपालिका सदस्यहरूको भनाइ

राष्ट्रिय दलित आयोगले त साम्पाङलाई कानुनी कारबाही गर्न गृह मन्त्रालयलाई सिफारिस गरेको छ । दलित समुदायको अपमान हुने गरी सामाजिक सञ्जालमा 'चमारे बुद्धि' शब्द राखेकामा आत्मालोचना पनि नगरेको भन्दै कानुनी कारबाही गर्न आयोगले सरकारलाई भनेको हो । तर, आयोगले कारबाहीको सिफारिस गरेलगत्तै उनी झन् आक्रामक रूपमा सामाजिक सञ्जालमा उत्रिएका छन् । दलित आयोगविरुद्ध आक्रोश पोख्दै कारबाही गर्न चुनौती मात्र दिएका छैनन्, उनले शनिबार लेखेका छन्, 'कुनै झ्यासझुस आयोग-संयोगले मलाई जिताएको होइन, सार्वभौम धराने जनताको म्यान्डेट पाएर आएको नगरप्रमुख हुँ, उसको कारबाहीको माग त उस्स ।'

'दलित शब्द नै हटाउनुपर्छ' भनेर लेख्दै आएका साम्पाङले 'जबसम्म दलित भन्ने शब्द र यसैलाई टेकेर बनाइएका आयोग, नियोग, संघसंस्था र पार्टी रहिरहन्छन्, दलित कोटा र त्यसमा खेलिने राजनीति रहिरहने' र 'राष्ट्रिय दलित आयोगले फोहोरी राजनीति गरेर समाज भाँड्न खोजेको' समेत आरोप लगाएका छन् ।

दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले प्रमुख साम्पाङको अभिव्यक्तिप्रति चासो राख्दै जनप्रतिनिधिको सम्मानस्वरूप अभिव्यक्ति सच्याउन र आत्मालोचना गर्न प्रेस विज्ञप्तिमार्फत आग्रह गरिए पनि उल्टै दलित समुदायलाई अर्ती उपदेश दिने र संविधान, कानुनभन्दा आफूलाई माथि ठान्ने अभिव्यक्ति दिएपछि कारबाहीका लागि सिफारिस गरिएको बताए । 'जनप्रतिनिधि भएकाले आयोगले सम्मानस्वरूप आत्मालोचना गर्न अपिल गर्‍यो तर अझै भन्न पाइन्छ, बोल्न पाइन्छ भन्ने खालको अभिव्यक्ति प्रमुख साम्पाङबाट आयो ।' सरकारले मेयर साम्पाङलाई कारबाही नगरे जातीय भेदभाव गर्ने, अपमान गर्नेलाई संरक्षण गरेको ठहरिने भएकाले कारबाही हुनुपर्ने बताए ।

# कहाँ हराए गोपाल ?

**महेश केसी** (रुकुम पश्चिम)

मुसीकोट नगरपालिका-१ मठका चिताराम खड्का सात महिनायता चिन्तामा छन् । हराएका २६ वर्षीय छोरा गोपालको अवस्था अज्ञात छ । चार वर्षदेखि भारतको देहरादूनस्थित अल्पाइन इन्स्टिच्युट अफ म्यानेजमेन्ट एन्ड टेक्नोलोजी कलेजमा कृषि तथा बाली विज्ञान विषयमा स्नातक तह पढ्दै गरेका उनी घर आउने खबर गरेर निस्केका थिए । घर आइपुगेनन् । धेरैतिर खोज्दा पनि पत्ता लागेको छैन ।

चितारामका अनुसार गत वैशाख १६ मा गोपाल घर आउने भन्दै कलेजबाट हिँडेका थिए । सँगै पढ्ने साथी चेतनसँगै हरिद्वारसम्म आएको विवरण परिवारले पाएको छ । चेतनका अनुसार हरिद्वारबाट रुपैडिया आउने बस नपाएर छटपटिएका बेला उनीहरूको भेट गुल्मी घर बताउने एक नेपालीसँग भएको थियो । उनले दिएको जुस खाएपछि दुवै बेहोस भए । ब्युँझिँदा गोपाल र चेतन हरिद्वार सप्तऋषि चौकीमा थिए । उनीहरूका सामान लुटिएका थिए, लगाएका लुगा च्यातिएको थियो । गोपाल झोला खोज्छु भन्दै चौकी बाहिर निस्के, फर्किएनन् । उनी नफर्केपछि आफू सहयोग माग्दै देहरादून कलेज नै फर्किएको चेतन बताउँछन् ।

चेतनले हरिद्वारमा लुटिएको र आफू जसोतसो डेरामै फर्केको खबर गोपालको परिवारलाई दिएपछि चिताराम छोरा खोज्न नेपालगन्ज र रुपैडिया हुँदै हरिद्वारसम्म नै पुगे । उनले भने, '१८ दिन हरिद्वार र आसपास क्षेत्रमा भौतारियौं । छोरा हराएको पोस्टर बाँड्दै हिँड्यौं । केही सीप नलागेपछि रित्तो हात फर्कियौं ।'

साउनको पहिलो साता पनि चिताराम छोरा खोज्न दुई समूह बनाएर दोस्रो पटक भारत पुगे । तीन/तीन जनाको समूहमा बाँडिएर उनीहरूले दिल्ली, सिमला र हरिद्वारमा एक महिना खोजे । तर, केही पत्ता लागेन । तेस्रो चोटि पनि चिताराम अन्य चार आफन्तसहित हरिद्वार जिल्लाभर र देहरादून पुगे । तर यस पटक पनि उनले कुनै खबर पाएनन् । छोराको खोजीका लागि अहिलेसम्म करिब २३ लाख रुपैयाँ खर्च भएको बताउँदै चिताराम भन्छन्, 'एकातिर छोराको पीर, अर्कोतिर ऋण भारले च्याप्यो ।'


मुसीकोट-१ मठका गोपाल खड्का वैशाख १६ देखि बेपत्ता

घरमा गोपालको कोठामा उनका हँसिला तस्बिर छन् । उनले बजाउने गितार र केही थान किताबहरू छन् । गोपालका भाइ विजयले ती सब हेर्दा दाजुको न्यास्रो लाग्ने गरेको बताए । आमा बिरमालाई छोरा फर्किने आस छ । उनी भन्छिन्, 'एक न एक दिन मेरो छोरो आमा भन्दै घर आउँछ भन्ने लागिरहन्छ ।'

रोजगारी र पढाइको सिलसिलामा भारत गएकाहरू उतै हराउने घटना भइरहने जिल्लाका लागि एउटा युवक बेपत्ता हुनु नौलो घटना होइन । जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका अनुसार अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा मात्रै ८२ जना हराएका थिए । त्यसमा ५५ जना फेला परेका छन् भने २७ जनाको अवस्था अहिले अनि अज्ञात छ । त्यस्तै चालु आर्थिक वर्षको चार महिनाको तथ्यांकमा २४ जना हराएकामध्ये १२ जना फेला परेका छन् । १२ जनाको खोजी जारी छ । गोपाल हराएको बारे जानकार रहेको बताएका डीएसपी विष्णुप्रसाद सोतीले भारतको घटना भएका कारण आफूहरूले वारि खोजी गरेर नहुने बताए । उनले भने, 'मैले हरिद्वारको प्रहरीसँग खोजीका लागि अनुरोध गरेको छु ।'

# लिटरेचर फेस्टिभल पुस ६ देखि

गण्डकी (कास)- नेपाल लिटरेचर फेस्टिभलको दसौं संस्करण पुस ६ देखि ११ गतेसम्म पोखरामा हुने भएको छ । 'शब्दशक्ति उत्सवको एक दशक' नारासहित बुकवर्म फाउन्डेसनको आयोजना र गण्डकी प्रज्ञा प्रतिष्ठानको सहआयोजनामा फेस्टिभल हुन लागेको हो । यो संस्करणको फेस्टिभलमा ५४ वटा सत्र रहने आयोजकले पत्रकार सम्मेलन गर्दै जनाएका छन् ।

राजनीति, समाज, अर्थतन्त्र, साहित्य, खेलकुदलगायतका विधामा छलफल गरिनेछ । फेस्टिभलमा दुई सयभन्दा बढी साहित्यकर्मी, राजनीतिज्ञ, लेखकको उपस्थिति रहनेछ । यस पटकको फेस्टिभलमा सन् २०२२ का बुकर पुरस्कार विजेता श्रीलंकाली लेखक सेहान करुणतिलका, पत्रकार लेखक अक्षक मुकुल, सुकेतु मेहता, करिम खान, श्रेयना भट्टाचार्यलगायत अन्तर्राष्ट्रिय लेखक आउने फाउन्डेसनले जनाएको छ ।



फेस्टिभलमा पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली, कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, जनमत पार्टीका सीके राउतलगायत नेता पनि बहसका सत्रमा सहभागी हुनेछन् । पहिलो दिन शुभारम्भ साँझमा कवि नवराज पराजुली र उज्ज्वल सागरको प्रस्तुति रहने तालिका छ । दोस्रो दिनमा काठमाडौं विश्वविद्यालयका प्राध्यापक अर्थशास्त्री अच्युत वाग्लेले 'नेपाल २०९०' शीर्षकमा विद्वत् प्रवचन दिने तालिका छ । फेस्टिभलमा नेताहरू ओली, थापा, राउतलगायत गैरराजनीतिक विषयमा गफिने छन् ।







Government of Madhesh Province

Ministry of Water Supply and Energy Development

**WATER SUPPLY & SANITATION DIVISION OFFICE**

**Malangwa, Sarlahi**

**Invitation of Bids for the Construction of RCC Overhead tank works**

**Date of publication: 18 Dec 2022 ( Paush 03 2079)**

**Water Supply and Sanitation Division Office Malangwa, Sarlahi** invites electronic bids from eligible bidders for the following construction of RCC Overhead tank works under National competitive bidding procedures. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp.

| Contract No. | Name of Project | Description of work | Cost Estimate (Inclusive Vat) | Bid Bond Amount |
|---|---|---|---|---|
| 01/079-080 | Sakhuawa WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 02/079-080 | Gadhimai-6 WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 03/079-080 | Rangpur WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 04/079-080 | Bhaluwaha Tole WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 05/079-080 | Atrauli 2,3,4 WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 06/079-080 | Goraita WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 07/079-080 | Saruatha WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 08/079-080 | Gedhigutthi WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 09/079-080 | Basantpur 8,9 WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 10/079-080 | Balchanpur WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 11/079-080 | Pachrukhi WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 12/079-080 | Sakhuawa Dhamaura WSP | Construction of 225 cum overhead tank | 131,88,912.60 | 363,000.00 |
| 13/079-080 | Barahathwa Katani WSP | Construction of 100 cum overhead tank | 89,33,730.42 | 246,000.00 |

.....................................

Shivshankar Sah Rauniyar

Deputy Division Chief

WSSDO, Sarlahi

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १३२.९० |
| युरो | १४१.०३ |
| पाउन्ड स्टर्लिङ | १६१.४२ |
| अस्ट्रेलियन डलर | ८८.८७ |
| कतारी रियाल | ३६.३५ |

नेपाल राष्ट्र बैंकका आधारमा

सुन रु ९९,९००

चाँदी रु १,३७०



## ‘सुन’ फल्ने फाँट

चितवनको रत्ननगर नगरपालिकामा लगाइएको तोरीबारी । तोरी खेतीका लागि चितवन देशमै चर्चित छ । मनग्गे अन्नबाली उब्जिने स्थानमा पछिल्लो समय अव्यवस्थित सहरीकरण बढ्दो छ ।

*तस्बिर : हरिहरसिंह राठौर/कान्तिपुर*

# कहिले खुल्लान् गोरखाका उत्तरी नाका ?

### कोभिड जोखिमका बेला बन्द भएका नाका ३ वर्षयता ठप्प, खुलाउनमा सरकारी बेवास्ता

**हरिराम उप्रेती** (गोरखा)

कोभिड जोखिम बढेसँगै बन्द भएका गोरखाका उत्तरी दुई नाका अझै ठप्प छन् । अत्यावश्यक सामग्री खरिदका लागि चिनियाँको बजार पुग्ने गरेका स्थानीय नाका ठप्प हुँदा समस्यामा परेको गुनासो गरिरहेका छन् । गाउँ पुग्ने उच्च तहका सरकारी अधिकारी तथा जनप्रतिनिधिसँग उनीहरूले नाका खुलाइदिन पटकपटक माग गरे । गएको निर्वाचनअघि प्रचारका क्रममा चुमनुब्री गाउँपालिका-१ सामागाउँ पुगेका प्रदेश र प्रतिनिधिसभाका उम्मेदवारसमक्ष पनि स्थानीयले नाका खुलाउने पहल गरिदिन आग्रह गरेका थिए ।

स्थानीयको पटकपटकको मागअनुसार गाउँपालिका र प्रशासनले समेत नाका खोल्न बारम्बार उपल्लो निकायलाई पत्राचार गरिसकेका छन् । तर कोभिड जोखिमका बेला बन्द भएका नाका ३ वर्षयता ठप्प छन् । खुल्ने सुरसार छैन । अत्यधिक चिसो बढ्ने हिउँदको समयमा नाका खोल्न पर्याप्त पहल गरेर चैतपछि नाका खोल्ने वातावरण बनाए अत्यावश्यक सामग्री ढुवानी सहज बन्ने स्थानीय बताउँछन् ।

कोभिड जोखिम मत्थर भएसँगै चुमनुब्री-१ अन्तर्गतको नेपाल-चीनबीचको ३५ नम्बर सीमास्तम्भमा अवस्थित रुइला र चुमनुब्री-७ छेकम्पारको ङुइला नाका खुलाउन स्थानीयले माग राख्दै आएका छन् । नाका खोल्न यहाँका स्थानीय तिब्बतको बजार पुगेर चौंरी र घोडामार्फत उपभोग्य सामग्री ढुवानी गर्थे । अहिले स्थानीयलाई उपभोग्य सामग्रीका लागि गोरखाको तल्लो क्षेत्रका बजारको भर पर्नुपर्ने बाध्यता छ । कोभिड जोखिमअघिसम्म चीन सरकारले सामागाउँको रुइला नाका वर्षमा एक पटक र छेकम्पारको ङुइला नाका बाह्रै महिना खुला गर्थ्यो ।



**खच्चडमार्फत उत्तरी गोरखामा दैनिक उपभोग्य सामग्री ढुवानी गरिँदै ।** *फाइल तस्बिर : कान्तिपुर*

नाका बन्द हुँदा कोरोनापछि तिब्बतको बजार जान नपाएको सामागाउँका छेवाङ लामा बताउँछन् । ‘कोरोनाको एक वर्ष सातवटा चौंरी लिएर तिब्बतबाट सामान ल्याएको थिएँ, त्यो सामानले एक वर्ष पुग्यो, त्यसपछि कोरोना भनेर नाका बन्द भएपछि तिब्बतको बजार जान पाएको छैन,’ उनले भने, ‘चीनतर्फ नाकासम्मै गाडी आउने सडक छ, आफ्नै चौंरी लिएर गएपछि ढुवानी भाडा सस्तो पर्छ ।’ नाका खुल्दा स्थानीयले चामल, नुन, तेल, कपडालगायत सामग्री तिब्बती बजारबाट ल्याउने गरेको उनले जनाए ।

‘नाका बन्द भएपछि अहिले गोरखाकै तल्लो बजार आरुघाटबाट सामान ल्याउँछौं,’ उनले भने, ‘आरुघाटबाट गाउँ आइपुग्न खच्चडलाई ५ दिन लाग्छ, तिब्बतको बजार भए एक/डेढ दिनमा आइन्थ्यो ।’ गोरखाको तल्लो बजारबाट सामागाउँलगायत सीमा क्षेत्रका गाउँमा दैनिक उपभोग्य सामग्री ढुवानी हुँदा लागत मूल्यको तेब्बर बढी ढुवानी तिर्नुपर्ने बाध्यतामा स्थानीय छन् । नाका खुलाउन कूटनीतिक माध्यमबाट पहल गर्नुपर्ने चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले बताए । गृह मन्त्रालयबाट पराराष्ट्र मन्त्रालयमार्फत पहल भएको उनको भनाइ छ । ‘चीनसँग सीमा जोडिएका अन्यत्रका नाका पनि खुलेका छैनन्, हामीले बारम्बार पहल गरेका छौं,’ उनले भने, ‘अहिले पुस-माघमा अत्यधिक चिसो हुन्छ, हिउँ पर्छ, ५ हजारभन्दा माथिको उचाइमा भएकाले नाका पार गर्न पनि गाह्रो हुन्छ,’ उनले भने, ‘अहिलेदेखि पहल गरेर चैत, वैशाखसम्म नाका खुल्थ्यो कि भन्ने तवरले लागेका छौं ।’

# २८ करोडका गुणस्तर परीक्षण भ्यान नचल्दै थोत्रिए

**राजु चौधरी** (काठमाडौं)



- अनुगमनस्थलमै वस्तुको गुणस्तर जाँच्न चारवटा भ्यान किने पनि ३ वर्षदेखि अलपत्र
- भ्यानका टायर-ब्याट्री बिग्रिए, ल्याब परीक्षणमा चाहिने किटको पनि म्याद सकियो

अनुगमनस्थलमै वस्तुको गुणस्तर परीक्षण गर्न सरकारले ल्याबोरेटरी भ्यान किने पनि सञ्चालनमा नआउँदै सामान ड्यामेज भएका छन् । राजमार्ग, नाका र बजार अनुगमनका क्रममा तत्काल नमुना परीक्षण र नतिजा दिन किनिएका चार वटा भ्यान ३ वर्षदेखि अलपत्र छन् । पछिल्लो समय विशेष अदालतले सञ्चालन गरेर प्रतिवेदन दिन भने पनि प्रभावकारी भएको छैन । करिब २८ करोड लागतमा किनिएका ४ वटा ल्याबोरेटरी भ्यानका टायर, ब्याट्री, ल्याबका सामान (किट) को म्यादसमेत सकिएको खाद्यका अधिकारीहरू बताउँछन् ।

‘सरकारले भ्यानका लागि ०७३/७४ मा बजेटमार्फत खरिद गर्ने घोषणा गरेको थियो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दुई र खाद्य प्रविधि तथा गुण नियन्त्रणअन्तर्गत दुई गरी चार भ्यान किन्ने निर्णय भएको थियो । तर मोबाइल भ्यान प्रयोगशाला खरिदमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७६ असार ५ मा मुद्दा दायर गर्‍यो,’ खाद्य प्रविधिका एक अधिकारीले भने, ‘त्यसपछि अलपत्र परेको भ्यानका धेरै सामान ड्यामेज भएका छन् । पछिल्लो समय अदालतले फैसला सुनाए पनि भ्यान चलाउन सकिएन ।’

महालेखा परीक्षकले प्रधानमन्त्री कृषि परियोजना र खाद्य प्रविधिले प्रतिस्पर्धाबिनै खरिद प्रक्रिया अघि बढाएको भन्दै प्रश्न उठाएको थियो । आपूर्तिकर्ता कम्पनी उत्पादक तथा वितरक कम्पनीको एजेन्ट भएको प्रमाण नरहेको, सम्बन्धित देशको आपूर्तिकर्ताका नाममा प्रतीतपत्र खोलेको नदेखिएको अनि ०७४ मंसिर २४ मा आपूर्ति गर्ने सम्झौता भएकामा ०७५ फागुनसम्म पनि भ्यान प्राप्त भइनसकेको महालेखाले प्रतिवेदनमा उल्लेख गरेको थियो । सोही आधारमा खरिद प्रक्रियामा अनियमितता भएको आरोपमा अख्तियारले ०७६ असार ५ मा विभागका तत्कालीन महानिर्देशक सञ्जीवकुमार कर्णसहित १३ जनामाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

भ्यान खरिदमा १२ करोड ४० लाख ४७ हजार ५ सय ५८ रुपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको थियो । चार वटा भ्यानको मूल्य करिब २८ करोड थियो । अनुसन्धानका क्रममा प्रयोग हुने ‘वेल इक्विपमेन्ट ल्याबोरेटरी मोबाइल भ्यान’ खरिद गर्दा नियम कानुनलाई आफू अनुकूल प्रयोग गरी कमिसन खाई भ्यान कार्यालयमा प्राप्त भएको भनी प्रगति देखाई रकम भुक्तानी गरेको पाइएको अख्तियारले जनाएको थियो । अख्तियारले भ्यान सप्लाई गर्ने प्रुडेन्ट मेडिटेक इन्टरनेसनल कमलादीका आधिकारिक प्रतिनिधि प्रवीण कुँवरलाई २४ करोड ८० लाख रुपैयाँ बिगो मागदाबी गरेको थियो । त्यसपछि ल्याबोरेटरी भ्यान अलपत्र परेको हो । पछिल्लो समय विशेष अदालतले सफाइ दिइसकेको छ । ‘विशेष अदालतले गत वैशाखमा महानिर्देशक कर्णसहितको टोलीलाई सफाइ दिइसकेको छ । गाडी सरकारकै नाममा छ, जुन-जुन सामान छैनन् भनी मुद्दा पर्‍यो, ती सामान पनि आइसकेका रहेछन्,’ उपभोक्ताकर्मी तथा अधिवक्ता ज्योति बानियाँले भने, ‘अब गाडी चलाउन कुनै समस्या छैन । तर जानी-जानी चलाइएन ।’

विशेष अदालतले वैशाखमा सफाइ दिएसँगै खाद्यलाई पनि भ्यान चलाएर रिपोर्ट बुझाउन ३ महिनाको समय दिएको थियो । अदालतको पत्र असोजमै खाद्य प्रविधिमा पुगिसकेको छ । ल्याबोरेटरी भ्यान खरिदको मुख्य उद्देश्य जनचेतना थियो । राजमार्गमा अनुगमन गर्दा अनुगमनस्थलमै परीक्षण, किसानले उत्पादन गरेको दूध, नाकामा तरकारी, विषादी, तेल, सिमेन्टलगायत वस्तु तत्काल परीक्षण हुन सक्छ ।

मेसिनमा राख्नेबित्तिकै परीक्षण र नतिजा आउँछ । कारबाही र मुद्दाकै लागि पुनः परीक्षण गर्नुपरे पनि भ्यान प्रयोगशालाले मिसावट नभए/नभएको परीक्षण गर्न मिल्छ । तर अहिलेसम्म चल्न सकेको छैन । अदालतको फैसला भएपछि भ्यान चलाउन सकिने विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले बताए । तर भ्यान अस्तव्यस्त भएको र थप कसले बनाउने भन्नेमा अन्योल देखिएको उनको भनाइ छ ।

‘कम्पनीलाई १० प्रतिशत भुक्तानी गर्न बाँकी नै छ । धेरै समय यत्तिकै थन्किँदा केही टायर पनि मर्मत गर्नुपर्छ । किटको अवस्था पनि हेर्नुपर्छ,’ महर्जनले भने, ‘यी सबैको क्षतिपूर्ति कसले बेहोर्ने भन्ने विषय मुख्य हो । सरकारले कि कम्पनीले बेहोर्ने भन्नेमा अन्योल छ ।’

**जग्गा विक्रीमा**

काठमाडौं लप्सीफेदीमा रहेको गुम्बा, रिसोर्ट, कलेज, स्कुल, हस्पिटल, जग्गा प्लानिङ्ग तथा अन्य व्यवसायिक प्रयोजनका लागि उपयुक्त ३२-८-१-० रोपनी जग्गा एकमुष्ठ विक्रीमा ।

काठमाडौं जरसिह पौवामा रहेको गुम्बा, रिसोर्ट, कलेज, स्कुल, हस्पिटल, जग्गा प्लानिङ्ग तथा अन्य व्यवसायिक प्रयोजनका लागि उपयुक्त ११-३-२-० रोपनी जग्गा एकमुष्ठ विक्रीमा ।

नगरकोट, कार्त्तिकेमा रहेको हिमालको मनोरम दृष्य देखिने, पानीको मुहान भएको गुम्बा, होटेल, रिसोर्टको लागि उपयुक्त २३-२-१-१ रोपनी जग्गा एकमुष्ठ विक्रीमा ।

**सम्पर्क: ९८४१३५४८८६**

चितवन दारेचोक, चुम्लिङटार, सिद्धार्थ रिभरसाइड रिसोर्ट सँगै (कुरिनटारबाट नजिक) पृथ्वी राजमार्गमा जोडिएको प्राईम लोकेसनमा रहेको रिसोर्ट, उद्योग तथा अन्य व्यवसायिक प्रयोजनका लागि अति उपयुक्त ०-१७-२.७५ बिघा जग्गा पेट्रोल पम्प सहित एकमुष्ठ विक्रीमा ।

**सम्पर्क: ९८५१०५५४२२**

# कालीगण्डकीमा जलविद्युत् आयोजनाको लर्को

**घनश्याम खड्का** (म्याग्दी)

बेनी-जोमसोम सडक किनारामा पर्ने म्याग्दीको बेनीदेखि मुस्ताङको घाँसासम्म ४० किमि खण्डमा बग्ने कालीगण्डकी नदीबाट कम्तीमा ५ वटा मझौलादेखि ठूला जलविद्युत् आयोजना निर्माण प्रक्रियामा छन् । उक्त खण्डमा कालीगण्डकीमा मिसिने मिस्त्रीखोला, रेलेखोला र घारघोलामा थप ६ जलविद्युत् आयोजना निर्माणाधीन छन् ।

अन्नपूर्ण गाउँपालिकामा बग्ने कालीगण्डकी नदीमा एक सय ५० मेगावाट क्षमताको मध्यकालीगण्डकी जलविद्युत् आयोजना बन्ने पक्का भएको छ । सरकारले हालै निजी लगानीमा निर्माण हुने १ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) गर्ने निर्णय गरेसँगै म्याग्दीको मध्यकालीगण्डकी जलविद्युत् आयोजना पनि समावेश भएको आयोजनाका अध्यक्षसमेत रहेका उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकालले बताए ।

‘म्याग्दीमा निजी क्षेत्रको लगानी रहेको मध्यकालीगण्डकी जलविद्युत् आयोजनाको पीपीए हुन लागेको छ । छिट्टै आयोजना निर्माण सुरु हुँदै छ,’ म्याग्दी उद्योग वाणिज्य संघको २९ औं साधारणसभाका अवसरमा बेनी आएका महासंघ उपाध्यक्ष ढकालले भने, ‘म्याग्दीका व्यवसायीले पर्यटनसमेत कुनै क्षेत्रमा लगानीको प्रोजेक्ट बनाउनुहुन्छ भने म लगानी भित्र्याउन र साझेदार बन्न तयार छु ।’

व्यवसायी ढकाल नेतृत्वको हाइड्रो सपोर्ट प्रालिले ५३ मेगावाट क्षमतामा सर्भे अनुमति लिएको मध्यकालीगण्डकी जलविद्युत् आयोजनाको सर्भे डिजाइन संशोधन गरी एक सय ५० मेगावाट क्षमतामा पीपीए गर्न लागेको हो । अन्नपूर्ण गाउँपालिका-३ सुकेबगरमा बाँध बनाएर १ हजार ४ सय मिटर लामो सुरुङ मार्गबाट कालीगण्डकी नदीको पानी ल्याई अन्नपूर्ण-२ ठूलोबगरमा विद्युत् गृह बनाउने योजना छ ।

व्यवसायी ढकालसहितको समूहले अन्नपूर्ण गाउँपालिकामै कालीगण्डकीको सहायक मिस्त्रीखोलाबाट ४२ मेगावाट बिजुली उत्पादन गरेको छ । ३८ र ६५ मेगावाटका दुई वटा नीलगिरि खोला पहिलो र नीलगिरि खोला क्यास्केट आयोजना निर्माण पनि गरिरहेका छन् । कालीगण्डकी नदीमै अर्को जलविद्युत् आयोजना निर्माण हुने भएको छ । तिप्ल्याङ कालीगण्डकी हाइड्रोपावर प्रालिले अन्नपूर्ण गाउँपालिका-६ रातोपानीमा बाँध बनाएर रघुगंगा गाउँपालिका-१ तिप्ल्याङ नजिक विद्युत् गृह बनाई ५८ मेगावाट क्षमताको तिप्ल्याङ कालीगण्डकी जलविद्युत् आयोजना निर्माण हुन लागेको हो ।


> म्याग्दीको बेनीदेखि मुस्ताङको घाँसासम्म ४० किमि खण्डमा ५ विद्युत् आयोजना निर्माण प्रक्रियामा

अन्नपूर्ण गाउँपालिकाअन्तर्गत नै पर्ने दाना र नारच्याङमा छुट्टै १ सय ६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना निर्माण हुने प्रस्ताव छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा कालीगण्डकी गर्जमा चिनियाँ लगानी भित्र्याउने सम्झौता भएको हो । कालीगण्डकी गर्जका तर्फबाट हाइड्रो सोलुसनका ज्ञानेन्द्रलाल प्रधान र युनान सिन्ह्वा वाटर कन्जर्भेन्सी एन्ड हाइड्रो इन्भेस्टमेन्ट कम्पनीबीच संयुक्त लगानी गर्ने गरी सम्झौता भएको थियो । सरकारले निजी लगानीमा निर्माण हुने १ हजार ५ सय मेगावाट विद्युत् खरिद सम्झौता गर्दा कालीगण्डकी गर्ज पनि समावेश हुने भनिएको छ ।


बेनी-जोमसोम सडकको दायाँ-बायाँ किनाराबाट बग्ने कालीगण्डकी नदीमै ६५ मेगावाट क्षमताको अपर कालीगण्डकी जलविद्युत् आयोजना प्रस्तावित छ । ट्रेडलिंक ग्लोबल प्रालिले निर्माण प्रस्ताव गरेको अपर जलविद्युत् आयोजना रघुगंगा गाउँपालिका-१ बेगखोलामा बाँध बनाई उक्त गाउँपालिकाको घुमाउने तालमा विद्युत् गृह बनाउने लक्ष्य छ ।

कालीगण्डकी नदीको म्याग्दी खण्डको सबैभन्दा पुछारमा बेनी कालीगण्डकी जलविद्युत् आयोजना निर्माण गर्न प्रस्तावित छ । विद्युत् विकास विभागले प्रस्ताव गरेको ५०.५३ मेगावाट क्षमताको बेनी कालीगण्डकी जलविद्युत् आयोजनाले निर्माण गरेको हो । आयोजनाको ड्याम निर्माण स्थलको एलाइन्मेन्ट परिवर्तन स्थानीयले विरोध गरेपछि आयोजना रिभाइज चरणमा रहेको बताइएको छ ।

८ अर्ब ७२ करोड लागत अनुमान गरिएको बेनी कालीगण्डकी जलविद्युत् आयोजना बेनी नगरपालिका-६ सेतीपहिरोमा बाँध बनाई कालीगण्डकीको पानीलाई ३.५ किलोमिटर पर पर्वतको जलजला गाउँपालिका-४ सेराफाँटमा पावरहाउस बनाउने प्रस्ताव छ । ‘आयोजनाले उत्पादन थालेको मितिबाट वार्षिक प्रतिकिलोवाट एक सय रुपैयाँ र थप विद्युत् बिक्रीको रोयल्टी प्रतिघन्टा मूल्यको २ प्रतिशतका दरले वार्षिक २१ करोड ७८ लाखका दरले बेनी नगरपालिकालाई रोयल्टी दिने’ लिखित प्रस्ताव गरेको छ ।



# पारमाणविक अनुसन्धान केन्द्रलाई भेटिएन जग्गा



**गोविन्द पोखरेल** (काठमाडौं)

पारमाणविक पदार्थको अध्ययन अनुसन्धानका लागि स्थापना गर्ने भनिएको केन्द्र निर्माणका लागि जग्गा खोज्नमै दुई वर्ष बितेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केन्द्र स्थापनका लागि पहल गरे पनि उपयुक्त जग्गा नहुँदा निर्माण सुरु हुन नसकेको हो ।

अध्ययनले हेटौंडा उपमहानगरपालिका उपयुक्त स्थान हुने देखाएपछि २० बिघा जमिन उपलब्ध भएको थियो । तर, महानगरले उपलब्ध गराएको जमिन राप्ती नदीको बगरमा परेकाले निर्माण कार्य अघि बढ्न सकेन । मन्त्रालयको पारमाणविक पदार्थ व्यवस्थापन महाशाखाकी उपसचिव शिला खतिवडाले केन्द्र सुरक्षित स्थानमा बनाउनुपर्ने भएकाले नदी किनारमा सम्भव नभएको बताइन् । हेटौंडाको रातो माटे, वनस्पति उद्यान र चारघरे क्षेत्रमा जग्गा खोजी भइरहेको छ । मन्त्रालयले जग्गा प्राप्तिका लागि उपमहानगर पुनः आग्रह गरेपछि गत असार ६ गते कार्यपालिका बैठकले वडा नम्बर १२ मा ६ बिघा जमिन उपलब्ध गराउने निर्णय गरेको छ । केन्द्र निर्माण परियोजनालाई प्रायोरिटी-१ मा लैजान योजना आयोगमा पत्र लेख्ने मन्त्रालयले तयारी गरेको छ । 'प्रायोरिटी वान प्रोजेक्ट (पी-१) हुँदा वन क्षेत्रको जमिन अधिग्रहण गर्न सजिलो हुन्छ,' खतिवडाले भनिन् ।

चालु आर्थिक वर्षमा पनि मन्त्रालयले केन्द्र निर्माणका लागि तारबार र आईईका लागि करिब ५० लाख बजेट विनियोजन गरे पनि जग्गा उपलब्ध नहुँदा प्रक्रिया अगाडि नबढ्ने देखिएको छ ।

नेपालमा प्राकृतिक रूपमा उपलब्ध हुन सक्ने रेडियोधर्मी एवं पारमाणविक पदार्थको सम्बन्धमा विस्तृत अध्ययन, अनुसन्धान गर्ने उद्देश्यले रेडियोधर्मी उपयोग तथा नियमन ऐन २०७७ ले पारमाणविक अनुसन्धान केन्द्र स्थापनाको परिकल्पना गरेको छ । रेडियोधर्मी उपयोग तथा नियमन ऐनले रेडियोधर्मी तथा पारमाणविक पदार्थ र प्रविधिसम्बन्धीको ज्ञान अभिवृद्धिका लागि दक्ष जनशक्तिको विकास, विभिन्न प्रकारका विकिरणको प्रभावबाट हुन सक्ने सम्भाव्य नकारात्मक प्रभावको नियन्त्रण सम्बन्धमा अध्ययन गरेर सरकारलाई सुझाव दिने उल्लेख छ ।

स्वास्थ्य, कृषि, पशु, उद्योग, पुरातात्त्विक वस्तुको संरक्षण, भूमिगत जलस्रोत एवं भौतिक पूर्वाधार विकास र खाद्य पदार्थको सुरक्षित भण्डारणका लागि पारमाणविक प्रविधि सम्बन्धमा केन्द्रले अध्ययन अनुसन्धान गर्ने विज्ञान सचिव प्रमिलादेवी बज्राचार्यले बताइन् । यस्तै, केन्द्रलाई नेपालमै रेडियो आइसोटप उत्पादन गर्ने र साइक्लोट्रोन प्रविधिको विकास गर्ने म्यान्डेट छ । केन्द्रले आन्तरिक तथा बाह्य कारणबाट मुलुकभित्र विकिरणका प्रभाव मूल्यांकन गर्दै त्यसको कारण तथा नियन्त्रण सम्बन्धमा अध्ययन समेत गर्न सक्ने व्यवस्था छ ।

गत वर्ष मन्त्रालयले केन्द्र स्थापनाका लागि फिजिबिलिटी अध्ययन गराएको थियो । परामर्शदाता कम्पनी ललितपुरको श्रेष्ठ-ग्रिड-डिफोर्ट जेभीले गरेको अध्ययनमा केन्द्रका लागि आवश्यक भवन निर्माण खर्च मात्रै १ अर्ब ७९ करोड ९३ लाख लाग्ने देखिएको छ । रेडियोधर्मी पदार्थको प्रयोग हुने भएकाले भवन पनि विकिरणजन्य जोखिमलाई ख्याल गरेर निर्माण गर्नुपर्ने हुन्छ । उपकरण खरिदमा मात्रै ८ अर्ब ५२ करोड ४५ लाख रुपैयाँ लाग्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ । भवन निर्माण र उपकरण खरिदमा कुल १० अर्ब ३२ करोड ३९ लाख लाग्ने अनुमान गरिएको हो । केन्द्र स्थापनापछि तलब भत्तामा १२ करोड ७६ लाख रुपैयाँ र अन्य खर्च गरेर वार्षिक रूपमा १८ करोड ८२ लाख ६४ हजार रुपैयाँ खर्च हुने उल्लेख छ । केन्द्रमा १ सय ७७ जना स्टाफ हुने अध्ययनमा प्रतिवेदनमा जनाइएको छ ।

पारमाणविक केन्द्रमा साइक्लोट्रोन र रेडियोआइसोटप डिभिजन, न्युक्लियर मेडिसिन तथा क्यान्सर थेरापी डिभिजन प्रस्ताव गरिएको छ । भौतिकशास्त्र, स्वास्थ्य, सुरक्षा र वातावरणीय, कृषि, बायाटेक्नोलोजी विभाग, एक्सिपेरिमेन्टल फिजिक्स र इलेक्ट्रोनिक्स डिभिजनलगायत विविध विभागको प्रस्ताव गरिएको छ ।

नेपालमा रेडियोधर्मी प्रदार्थको प्रयोग एक सय वर्षअगाडि पहिलो पटक सन् १९२३ मा त्रिचन्द्र मिलिटरी अस्पतालमा एक्सरे मेसिन जडानबाट गरिएको थियो । थापाथलीस्थित प्रसूति गृहमा सन् १९७६ मा रेडियोथेरापी सुरु गर्दै 'रेडियम निडल' को प्रयोग गरियो भने सिटिस्क्यान र न्युक्लियर मेडिसिनको सुरुवात सन् १९८८ मा वीर अस्पतालबाट भयो । सरकारले यसै वर्ष रेडियोधर्मी पदार्थको प्रयोगसम्बन्धी मापदण्ड तयार गरेको छ । जसअनुसार रेडियोधर्मी उपकरणको प्रयोग, सञ्चालन, अनुगमन तथा गुणस्तर जाँच हुनुपर्ने उल्लेख छ । नेपालमा सबैभन्दा बढी रेडियोधर्मी उपकरण स्वास्थ्य क्षेत्रमा प्रयोग हुँदै आएको छ ।


## लिजहोल्ड सम्पत्ति बिक्री गर्ने सम्बन्धी सूचना

यस बैंकका तपसिलका शाखा कार्यालयहरु स्थानान्तरणको प्रक्रियामा रहेको हुनाले उक्त शाखा/काउण्टर कार्यालयमा रहेका/जडान भएका फर्निचर/फिक्स्चर/उपकरण/लिजहोल्ड सम्पति आदि जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्नुपर्ने भएकोले उक्त स्थानमा आफ्नो कार्यालय सञ्चालन गर्न ईच्छुक खरिदकर्ता, व्यक्ति, फर्म, कम्पनी, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, सहकारी संस्थाहरु आदिले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बैंकको केन्द्रीय बन्दोबस्ती विभाग, टंगाल वा बैंकको नजिकका शाखा कार्यालयहरुमा शिलबन्दी प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । प्राप्त हुने प्रस्तावहरु मध्ये बैंकको अनुकुलता अनुसार स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमा नै निहित रहने छ । यस सम्बन्धमा थप जानकारीको लागि तल उल्लेख गरिएको बैंकको ठेगानामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | शाखा | ठेगाना | क्र.सं. | शाखा | ठेगाना |
|---|---|---|---|---|---|
| १ | इनरूवा | इनरूवा न.पा.-१, इनरूवा, सुनसरी | १६ | नयाँ बानेश्वर | का.म.न.पा.-३१, नयाँ बानेश्वर, काठमाण्डौं |
| २ | उर्लाबारी | ईटहरा रोड, उर्लाबारी न.पा. ४, मोरङ | १७ | महाराजगंज | का.म.न.पा.- ३, महाराजगंज, काठमाडौं |
| ३ | लाहान | लाहान न.पा.-२, सिराहा | १८ | दलदले | देबचुली न.पा.-१३, दलदले, नवलपुर |
| ४ | जनकपुर | जनकपुरधाम उ.म.न.पा.-१, धनुषा | १९ | धार्के | धुनिबेशी न.पा.-६, धार्के बजार, धादिङ |
| ५ | मलंगवा | मलंगवा न.पा-९, मलंगवा, सर्लाही | २० | कावासोती | कावासोती न.पा.-५, सभापति चोक, नवलपुर |
| ६ | चन्द्रपुर | चन्द्रपुर न.पा.-४, रौतहट | २१ | हाकिमचोक | भरतपुर म.न.पा.-१०, हाकिमचोक, चितवन |
| ७ | निजगढ | निजगढ न.पा.- ७, बारा | २२ | गैंडाकोट | गैंडाकोट न.पा.-०४, नवलपरासी |
| ८ | प्रतिमाचोक | बीरगञ्ज म.न.पा.-१५, पर्सा | २३ | दमौली | व्यास न.पा. -२, श्रीटोल, तनहुँ |
| ९ | बीरगञ्ज | बीरगञ्ज म.न.पा.-२५, आदर्शनगर, पर्सा | २४ | वालिङ्ग | वालिङ्ग न.पा.-८, वालिङ्ग, स्याङ्जा |
| १० | कुमारीपाटी | ल.म.न.पा.-५, कुमारीपाटी, ललितपुर | २५ | जीतपुर (कपिलवस्तु) | बाणगंगा न.पा.-१, जीतपुर, कपिलवस्तु |
| ११ | पाँचखाल | पाँचखाल न.पा.-४, पाँचखाल, काभ्रेपलाञ्चोक | २६ | बर्दघाट | बर्दघाट न.पा.- ४, नवलपरासी पश्चिम, परासी |
| १२ | सातदोबाटो | ल.म.न.पा.-१५, खुमलटार, ललितपुर | २७ | अत्तरिया | धनगढी उ.म.न.पा.-१३, महेन्द्रनगर रोड, कैलाली |
| १३ | न्यूरोड | का.म.न.पा.-२४, न्यूरोड, काठमाण्डौं | २८ | क्याम्पस चोक | धनगढी उ.म.न.पा.-१, क्याम्पस चोक, कैलाली |
| १४ | कलंकी | का.म.न.पा.-१३, कलंकी, काठमाण्डौं | २९ | लम्की | लम्की चुहा न.पा-१, लम्की, कैलाली |
| १५ | चरौंदी | बेनीघाट रोराङ्ग गाउँपालिका-५, धादिङ्ग | | | |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

केन्द्रीय बन्दोबस्ती विभाग, टंगाल, काठमाडौं, फोन नं. ०१-४४४३०७९/०७५, फ्याक्स् नं. ९७७-०१-४२३१९६०




वाग्मति सभ्यता संरक्षणका लागि शनिबार काठमाडौंको वसन्तपुरमा गरिएको हस्ताक्षर संकलन ।

*तस्बिर : सन्जोग मानन्धर/कान्तिपुर*

# राजस्वले चालु...

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र राष्ट्र बैंकसँग समन्वयकारी भूमिका निर्वाह गर्न नसकेको आरोप पनि अर्थमन्त्रीमाथि छ । 'सरकारका विभिन्न निकायहरूका नीति एकातिर लक्ष्य अर्कोतिर हुँदा राजस्व संकलन कम भएको देखिन्छ,' पूर्वअर्थ सचिव शिशिर ढुंगानाको टिप्पणी छ, 'राजस्वको लक्ष्य धेरै बनाइसकेपछि त्यो कसरी संकलन हुन्छ भन्ने आधार तयार पार्नुपर्थ्यो । राजस्व छुट हुने खालका नीति ल्याउनु हुँदैनथ्यो । एकातिर राजस्व बढाउने आधार तयार पारिएन, अझ राजस्वमा छुट दिने नीति अख्तियार गरियो ।'

समग्र अर्थतन्त्रमा माग आएकाले पनि राजस्वमा निराशाजनक प्रतिकूलता थपिएको ढुंगानाको भनाइ छ । भन्छन्, 'बैंकबाट निजी क्षेत्रमा जाने कर्जा यस वर्ष निरन्तर घटिरहेको छ । कर्जा घटेपछि बजारमा माग कमी भयो । मागमा कमी आएपछि कारोबार घट्यो । कारोबार नै कम भएपछि राजस्व संकलन कम हुने नै भयो ।'

सरकारले सुरुमा गत कात्तिकमा २० वटा समूहअन्तर्गतका करिब साढे ४ सय वस्तु आयातका लागि खोलिने एलसी (प्रतीतपत्र) मा ५० देखि १ सय प्रतिशतसम्म नगद मार्जिन राख्नुपर्ने व्यवस्था गर्‍यो । माघमा फेरि ४७ समूहअन्तर्गतका करिब साढे १२ सय वस्तु आयातका लागि खोलिने प्रतीतपत्रमा पनि ५० देखि १ सय प्रतिशतसम्म नगद मार्जिनको व्यवस्था भयो । वैशाख १३ मा १० प्रकारका वस्तुको आयातमै पूर्ण बन्देज नै लगायो, जुन यसै महिनाबाट मात्र फुकुवा भएको छ ।

आयातमा निषेध तथा समग्र अर्थतन्त्रको मागमा आएको कमीका कारण गत कात्तिकसम्म आयात १८ प्रतिशतले घटेको छ । भन्सार विभागको तथ्यांकअनुसार गत वर्षको कात्तिकसम्म ६ खर्ब ५० अर्बको सामग्री आयात भएकोमा यस पटक यही अवधिमा ५ खर्ब ३२ अर्ब रुपैयाँका सामग्री मात्रै आयात भयो । यसले भन्सार राजस्व लक्ष्यभन्दा कम संकलन भयो ।

'चौथो कारण आयात नियन्त्रण गर्ने काम सँगसँगै खुला सिमानाको अनुगमन गरिएन । अनुगमन कम गर्दा अनौपचारिक माध्यमबाट सामग्री आए, सरकारले राजस्व गुमायो,' पूर्वसचिव ढुंगाना भन्छन् । ढुंगानाले संकेत गरेझैं अहिले आयात कडाइ गरिएका सामग्री अनौपचारिक माध्यमबाट भित्रिइरहेका छन् । अनुगमन, निगरानी तथा नियन्त्रणमा सरकार अस्तव्यस्त छ ।

'राजस्व संकलन कम हुनुको पाँचौं कारण राजस्व प्रशासनसँग सम्बद्ध छ,' पूर्वसचिव ढुंगाना भन्छन्, 'राजस्व प्रशासनका कर्मचारीहरू छिटो-छिटो सरुवा गरियो । कर्मचारीले दिगो योजना बनाई काम गर्न पाएनन् । राजस्वमा चुहावट पनि बढ्यो, त्यसैले प्रतिकूल अवस्था सिर्जना भएको छ ।'

चालु आर्थिक वर्ष प्राप्त आम्दानीले खर्च धान्न गाह्रो भएकाले अब खर्च घटाउन पनि ढिलाइ गर्न नहुने अर्थशास्त्री खनालको सुझाव छ । 'राजस्व कम उठ्ने र चालु खर्च बढ्ने कारणहरूबारे हामीले अध्ययन गरेर आयोगको प्रतिवेदनमार्फत सुझाव दिइसकेका छौं । अब त्यसको कार्यान्वयन गर्न सरकारले ढिलाइ गर्नु हुँदैन,' उनी भन्छन् ।

खनालका अनुसार पहिलो सुझाव, 'मन्त्रालय, विभाग, संस्थान र कर्मचारी घटाउने मात्रै नभई प्रशासनिक खर्च तथा भत्ता शीर्षकको बजेट पनि कम गर्ने ठाउँ छ, अनियन्त्रित भत्ता बन्द घटाउनुपर्छ ।' त्यस्तै, राजस्व र चालु खर्चबीचको सन्तुलन मिलाउन पुँजीगत खर्च पनि कटौती गर्नुपर्ने अवस्था छ । 'पुँजीगत बजेट पनि अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानअनुसार झन्डै ६० देखि ७० प्रतिशत विकास आयोजना रुग्ण अवस्थामा छन् । नियमित बजेट छुट्याउनुपर्ने आयोजना पहिचान गरी विनियोजन गर्ने, काम नलाग्ने त्यस्ता आयोजनामा पूर्ण रूपमा बन्द गर्ने गर्नुपर्छ,' खनाल सुझाउँछन् ।

तेस्रो सुझाव, 'राजस्व चुहावट नियन्त्रण नै हो । मुख्यगरी मूल्य अभिवृद्धि कर (भ्याट) छुट तथा फिर्तामा ठूलो चुहावट छ । कर छुट तथा चुहावटका विषयमा अनुसन्धान भए पनि कसैलाई कारबाही भएन । त्यसको असरले अहिले पनि राजस्वमा ठूलो चुहावट छ,' भन्छन्, 'यसले समानान्तर अनौपचारिक अर्थतन्त्र मौलाउन सघाएको छ । त्यसलाई नियन्त्रण गरेर सरकारी आम्दानी बढाउन सकिन्छ ।'

# मेसीलाई अन्तिम...

'अर्जेन्टिना र विश्वका धेरै मानिसले मेसीका लागि पनि विश्वकप जितेको हेर्न चाहेका छन् । केही फ्रान्सेलीले पनि त्यस्तै चाहन्छन् होला,' फ्रान्सका प्रशिक्षक डिडियर डेसच्याम्पले भने, 'हाम्रो उद्देश्य च्याम्पियन हुने हो भन्ने हामीलाई थाहा छ र त्यो उपलब्धिमा पुग्नका लागि सबै किसिमको प्रयास गर्नेछौं ।' टिममा केही खेलाडीलाई भाइरसले सताए पनि त्यसबाट माथि उठ्ने प्रयास गर्ने उनले बताए । सन् १९९८ को विश्वकप विजेता फ्रान्सेली टिमका कप्तान रहेका उनी लगातार दुईपल्ट विश्वकप जित्ने दोस्रो प्रशिक्षक हुन सक्छन् । यो उपलब्धि इटालीका भिटोरियो पोज्जोले मात्रै हासिल गरेका छन् । उनी सन् १९३४ र १९३८ का च्याम्पियन प्रशिक्षक हुन् ।

साउदीले दक्षिण अमेरिकी च्याम्पियनको अपराजित यात्रा ३६ खेलमा टुंग्याइदिए पनि मेक्सिको, पोल्यान्ड, अस्ट्रेलिया, नेदरल्यान्ड्स र चार वर्षअघिको उपविजेता क्रोएसियालाई हराएर अर्जेन्टिना ८ वर्षपछि फाइनलमा उभिएको हो । अर्जेन्टिनाले प्रत्येक खेलमा सुधार गर्दै आएको छ । एउटा टिमका रूपमा संगठित देखिएको छ, राम्रो गरिरहेको छ । प्रदर्शनको हिसाबले पनि टिमको नेतृत्व मेसीले गरिरहेका छन् ।

पहिलोपल्ट हिउँदमा आयोजित विश्वकपमा बालोन डी'अर विजेता करिम बेन्जेमा, पाउल पोग्बा, एन्गोलो कान्टे, क्रिस्टोफर एन्कुन्कु, प्रेसनल किम्बेम्पे चोटका कारण उपलब्ध नभएपछि फ्रान्स समस्यामा परेको थियो । डिफेन्डर थियो हर्नान्डेज समूह चरणमै घाइते भए । तर, नयाँ खेलाडीहरूलाई उतारेर भए पनि फ्रान्सले कतारमा सुरुबाटै राम्रो प्रभाव देखायो । समूहको अन्तिम खेलमा ट्युनिसियाविरुद्ध हारेको खेलले ठूलो अर्थ राख्दैन । समूहमा अस्ट्रेलिया, डेनमार्क, नकआउटमा पोल्यान्ड, इंग्ल्यान्ड र मोरक्कोलाई पराजित गरेको फ्रान्स उपाधि रक्षाको अभियानमा फाइनल पुगेको हो । नयाँ भूमिकामा एन्टोनी ग्रिजमन उत्कृष्ट प्लेमेकर दरिएका छन् । उनीसँगै २३ वर्षीय फरवार्ड केलियन एमबाप्पे र ओलिभर जिरुडमा फ्रान्सेली टिम निर्भर छ ।

फ्रान्स र अर्जेन्टिना रुसमा सन् २०१८ मा भएको विश्वकपको अन्तिम १६ मा भिडेका थिए । कजानमा भएको रोचक खेल ४-३ ले जितेको फ्रान्स पछि फाइनलमा क्रोएसियालाई ४-२ ले हराएर च्याम्पियन नै भयो । त्यसयता अर्जेन्टिना र फ्रान्स पहिलोपल्ट भिड्न लागेका हुन् । यी दुईबीच विश्वकपमा तीन खेल भएको छ । अघिल्ला दुई खेल अर्जेन्टिनाले जितेको थियो । यी दुई चार वर्षपछि पहिलोपल्ट आपसमा खेल्न लागेका हुन् ।

कजानमा मेसीको टिमले अन्तिम क्षणसम्म संघर्ष गरेको थियो । उक्त खेलमा दुई गोल गरेका एमबाप्पेको प्रदर्शन निर्णायक थियो । यसपालिको भेटमा पनि एमबाप्पेकै प्रदर्शन निर्णायक बन्न सक्छ । किनभने उनी अग्रपंक्तिमा फ्रान्समा मुख्य हतियार हुन् । एक किसिमले फाइनल मेसी र एमबाप्पेको प्रतिस्पर्धा पनि हो । यी दुई ५-५ गोलसहित गोल्डेन बुटको होडमा छन् । सर्वाधिक गोलकर्ताको सूचीमा एक असिस्ट बढी भएकाले मेसी अगाडि छन् । पेनाल्टीमा तीन गोल गरेका मेसीजस्तै एमबाप्पे पनि कुनै पनि क्षण खेलको नतिजा उल्टाउन योग्य छन् ।

अग्रपंक्तिमा मेसी र एमबाप्पेका सहकर्मीले पनि राम्रै गरिरहेका छन् । रुसमा च्याम्पियन हुँदा सबै खेल सुरुबाटै खेलेर पनि गोलको खाता खोल्न नसकेका ३६ वर्षीय ओलिभर जिरुडले कतारमा ४ गोल गरेका छन् । २१ वर्षीय जुलियन अल्भारेजले पनि ४ गोल गर्दै अर्जेन्टिनी आक्रमणलाई बलियो बनाइरहेका छन् । लुसेलमा आइतबार दुवै टिमका डिफेन्सको एउटा गल्ती पनि हारजितको कारण बन्न सक्छ । मेसीप्रेरित अर्जेन्टिनामा भावनात्मक एकता छ । त्यसैले अर्जेन्टिनालाई गोल खाँदा पनि धैर्य हुनु जरुरी छ । खेलाडीको व्यक्तिगत कौशलका आधारमा फ्रान्स बलियो छ । तर, एमबाप्पे र ग्रिजमन चलेनन् भने उपाधि जोगाउने लक्ष्य पूरा नहुन सक्छ ।

विश्वकपको ९२ वर्षको इतिहासमा इटाली र ब्राजिलले मात्रै लगातार उपाधि रक्षा गरेका छन् । इटालीले प्रशिक्षक पोज्जोको पालामा सन् १९३४ र १९३८ तथा ब्राजिलले पेलेको युगमा १९५८ र १९६२ मा विश्वकप जितेका थिए । ब्राजिलपछि उपाधि रक्षा गर्ने पहिलो टिम बन्ने दाउमा छ फ्रान्स । मारियो केम्पेस (१९७८) र डिएगो म्याराडोना (१९८६) को उत्कृष्ट प्रदर्शनमा अर्जेन्टिना विश्वविजेता भएको थियो । मेसीले पनि त्यस्तै उपलब्धि दिलाउने आस अर्जेन्टिनी र उनका समर्थकले गरेका छन् ।

दक्षिण अमेरिका र युरोपेली फुटबलको प्रतिष्ठाको प्रतिस्पर्धा पनि हो फाइनल । यी दुई महादेशबाहिरका टिमले विश्वकपको फाइनल खेलेका छैनन् । ब्राजिलले कीर्तिमान पाँचौंपल्ट विश्वकप सन् २००२ मा जितेको थियो । त्यसयता दक्षिण अमेरिकी टिम च्याम्पियन भएको छैन । यसबीच युरोपेली टिमले १२ औंपल्ट विश्वकप ट्रफी उचाल्न भ्यायो । दक्षिण अमेरिकी टिम ९ उपाधिमै रोकिएको छ । लुसेलमा आइतबार अर्जेन्टिना र फ्रान्समध्ये जसले बाजी मारे पनि त्यो उसको तेस्रो उपाधि हुनेछ ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
केन्द्रिय कार्यालय, थापाथली, काठमाण्डौं ।

## खातामा स्थायी लेखा नम्बर अद्यावधिक गर्नुहुन एन आई सी एशिया बैंकको अत्यन्त जरूरी सूचना

यस बैंकका ग्राहक महानुभावहरूको खाताबाट गरिएको करकट्टीको विवरण "आयकर ऐन २०५८" बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर (Permanent Account Number) प्रणालीमा आवद्ध गर्नुपर्ने भएकोले ग्राहक महानुभावहरूलाई बैंकको वेबसाइट www.nicasiabank.com वा मोबाइल बैंकिङ्ग एप (NIC ASIA MoBank) मा रहेको "PAN Update" मा ट्याब गरी आफ्नो स्थायी लेखा नम्बर यथाशिघ्र अद्यावधिक गर्नुहुन सूचित गरिन्छ ।

ग्राहक महानुभावहरुबाट स्थायी लेखा नम्बर अद्यावधिक भएपश्चात् निजहरुको करकट्टीको विवरण (E-TDS) सो नम्बरमा प्रविष्ट हुने हुँदा आयकरको प्रणालीले स्वचालित रुपमा अनुसूची १० मा करकट्टीको विवरण मिलान गर्ने गर्दछ । जसले ग्राहक महानुभावहरूलाई करकट्टी प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सहज हुनुका साथै प्रमाणपत्र लिन बैंकसम्म धाउनुपर्ने अवस्थाको अन्त्य गर्नेछ ।

साथै, यसअघि बैंकलाई स्थायी लेखा नम्बर उपलब्ध गराएर पनि करकट्टीको विवरण समावेश नभएको खण्डमा बैंकको नजिकैको शाखा कार्यालय वा ग्राहक सम्पर्क केन्द्रको नम्बरहरु १६६०-०१-७७७७१, ०१-५९७०१०१ मा सम्पर्क गर्नुहुन समेत यसै सूचनामार्फत अनुरोध गर्दछौं ।

ISO 9001 Certified Bank
CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि


# प्रधानमन्त्रीमा दाहाल...

कार्कीले भने, 'प्रचण्डजीको भावना पनि गठबन्धनकै साथमा अघि बढ्नेछ । को प्रधानमन्त्री हुने भन्ने कुरामा सहज रूपमा सहमति हुन्छ ।'

स्रोतहरूका अनुसार दाहालले देउवामाथि दबाब बढाउन पार्टीका दोस्रो तहका नेतालाई एमालेसँगको वार्तामा समेत सामेल गराएका छन् । देउवाले पनि दोस्रो तहका नेतामार्फत एमाले नेताहरूसँग अनौपचारिक संवाद अघि बढाएका छन् । स्रोतका अनुसार माओवादीले यसपटक देउवालाई दबाबमा राख्नमात्रै नभएर प्रधानमन्त्रीको 'बटमलाइन' नै बनाउने योजना अघि सारिरहेको छ । कांग्रेसले डेढ वर्ष सरकार चलाइसकेको र जनादेशले पनि यथास्थितिमा रहने सुविधा नभएकाले आफू सरकारमा आउँदा परिवर्तनको आभास दिन सकिने दाहालको तर्क छ ।

गठबन्धनबाटै दाहाललाई प्रधानमन्त्री बनाउन कांग्रेसकै कतिपय नेता पनि चाहन्छन् । देउवाको शासकीय शैलीले कांग्रेसको जनमत अझै घटाउन सक्ने भन्दै कांग्रेसको संस्थापनइतर पक्षका अधिकांश नेताको चाहना दाहाललाई प्रधानमन्त्री बनाउनेतिर छ । 'देउवाबाट शासकीय सुधार होला भनेर अब अपेक्षा गर्न सकिँदैन, दाहाललाई प्रधानमन्त्री बनाउने र रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीलाई समेत सरकारमा सामेल गरेर राम्रो मन्त्रिपरिषद् बनाउन सक्दा परिवर्तनको केही आशा गर्न सकिन्छ,' कांग्रेसका एक नेताले भने ।

देउवाले आन्तरिक समीकरणमा खेलेर मात्रै नभई विदेशी शक्तिलाई समेत रिझाएर आफैं प्रधानमन्त्री बन्न खोजिरहेको बुझाइ कतिपय नेतामा छ । चुनावको सम्पूर्ण परिणाम नआउँदै भारतीय राजदूत नवीन श्रीवास्तवले प्रधानमन्त्री देउवा र गठबन्धनको दोस्रो दल माओवादीका अध्यक्ष दाहालसँग भेटेका थिए । श्रीवास्तवले प्रधानमन्त्रीसँग दुईचोटि भेटिसकेका छन् । एउटै दललाई सहजै सरकार बनाउने अंकगणित नभएकाले यही तरलतामा खेलेर विदेशी शक्तिकेन्द्रले कसलाई राष्ट्रपति र प्रधानमन्त्री बनाउने भन्ने भूमिका खेल्न थालेको अनौपचारिक संवादमा नेताहरू बताउँछन् ।

'गैरराजनीतिक व्यक्तिलाई राष्ट्रपति बनाउने चर्चा नै विदेशीको स्वार्थअनुकूल आएको हो, राजनीतिक दलहरूले ल्याएको होइन,' अन्तर्राष्ट्रिय मामिलाका जानकारसमेत रहेका कांग्रेसका एक नेताले भने, 'उनीहरूको प्राथमिकता सत्ता गठबन्धनलाई निरन्तरता दिएर देउवालाई प्रधानमन्त्री बनाउने भन्ने छ । देउवा प्रधानमन्त्री हुँदा कांग्रेसलाई राष्ट्रपति दिन माओवादी तयार नहुने भएकैले सबैलाई मान्य हुने गरी कार्यकारी र न्यायालयका पूर्वप्रमुख खिलराज रेग्मी वा त्यस्तै अरू व्यक्तिलाई राष्ट्रपति बनाउने विषय चर्चामा आएको हो ।'

गैरराजनीतिक व्यक्तिलाई त्यसमा पनि न्यायालयका पूर्वप्रमुखलाई राष्ट्रपति बनाउने कुरा संविधानसम्मत नहुने भन्दै कांग्रेस नेताहरूले नै विरोध गर्न थालेका छन् । पूर्वप्रधानन्यायाधीश वा न्यायाधीशलाई राष्ट्रपति बनाउने परम्परा बसाउने हो भने न्यायालयले कार्यकारीसँग सौदाबाजी गर्ने, शक्ति पृथकीकरणको सिद्धान्त समाप्त हुने र न्यायालयप्रतिको भरोसासमेत टुट्ने भन्दै नेताहरूले नेतृत्वलाई त्यस्तो जोखिमको बाटो नलिन सुझाएका छन् ।

कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले राष्ट्रपतिको विषयले गम्भीर बनाएको भन्दै गैरराजनीतिक व्यक्ति राष्ट्रपति बनाउन नहुने संकेत गरेका छन् । 'राष्ट्रपति देश, जनता र संविधानसभाले बनाएको संविधानप्रति दिल-दिमागबाट पूर्णरूपमा प्रतिबद्ध भएको व्यक्ति बन्नुपर्छ, यो कुरामा कांग्रेसले कसैसँग सम्झौता गर्न सक्दैन, गर्न हुँदैन,' उनले शनिबार सामाजिक सञ्जालमा लेखेका छन् ।

सांसदले शपथ नलिँदै कांग्रेसले दलको नेता चयन गर्ने तयारी गरेको छ । त्यसका लागि आइतबार पार्टीको केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाइएको छ । बैठकले दलको नेता चयनका लागि निर्वाचन समिति गठन गर्ने र सोमबार वा मंगलबार नै नेता चयनको प्रक्रिया अघि बढाउने भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले ०७४ को निर्वाचनलगत्तै केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउँदा बसालेको परम्पराअनुसार नै सरकार निर्माणका लागि तीन दिन समय दिएर आह्वान गर्न सक्ने संकेत आएकाले दलको नेता चयन चाँडै गर्नुपर्ने अवस्था आएको कांग्रेसका एक नेताले बताए ।

०७४ मा निर्वाचन आयोगले परिणामसहितको प्रतिवेदन बुझाउनासाथ ओली प्रधानमन्त्री पदमा नियुक्तिका लागि माओवादीको समर्थनपत्र लिएर गएका थिए । सांसदको शपथसमेत नलिएका ओलीलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गरेकी थिइन् । त्यसलाई असंवैधानिक भन्दै यसपटक शपथपछि मात्रै प्रधानमन्त्री नियुक्तिको दाबी लिएर जाने योजना सत्ता गठबन्धनको थियो । तर, गठबन्धनले मागदाबी गर्नुअगावै राष्ट्रपतिले सरकार गठनका लागि आह्वान गर्न सक्ने भन्दै कांग्रेसले तत्काल दलको नेता चयन गर्न लागेको हो ।

दलको नेताका लागि देउवा आफैं भिड्ने भएका छन् । देउवासँग प्रतिस्पर्धा कसले गर्ने भन्ने संस्थापन इतरपक्षमा अहिलेसम्म सहमति बनेको छैन । महामन्त्री गगन थापाले निर्वाचनकै बेला दलको नेतामा चुनाव लड्ने घोषणा गरिसकेका छन् । मौन रहँदै आएका नेता शेखर कोइरालालाई उनीनिकट नेताहरूले दलको नेता उठ्न दबाब दिइरहेका छन् । 'शेखर र गगनबीच अहिलेसम्म को उठ्ने भन्ने समझदारी बनेको छैन, दुवै नेता उठ्ने प्रबल सम्भावनासमेत छ,' एक केन्द्रीय सदस्यले भने, 'अघिपछि नेतृत्व बदल्ने भनेर क्रान्तिकारी भाषण दिने नेताहरू नै आखिरी समयमा शेरबहादुरलाई सहयोग पुर्‍याउने भूमिकामा देखिन थालेका छन् ।'




# अन्डरडगसमै खुसी अर्जेन्टिना

दोहा (एएफपी)- डिफेन्डिङ च्याम्पियन फ्रान्ससँग आइतबार विश्वकपको फाइनल खेल्ने तयारी गरिरहँदा अर्जेन्टिनाका गोलरक्षक इमिलियानो मार्टिनेज आफ्नो टोली 'अन्डरडग्स' भएकोमै खुसी छन् । लुसेल रंगशालामा हुने फाइनलमा उत्रँदा अर्जेन्टिनासँग गत वर्षको कोपा अमेरिकाको सफलता अनुभव र लियोनेल मेसीको उत्कृष्ट लय हुने मार्टिनेज बताउँछन् ।

अर्जेन्टिनाले गत वर्ष रियो दी जेनेरियोको माराकाना रंगशालामा प्रमुख प्रतिद्वन्द्वी ब्राजिललाई हराएर कोपा अमेरिकाको उपाधि जितेको थियो । उक्त सफलताको सम्झना र मेसीको उपस्थितिका कारण फ्रान्ससँग फाइनलमा डराउनुपर्ने कुनै कारण नरहेको मार्टिनेज बताउँछन् ।

'ब्राजिलमा हामीले कोपा अमेरिका जित्दा सबैले ब्राजिललाई नै दाबेदार मानेका थिए,' मार्टिनेजले शनिबार भने, 'हामी जहिल्यै पनि प्रतिद्वन्द्वी टोली दाबेदार रहेको सुन्न मन पराउँछौं । किनभने त्यसले आफू नै सर्वोच्च हो वा उनीहरू कमजोर हो भन्ने मानसिकताबाट बाहिर राख्छ र अहिले पनि त्यही भइरहेको छ । धेरैले फ्रान्सलाई दाबेदार भनिरहेका छन् । तर, हामीसँग अहिलेसम्मकै उत्कृष्ट खेलाडी छन् ।'

फ्रान्ससँगको फाइनल खेल मेसीको विश्वकपमा अन्तिम खेलजस्तै हो, जसलाई उनी उपाधिले सुसज्जित गर्न चाहन्छन् । गत वर्ष कोपा अमेरिका जितेयता मेसीले आफ्नो खेललाई अर्को स्तरमा पुऱ्याएको मार्टिनेजको बुझाइ छ । 'मैले कोपा अमेरिकामा महान् मेसीलाई देखें । अहिले विश्वकपमा मेसी त्योभन्दा उच्च लयमा छन्,' मार्टिनेजले भने, 'उनी शारीरिक हिसाब र फुटबलको हिसाबमा राम्रो खेलिरहेका छन् । कोपा अमेरिकाभन्दा उनले यहाँ झनै राम्रो खेलिरहेका छन् । यसले टोलीका सबै खेलाडीमा स्फूर्ति जगाएको छ । उनी आफैं पनि निकै उत्साहित छन् । उनी निकै आनन्दित छन् र यसले हामीलाई पनि राम्रो खेल्न मद्दत गर्छ ।'


एएफपी

मेसी र पेरिस सेन्ट जर्मनबाट खेल्ने उनका सहपाठी फ्रान्सका फरवार्ड केलियन एमबाप्पेबीच नै फाइनल खेल केन्द्रित हुनेमा अर्जेन्टिनाका प्रशिक्षक लियोनल स्कालोनी सहमत देखिएनन् । 'अब हुन लागेको खेल अर्जेन्टिनाविरुद्ध फ्रान्स हो, मेसीविरुद्ध एमबाप्पे होइन । यो खेल यी दुई खेलाडीभन्दा बाहिरको विषय हो,' स्कालोनीले भने, 'हाम्रो हतियार र हाम्रो शक्ति भनेको निश्चय नै हाम्रा खेलाडी हुन्, यी दुई खेलाडीमात्र होइनन् । मेसीले राम्रो गरिरहेका छन् र हामी जित्छौं भन्ने विश्वास छ । तर अर्जेन्टिना र फ्रान्सबीचको यस्तो खेल हुनेछ, जसलाई धेरै खेलाडीले परिभाषित गर्न सक्नेछन् । यो फाइनल खेल व्यक्तिगत टकरावभन्दा पनि संयुक्त प्रयासका लागि हुनेछ ।'

यता आर्सेन वेंगरले ३५ वर्षे मेसीलाई 'आर्केस्ट्राका नेता' भनेर प्रशंसा गरेका छन् । मेसीले आफ्नो गतिबाट विपक्षीलाई चोट पुऱ्याउने गरेको फिफा फुटबल डेभलपमेन्ट प्रमुख रहेका आर्सनलका पूर्व व्यवस्थापक वेंगरले बताए । 'मेसी आर्केस्ट्राका प्रमुख हुन् । उनीको सामीप्यतामा बल आएपछि संगीत सुरु हुन्छ । आर्केस्ट्राका बाँकी सदस्य पनि कडा मिहिनेत गर्नलाई तयार छन् ।'






## रोड्रिगो डी पाउल (अर्जेन्टिना)

अर्जेन्टिनाले फाइनलसम्म यात्रा गर्दा सबै ६ खेल खेलेका डी पाउलले कुनै गोल सकेका छैनन्, तर उनी टोलीका महत्त्वपूर्ण खेलाडी हुन् । स्ट्राइकरद्वय लियोनल मेसी र जुलियन अल्भारेजको ठीकमुनि रहेर खेल्ने उनले अग्रपंक्तिसम्म समन्वय मिलाउनुका साथै रक्षापंक्तिसँग जोडिन पुग्छन् । २०१८ को विश्वकपपछि उनी अर्जेन्टिनी टोलीमा आएका थिए । गत वर्ष अर्जेन्टिनाले कोपा अमेरिका जित्दा उनले इक्वेडरविरुद्ध क्वाटरफाइनलमा गोल गर्नुका साथै फाइनलमा एन्जल डी मारियालाई गोल गर्न पास उपलब्ध गराइदिएका थिए । त्यसयता २८ वर्षे उनले एट्लेटिको मड्रिडबाट खेल्दै आएका छन् ।



## एन्टोनी ग्रिजमन (फ्रान्स)

ग्रिजमनको फेरिएको खेलशैली कतार विश्वकपमा स्पष्ट देखिन्छ । विगतमा फरवार्डको भूमिका खेल्दै आएका उनले अहिले फ्रान्सेली टोलीका अग्रपंक्तिका खेलाडीहरू केलियन एमबाप्पे, ओसमान डेम्बेले र ओलिभर जिरुडलाई सघाउँदै आएका छन् । उनले ६ खेल खेल्दै ३ गोलमा पास उपलब्ध गराइसकेका छन् । फ्रान्सले मोरक्कोमाथि सेमिफाइनलमा २-० को विजय हात पार्दा एट्लेटिको मड्रिडका ३१ वर्षे खेलाडी प्लेयर अफ द म्याचमा चुनिएका थिए । उनले पहिलो गोलको सिर्जना गर्दा खेलको अन्त्यतिर मोरक्कोको चुनौती निस्तेज पार्न रक्षापंक्तिमा सहयोगी भूमिकामा थिए ।







# क्रोएसियालाई 'नचाहेको' तेस्रो स्थान

दोहा (एएफपी)- मिस्लाभ ओर्सिचले कर्लिङ प्रहारमा विजयी गोल गरेपछि क्रोएसियाले शनिबार मोरक्कोलाई २-१ ले पराजित गर्दै विश्वकप फुटबलमा तेस्रो स्थान हात पारेको छ । कतारमा एक स्टारमध्ये जस्को गभार्डिओलले दोहास्थित खलिफा अन्तर्राष्ट्रिय रंगशालामा क्रोएसियालाई सातौं मिनेटमै अग्रता दिलाए ।

लगत्तै अचरफ दारीले लगत्तै मोरक्कोलाई बराबरीमा ल्याए । पहिलो हाफको अन्त्यतिर ओर्सिचले सानदार गोल गर्दै क्रोएसियालाई तेस्रो स्थान दिलाए । युरोपियन टोलीले विश्वकपमा तेस्रो स्थानको खेलमा विजय हात पारेको यो लगातार ११ औं पटक हो ।

यो खेलमा केवल २० लाख डलरका लागि प्रतिस्पर्धा थियो । त्यसैले धेरैले तेस्रो स्थानको प्लेअफ खेललाई 'नचाहेको खेल' भनेर लिने गरेका छन् । क्रोएसियाले तेस्रो हुँदै २ करोड ७० लाख डलर र मोरक्कोले २ करोड ५० हजार डलर पाए ।

विश्वकपको सेमिफाइनलमा पुग्ने पहिलो अफ्रिकी टोलीको इतिहास बनाएको मोरक्कोले कतार आएपछिको पहिलो खेलमा निकै कसिलो र फुर्तिलो खेल खेल्दै क्रोएसियालाई गोलरहित बराबरीमा रोकेको थियो । तर यसपालि मोरक्को टोली त्यस्तो देखिएन । मोरक्कोका गोलरक्षक यासिन कोनोउले खेलको सुरुआतमै झन्डै आफ्नो पोस्टमा गोल गर्न पुगेका थिए ।

सुरुदेखि नै खेलमा हाबी भएको क्रोएसियाले अग्रता लिन धेरै समय लगाएन । इभान पेरिसिचको सानदार फ्रिकिकमा लोभारो माजेरले गरेको हेडमा गभार्डिओलले हेडमै गोल गरेका थिए । त्यसको दुई मिनेट नबित्दै मोरक्कोका हकिम जिएचको फ्रिकिकमा माजेरको हेड हुँदै आएको बलमा दारीले क्रोएसियाका गोलरक्षक डोमिनिक लिभाकोभिचलाई कुनै अवसर दिएनन् ।


गत वर्ष फाइनल खेलेको क्रोएसियाले सन् १९९८ को विश्वकपमा पनि तेस्रो स्थान हात पारेको थियो । टोलीका कप्तान लुका मोड्रिचले विश्वकपमा आफ्नो अन्तिम खेल खेलेका थिए । ३७ वर्षे उनको यो १ सय ६२ औं क्याप थियो ।

मोरक्कोले सेमिफाइनलसम्मको यात्रामा सनसनी मच्चाएको थियो । क्रोएसियासँगको पहिलो खेलपछि टोलीले बेल्जियमलाई २-० ले, क्यानडालाई २-१ ले पराजित गर्दै समूह विजेता भएर नकआउट चरणमा स्थानमा बनाएको थियो । त्यसपछि अन्तिम १६ मा स्पेनसँग १ सय २० मिनेटको खेलमा गोलरहित बराबरीपछि पेनाल्टीमा ३-० को विजय नतिजा निकालेको थियो । पोर्चुगलविरुद्ध क्वाटरफाइनलमा १-० को जितपछि मोरक्कोले विश्वकपमा अफ्रिकी टोलीको इतिहास रचेको थियो ।


एएफपी




## हिजोको नतिजा



**क्रोएसिया २-१ मोरक्को**

(जस्को गभार्डिओल ७, मिस्लाभ ओर्सिच ४२)-(अचरफ दारी ९)

तेस्रो स्थानको पदकसहित क्रोएसियाका लुका मोड्रिच

*तस्बिर : एपी*






Budweiser | FIFA WORLD CUP Qatar2022

# ENJOY FIFA WORLD CUP 2022 WITH BUDWEISER AT THESE VENUES

## THE WORLD *IS* #YOURS*TO*TAKE

UP TOWN
Jhamsikhel

AI-LA LOUNGE
Kumaripati

DHOKAIMA CAFÉ
Patan Dhoka

STATION PUB
Golfutar

BAR HOUSE SPORTS CLUB
Pepsicola

CALM RESTAURANT
Tangal

HARD ROCK CAFÉ
Durbarmarg

OCTAVE LOUNGE
Durbarmarg

VINTAGE FAMILY RESTAURANT
Dharan

GURUNG BBQ
Dharan

LINGBARI RESTAURANT
Dharan

AYDEN BOUTIQUE HOTEL
Birtamod

PIPELINE BEER BAR
Narayanghad

THE GALAXY EMPIRE
Narayanghad

LIME & LEMON LOUNGE
Bharatpur

HOTEL DAILO
Bharatpur

CALM RESTAURANT
Pokhara

THE FLAMES LOUNGE
Pokhara

FAT MONKEY
Pokhara

LAVISH LOUNGE
Butwal

BITTERS ROOM SPORTS BAR
Butwal

BAGAICHA FAMILY RESTAURANT
Dharan

TAPPS SPORTS GRILL
Butwal

KUSH GARDEN
Biratnagar

PIT STOP SPORT BAR
Lazimpat

LA PLAZA
Krishnagalli

MOKSH
Jhamsikhel

PLAN B
Thamel

PALM BEACH
Pokhara

GOOD MIXTURE
Bhaisipati

GARAGE CAFÉ
Bhaisipati

SKY PARK
Bhaisipati

B20 RESTAURANT
Bhaisipati

NELPA RESTAURANT
Bhanimandal

NEPAL HOUSE
Hattisar

SECRETS HOOKAH
Jhochen

VAULT RESTRO
Jhochen

DABALI RESTRO
Jhochen

SZECHAUN RESTAURANT
Mephi

FOOD 'O CLOCK
Nayabazar

3 WISE MONKEY
Thamel

ENTRANCE CAFÉ
Chakupat

PUB FICTION SPORTS BAR
Imadol

GREAN LEAF RESTAURANT
Jawlakhel

HOTEL BIRAJMAN
Jhamsikhel

TITOS PUB
Jhamsikhel

SUPPER CLUB
Thamel

TITOS PUB
Thamel

KC'S RESAURANT
Thamel

BUZZ CAFÉ
Baluwatar

KARMA LOUNGE
Tripureshwor

BEERS AND CHEERS
Jhamsikhel

VIVANTA BY TAJ
Jhamsikhel

G.G MACCHAN
Jhamsikhel

YELLOW POMELO
Jhamsikhel

URBAN PRESS
Kupondole

GAUTAM HOTEL
Bardibas

KOMAL HOTEL
Dhalkebar

HELLO BURGER
Lalbandi

HOTEL NEPALIRIKA
Damak

WAIVERS INN
Lagankhel

WICKED VILLA
Nagdhunga

SOCIAL BY EXOTIC
Pulchowk

AMBIENCE 365
Pulchowk

DOKDO SARANG
Sanepa

HOTEL MECHI CROWN
Birtamod

HOTEL KINGS BURY
Birtamod

TIMES SQUARE
Baluwatar

CAVIER RESTAURANT
Baluwatar

NEPAL HOUSE
Baluwatar

THE GROUNDS & BAR
Bansbari

ODAAN LOUNGE
Bansbari

ELEVATE LOUNGE & BAR
New Road

ROYAL CHULO & BAR
Bishalnagar

EXOTICA CAFÉ
Guheshowri

HOTEL SABRINA
Hattigauda

GOSSIP CAFÉ
Hattisar

ADDRESS LOUNGE
Kalikasthan

BAR1
Jhamsikhel

MIKES BREAKFAST
Lazimpat

LAVISH BY AKASH
Lazimpat

HOTEL RADISSON
Lazimpat

HOTEL AMBASSADOR
Lazimpat

CAFÉ DE TUKUCHE
Lazimpat

JAR
Mid Baneshwor

XO XO LOUNGE & BAR
Maharajgunj

HOTEL SAMBALA
Maharajgunj

CLUB HIMALAYA
Nagarkot

HAO PIN HOT POT
Naxal

BLACKBIRD COCKTAIL BAR
Thamel

HOTEL MARRIOTT
Naxal

CHINESE KITCHEN
Baluwatar

DATES THE RESTRO
Tangal

LAVIE GARDEN
Boudha

HOTEL CROWN IMPERIAL
Soltimod

GANGAUR BOUTIQUE HOTEL
Hattisar

TRANZIT CAFÉ
Maitighar

HIDEAWAY FOOD & DRINKS
Mid Baneshwor

BAMBOOZE COTTAGE
Mitrapark

CITYSCAPE LOUNGE
New Baneshwor

LOTUS LOUNGE AND BAR
Birtamod

PAALCHA NEWARI KITCHEN
Jawlakhel

HOTEL KIMBU
Sanepa

CHITLANG RESORT
Chitlang

TREASURE LOUNGE
Pokhara

HOTEL EVEREST
Naya Baneshwor

BRAVO COFFEE
Mid Baneshwor

GRILL FATHER
Mid Baneshwor

PALA DRINKS
Thamel

GOUDHALI FOODLAND & EVENTS
Tokha

RACQUET RESTAURANT & BAR
Kapan

DHANWANTERI FUTSAL & RESTAURANT
Bhatkyapool

DUNGA RESTRO
Pokhara

KARLO RESTAURANT
Butwal

02 LOUNGE AND BAR
Pokhara




FOR NEAREST OUTLET

THE OFFICIAL BEER OF THE FIFA WORLD CUP™

*ENJOY RESPONSIBLY

**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

# प्रदेश सरकार गठन प्रक्रिया सुरु

निर्वाचनको अन्तिम परिणाम घोषणा भएको २० दिन प्रदेशसभा अधिवेशन आह्वान गर्नुपर्ने संवैधानिक व्यवस्था छ

**देवनारायण साह** (मोरङ)

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले प्रदेश १ प्रमुख पर्शुराम खापुङलाई प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम शनिबार बुझाएका छन् । अन्तिम मत परिणाम प्रदेश प्रमुखलाई बुझाइसकेपछि नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले ९३ सदस्यीय प्रदेशसभामा एमालेले ४०, कांग्रेसले २९, माओवादी केन्द्रले १३, राप्रपाले ६, नेकपा (एकीकृत समाजवादी) ले ४ र जनता समाजवादी पार्टीले एक जना प्रदेश सांसद प्राप्त गरेको अन्तिम परिणाम प्रदेश प्रमुख खापुङलाई हस्तान्तरण गरेका हुन् । आयोगले प्रत्यक्षतर्फ ५६ र समानुपातिकतर्फ ३७ सदस्यको अन्तिम परिणाम बुझाएको हो । आयोगका अनुसार निर्वाचित प्रदेशसभा सदस्यमध्ये ३३ महिला र ६० पुरुष छन् । समुदायगत प्रतिनिधित्वका आधारमा आदिवासी जनजाति समुदायका ३८, खस/आर्य समुदायका ३७, मधेसी समुदायका ७, थारू र राजवंशी समुदायका ५, दलित समुदायका ४ र मुस्लिम समुदायका २ जना निर्वाचित भएका छन् ।

आयोगबाट निर्वाचन परिणाम औपचारिक रूपमा प्राप्त भएपछि नयाँ सरकार गठन प्रक्रिया सुरु गर्न बाटो खुलेको र संवैधानिक व्यवस्थाअनुसार छिट्टै प्रक्रिया अघि बढाउने खापुङले बताएका छन् । प्रतिवेदन बुझ्दैसँगै सरकार गठनलगायतको प्रक्रिया सुरु गर्ने बाटो खुलेको प्रस्ट उनले पारेका छन् । यस प्रदेशमा कुनै एउटा दललाई बहुमत प्राप्त नभएकाले संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

यस प्रदेशमा सत्ता गठबन्धन दल कांग्रेस, एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीको गरी ४६ प्रदेश सांसद मात्रै प्राप्त भएको छ । यता एमालेलाई ४०, एमालेसँग तालमेल गरेर चुनाव लडेका राप्रपाको ६ र जनता समाजवादी पार्टीको एक गरी सरकार गठनका लागि आवश्यक ४७ प्रदेश सांसद पुगेको छ । तर निर्वाचनमा तालमेल गरेका राप्रपा र जनता समाजवादीले सरकार गठनमा कोसँग तालमेल गर्नेबारे स्पष्ट भइनसकेकाले सरकार गठन प्रक्रिया पेचिलो बनेको छ ।

राप्रपा र जनता समाजवादी पार्टीसम्बद्ध प्रदेश १ का नेताहरूले पार्टी केन्द्रीय कमिटी बैठकले प्रदेश सरकारमा सहभागी हुने वा नहुने वा कोसँग तालमेल गरेर सरकारमा जाने विषयमा निर्णय लिएपछि त्यहीअनुसार अघि बढ्ने बताउँदै आएका छन् । एमालेका नवनिर्वाचित प्रदेश सांसद हिक्मत कार्कीले प्रतिनिधिसभामा पहिलो पार्टी कांग्रेसले आफ्नो नेतृत्वमा जुन आधारमा सरकार गठनको विषयमा बोलिरहेको छ त्यही आधारमा यस प्रदेशको सबैभन्दा ठूलो दल एमालेले सरकार गठन गर्ने दाबी गरेको बताए ।

यता, माओवादी केन्द्रका नवनिर्वाचित प्रदेश सांसद एवं आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले राप्रपा र जनता समाजवादी पार्टीले कसैसँग सरकारमा जाने निर्णय गरिनसकेकाले अन्ततः सत्ता गठबन्धनकै सरकार बन्ने दाबी गरेका छन् । यो आधारमा प्रदेश सरकार गठनमा ढिलाइ हुने देखिएको छ । संघमा सरकार गठनको स्पष्ट मार्गचित्र आइसकेपछि मात्रै यस प्रदेशमा सरकार गठनको बाटो खुल्ने अवस्था रहेको राजनीतिक विश्लेषक भेषप्रसाद धमलाले बताए । 'संघमा कुन-कुन दलबीच गठबन्धन भएर सरकार निर्माण हुन्छ, त्यसकै आधारमा प्रदेशमा पनि सरकार गठन हुन्छ,' उनले भने, 'त्यसैले केन्द्रको टुंगो नलागुन्जेल यो प्रदेश सरकारले हतारोमा कुनै निर्णय लिन सक्ने अवस्था छैन ।' संविधानको धारा १६८ को उपधारा (३) मा प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति प्रक्रिया पूरा गरिसक्नुपर्ने व्यवस्था छ । संविधानको धारा १८३ अनुसार प्रदेश प्रमुखले निर्वाचनको अन्तिम परिणाम घोषणा भएको २० दिन प्रदेशसभाको अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । संविधानको धारा १७९ मा प्रदेशसभाका सदस्यहरूले प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि प्रदेश कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ । संविधानको धारा १८२ को उपधारा (५) मा प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रदेशसभा बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७५ को धारा १९ मा प्रदेशसभा सदस्यले प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेशसभाको अध्यक्षता गर्ने व्यक्तिसमक्ष शपथ लिनुपर्नेछ । तर संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुखसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

प्रदेशसभाको ५६ जना निर्वाचित र समानुपातिकमा नाम सिफारिस भएकामध्ये उमेरका आधारमा सबैभन्दा ज्येष्ठ प्रदेश सांसद मोरङ क्षेत्र ५(१) बाट निर्वाचित कांग्रेसका ७९ वर्षीय गयानन्द मण्डल गनगाई रहेका छन् । उनले नै प्रदेश प्रमुखसमक्ष शपथ लिएपछि अन्य प्रदेश सांसदलाई शपथ ग्रहण गराउने र पहिलो प्रदेशसभा बैठकको अध्यक्षता गर्नेछन् ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले संघीय संरचनामा प्रदेशलाई गतिलो र बलियो बनाउने उद्देश्यले कानुनी व्यवस्थालाई सकारात्मक रूपमा व्याख्या गरेर सातवटै प्रदेश प्रमुखसमक्ष एकै समयमा प्रदेशसभाको अन्तिम परिणाम पेस गरेको बताएका छन् । प्रदेश प्रमुख पर्शुराम खापुङलाई प्रदेशसभाको अन्तिम परिणाम बुझाएपछि शनिबार आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त थपलियाले प्रदेश सुनिने र लेखिने विषय नभई यो देखिने र भोगिने विषय हुनुपर्छ भन्ने उद्देश्यका साथ आयोगले सातैवटा प्रदेशमा प्रदेश प्रमुखसमक्ष प्रतिवेदन बुझाएको बताएका हुन् ।

'प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको अन्तिम परिणाम मंसिर २८ मा औपचारिक रूपमा आयोगले घोषणा गरेसँगै सरकार गठन तथा प्रदेशसभाको पहिलो अधिवेशन आह्वानलगायतको प्रक्रिया सुरु भइसकेको छ,' उनले भने, 'अब संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेशमा नयाँ सरकार गठन प्रक्रिया प्रारम्भ भएको र संविधानले भनेझैँ २० दिनभित्रमा पहिलो प्रदेशसभाको अधिवेशन आह्वान गर्नुपर्ने र त्यसका लागि शपथग्रहणलगायतका प्रक्रिया पनि प्रारम्भ गर्ने मार्गप्रशस्त भएको छ ।' प्रदेश १ को प्रदेशसभामा प्रत्यक्षतर्फ पुरुष ५४ र महिला २ जना गरी ५६ जना निर्वाचित भएका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फ पुरुष ६ र महिला ३१ निर्वाचित भएको थपलियाले बताए । यस प्रदेशमा समग्रमा पुरुष ६० जना (६४.५१ प्रतिशत) र महिला ३३ जना (३५.४९ प्रतिशत) पुगेको छ । 'संविधानले प्रदेशसभामा एक तिहाइ महिलाको अनिवार्यता उल्लेख गरेको र संख्यात्मक हिसाबले ३३.३३ प्रतिशतभन्दा यस प्रदेशमा बढी नै पुगेको छ,' उनले भने, 'तर त्यो संख्या कसरी पुग्यो भनेर सबैले सोच्नुपर्ने अवस्था छ ।'

यस प्रदेशमा प्रत्यक्षतर्फ ३० र समानुपातिक निर्वाचनतर्फ ३६ वटा निर्वाचन दल निर्वाचनमा सहभागी भएका थिए । प्रदेश १ मा प्रत्यक्षतर्फ ४ सय ५८ पुरुष र महिला ५२ गरी कुल ५ सय १० जनाको अन्तिम उम्मेदवारी कायम भएको र समानुपातिक निर्वाचनतर्फ कुल ६ सय १६ जना उम्मेदवारको अन्तिम बन्दसूची कायम गरिएको थियो । महिला, पुरुष र अन्य गरी कुल ३३ लाख ९६ हजार ८ सय ६५ मतदातामध्ये प्रत्यक्षतर्फ २० लाख ४९ हजार ५ सय २३ (६०.३४ प्रतिशत) मतदान भएको थियो ।



प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया (बायाँ) प्रदेश १ प्रमुख पर्शुराम खापुङलाई शनिबार प्रतिवेदन बुझाउँदै । *तस्बिर : कान्तिपुर*

# पाहुनालाई लोभ्याउँदै होमस्टे

९५ प्रतिशत मगर जातिको बसोबास रहेको यहाँका होमस्टे पुग्ने पाहुनाले मौलिक परिकारको स्वाद लिन पाउँछन्



धनकुटाको साँगुरीगढी–५ ध्वजेडाँडास्थित होमस्टेमा पाहुनालाई बिदाइ गरिँदै । पाहुनालाई फूल गुच्छा, टीकाले स्वागत र बिदाइ गर्ने चलन छ । *तस्बिर : रमेशचन्द्र/कान्तिपुर*

**रमेशचन्द्र अधिकारी** (धनकुटा)

एउटै ठाउँमा उभिँदा एकातिर पहाडका तरेलीसँगै हिमशृंखलाको आकर्षण त अर्कोतिर मधेसको समथर फाँट नियाल्न सकिन्छ । धनकुटाको साँगुरीगढी-५ स्थित ध्वजेडाँडाको टुप्पोमा चिटिक्क परेको बस्ती छ । स्थानीय निलम लिम्बूलाई यतिबेला पाहुनाको सत्कार गर्न भ्याइनभ्याइ छ ।

क्रमशः ठण्डी छिप्पिँदै छ तर पनि यहाँ आगन्तुकलाई त्यसको पर्वाह हुन्न । बरु घरबास (होमस्टे) मा बसेर आसपासका रमणीय दृश्य नियाल्दै रमाउँछन् । पोखराबाट पहिलो पटक पुगेका कृष्ण अधिकारीले सूर्योदय र मनोरम दृश्य नियाल्न सकिने हुनाले आइपुगेको बताए । उनीसँगै पुगेका लमजुङका अमृत बोहरा पनि बाससँगै रातिको क्याम्प फायरको मजाको वर्णन गरेर साध्य नहुने सुनाउँछन् ।

भेडेटार, नाम्जे हुँदै डाँडाबजारबाट डेढ घण्टा उकालो चढेपछि उक्त स्थान पुगिन्छ । धनकुटा र मोरङको सिमाना भएर निर्माण गरिएको कच्ची सडकमा सवारीसाधनबाट समेत त्यहाँ पुग्न सकिन्छ । धेरैजसो पैदल हिंडेरै होमस्टे गाउँ पुग्ने गरेको स्थानीय त्रिलोचन घिमिरे बताउँछन् । उनी त्यहाँ होमस्टे सञ्चालन गर्ने मध्येका अगुवा समेत हुन् ।

प्राकृतिक रमणीयतामा भुल्नकै लागि आएको इलामका महेश राईको भनाइ छ । पूर्वको मुख्य पर्यटकीय स्थल मध्येको ध्वजेडाँडा समुद्र सतहदेखि २ हजार ४७ मिटरको उचाइमा छ । महाभारत पर्वत शृंखलाअन्तर्गत यस क्षेत्रकै दोस्रो अग्लो डाँडा हो यो । ध्वजेमा सूर्योदयको अद्भुत दृश्य हेर्नु नै पर्यटकको ध्येय हुने गरेको स्थानीय ध्रुव गाउँलेको भनाइ छ । अर्को चर्चित पर्यटकीयस्थल भेडेटारबाट १३ किलोमिटर पूर्वमा उक्त थलो छ ।

रातको समयमा यहाँबाट पूर्वका अधिकांश स्थानका सहरबजारको झिलिमिली नियाल्न सकिन्छ । नेपालको नक्सा निर्माणमा अक्षांश र देशान्तर छुट्याउन समेत विशेषज्ञले ध्वजेलाई प्रयोग गर्ने गरेको विकिपिडियामा उल्लेख छ । नजिकको वनमा विभिन्न प्रजातिका चरा, वन्यजन्तु तथा वनस्पति पाइन्छ । यो डाँडाको फेदीस्थित लाप्चेटारमा रहेको अजगंको बरको रुख पनि पर्यटकको रोजाइ हो । ध्वजे नजिकै रहेको जैतुन पार्कसमेत हेर्न लायक स्थान हो ।

यतिबेला ध्वजेडाँडामा मात्र नभएर डाँडाबजार, साँगुरीगढी-६ को नाम्जेका होमस्टेमा आन्तरिक पर्यटक पुग्छन् । पूर्वकै विभिन्न जिल्लालगायत मुलुकभरबाट पाहुना आउने गरेको थुम्की होमस्टे व्यवस्थापन समितिका अध्यक्ष अनिलकुमार रानाले जनाए । साँगुरीगढी-६ को नाम्जे थुम्की भेडेटार बजारबाट करिब ४ किलोमिटरको दुरीमा छ । समुद्र सतहबाट १ हजार ५ सय ८५ मिटर उचाइमा छ ।

९५ प्रतिशत मगर जातिको बसोबास रहेको उक्त क्षेत्रमा सञ्चालित होमस्टेमा मौलिक परिकारको स्वाद जिब्रोमा झुन्डिने गरेको धरानबाट पुगेका संकल्प राई बताउँछन् । अझ उक्त जातिको मौलिक संस्कृति झल्कने हुर्रा लगायत नृत्यमा रमाउँदाको मज्जै बेग्लै भएको उनले अनुभव सुनाए ।

ध्वजेडाँडाका १३ घर समेटिएर होमस्टे सञ्चालनमा रहेको मेरी होमस्टेकी सञ्चालक रेखा लिम्बूले बताइन् । उता नाम्जे थुम्की होमस्टे संस्थामा आबद्ध २२ होमस्टे सञ्चालनमा छन् । शुक्रबार र शनिबार होमस्टेमा पाहुनाको सबैभन्दा बढी भिडभाड हुने गरेको छ । असोजयता उनको घरमा ४ सयभन्दा बढी पाहुना आइसकेका छन् । ध्वजेमा एक सय पाहुना अटाउन सक्छन् । नाम्जेमा १३ र थुम्कीमा ९ गरी २२ होमस्टेका ६० कोठामा पाहुना बस्न सक्छन् । होमस्टेबाट मासिक ३० देखि ६० हजार रुपैयाँ बढी आम्दानी हुने सञ्चालकहरू बताउँछन् ।

नाम्जेमा अतिथिलाई सत्कार गरी मिठो वचनले खाना र बास दिने परम्पराले पर्यटक तानिने स्थानीय टंक भुजेलको भनाइ छ । पाहुनालाई नास्ताको रुपमा सिजनअनुसार उसिनेको आलु, इस्कुसको जरा र त्यसको मुन्टाको तरकारी, मकैको भात, लोकल कुखुराको मासु, बंगुरको सेकुवा, खसी बोकाको मासु, कोदोको निगार, तोङबा लगायत पेय पदार्थको व्यवस्था गरिएको छ । दैनिक अढाइ सय जनालाई खानेबस्ने व्यवस्था मिलाइएको होमस्टेमा सपरिवार आउने गरेको स्थानीय सञ्चालक गुञ्जमान मगरले जानकारी दिए ।

नाम्जे थुम्की होमस्टेमा आउने पर्यटकले आत्मा बस्ने घर, सूर्योदय बौद्धविहार, जनजाति पार्क, नाम्जे थुम्की डाँडा वरिपरिका टावर, तराईका समथल भू-भागको अवलोकन गर्छन् । पाहुनाले स्थानीयले उत्पादन गरेका तरकारी र फलफूल खरिद गरेर लैजाने गरेकोले व्यवसाय समेत फस्टाएको छ ।

# कान्तिपुरकर्मी गौतम सम्मानित



कान्तिपुरकर्मी लक्ष्मी गौतमलाई सम्मान गर्दै मन्त्री इन्द्रबहादुर आङ्बो ।

पाँचथर (कास)- कान्तिपुरका समाचारदाता लक्ष्मी गौतम सम्मानित भएका छन् । उनीसहित ६ सञ्चारकर्मीलाई पत्रकार महासंघ पाँचथर शाखाले शनिबार सम्मान गरेको हो । सम्मानित हुने अन्यमा शाखाका संस्थापक सभापति श्यामविक्रम पराजुली, पूर्वसभापतिद्वय प्रेम ओझा र कृष्ण ओझा तथा पूर्वअध्यक्षद्वय लवदेव ढुंगाना र लेखनाथ खतिवडा छन् । शाखा स्थापनासँगै लोकतान्त्रिक आन्दोलनका क्रममा खेलेको भूमिकाको कदर स्वरूप सम्मान गरिएको हो । प्रदेश १ का आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले कदरपत्र प्रदान गर्दै दोसल्ला ओढाएका थिए ।

BHL
बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना ।
यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौ ।
संलग्न गर्नुपर्ने कागजात:
१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।
बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सर्म्पक : ९८४१०९४८१३, ९८०१८७७५५३
इमेल: Pandeypadam277@gmail.com

आवश्यकता
यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आहवान गरिएको सूचित गरिन्छ ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने । | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको । | केही |

सहिद मेमोरियल अस्पताल कलंकी – १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४

Vacancy Announcement
Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL"*.
**Company Name: Maryada Construction and Suppliers**
**Interested candidates can send their CV to Email:** *Prameshworkhp@gmail.com*
**Whatsapp/Viber:** 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |

CIVIL INFORMATICS SOLUTIONS CIS
JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)
VACANCY ANNOUNCEMENT
The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.
**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.
Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.
The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.
The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.
**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**

वर्गीकृत डिस्प्ले

Asian College for Advance Studies
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

भाडामा
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सन्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं : ९८४३२८२६००

सटर चाहियो
काठमाडौंको चोक चोकमा म:म पसलको लागि सटर चाहियो ।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

भर्ना
विचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन ।

# खाजा नियमित नहुँदा विद्यार्थी घटे



बाराको आदर्श कोतवाल–५ टेढाकट्टी नेरा प्राविमा खाजा खाँदै विद्यार्थी ।

*तस्बिर : शंकरप्रसाद साहको फेसबुकबाट*

**लक्ष्मी साह** (बारा)

खाजा रकम नियमित नआउँदा बाराका विद्यालयमा विद्यार्थीको संख्या घट्न थालेको छ । जिल्लाका प्रायः सबै विद्यालयमा पालिकाबाट नियमित (महिनैपिच्छे) रकम जाने गरेको छैन । रकम अभावमा विद्यालयले खाजा खुवाउन नसक्दा विद्यार्थी संख्या घट्न थालेको हो ।

विद्यार्थी नियमित उपस्थित होऊन् भन्ने उद्देश्यले संघीय सरकारले शिशुदेखि ६ कक्षासम्मका विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरेको छ । वर्षको १ सय ८० दिन खाजा खुवाउनुपर्ने व्यवस्था छ । खाजाका लागि प्रतिविद्यार्थी दैनिक १५ रुपैयाँ तोकिएको छ । सरकारले ससर्त अनुदानतर्फ छुट्याएको यो रकम प्रत्येक विद्यालयमा सम्बन्धित पालिकाबाट महिनैपिच्छे जानुपर्ने भए पनि नियमित नजाने गरेको हो । कतिपयमा साउनदेखि मंसिरसम्मको रकम गएको छैन । कतिपयमा कात्तिकदेखि नै बाँकी छ ।

पचरौता नगरपालिकाअन्तर्गतका विद्यालयमा गत वर्षको असारदेखि नै खाजाको रकम निकासा भएको छैन । जसका कारण कतिपय विद्यालयमा खाजा कार्यक्रम नै बन्द भएको छ । 'खाद्यान्न पसलका व्यापारीसित उधारो लिएर खाजा खुवाउँछौं । तर पालिकाबाट पैसा पाउँदैनौं,' पचरौता–५ पकडीया जनकल्याण आधारभूत विद्यालयका प्रधानाध्यापक एकवालीप्रसाद यादवले भने, 'उधारो थेग्न सकेका छैनौं । गत वर्षको जेठ र असारको तलबसमेत पाएका छैनौं । विद्यार्थीको खाजाको रकम त परै जाओस् ।' खाजाको रकम नियमित नआउँदा विद्यार्थी पनि आउनै छाडेको उनले बताए । '१० देखि १५ प्रतिशत बालबालिका खाजा नभएपछि नियमित विद्यालय आउँदैनन्,' उनले भने ।

फेटा गाउँपालिकाअन्तर्गत १८ वटा सामुदायिक विद्यालय छन् । तर त्यहाँ पनि साउनदेखि खाजाको रकम निकासा भएको छैन । पालिकाका शिक्षा फाँट प्रमुख अलि अहम्मद कति विद्यार्थी नियमित विद्यालय आउँछन्, त्यसको आधारमा रकम निकासा दिने पालिकाबाट निर्णय भएको र अनुगमनका कारण रकम पठाउन ढिला भएको बताउँछन् । 'विद्यालयमा विद्यार्थी कम हुन्छन्, तर तथ्यांकमा बढी देखाइन्छ, त्यसको अनुगमन त गर्नैपर्‍यो,' उनले भने, 'अन्य कुराले निकासा नगएको होइन । अब दुई/तीन दिनमै निकासा जान्छ । ६०/६० दिनको अन्तरमा रकम दिन्छौं ।'

प्रधानाध्यापकहरू भने अनुगमन बहाना मात्र भएको बताउँछन् । 'निकासा दिएबापत २० देखि २२ प्रतिशत सिधै कमसिनको माग्छन् । नदिए अनुगमनको बहाना बनाउँछन्,' एक प्रधानाध्यापकले भने । फेटा–६ का नेरा आधारभूत विद्यालयका प्रधानाध्यापक विनयकुमार साहले बजेट नपाउँदा खाद्यान्नको उधारो तिर्न नसकेको बताए । कलैया उपमहानगरमा पनि दुई महिनायता विद्यालयलाई रकम निकासा गरिएको छैन । शिक्षा शाखा प्रमुख प्रल्हाद वर्णवालले बजेट नआइपुग्दा ढिलाइ भएको बताए ।

# रोगले घेरिएको मुसहर बस्ती

- मिर्गौलाले काम नगर्ने र पक्षाघातजस्ता स्वास्थ्य समस्या
- उपचार गर्न रकम अभाव

**अवधेशकुमार झा** (सप्तरी)



आर्थिक अभावमा उपचार हुन नसकी घरमै थला परेका सप्तरीको कञ्चनरूप–८ का छरप सदा । साथमा उनकी श्रीमती र बुहारी ।

*तस्बिर : अवधेशकुमार/कान्तिपुर*

सप्तरीको कञ्चनरूप नगरपालिका–८ का ३५ वर्षीय सुरुज सदाको ६ महिनाअघि अचानक हातखुट्टा सुन्नियो । दैनिक मजदुरी गरेर गुजारा चलाउने सदा थलिएपछि परिवारमा चिन्ता छायो । नजिकैको प्राथमिक स्वास्थ्य केन्द्रमा उनको उपचार भए पनि हातखुट्टा सुन्निने समस्या हटेन । समस्या बढेपछि उनलाई थप उपचारका लागि विराटनगर लगियो ।

सदाको हातखुट्टा सुन्निनुको कारण छातीमा पानी जमेको र निमोनिया भएको विराटनगरका चिकित्सकले बताए । 'विराटनगरमा डाक्टरले अस्पतालमा भर्ना गरेर थप उपचार गर्नुपर्ने बताए । तर, हामीसँग उपचारमा लाग्ने खर्च थिएन,' सदाकी काकी लतरीदेवीले भनिन्, 'घर लिएर आएको दुई सातापछि उनको मृत्यु भयो ।' सदाको मृत्युपछि किरियाकर्म सकेर उनकी श्रीमती र २ छोरा लिएर माइती उदयपुरको शिवाय गएकी छन् । 'घरको गुजारा चलाउने नै बितेपछि दुई छोरासहित दुई छाक टार्न समस्या भयो,' लतरीदेवीले भनिन्,'मेरै अवस्था खराब छ । सुरुजकी श्रीमती र उनका छोरालाई म कसरी पाल्न सक्थें ?'

सुरुजका काकी लतरीदेवीकी पति ललु सदा पनि पक्षाघातले पीडित छन् । ललु पनि हिँडडुल गर्न सक्दैनन् । ५० वर्षीय ललु भारतको पञ्जाबमा गएर कमाउँथे । ५ वर्षअघि पक्षाघात भएपछि उनी घरमै थला परेका छन् । 'उहाँ (पति) थला परेपछि ३ सन्तानसहित पूरै परिवारको दुई छाक टार्न धौ-धौ छ,' लतरीदेवीले भनिन्, 'थप उपचार गराउन त कहाँ लानु ?' उपचार गराउन पैसा नभएपछि लतरीदेवीलाई उनको मृत्यु पर्खिनुबाहेकको विकल्प छैन ।

कञ्चनरूप–८ मुसहरी टोल बस्ने सुरुज र लतरीदेवीको घरभन्दा सय मिटरमै छ, स्थानीय सरकारको कार्यालय । तर, नगरपालिकाबाट जीविकोपार्जन र उपचारका लागि पहल हुन नसकेको उनको गुनासो छ । 'थला परेका पतिको हेरचाह गर्ने कि चुलो बाल्न मजदुरी गर्न जाने ?,' उनी भन्छिन्, 'यो गरिबी हाम्रा लागि अभिशाप भयो ।' मुसहरी टोलमा उपचार अभावमा उमेर छँदै थला पर्ने र ज्यानै जानेसम्मको घटना भइरहेको छ । साढे ३ वर्ष वैदेशिक रोजगारीबाट फर्किएका कञ्चनरूप–८ कै चन्दु सदा भने विदेशबाट रोग लिएर आए । दुई नाबालक सन्तान र श्रीमतीको सहारा चन्दु बिरामी छँदा पनि गाउँमा मेहनत-मजदुरी गरिरहे । ३५ वर्षीय चन्दुलाई प्रारम्भिक औषधिबाट निको नभएपछि उनकी श्रीमती कविता घरनजिकै रहेको नगरपालिकामा सहयोगका लागि पुगिन् । 'नगरपालिकाबाट रित्तो हात फर्कनुपर्‍यो,' ३० वर्षीय कविताले भनिन्, 'पतिको उपचारका लागि चन्दा उठाएँ । तर उपचारका लागि आवश्यक रकम पुगेन । चन्दाबाट जे रकम आयो, त्यसले उपचार गरें । तर निको भएन । उनको मृत्यु भयो ।'

डाक्टरले मिर्गौला फेल भएको बताएको कविताले बताइन् । 'उपचार अभावमै मेरो पतिको ज्यान गयो,' कविताले भनिन्, 'अब मलाई र मेरो दुई नाबालक सन्तानलाई भोकसँग लड्नुपर्ने अवस्था छ ।' माटोको भित्ता भएको ढोकाबिनाको घरमा चन्दुसँग जीवन सजाउने सपना देखेकी कविता अहिले दुई नाबालकसहित आफ्नो पेट पाल्नका लागि कष्टकर जीवन व्यतीत गर्दै छिन् । 'यो दुःखको बेला त कुरा गर्ने पनि कोही छैन । एक्लै रुन्छु आफैं आँसु पुछ्छु,' उनले भनिन्, 'अब त आँसु पनि आउन छोड्यो ।' कञ्चनरूप नगरपालिका–९ का ३८ वर्षीय भिखो खंगको गत मंसिर १६ गते मृत्यु भयो । मिर्गौलामा समस्या भएपछि उपचारको अभावमा भिखोको मृत्यु भएको परिवारको भनाइ छ । 'परिवारको सहारा नै गुम्यो,' भिखोका ७५ वर्षीय बुबा खुसीलाल खंगले भने, 'जीवनको उत्तरार्द्धमा मलाई छोराको सहारा चाहिएको थियो । तर छोराको अन्तिम संस्कार आफ्नै आँखा अगाडि गर्नुपर्‍यो ।' भिखोको मृत्युपछि उनका वृद्ध आमाबुबा, श्रीमती र दुई सन्तानको जीवन कष्टपूर्ण बनेको छ ।

कोभिड–१९ को प्रकोप तीव्र भएपछि सरकारले लकडाउन गरेपछि भोकले छटपटाएर कञ्चनरूप–५ का मलर सदाको ०७७ जेठमा मृत्यु भएको थियो । क्यान्सर भएपछि रकम अभावमा उपचार गर्न नपाएका कञ्चनरूप–३ का २६ वर्षीय रमेश खंगको गत भदौमा मृत्यु भएको थियो । कञ्चनरूप नगरपालिकामा ज्यान गुमाएका यी परिवारहरू भने रोग र भोक दुवैसँग लड्ने ल्याकत राख्दैनन् । सरकारसँग आस गरे पनि निराशा मात्रै मिल्छ । 'रोग र भोकका कारण कञ्चनरूप नगरपालिकाको दलित बस्तीमा ज्यान जानेको संख्या बढ्दो छ,' कञ्चनरूपकै दलित अभियन्ता भोला पासवानले भने, 'यो गरिब दलितलाई हेर्ने राज्यको निकाय जिम्मेवार बन्न सकेन ।'

उपचारै अभावमा मृत्यु पर्खिनुपर्ने पीडा पनि यही बस्तीमा छ । कञ्चनरूप–८ कै छरपु सदालाई उपचार खर्च अभावमा उनको परिवारले विराटनगरको अस्पतालबाट घर ल्याएर मृत्यु पर्खंदै छन् । ३ वर्षदेखि उच्च रक्तचाप र दमका रोगी रहेका छरपुलाई स्थानीयस्तरमा उपचार गरेर थप उपचारका लागि विराटनगरस्थित अस्पतालमा भर्ना गरिएको थियो । तर, विराटनगरमा केही दिन राखेर उपचार गराउन चिकित्सकले सल्लाह दिए पनि परिवारले उपचार खर्चको बन्दोबस्त गर्न सकेन । 'उपचार खर्च व्यवस्थापन गर्न नसकेर डाक्टरको सल्लाहलाई ध्यानै नदिई अहिले ससुरा बुबालाई घर ल्याएको छु,' बुहारी श्रीवती सदाले भनिन्, 'बुबालाई ओछ्यानमै राख्नुपरेको छ । न हिँडडुल गर्नुहुन्छ न बोल्नुहुन्छ ।' बस्तीमै रहेका नेगडा सदाका छोरा जुलुस सदाले केही वर्षयता मानसिक सन्तुलन गुमाएका छन् । उनलाई छाडेर श्रीमती र चार सन्तान माइती मोरङको गछिया गएका छन् । कञ्चनरूप–८ कै सुन्दर सदा र बबिता सदाकी १४ वर्षीय छोरी मधु सदाको शरीरको कुनै अंग चल्दैन । दिनरात ओछ्यानमै हुन्छिन् । 'जन्मिँदै छोरीको शरीर नचल्ने भयो,' बबिताले भनिन्, 'रकम अभावमा उपचार गराउन सकिएन । जन्मेदेखि छोरी ओछ्यानमै छिन् । उनको हेरचाहका लागि एक जना २४ घण्टै बस्नुपर्छ ।'

कञ्चनरूप नगरपालिकाको ६३ हजार जनसंख्यामध्ये करिब ३२ प्रतिशत दलित छन् । यो पालिकामा ४५ वटा मुसहर बस्ती छन् । पालिकामा स्वास्थ्य बिमा लागू गरिएको छ । कञ्चनरूपस्थित प्राथमिक स्वास्थ्य केन्द्रका अनुसार पालिकामा ७० प्रतिशत परिवारले स्वास्थ्य बिमा गराएका छन् । 'दलित र गरिबकै मात्र स्वास्थ्य बिमा बाँकी छ,' दलित अभियन्ता पासवानले भने । प्राथमिक स्वास्थ्य केन्द्र कञ्चनपुरका प्रमुख डा. आकाशकुमार रौनियारले कमसल घरेलु मदिराका कारण दलित बस्तीमा स्वास्थ्य समस्या बढी देखिएको बताए । अत्यधिक मेहनत गर्ने, गुणस्तरहीन मदिरा खाने तथा पौष्टिक भोजनको अभावका कारण दलितहरू बढी बिरामी पर्ने, पक्षाघात हुने र मिर्गौलामा समस्या देखिएको उनले बताए ।

बढीमा २ धुर जग्गामा घर बनाएर बसेका उनीहरूको आम्दानीको मुख्य स्रोत नै दैनिक ज्याला मजदुरी हो । नगरपालिकाको तथ्यांकअनुसार ७ हजार ९ सय ५१ जना दैनिक ज्याला मजदुरीले जीविकोपार्जन गर्छन् । यो पालिकामा ४ हजार २ सय १ जना बेरोजगार छन् भने ३ हजार ३ सय ७ जना वैदेशिक रोजगारीमा छन् । 'दलित बस्तीमा समस्या छ । हामी मिहिनेत गर्न चाहेका पनि हौं । तर सकिएको छैन,' कञ्चनरूप नगरपालिकाकी उपप्रमुख मुना पोखरेलले भनिन् ।


BHL

बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना ।**

यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौ ।

**संलग्न गर्नुपर्ने कागजात:**

१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।

बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सम्पर्क : ९८४१०९४८१३, ९८०१८७७५५३
इमेल: Pandeypadam277@gmail.com



## Vacancy Announcement

Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL"*.
**Company Name: Maryada Construction and Suppliers**
**Interested candidates can send their CV to Email:** *Prameshworkhp@gmail.com*
**Whatsapp/Viber:** 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |



## आवश्यकता

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आह्वान गरिएको सूचित गरिन्छ ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने । | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको । | केही |

सहिद मेमोरियल अस्पताल कलंकी – १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४



CIVIL INFORMATICS SOLUTIONS CIS

JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.

MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)

## VACANCY ANNOUNCEMENT

The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.

**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.

Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.

The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.

The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**


# 'यमगज' ले सताएपछि ८ ढोईको स्थानान्तरण

**शंकर आचार्य** (पर्सा)

पर्सा र आसपासका क्षेत्रमा 'यमगज' नामले चिनिने उग्र प्रवृत्तिको जंगली हात्तीले पर्सा राष्ट्रिय निकुञ्जका ८ वटा पोथी हात्तीको उठीबास गराएको छ । यमगजको उद्दण्डताबाट आजित भएर निकुञ्ज प्रशासनले एक महिनाअघि हात्तीसारका सबै हात्तीलाई स्थानान्तरण गरी २५ किमि पश्चिममा रहेको निकुञ्जको कोर एरिया मानिने रामभौरीभाठामा लगेर राखे पनि यमगज त्यहाँ पनि पुगेर ढोईलाई सताउँदै आएको हो ।

यीमध्ये एउटा पोथी भीमाकली साढे ५ वर्षकी भएकी छ । अरु भने वयस्कदेखि ६० वर्षसम्मका छन् । करिब १४ वर्षको किशोर यमगजले एक महिनादेखि भीमाकली बाहेक सबै ढोईसँग जबर्जस्ती संसर्ग गर्दै सताउने गरेको छ । भीमाकलीलाई जबर्जस्ती गर्न सक्ने सम्भावना देखेर हात्तीसारका कर्मचारीले हालसम्म जोगाएका छन् । कात्तिक ३ मा यमगजले अमलेखगन्जमा निकुञ्जको मध्यवर्ती क्षेत्रमा बाख्रा चराउने क्रममा एक महिलाको ज्यान लिएको थियो । त्यसपछि राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र सौराहा चितवनको प्राविधिक टोलीले डार्ट गरी यमगजको दुवै दाह्रा काटेको थियो । दाह्रा काटिए पनि यमगजको उद्दण्डतामा कमी आएन ।

अमलेखगन्ज हात्तीसार वरपर नै बस्ने यमगज राति हात्तीसारमा प्रवेश गरेर सबै ढोईलाई जबर्जस्ती संसर्ग गर्ने र त्यहाँ रहेको मत्ता नारायणगजसँग जुध्ने गर्न थालेको थियो । दिउँसो हात्तीसार पछाडि बस्ने र नजिकको मानव बस्तीमा पसेर खाद्यान्न चोर्ने गरिरहेको थियो । पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोककुमार रामले आफूहरूले सुरुमा यमगजको व्यवस्थापनको सबै तरिका अपनाएको तर नसकेपछि हात्तीसारका आठवटै पोथी हात्तीलाई स्थानान्तरण गरिएको बताए । 'सुरुमा यमगजलाई खेद्ने सबै विधि अपनायौं, नभागेर झनै उद्दण्ड भएपछि डार्ट गरेर दारा काट्यौं,' उनले भने, 'तर यमगजले टसमस गरेन, हात्तीसार वरपर बसेर मानव बस्ती र हात्तीलाई निरन्तर दुःख दिइरहेको छ ।'

हात्ती स्थानान्तरण गर्ने क्रममा पछिपछि लागेर रामभौरीभाठासम्मै पुगेको यमगज अहिले पनि त्यही क्षेत्रमा रहेको राम बताउँछन् । 'स्थानान्तरणका क्रममा बूढी भएर हिँड्नै नसकेकी ७३ वर्षे एक पोथी हात्तीलाई अमलेखगन्ज हात्तीसारमै राखेका थियौं, यमगज रामभौरीभाठाबाट ३ दिनपछि अमलेखगन्ज फर्किएर त्यही बूढी ढोइसँग रातभर जबर्जस्ती संसर्ग गर्‍यो,' उनले भने, 'हाल यमगजको एउटै लक्ष्य हात्तीसारका सबै ढोइसँग संसर्ग गर्ने मात्र रहेको देखिन्छ ।'

रामभौरीभाठामा बस्ने क्रममा यमगज सुरुमा आफूसँगै पूर्वबाट यहाँ आएको अर्को भाले हात्तीसँग जुधेको थियो । प्रतिस्पर्धी मत्तालाई लखेटेपछि अहिले यमगज रामभौरीभाठामा एक्लै बसिरहेको छ । यस क्रममा करिब १५ किमि दूरीको निर्मलबस्तीसम्म पुग्ने र स्थानीयको अन्न चोरेर खाने गरेको पनि स्थानीयहरू बताउँछन् । 'निकुञ्जबाट रामभौरी सारिएका सबै हात्ती पोथी रहेको र त्यहाँ यमगज एक्लो भाले भएकाले उसमा आफू सबै पोथीको टोली नेता हुँ भन्ने भावनाको विकास पनि भएको हुन सक्छ,' राम भन्छन्, 'यमगजको डरले दिउँसो ढोइलाई चरीचरन गराउन पनि सकिएको छैन, उनीहरूलाई बाँधेरै राखेर घाँस र पानी दिने गरिएको छ ।' असारको तेस्रो साता झापा, कोसीटप्पु हुँदै पूर्वबाट यमगजसहित ५ वटा हात्ती पर्सा निकुञ्जसम्म आइपुगेका थिए । पूर्वबाट सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराको टाँगिया बस्ती हुँदै निकुञ्ज क्षेत्रमा ती हात्ती प्रवेश गरेका थिए । तीमध्ये ३ वटा हात्ती अझै पर्सा निकुञ्जमै छन् । दुई हात्ती भने ६ दिनअघि रौतहटतर्फ लागेका छन् ।


## वर्गीकृत डिस्प्ले

**Asian College for Advance Studies**
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

**भाडामा**
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सञ्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं : ९८४३२८२६००

**सटर चाहियो**
काठमाडौंको चोक चोकमा म:म पसलको लागि सटर चाहियो ।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

**भर्ना**
विचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# अटोमा दैनिकी चलाएका महिला



अटो चालक रामकुमारी मौजकोटी । तस्बिर : सम्झना/कान्तिपुर

**सम्झना रसाइली** (तनहुँ)

ब्यास नगरपालिका-२ की ४५ वर्षीया रामकुमारी मजकोटी बिहान ६ बजेभित्रै उठ्छिन् । घरकोठा सफा गर्छिन्, खाना पकाउँछिन् । अनि अटो रिक्सा लिएर बजार निस्किन्छिन् । विद्यालय समयमा घरमा गएर छोरीलाई स्कुल पुर्‍याउँछिन् । खाना खान्छिन् र फेरि अटो लिएर यात्रुको सेवामा हाजिर हुन्छिन् ।

उनले सिलाइकटाइ व्यवसाय गर्दै आएकी थिइन् । तर स्वास्थ्यमा समस्या देखिएपछि अटो रिक्सा चलाउन सिकिन् । अहिले त्यही अटो उनको घरव्यवहार चलाउने माध्यम बनेको छ । २ छोरीकी आमा रामकुमारीको दाम्पत्य जीवन सुखद नभएपछि अहिले उनको सहारा अटो बनेको छ । उनी पछिल्लो एक महिनादेखि सदरमुकाम दमौली आसपासका क्षेत्रमा अटो चलाउन थालेकी हुन् । खुट्टामा आएको समस्याले सिलाई मेसिन चलाउन नसक्दा आम्दानी सुकेपछि उनले विकल्पमा अटो चलाउन थालेकी हुन् ।

'श्रीमान्सँग सम्बन्धविच्छेद भएपछि घरखर्च चलाउन निकै समस्या पर्‍यो,' उनले भनिन्, 'त्यसैले अटो चलाउन थालेकी हुँ ।' दुई छोरीमध्ये कान्छी आफैंसँग रहेको र उनको पढाइ र घरव्यवहार चलाउनुपर्ने दायित्व छ । उनी दैनिक १२ घण्टा पुरुष चालकसँग प्रतिस्पर्धा गर्दै अटो चलाउँछिन् । महिलालाई काम गर्न जता पनि गाह्रो हुने उनले सुनाइन् । 'यात्रुले पनि महिलाभन्दा पुरुष चालकलाई नै बढी विश्वास गरेको पाएँ,' उनले दुखेसो पोखिन् । मनग्य आम्दानी नभए पनि घरखर्च चलाउन समस्या नभएको उनको भनाइ छ । दैनिक १ हजार ५ सयदेखि २ हजार रुपैयाँसम्म आम्दानी हुने उनले बताइन् ।

यसैगरी व्यास-१ भादगाउँकी ३१ वर्षीया श्रीधरा थापामगर पनि ३ महिनादेखि अटो चलाउँदै आएकी छन् । पहिला सिलाइकटाइ गर्दै आएकी उनी सोचेजस्तो आम्दानी नभएपछि अटो चलाउन सुरु गरेकी हुन् । श्रीधरा जिल्लाकै पहिलो महिला अटोचालक हुन् । उनकै सिको गरेर रामकुमारी पनि यसमा आँट गरेकी हुन् । श्रीधराका श्रीमान् नेपाल आर्मीबाट सेवा निवृत्त भएपछि काठमाडौंको एक होटलमा सेक्युरिटीको काम गर्छन् । उनी भन्छिन्, 'सुरुमा अटो चलाएर हिँड्न लाज लाग्थ्यो । अझ यात्रुहरू अटो महिलाले चलाउने भन्ने थाहा पाएपछि चढ्न अप्ठ्यारो मान्दा नमज्जा लाग्थ्यो ।' आफूले अटो चलाएर हिँड्दा यात्रुहरू फर्कीफर्की हेर्ने गरेकोमा अहिले भने त्यो हटेको उनले बताइन् । 'अटो चलाउँछु भनेर सिक्न हिँड्दा छरछिमेकले छोरी मान्छे भएर गाडी चलाउने ? सबै पुरुषहरू मात्रै छन्, त एक्लै के गर्छेस् भन्थे,' उनले भने, 'अहिले परिवर्तन भएको छ । मसँग यात्रा गर्न कोही पनि डराउँदैन । पहिले कुरा काट्ने पनि अहिले राम्रो काम गरेकी छौं भनेर प्रशंसा गर्दा हौसला थपिएको छ ।'

उनी बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म राजमार्गको छेउछाउमा अटो चलाउँछिन् । कहिलेकहीं फोन आउँदा बिहानको ६/७ बजे नै निस्किने तर बेलुका भने ननिस्कने उनले जनाइछन् । उनको २ छोरी छन् । उनले अटो चलाएरै छोरीहरूलाई पठनपाठन र घरखर्च चलाउने गर्छिन् । 'सिलाइकटाइबाट राम्रो आम्दानी हुँदैनथ्यो । २/४ रुपैयाँ चाहिए पनि श्रीमान्सँग माग्नुपर्दथ्यो,' उनले भनिन्, 'अहिले अटो चलाएर आफू र नानीको खर्च उठाउन सक्छु । आफ्नो आम्दानी भएपछि आफ्नै हिसाबबाट नै खर्च पनि गर्न सक्छु ।'

दमौलीका अटो व्यवसायीले दमौली अटो चालक समिति गठन गरेका छन् । उक्त समितिभित्र ३२ वटा अटो र समिति बाहिर ८ वटा अटो गरी दमौली आसपासका क्षेत्रमा ४० वटा अटो सञ्चालनमा छन् । यी चालकमध्ये २ जना मात्र महिला छन् ।

# रोगी माटोले उत्पादकत्व घट्दै

## अधिक क्षेत्रको माटोमा रासायनिक मलको मात्रा बढी र पोटासको मात्रा कम



कृषि ज्ञान केन्द्र पर्वतले पैयूं गाउँपालिकामा आयोजना गरेको शिविरमा माटो परीक्षण गर्दै प्राविधिकहरू । तस्बिरः कान्तिपुर

**अगन्धर तिवारी** (पर्वत)

दशक अघिसम्म १२ मुरी धान फल्ने खेतमा पैयुं-७ की उमा बस्यालले यो वर्ष ७ मुरी मात्रै भित्र्याइन् । बर्सेनि रासायनिक मलको भर पर्दा उनको खेतको उत्पादकत्व बिस्तारै घट्दै गएको पत्तै भएन । गतसाता कृषि ज्ञानकेन्द्रले आयोजना गरेको शिविरमा माटो परिक्षण गर्न लगेपछि माटो रोगी भइसकेको बल्ल उनलाई जानकारी भयो । 'पाँच हलको खेतमा पाँच बोरा नै चुन हाल्नुपर्ने कृषिका सर मेडमले सुझाव दिनुभयो,' उमाले भनिन्, 'गोठेमल हाल्न छोडेपछि माटोमा भित्रभित्रै रोग बल्झिसकेको रहेछ । हामीले पत्तै पाएनौं ।'

उत्पादन बढाउन बर्सेनि रासायनिक मलको भरमा खेती गर्दै आएका बस्यालजस्तै जिल्लाभरका किसान यतिबेला भने माटोको उर्वरशक्ति कसरी फिर्ता ल्याउने चिन्तामा छन् । कृषि ज्ञान केन्द्रले पैयुं गाउँपालिकामा सञ्चालन गरेको माटो परीक्षण शिविरमा ७ वटा वडाका १ सय २ नमुना परीक्षण गरिएको थियो । माटोको पीएचमान, नाइट्रोजन, फस्फोरस र पोटासको अवस्था जाँच गरिएको प्राविधिकले बताए ।

'कीट बक्स' विधिबाट गरिएको परीक्षणबाट पीएच मानको आधारमा कृषि चुनको प्रयोग गर्नुपर्ने अवस्था देखिएको थियो । 'अधिकांश माटोमा रासायनिक मलको मात्रा बढी भएको देखियो,' कृषि ज्ञान केन्द्र पर्वतकी प्रमुख मनिता थापाले भनिन्, 'यो समग्रमा पोटासको मात्रा कम हुनु हो ।

रासायनिक (युरिया र डिएपी) मलसँगै कृषि चुन र पोटासको मात्रा मिलाएर छरेको भए त्यस्तो अवस्था आउने थिएन । प्रांगारिक, रासायनिक मल र कृषि चुनको मात्रा मिल्योभने त्यो समस्या सुधार हुन्छ ।' आगामी दिनमा बालीमा रासायनिक मलको प्रयोग गर्दा मात्रा मिलाएर प्रयोग गर्न सुझाव दिएको उनले बताइन् । १ सय २ नमुना परीक्षणमध्ये २५ प्रतिशतमा अम्लीयपन, ७५ प्रतिशतमा तटस्थ, ९५ प्रतिशतमा नाइट्रोजनको मात्रा कम रहेको प्राविधिकले बताए । ८० प्रतिशत नमुनामा फस्फोरसको मात्रा कम रहेको गाउँपालिकाका कृषि प्राविधिक सन्दिप तिवारीले बताए ।

नतिजाको आधारमा विभिन्न बालीमा नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा सिफारिस गरिएको छ । प्राविधिकको सिफारिस अनुसार कृषकले कृषि चुन र मलखादको सन्तुलित प्रयोग गर्न सके माटोको अवस्थामा सुधार आउने अधिकृत थापाको भनाइ छ ।

पैयू-५ का किसान रामप्रसाद शर्माले गाउँमा शिविर आएको मौका छोपेर माटो परीक्षण गरेर माटोको अवस्था गम्भीर हुनबाट जोगिएको बताए । 'डाक्टरलाई नदेखाई रोगको पत्तो हुँदैन भन्थे हो रहेछ,' उनले भने, 'रोग पहिचान भयो । अब ओखती मिलाएर खुलाउन सके निको हुन्छ ।'

प्राविधिकको सुझावअनुसार अब आफूले खेतबारीमा प्रांगारिक मल, पोटास, कृषि चुन र कोसेबालीमा जोड दिने बताए । माटो परीक्षण शिविरले धेरै किसान दाजुभाइले फाइदा लिएको बताउँदै प्राविधिकहरूलाई कम्तीमा वर्षको एकपटक यस्तो शिविर राख्न सुझाए । 'प्राविधिकलाई देखाएपछि माटो परीक्षणको महत्त्व थाहा भयो,' स्थानीय किसान होमलाल भुसालले भने, 'माटोको रोग मान्छे र गाईवस्तुको जस्तो हुँदो रहेनछ । अवस्था बिग्रिएको कुरा थाहै थिएन ।' प्राविधिकको सल्लाहअनुसार खेती गरे उत्पादन बढ्नेमा विश्वस्त रहेको उनले बताए । कतिपय किसान माटो परीक्षणमा आकर्षित नभएपछि केही स्थानको माटो प्राविधिक आफैंले संकलन गरेर परीक्षण गरेका थिए ।

प्राविधिकका अनुसार माटोमा नाइट्रोजन र फस्फोरसको मात्रा जति धेरै भयो खेतीबालीका लागि उति नै राम्रो हुन्छ । माटोको बिग्रँदो अवस्थामा सुधार ल्याउन केन्द्रले कार्यालय परिसरमा नै माटो परीक्षण ल्याव सञ्चालनमा ल्याएको भए पनि किसानको आकर्षण खासै नभएको कार्यालयले जनाएको छ ।


**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना ।**

यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

संलग्न गर्नुपर्ने कागजातः
१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।

बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सर्म्पक : ९८४१०९४८१३, ९८०१८७७५५३
इमेलः Pandeypadam277@gmail.com



**Vacancy Announcement**

Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL"*.
**Company Name:** Maryada Construction and Suppliers
**Interested candidates can send their CV to Email:** *Prameshworkhp@gmail.com*
**Whatsapp/Viber:** 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |



**आवश्यकता**

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आहवान गरिएको सूचित गरिन्छ ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने । | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको । | केही |

**सहिद मेमोरियल अस्पताल** कलंकी – १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४


# हतियारसहित पक्राउ

गण्डकी (कास)- नेपाली सेनाको आवरणमा ठगी गर्दै आएका मुस्ताङको थासाङ गाउँपालिका-२ का १९ वर्षीय विपन विक हतियारसहित पक्राउ परेका छन् । सेनामा भर्ती, सरुवाबढुवा गरिदिन्छु भनेर ठगी गर्दै आएका उनलाई जिल्ला प्रहरी कार्यालय मुस्ताङले पक्राउ गरेको मुस्ताङका डीएसपी रवीन्द्रनाथ पौडेलले बताए । पक्राउसँगै स्टेन गनजस्तो एक हतियार, वाकीटकीजस्तो देखिने एउटा वस्तु, नक्कली पेस्तोललगायत सामान बरामद गरिएको छ । उनलाई हातहतियार तथा खरखजानासम्बन्धी कसुरमा मुद्दा दायर भई अनुसन्धान भइरहेको पौडेलले बताए ।

# तातोपानी जोड्न झोलुंगे बन्दै



झोलुंगे पुलले जोड्न लागिएको स्थान र कालीगण्डकी नदी । तस्बिर : कान्तिपुर

**घनश्याम खड्का** (म्याग्दी)

जिल्लाको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ र वडा ५ को पाउद्वार बेंसीका २ प्राकृतिक तातोपानीको मुहान र पोखरी जोड्न झोलुंगे पुल बनाइने भएको छ ।

पुल बनाउन १५ लाख बजेट विनियोजन भई डिजाइन र लगत इस्टिमेटको काम भइरहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । प्रारम्भीक अनुमानमा पुल ५०-६० मिटर लामो हुने छ ।

सदरमुकामदेखि २१ किलोमिटर उत्तर बेनी-जोमसोम सडक छेउको कालीगण्डकी नदी किनारामा रहेका भुरुङ्तातोपानी र पाउद्वार तातोपानीका पोखरीलाई झोलुंगे पुलले जोडेर व्यावसायिक उपयोगमा ल्याउन लागिएको हो । स्थानीयले व्यावसायिक लाभ वृद्धि र स्थानीय सरकारको राजस्व संकलनमा वृद्धि हुने विश्वाससहित पुल बनाउन थालिएको गाउँपालिकाले जनाएको छ । 'बेनी-जोमसोम सडक किनारतर्फको तातोपानीको मुहान वर्षौंदेखि व्यावसायिक रूपमा उपयोग भइरहेको छ । तर पारिको तातोपानीमा सहज पहुँचमार्ग नहुँदा ओझेल थियो । अब आर्थिक, सामाजिक तथा स्वास्थ्यलाभको हिसाबले अधिक उपयोग हुन्छ,' अन्नपूर्ण गाउँपालिका उपाध्यक्ष दिवा तिलिजाले भनिन, 'सीमित स्थानीयले परम्परागत रूपमा प्रयोग गरेको पाउद्वार तातोपानी अब बृहत् र व्यावसायिक रूपमा विकास हुनेछ । पर्यटकको चहलपहल बढ्ने र स्थानीय र पालिकाले समेत लाभ लिनेछ ।'

मुस्ताङ भ्रमण र अन्नपूर्ण चक्रीय पदमार्गको संगमस्थलका रूपमा रहेको भुरुङ तातोपानी पर्यटकले रिल्याक्स गर्ने थलोका रूपमा विश्वभर प्रख्यात छ । सोही तातोपानीको मुहानदेखि कालीगण्डकी नदीपारि अर्को किनारामा पाउद्वार तातोपानी अवस्थित भए पनि सहज बाटो नहुँदा ओझेलमा थियो ।


JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)

**VACANCY ANNOUNCEMENT**

The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.

**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.

Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.

The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.

The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**



**वर्गीकृत डिस्प्ले**

**Asian College for Advance Studies**
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

**भाडामा**
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सन्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं : ९८४३२८२६००

**सटर चाहियो**
काठमाडौंको चोक चोकमा म:म पसलको लागि सटर चाहियो ।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

**भर्ना**
विचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३000/-*
स्पट कलरः रू. ३५00/-*
मल्टि कलरः रू. ५000/-*
सम्पर्क नं. ५१३५000, ५१३५00४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# रुघाखोकीका बिरामी बढे

लुम्बिनी (कास)- रूपन्देहीको सियारी-२ का हेमन्त थापालाई एक सातादेखि रुघाखोकी र ज्वरोले सताएको छ। अघिपछिजस्तै घरमै बसेर औषधि खाए पनि उनलाई निको भएन। बिस्तारै श्वास फेर्न नै गाह्रो भएपछि चिकित्सकलाई देखाएको उनले बताए। अहिले नियमित बाफ लिएपछि मात्रै श्वास फेर्न सहज भएको उनले सुनाए।

जिल्लामा चिसो बढेसँगै श्वासप्रश्वासका बिरामी बढ्न थालेका छन्। रूपन्देहीका सरकारी तथा निजी अस्पतालमा उपचार गर्न आउनेमध्ये अधिकांश बिरामीमा फोक्सोको समस्या देखिन थालेको चिकित्सकले बताए। 'यो समस्या चिसो र वायु प्रदूषणले भएको हो,' लुम्बिनी प्रादेशिक अस्पतालका वरिष्ठ जनरल फिजिसियन डा. सुदर्शन थापाले भने, 'अस्पतालमा आउनेमध्ये एकतिहाइमा श्वासप्रश्वासको समस्या छ।' अस्पतालमा आएका १ सय बिरामीमध्ये ६० जनाजतिमा श्वासप्रश्वास, रुघाखोकी र फोक्सोको समस्या देखिएको उनले बताए। शरीरलाई चाहिने शुद्ध हावा (अक्सिजन) लिने र अशुद्ध हावा (कार्बनडाइ अक्साइड) फ्याँक्ने महत्त्वपूर्ण अंग फोक्सोको ख्याल राख्नुपर्ने उनले बताए। अस्पतालमा आउनेमध्ये अहिले धेरैमा रुघाखोकी र श्वास फेर्न गाह्रो भएका बिरामी आइरहेको युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजका जनसम्पर्क अधिकृत सुशील गुरुङले बताए। 'जाडो याममा अन्य रोगका बिरामीभन्दा दम, ज्वरो, खोकीका बिरामी धेरै आएका छन्,' उनले भने, 'अस्पतालमा निमोनिया भई अक्सिजन दिनुपर्ने बिरामीको संख्या पनि बढ्दै गएको छ।'

भीम अस्पतालमा दैनिक १२ देखि १५ बालबालिकालाई वाफ दिनुपरेको अस्पतालका बाल रोग विशेषज्ञ डा. सिद्धार्थ पाण्डेले बताए। 'अहिले घ्यारघ्यार गर्ने बालबालिका र दम भएर वाफ लिने वृद्धहरूको संख्या बढ्दो छ,' उनले भने, 'यो अवस्था जाडो नसकिंदासम्म रहिरहन्छ। चिसोमा झाडापखालाका बिरामीसमेत बढेका छन्।' चिसो ह्वात्तै बढेकाले मर्निङ वाक गर्ने वृद्धवृद्धाका साथै बालबालिका अहिले घाम लागेपछि हिंड्न ठीक हुने, न्यानो भएर बस्नुपर्ने, तातो खानेकुरा खाने गरेमा चिसोको समस्या नहुने डा. थापाले सुझाए।

# मानवअधिकार उल्लंघन नघटेकामा चिन्ता

रोल्पा (कास)- शान्ति प्रक्रियापछिको अवधिमा मानवअधिकारको रक्षा र हिंसा घटाउनेतर्फ राज्यले ध्यान नदिएको नागरिक सरोकारवाला र अधिकारकर्मीले बताएका छन्। 'रोल्पामा मानवअधिकारको अवस्था' विषयक हालै आयोजित अन्तरक्रिया कार्यक्रममा उनीहरूले उक्त कुरा बताएका हुन्। 'मानवअधिकार र नागरिक अधिकारको पक्षमा कसैको आवाज सुनिएको पाइँदैन। सोझा र अन्यायमा परेकालाई न्याय दिलाउने निकाय मौन बसेको देख्दा दुःख लाग्छ। यस्तो अवस्था कहिलेसम्म हुने हो ?' अधिवक्ता जितविक्रम मल्लले भने।'

शान्ति अनुभव भए पनि शैक्षिक हक प्रयोग गर्न नसकिएको सदरमुकाम लिबाङस्थित बाल कल्याण माविका प्राचार्य मधुसूदन पोखरेलले बताए। 'राज्यले निःशुल्क पढ्न पाउने, पुस्तक पाउने र गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारको परिपूर्ति गरेको छैन,' उनले भने, 'विद्यालय चलाउन निकै मुस्किल छ।'

जिल्ला स्वास्थ्य प्रमुख नोखराज पोखरेलले राज्यले घोषणा गरे अनुसारको स्वास्थ्य सुविधा पुऱ्याउन मुस्किल भएको बताए। मानवअधिकारका लागि एकल महिला सञ्जालकी अध्यक्ष तुलसा आचार्यले अझै पनि महिलालाई घरेलु हिंसाबाट जोगाउन नसकिएको बताइन्।

# रोग लुकाएर बस्छन् ग्रामीण महिला

## घरायसी काममा व्यस्त, स्वास्थ्य संस्था जानै डराउने प्रवृत्ति, स्वास्थ्यकर्मी र औषधि पर्याप्त नहुँदा रोग बल्झिँदै

**शमशेरविक्रम जीसी** (प्यूठान)

'तल्लो पेट दुख्न थालेको वर्षौं भयो,' गौमुखी गाउँपालिका-२ अर्खाकी मुना सुनारले दुखेसो पोखिन्, 'घाँस-दाउरा गर्दागर्दै आधा जीवन बितिसक्यो। उपचार गर्न जाने भनेर सोचेको पनि त्यस्तै भयो।' अधिकांश समय चुलोचौको र घरायसी काममा बित्ने गरेको उनले बताइन्। 'गाउँमा जन्मिएपछि यस्तै रहेछ,' उनले भनिन्, 'आफ्नो शरीरको ख्यालै नहुने रहेछ।' दुई वर्षअघि गाउँमा शिविर सञ्चालन भएको थियो। 'त्यही बेला हो मैले पहिलो पटक डाक्टर भेटेको,' उनले भनिन्।

डाक्टरले पाठेघरमा समस्या छ, अस्पताल जानुपर्छ भने पनि अहिलेसम्म अस्पताल जान नपाएको उनले सुनाइन्। पाठेघरको समस्या बोकेर बाँचेकी सुनारलाई अहिले व्यथाले च्याप्दै लगेको छ। कहिले घर त कहिले गोठको काम गर्दागर्दै समय बितेको र रोग बल्झिँदै गएको उनले बताइन्। समयमै उपचार पाए निको हुने आशा उनलाई छ। गाउँमा अस्पताल नहुँदा आफूजस्ता धेरै बिरामी अस्पताल जानबाट वञ्चित भएको उनले बताइन्। 'गाउँमा मजस्ता धेरै बिरामी दिदीबहिनीहरू छन्। जो अहिलेसम्म अस्पताल पुगेका छैनन्,' उनले भनिन्, 'सहज यातायातको व्यवस्था नहुँदा र आर्थिक अभावकै कारण यहाँका अधिकांश दिदीबहिनी अस्पताल जानबाट वञ्चित छन्।' यहाँका महिलामा मुख्य समस्या तल्लो पेट दुख्ने, सेतो पानी बग्ने र पाठेघरको समस्या छ।



प्यूठानको गौमुखी-१ अर्खामा स्वास्थ्य शिविरमा उपचारका लागि आएका महिला। *तस्बिर : शमसेरविक्रम/कान्तिपुर*

गौमुखी-२ मा दुई वर्षअघि गाउँपालिका र जिल्ला अस्पतालको सहयोगमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको थियो। त्यसबेलाको शिविरमा स्वास्थ्य जाँच गर्न आएका अधिकांश महिलामा पाठेघरको समस्या देखिएको गौमुखी गाउँपालिका-२ का वडाध्यक्ष डोरबहादुर रानाले बताए। 'यहाँ त पहिलो प्राथमिकता भनेकै काम हो,' उनले भने, 'बिरामी पर्दा पनि काम छ भनेर अस्पताल जाँदैनन्।' गाउँका महिलालाई नियमित स्वास्थ्य जाँच गर्नुपर्छ भन्ने पनि जानकारी छैन। यहाँका महिला रोग लागे पनि लुकाएर बस्ने गरेको गौमुखी गाउँपालिका-१ का वडाध्यक्ष दिलबहादुर थापाले बताए। 'सानो समस्या पनि लुकाएर बस्दा पछि विकराल बनिरहेको छ,' उनले भने, 'घरायसी कामको बोझले महिला खुल्न सकेका छैनन्।'

बिहान उठेदेखि साँझ ननिदाउँदासम्म कामकै चिन्ता हुने अर्खाकी इन्द्राकुमारी थापाले बताइन्। उमेरले ७० पुगे पनि थापा नियमित घरायसी काममा व्यस्त हुन्छिन्। 'कान सुन्न छाडेको चार वर्ष बढी भयो,' उनले भनिन्, 'आँखाले पनि धमिलो देख्छु। तर, घाँस-दाउरा नगरी सुख छैन।' २०७३ सालमा घाँस काट्ने क्रममा रुखबाट लडेकी थापालाई पिठ्यूँ र ढाड दुख्ने समस्या छ। तर, उनी अहिलेसम्म अस्पताल पुगेकी छैनन्। 'अस्पतालमा उपचार गर्न जाने भनेर भन्न थालेको वर्षौं भयो,' उनले भनिन्, 'गोठका डिंगाबाच्छा कहाँ छाडेर जाने ? त्यसैले गाउँमा शिविर आउँदा मात्रै जँचाएकी थिएँ। त्यसपछि कतै गएकी छैन।' आफूजस्ता वृद्धवृद्धा र ग्रामीण क्षेत्रका महिलाका लागि समय-समयमा गाउँमै स्वास्थ्य शिविरहरू सञ्चालन हुनुपर्ने उनले बताइन्।

जिल्लाका नौवटै स्थानीय तहका ६४ वटै वडामा स्वास्थ्य संस्थाहरू छन्। तर, स्वास्थ्य संस्थासम्म नागरिकको सहज पहुँच छैन। स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था नहुनु, औषधिको पर्याप्त व्यवस्था नहुनुजस्ता कारणले पनि बिरामीहरू स्वास्थ्य संस्थासम्म पुग्दैनन्। ग्रामीण क्षेत्र र त्यसमा पनि भौगोलिक रूपमा विकट हुँदा सामान्य बिरामी पर्दा पनि घण्टौं लगाएर स्वास्थ्य संस्थासम्म आउनुपर्ने हुन्छ। बिरामी घण्टौं लगाएर अस्पताल वा स्वास्थ्य संस्थासम्म आउन नसक्नु, यातायातको सहज व्यवस्था नहुनु र आर्थिक समस्या मुख्य कारण हुन्। जसले रोग पालेर बस्न बाध्य पारेको छ।

पछिल्लो समय स्थानीय तहहरूले गाउँमै सुविधा सम्पन्न स्वास्थ्य सेवाको विस्तार गरेका छन्। तर, त्यो सेवा ग्रामीण क्षेत्रका नागरिकको पहुँच बाहिर छ। गाउँपालिका केन्द्रसम्म आउनै डराउने ग्रामीण महिलालाई त्यहाँसम्म आउने वातावरण सिर्जना गर्न जनचेतना फैलाउने खालका कार्यक्रमको आवश्यकता रहेको ऐरावती गाउँपालिका अध्यक्ष नविलविक्रम शाह बताउँछन्। 'जिल्लासम्म पुग्न नसक्ने बिरामीलाई अहिले पालिकाको केन्द्रमै ल्याबसहित एमबीबीएस डाक्टरको व्यवस्था पालिकाले गरेका छन्,' उनले भने, 'जिल्लामा हुने धेरै जाँच र उपचार गाउँपालिकाको केन्द्रमै हुन्छन्। तर, बिरामीहरू घर छाड्नै मान्दैनन्।'

जिल्लाको गौमुखी गाउँपालिका, नौबहिनी गाउँपालिका र ऐरावती गाउँपालिकाका ग्रामीण क्षेत्रका महिलामा पाठेघर खस्ने समस्या बढी छ। गौमुखी-१, २ र ३ का महिलामा यस्तो समस्या बढी देखिएको छ। त्यसबाहेक स्वास्थ्य संस्थासम्म सहज पहुँच नभएका वडाका महिलाहरू पनि यो समस्याबाट अछुतो छैनन्। अझ कतिपय गाउँमा त बिरामी हुँदा धामीझाँक्री बिरामीको पहिलो प्राथमिकतामा पर्छन्। बिरामी हुँदा पहिले धामीझाँक्रीकहाँ जाने र रोगले च्यापेपछि मात्रै अस्पताल आउने समस्या रहेको ओखरकोट स्वास्थ्य केन्द्र मच्छीका अहेब मीनबहादुर जीसीले बताए। 'बिरामी स्वास्थ्य संस्थासम्म आइपुग्दा थला नै परेका हुन्छन्। रोग बल्झिसकेको हुन्छ,' उनले भने, 'तसर्थ, उपचारमा समस्या हुने गरेको छ। स्वास्थ्य समस्याका बारेमा जनचेतना फैलाउन सके केही सुधार ल्याउन सकिएला।'

# तडकभडक रोक्न अदालतमा बिहे

**रूपा गहतराज** (नेपालगन्ज)

नेपालगन्जका एक जोडीले विवाहमा गरिने तडकभडकको शैलीलाई चुनौती दिँदै शालिन शैलीमा विवाह गरेका छन्। अघिल्लो शुक्रबार अदालतमा रजिस्टेसन गराएर उनीहरू आइतबार जिल्ला अदालत पुगेका हुन्। रजिस्टेसन कार्यालय पुगेर दुवैले हस्ताक्षर गरेपछि विवाहको औपचारिक कार्यक्रम सम्पन्न भएको हो। 'कागजपत्र लिएर न्यायाधीशकहाँ पुग्यौं,' उनीहरूले भने, 'न्यायधीशले हामीलाई हेर्दै कागजपत्र हेर्नुभयो अनि बिहे भएको फैसला सुनाइदिनुभयो।'

नेपालगन्ज-१२ बेलासपुरका ३२ वर्षीय प्रनय जलान र काठमाडौं निवासी २७ वर्षीया डा. सिम्रन अग्रवालले कोट म्यारिज (अदालती विवाह) पछि मात्र दुबोको माला एकअर्कालाई लगाइदिए। यो उनीहरूको मागीविवाह हो। १० महिनाको चिनजानपछि उनीहरू विवाह बन्धनमा बाँधिएका हुन्। उनीहरू एकसरो लुगामा अदालतमा उपस्थित भएका थिए। साथमा दुवैका परिवारमात्र थिए। सामान्य शैलीमा बिहे गर्नका लागि उनीहरूले अदालती विवाह रोजेको बताए। 'बरू, बिहेको खर्च कुनै सकारात्मक काममा लगाउने सोच छ,' उनीहरूले भने।

एउटा बिहेमा परिवारले आफ्नो पूरै पुँजी खर्च गर्नुपर्छ। जमाना फेरिएको छ। लाखौं पैसा भोजका नाममा खर्च गर्नुपर्छ। 'त्यो सबै तडकभडकलाई रोक्न अदालती विवाह रोजेका हौं,' बेहुला प्रनयले भने, 'यसमा दुवैको सहमति भएपछि अदालती प्रक्रियामा विवाह गर्ने निर्णय गरेका हौं।' मारवाडी समुदायमा विवाह निकै धुमधामका साथ हुन्छ। विवाहपूर्व नै चार-पाँचवटा कार्यक्रम गर्नुपर्छ। तर, उनीहरूले कुनै कार्यक्रम गरेनन्। दुवै केटाकेटी सम्पन्न परिवारका भए पनि उनीहरूले विवाहका नाममा हुने फजुल खर्च रोक्न सन्देश दिन खोजेको बताए। दुवै परिवारको सहमतिमा सामान्य शैलीमा विवाह गर्ने निर्णय गरेको उनीहरूले सुनाए।

बेहुलीको पोसाकमा नभए पनि लेहंगा लगाएर सामान्य शैलीमा विवाह गर्दा आफूलाई खुसी मिलेको बेहुली सिम्रनले बताइन्। 'हामीले आ-आफ्नो चाहनाको सम्मानका लागि यो बाटो रोजेका हौं,' साथीभाइ रिसाएनन् भन्ने प्रश्नमा उनले भनिन्, 'सबैको चित्त बुझाउन कहाँ सकिन्छ र ?' बेहुलाकी आमा अल्का जलानले छोराको चाहनालाई नकार्न नसकेपछि कोट म्यारिज गर्न राजी भएको सुनाइन्। 'जेठो छोराको विवाह धुमधामका साथ गर्ने चाहना थियो। तर, छोरोले नमानेपछि कोट म्यारिजका लागि राजी भयौं,' उनले भनिन्। बेहुलीकी आमा रेखा अग्रवाल छोरीको विवाह कसरी गर्ने भन्दा पनि छोरीको भविष्य राम्रो होस् भन्ने चाहना रहेको बताइन्।



प्रनय जलान र डा. सिम्रन अग्रवाल

साउनयता मात्रै १९ जोडीले अदालती विवाह गरेको जिल्ला अदालत नेपालगन्जका शाखा अधिकृत तथा सूचना अधिकारी नुमानन्द अधिकारीले बताए। 'कोर्ट म्यारिज गर्नेमा घर-परिवारबाट विवाहका लागि स्वीकृति नपाएका धेरै छन्,' उनले भने, 'तर, विवाहका नाममा हुने तडकभडक र यसले निम्त्याउने हिंसा आदिलाई भने अदालती विवाहले अवश्य नियन्त्रण गरेको छ।'

BHL
बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना।**
यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।
संलग्न गर्नुपर्ने कागजात:
१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र।
बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सम्पर्क : ९८४१०५४८१३, ९८०१८७७५५३
इमेल: Pandeypadam277@gmail.com

**आवश्यकता**
यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आहवान गरिएको सूचित गरिन्छ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने। | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको। | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको। | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको। | केही |

सहिद मेमोरियल अस्पताल कलंकी - १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४

**Vacancy Announcement**
Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL"*.
Company Name: Maryada Construction and Suppliers
Interested candidates can send their CV to Email: *Prameshworkhp@gmail.com*
Whatsapp/Viber: 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |

CIVIL INFORMATICS SOLUTIONS CIS
JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)
**VACANCY ANNOUNCEMENT**
The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.
**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.
Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.
The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.
The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.
**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**

**वर्गीकृत डिस्प्ले**

Asian College for Advance Studies
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

**भाडामा**
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सन्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला।
सम्पर्क नं : ९८४३२८२६००

**सटर चाहियो**
काठमाडौंको चोक चोकमा मःम पसलको लागि सटर चाहियो।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

**भर्ना**
विचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

# आँखाको उपचार गाउँमै



सल्यानको शारदा नगरपालिकामा सञ्चालित शिविरमा बिरामी । *तस्बिर : कान्तिपुर*

**विप्लव महर्जन** (सल्यान)

दुई वर्षअघिदेखि टाढाको मान्छे चिन्न छाडेकी बाग्चौर नगरपालिका-५ की ६५ वर्षीया देवकली विकको आँखाको ज्योति दिनदिनै कमजोर हुँदै गएको थियो । मोतिबिन्दुका कारण आँखा कमजोर हुँदा उनलाई घरको कामकाज गर्नसमेत समस्या भइरहेको थियो । तर आर्थिक अवस्था कमजोर हुँदा उनको उपचार हुन सकेको थिएन । त्रिवेणी गाउँपालिका-१ काभ्राका ६० वर्षीय कर्णबहादुर बोहराको समस्या पनि देवकलीको भन्दा फरक थिएन । आँखाको ज्योति कमजोर हुँदा उनी गाउँभन्दा बाहिर जान छाडेका थिए ।

अहिले उनीहरू दुवैको समस्या हल भएको छ । उनको आँखाको ज्योति फर्किएको छ । गाउँमा सञ्चालन भएको शिविरमा मोतिबिन्दुको शल्यक्रिया भएपछि उनीहरूको दृष्टि फर्किएको हो । नेपाल नेत्र ज्योति संघ र राप्ती आँखा अस्पताल दाङको सहयोगमा जिल्लाका स्थानीय तहहरूमा आँखा उपचार र शल्यक्रिया शिविरको आयोजना गरिएपछि स्थानीयले गाउँघरमै आँखाको उपचार पाउन थालेका हुन् । अस्पतालले जिल्लाका १० वटै पालिकाका करिब १९ स्थानमा आँखाको उपचार शिविर सञ्चालन गरेको हो । जसबाट झन्डै ५ हजार जनाले आँखाको उपचार गराएका छन् । करिब ४ सय जनाको शल्यक्रिया गरिएको छ ।

शारदा नगरपालिकाले विभिन्न ४ स्थानमा सञ्चालन गरेको शिविरमार्फत ९ सय जनाको आँखा परीक्षण गरिएको छ । करिब १ सय जनाको मोतिबिन्दुको शल्यक्रियाको तयारी नगर प्रमुख प्रकाश भण्डारीले बताए । उनका अनुसार प्रारम्भिक उपचारबाट शल्यक्रियाका लागि छनोट गरिएकाहरूको आइतबारदेखि शल्यक्रिया हुनेछ । 'जिल्ला अस्पतालमा आँखाको अप्रेसन हुँदैन, श्रीनगरको आँखा उपचार केन्द्रले सामान्य सेवा मात्र दिने गरेको छ,' उनले भने, 'आँखाको समस्या भएर पनि आर्थिक समस्याका कारण उपचार गराउन नपाएका बिरामीका लागि गाउँघरमै शिविरको आयोजना गरिएको हो ।

बाग्चौर नगरपालिकाले पनि विभिन्न ४ ठाउँमा आँखा उपचार शिविरको आयोजना गरेको छ । आर्थिक समस्या, भौगोलिक विकटता र जनचेतनाको अभावका कारण कोही पनि उपचारबाट वञ्चित नहुन् भनेर गाउँघरमै शिविर सञ्चालन गरिएको बाग्चौर नगरपालिका प्रमुख जनकराज गौतमले बताए । उनका अनुसार ४ स्थानमा सञ्चालन गरेको शिविरबाट ९ सय ९७ जनाले आँखा परीक्षण गर्न पाएका छन् । र १ सय ३४ जनाको मोतिबिन्दुको शल्यक्रिया गरिएको छ । उपचार गराएकालाई निःशुल्क चस्मा र औषधि वितरणसमेत गरिएको उनले बताए ।

# दुर्लभ रेडपान्डाको बासस्थान संकटमा

## ५ महिनाको अवधिमा ३ वटा रेडपान्डा मृत भेटिएका छन्


**हरिहरसिंह राठौर** (जाजरकोट)

कुशे गाउँपालिका-९ पैंकमा रेडपान्डा पटकपटक मृत भेटिन थालेका छन् । पैंकस्थित वडा कार्यालय नजिकै शनिबार रेडपान्डा मृत अवस्थामा फेला परेको थियो । मृत रेडपान्डालाई सबडिभिजन वन कार्यालय कुशेका वन रक्षक बालकृष्ण ओलीको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

विश्वमै लोपोन्मुख अवस्थाको रेडपान्डा जाजरकोटको कुशे र बारेकोट गाउँपालिका तथा नलगाड र छेडागाड नगरपालिकाका जंगलमा फेला परेको वन तथा वातावरण मन्त्रालयले ४ वर्षअघि गरेको अध्ययनमा देखिएको थियो । जिल्ला प्रहरी कार्यालयले एक वर्षको अवधिमा रेडपान्डाको छाला र आखेटोपहारसहित ५ जनामाथि मुद्दा चलाएको छ । 'प्रहरी र वन कार्यालयमा त कमै मात्रामा यस्ता घटना जान्छन्, लुकीछिपी चोरीतस्करी गर्नेहरूको संख्या बढिरहेको छ,' स्थानीय अगुवा लक्ष्मण शाहीले भने, 'सरकारले बेवास्ता गरेपछि तस्करीहरूको मनोमानी झन्झन् बढिरहेको छ ।'

जाजरकोटका प्रहरी प्रमुख डीएसपी सन्तोष निरौलाले महिनैपिच्छे रेडपान्डा मृत भेटिँदा संरक्षणमा चिन्ता थपिएको बताए । उनका अनुसार ५ महिनाको अवधिमा ३ वटा रेडपान्डा मृत भेटिएका छन् । केही रेडपान्डा भने कुकुरको सिकार हुने उनको भनाइ छ । 'आफ्नो बासस्थान सुरक्षित नहुँदा पनि रेडपान्डा गाउँमा पस्न थाले,' उनले भने, 'गाउँमा पस्दा झन् उनीहरू असुरक्षित भए ।'

बारेकोट गाउँपालिका-५ का जनकबहादुर शाहीले पाटन क्षेत्रमा बर्सेनि हुने आगलागीबाट सबैभन्दा धेरै रेडपान्डा मारिएको बताए । 'सोझो जनावर भएकाले भाग्ने थाहा नपाउँदा मर्ने र मारिने गरेको छ,' उनले भने, 'पाटन क्षेत्रमा जडीबुटी संकलन गर्न आएकाहरूले पनि थाहा पाइ/नपाइ रेडपान्डा मार्ने गरेका छन् ।'



जाजरकोटको कुशे गाउँपालिका-९ पैंकमा मृत फेला परेको रेडपान्डा । *तस्बिर : कान्तिपुर*

हिउँदयाममा सिकार गरिएका रेडपान्डाको अवशेषहरू गर्मीसमयमा जंगलभरि भेटिने गरेको उनको भनाइ छ । उनले प्रहरीको जानकारी नआएका चोरी-पैठारीका घटनाहरू गाउँघरमै वन सब डिभिजन कार्यालयको मिलेमतोमा मिल्ने गरेको आरोप लगाए । कुशेको दुई र बारेकोटको चार सामुदायिक वन समूहसग सहकार्य गरेर रेडपान्डा संरक्षणसम्बन्धी कार्यक्रम गरिरहेको रेडपान्डा नेटवर्कका भूपलाल खत्रीले बताए ।

डोल्पाको मुड्केचुला गाउँपालिकाको पाटन क्षेत्रमा समेत रेडपान्डा पाइने गरेको छ । गाउँपालिका अध्यक्ष दत्तबहादुर शाहीले रेडपान्डा संरक्षणका लागि विशेष महत्व दिएर रेडपान्डा संरक्षणका कामहरू गरिरहेको भए पनि बासस्थान विनाश, चोरीसिकारी, खण्डीकरण, चोरीसिकारीलगायत कारण समस्या भइरहेको बताए ।

नागरिक अगुवा राजेन्द्रैविक्रम शाह भने रेडपान्डाको संरक्षण र चोरी सिकारीमा स्थानीय सरकारले नीतिगत व्यवस्था नहुनु प्रमुख समस्या रहेको आरोप लगाउँछन् । उनले लजालु स्वभावको वन्यजन्तु रेडपान्डाको बासस्थान भनेको निगालोको जंगल नै भएकाले त्यसको संरक्षण गरिनुपर्ने बताए । 'वन क्षेत्रमा हुने आगलागी, गाईबस्तु चरिचरन र बढ्दो मानवीय गतिविधिले पनि रेडपान्डाको संरक्षण चुनौतीपूर्ण देखिएको छ,' उनले भने, 'यसमा ३ वटै तहका सरकार गम्भीर बन्नु जरुरी छ ।'

वन्यजन्तुविज्ञ विकास नेपालीले उच्च पहाडी क्षेत्रका वन क्षेत्रमा पाइने रेडपान्डाको आयु ८ देखि १० वर्षसम्म हुन्छ । उनका अनुसार रेडपान्डाको पुस र फागुनमा भाले लाग्छ भने जेठदेखि साउनसम्म गर्भाधान हुन्छ । रेडपान्डाको सहवास समय र सन्तान जन्माउने समयमा रेडपान्डाको बासस्थानमा स्थानीयलाई जान नदिने, चरिचरण गर्न नदिने र कुकुर लिन नदिने गरेमा यसको संरक्षण हुने उनको भनाइ छ । समुद्र सतहबाट झन्डै ३ हजार ६ सय मिटर आसपास रेडपान्डाको बासस्थान प्रभावकारी मानिएको छ ।

# डाँडाको बस्तीमा खानेपानी र सिँचाइ

**डीबी बुढा** (जुम्ला)

आकाशेपानीको भरमा खेती गरिरहेका तिला गाउँपालिका-२ का हरिलाल रावतले केही वर्ष खडेरीका कारण जग्गा नै बाँझो राखे । 'खडेरी परेको पर्‍यै हुनाले बाली लगाए पनि उब्जनी भएन । त्यसैले २/३ वर्ष त जग्गा बाँझो नै राखे । उनले भने, 'तिला नदी तल र गाउँ माथि हुँदा सिँचाइ र खानेपानीको लामो समय ठूलो अभाव भइरह्यो ।'

उनका छिमेकी धनबहादुर रावत झन् सिँचाइ समस्या नहुँदा आफ्नो ७ रोपनी जग्गा बाँझो राखेर जीविकोपार्जनका लागि झण्डै ५ वर्ष भारतमा गए । 'सिँचाइ नहुँदा आफ्नो उत्पादनले खान नपुग्ने, परिवार पाल्नै समस्या भएपछि भारतमा मजदुरी गर्न पनि गइयो,' उनले भने, 'कुनै बेला गाउँ तलको तिला नदीको पानी हेरेर चित्त बुझाउनुपर्ने बाध्यता थियो ।' लिप्ट सिँचाइ योजनामार्फत गाउँमा पानी पुगेपछि उनीहरू अहिले भने दंग छन् । गाउँमा खानेपानीको अभाव भएकाले सिँचाइकै पानीलाई स्थानीयले शुद्धीकरण गरेर पिउन थालेका छन् । अहिले लामो समयदेखि बाँझो रहेका तिला-२ लिही र लर्मी गाउँका जग्गाहरू हरियालीमा परिणत भएका छन् । 'न अब सिँचाइको समस्या रह्यो न खानेपानीको,' धनबहादुरले भने, 'सबैले पाखोबारीमा विभिन्न तरकारीसँगै स्याउ र ओखर रोप्ने तयारी थालेका छौं ।' सार्वजनिक जग्गामा धुपी, सल्लो र देवदारका बिरुवा रोपण गरेर हरियाली बनाउने स्थानीयको योजना छ ।



जुम्लाको तिला -२ मा निर्माण भएको लिफ्ट खानेपानी तथा सिँचाइ योजना । *तस्बिर : डीबी/कान्तिपुर*

लिप्ट गरेर तिला नदीको पानी ३ सय ७० मिटरको उचाइमा लगिएको हो । जसका लागि एक लाख लिटरको ठूलो रिजर्भ ट्यांकी बनाइएको छ । ३०/३० हजार लिटरका ४ वटा ट्यांकी बनाइएको छ । ट्यांकीमा जम्मा भएको पानीलाई पाइपमार्फत किसानहरूको खेतहरूमा पुर्‍याइएको सहयोगी निकाय पेस नेपालका अध्यक्ष किशोर न्यौपानेले बताए । उनका अनुसार लिप्टबाट प्रतिसेकेण्ड ७ लिटर पानी ट्यांकीमा खस्ने गरेको गरेको छ । जसका लागि १ हजार ३ सय २० मिटर जीआइ पाइप र ४ हजार मिटर एचडी पाइप जडान गरिएको उनले जानकारी दिए । योजनाबाट ३२ हेक्टर जमिन सिञ्चित भएको उनको भनाई छ । 'स्थानीयले घरघरमा प्लास्टिक टनेलको प्रयोग गरी हरियो तरकारी उत्पादन गर्न थालेका छन्,' उनले भने, 'अन्तर खेती प्रणालीको माध्यमबाट उत्पादकत्व बढाउन प्रयास सुरु गरिएको छ ।'

योजनाबाट ३ सय ३८ घरधुरी लाभान्वित भएको उनले बताए । उनका अनुसार १ करोड ३५ लाख रुपैयाँमा सिँचाइ योजना निर्माण भएको हो । लिप्ट गरेर गाउँभन्दा माथि पनि पानी तानिएकोले आगलागीजन्य प्रकोपका घटना न्यूनीकरणमा सहयोग मिल्ने अपेक्षा गरिएको उनले बताए ।


**BH**

**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना ।**

यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**संलग्न गर्नुपर्ने कागजात:**

१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।

**बुढानिलकण्ठ हेरिटेज लिमिटेड**
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सर्म्पक : ९८४१०९४८१३, ९८०१८७७५५३
इमेल: Pandeypadam277@gmail.com



## Vacancy Announcement

Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL"*.
**Company Name: Maryada Construction and Suppliers**
**Interested candidates can send their CV to Email:** *Prameshworkhp@gmail.com*
**Whatsapp/Viber:** 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |



## आवश्यकता

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आहवान गरिएको सूचित गरिन्छ ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने । | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको । | केही |

**सहिद मेमोरियल अस्पताल** कलंकी - १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४


# २ महिनापछि खुल्यो गमगढी-सोरुकोट सडक

मुगु (कास)- गमगढी-सोरुकोट सडक झन्डै २ महिनापछि सञ्चालन भएको छ । असोज पहिलो साता परेको भीषण वर्षासँगै विभिन्न ठाउँमा पहिरो खसेपछि सडक अवरुद्ध भएको थियो । सोरु गाउँपालिकाले डोजर लगाएर सडकमा खसेको पहिरो र ढुंगा पन्छाएपछि सडक सुचारु भएको हो ।

लामो समयसम्म सडक बन्द हुँदा सोरु गाउँपालिकाका स्थानीयलाई दैनिक उपभोग्य वस्तु ढुवानी गर्न र सदरमुकाम गमगढी आउजाउ गर्न कठिनाइ भएको थियो । सडक खुलेपछि दैनिक झन्डै एक दर्जन गाडी सदरमुकाम आउजाउ गर्न थालेका छन् । सडक खुलेपछि गमगढी-सोरुकोट आउजाउ गर्न सहज भएको सोरु गाउँपालिका-६ का सुरेन्द्र शाहीले बताए । उनका अनुसार सडक बन्द हुँदा झन्डै दुई साता सोरुमा खाद्यान्न अभाव देखिएको थियो ।



झन्डै २ महिनापछि खुलेको गमगढी-सोरुकोट सडक । *तस्बिर : राजबहादुर शाही/कान्तिपुर*

'अब खाद्यवस्तु लैजान सजिलो भएको छ,' उनले भने, 'गाउँको कृषि उपज पनि सदरमुकाम र जिल्ला बाहिर जान थालेको छ ।' उनका अनुसार सडक खुलेपछि सुर्खेत र नेपालगन्जका व्यापारी सोरु गाउँपालिकाका विभिन्न गाउँमा आएर सिमी, कोदो, फापरलगायत स्थानीय उत्पादन खरिद गर्न थालेका छन् ।

करिब २ महिनासम्म सडक अवरुद्ध हुँदा सिमेन्ट, फलामे रड, पाइपलगायत निर्माण सामग्री ढुवानी गर्न समस्या भएपछि गाउँपालिकाभरिको विकास-निर्माणको काम अवरुद्ध भएको थियो । झन्डै २ साता डोजर लगाएर पहिरोले तहसनहस बनेको गमगढी-सोरुकोट सडक खुलाउन सफल भएको गाउँपालिका उपाध्यक्ष केशरबहादुर शाहीले बताए । उनका अनुसार प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका कारण पनि सडक खुलाउन केही ढिलाइ भएको हो ।

अहिले सोरुकोटसम्मको ३० किलोमिटर सडकमा गाडी गुड्न थालेको छ । गमगढीदेखि तारापानीसम्मको २१ किलोमिटर सडक ग्रामीण पहुँच कार्यक्रमले निर्माण गरेको थियो । सिपदेखि सोरुकोटसम्मको १९ किमि सडक गाउँपालिकाले निर्माण गरेको हो । गमगढी-सोरुकोट सडकखण्ड स्तरोन्नति गरी कालोपत्र गर्न प्रदेश र संघीय सरकारसँग अनुरोध गरिएको गाउँपालिका अध्यक्ष धर्मबहादुर शाहीले बताए । उनका अनुसार चालु आर्थिक वर्षभित्र पालिकाका ११ वटै वडामा यातायात सेवा पुर्‍याउने गरी काम भइरहेको छ ।


JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD &
MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)

## VACANCY ANNOUNCEMENT

The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.

**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.

Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.

The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.

The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**



## वर्गीकृत डिस्प्ले

**Asian College for Advance Studies**
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

**भाडामा**
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सञ्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं : ९८४३२८२६००

**सटर चाहियो**
काठमाडौंको चोक चोकमा म:म पसलको लागि सटर चाहियो ।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

**भर्ना**
विचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# कोल्टीमा शल्यक्रियासहित विशेषज्ञ सेवा

वसन्तप्रताप सिंह (बझाङ)

बाजुराको उत्तरमा पर्ने बुढीनन्दा नगरपालिकाको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा शल्यक्रियासहित विशेषज्ञ सेवा सुरु भएको छ । बाजुरा, हुम्ला, कालिकोट र मुगुका नौ वटा स्थानीय तहका केन्द्रका रूपमा रहेको विकट कोल्टी क्षेत्रमा विशेषज्ञ सेवा सुरु भएको हो । यसबाट विशेषज्ञ उपचारको अभावमा ज्यान जोखिममा परेका चार जिल्लाका स्थानीय लाभान्वित हुनेछन् ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला र बुढीनन्दा नगरपालिकाको पहलमा यो सेवा सुरु भएको हो । सेवा सुरु भएको पहिलो दिन शुक्रबार नै बुढीनन्दा नगरपालिका ६, कोटीलाकी गर्भवती अस्मिता विकलाई शल्यक्रियामार्फत प्रसूति गराइएको थियो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका बाल रोग विशेषज्ञ डाक्टर सोनाम गुरुङ, मेडिकल अधिकृत डाक्टर चेतबहादुर धामी, एनेस्थेसिया सहायक लालबाबु यादव र अपरेसन थिएटर नर्स भगवती रावलको टोलीले विकको सफल शल्यक्रिया गरेको बुढीनन्दा नगरपालिका स्वास्थ्य शाखाका प्रमुख ओमजंग शाहीले बताए ।

उपचार सेवाको अभावमा गर्भवती भएदेखि नै जीवन र मृत्युको दोसादबाट गुज्रिने गरेको बताउँदै समयमै शल्यक्रिया गरेर आफू र बच्चालाई बचाइदिएकामा विकले खुसी व्यक्त गरिन् । 'यहाँ सुरक्षित सुत्केरी गराउने व्यवस्था थिएन । पहिलो गर्भ भएकाले मर्छु कि बाँच्छु भनेर निकै पीर परेको थियो,' उनले भनिन्, 'धन्न, मेरै सुत्केरी हुने दिनमा डाक्टरहरू आइपुग्नु भयो । हामी आमा र बच्चाको ज्यान बचाइदिनुभयो । मेरा लागि उहाँहरू देउताजस्तै हुनुभयो ।' उनले यसअघि सुत्केरी सेवा नपाउँदा ज्यान गुमाउने गरेको र पहिलो पटक गर्भवती हुनेलाई बढी जोखिम हुने गरेकाले आफू निकै नै तनावमा रहेको बताइन् ।

शल्यक्रियासहितको विशेषज्ञ सेवा सुरु भएपछि अस्मितासहित यस क्षेत्रका महिलाहरू खुसी भएका छन् । 'अपरेसन गर्ने सुविधा यहाँ नभएका कारण साल सालै हाम्रा दिदीबहिनीहरूले ज्यान गुमाउँदै आएका छन्,' बुढीनन्दा नगरपालिका २, कोल्टीकी संगीता विष्टले भनिन्, 'अब कोल्टीमै अप्रेसन हुने भयो भन्ने खबरले हामी सबै खुसी भएका छौं । अबका दिनमा सुत्केरी समस्याकै कारण कसैले ज्यान गुमाउनु नपर्ला भन्ने विश्वास छ ।' यसअघि नगरपालिकाले समस्यामा परेका सुत्केरीहरूको उद्धारका लागि २० हजार अनुदान दिने गरेको थियो । अनुदान दिए पनि भनेको बेला जहाज नआउने, रात्रिको समयमा समस्या भएमा उद्धार सम्भव नहुने भएकाले बर्सेनि सुत्केरीहरूले ज्यान गुमाउने गरेको उनको भनाइ छ ।



बाजुराको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा बुढीनन्दा–६, कोटीलाकी अस्मिता विकको शल्यक्रियामार्फत सुरक्षित प्रसूति गराइँदै । *तस्बिर सौजन्य : केशर बोहरा*

पायक पर्ने ठाउँमा प्रसूतिसम्बन्धी विशेष१ सेवा नहुदा यस क्षेत्रका महिलाले प्रसूति समस्याका कारण बर्सेनि ज्यान गुमाइरहेका थिए । दुई वर्षअघि सुत्केरीपछि अत्यधिक रक्तश्राव हुँदा बाजुराको बुढीनन्दा नगरपालिकाकी २३ वर्षीय अम्बकला रोकायाको ज्यान गएको थियो । बजार केन्द्रमा प्रसूति सेवा नभएका कारण जटिलता देखिएका महिलालाई यहाँका स्थानीयले हजारौं खर्च गरेर सदरमुकाम मार्तडी वा नेपालगन्ज र धनगढी पुर्‍याउने गरेका थिए ।

'बाजुरा मात्रै नभएर कालीकोट, हुम्ला र मुगुबाट पनि समस्या परेका दिदीबहिनीहरू यतै आउनुहुन्छ । यहाँ शल्यक्रिया नभएका कारणले आपत्कालीन बिरामीलाई पनि बाहिर रेफर गरिरहेका थियौं,' नगरपालिका स्वास्थ्य शाखा प्रमुख शाहीले भने, 'भाग्यले कोही बाँच्थे कोही बाटैमा ज्यान गुमाउँथे । कोल्टीमै सेवा सुरु भएपछि अब मातृ मृत्युदर धेरै घट्छ भन्ने विश्वास छ ।'

उनले एकजना शल्यक्रिया तथा स्त्रीरोग विशेषज्ञ डाक्टर र एकजना अपरेसन थिएटर नर्स गरी दुई जनाको पारिश्रमिक कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र नगरपालिकाले आधाआधा व्यहोर्ने गरी समझदारी भएको बताए । त्यहाँ अब चौबिसै घण्टा शल्यक्रिया सहितको विशेषज्ञ सेवा सुरु भएको छ ।

उनले चार जिल्लाको सेवा केन्द्रमा रहेको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा अन्य रोगको उपचारका लागि पनि बिरामीहरू आउने गरेको बताए । विशेषज्ञ सेवाको अभावमा ज्यानै समेत गुमाउनुपर्ने अवस्था रहेकोले अब एमडीजीपी डाक्टर ल्याउन आफुले पहल गरिरहेको उनको भनाइ छ । 'कोल्टी बाजुराको उत्तरी क्षेत्रको लागि मात्रै नभएर अन्य जिल्लाको पनि मुख्य सेवा केन्द्र हो', नगरप्रमुख बोहराले भने, 'यहाँको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउँदा एमडीजीपी डाक्टर ल्याउनका लागि प्रयास गरिरहेका छौं ।'

# बगरमा हराभरा वन

## ४ वर्षमा स्थानीयले रोपेका बाँस, खयर र सिसौ हुर्किए

भवानी भट्ट (कञ्चनपुर)

कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको स्याली नदीको बगर छ । बर्सेनि नदी कटानले बगर झन्झन् बढ्दै गएको थियो । स्याली नदी बस्ती छेउमै पुगिसकेको थियो । ४ वर्षअघिसम्म यो क्षेत्रमा बालुवा मात्रै थियो ।

जब स्थानीयले चरिचरन निषेध गरे त्यसपछि बगर क्षेत्र विस्तारै हराभरा हुन थाल्यो । स्थानीयले बगरमा तारबार लगाए । त्यसपछि केही बिरुवा पनि रोपे । खयर, सिसौं, सिमललगायतका बिरुवा आफैं उम्रिए । अहिले स्याली किनारको ५ हेक्टर बगर घना वन भएको छ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने उक्त बगरमा स्थानीयले ४ वर्षअघि ५ सय सिसौं, २ हजार खयर र २५० बाँसका बिरुवा रोपेर संरक्षणको सुरुवात गरे । चरिचरन रोकिएपछि रोपे भन्दा बढी विरुवा आफैं उम्रिए । अहिले घना वन भएर एक्लै जान पनि डर लाग्दो छ । 'बगर संरक्षण नगरेको भए अहिलेसम्म स्यालीले बस्ती बगाइसक्ने थियो,' शुक्लाफाँटा मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने सुनदेवी उपभोक्ता समितिका सचिव दामोदर जोशीले भने, 'बगर संरक्षणले एकातिर कटान रोकियो, अर्कोतर्फ घाँस दाउराका लागि पनि सजिलो भयो ।'

शुक्लाफाँटा नगरपालिका ६ मा पर्ने उक्त क्षेत्रमा वडा कार्यालय र तराई भूपरिधि कार्यक्रमले बगर संरक्षणसँगै वृक्षरोपणमा सहयोग गरेको हो । स्थानीयले लालमणि रानाको संयोजकत्वमा संरक्षण समिति पनि बनाएका छन् । उक्त समितिले बगरको हेरचाहसँगै व्यवस्थापनको काम गरिरहेको छ ।

कृष्णपुर नगरपालिका ४ मा पर्ने समैजी सामुदायिक वनको ठूलो क्षेत्र मछेली नदीको कटानका कारण बगर बनेको थियो । घना वन हेर्दा हेर्दै बगर बन्यो । तर अहिले उक्त बगर फेरि हराभरा वन बनेको छ ।



कञ्चनपुरको शुक्लाफाँटा–६ मा स्याली नदीकिनारको बगरमा हुर्केको वन । *तस्विर : भवानी/कान्तिपुर*

'यति चाँडै वन यस्तो होला भन्ने सोचेका थिएनौं,' लालझाडी मोहना संरक्षित क्षेत्रअन्तर्गतका सामुदायिक वनहरूको समन्वय समितिका अध्यक्ष शिवदत्त पन्तले भने, 'स्थानीय उपभोक्ताका निकै मिहिनेतले एक दशकमै हराभरा वन भयो ।'

पन्तका अनुसार समैजी सामुदायिक वनको उत्तरतिर मछेली खोलाले धेरै वन कटान गरेको थियो । स्थानीयले उक्त क्षेत्रमा चरिचरण निषेध गरे । त्यसपछि बिरुवा पुनर्उत्पादन हुन थाल्यो । बिरुवा उम्रिएसँगै नदीको कटान पनि रोकियो । समैजी सामुदायिक वनले बगर संरक्षण मात्रै गरेर उक्त क्षेत्रमा वन्यजन्तुका लागि १२ हेक्टर जमिनमा घाँसे मैदानपनि संरक्षण गरेका छन् ।

समैजीसंगै जोगिएको ग्वासी समैजी सामुदायिक वनले पनि १५ हेक्टर जमिन घाँसे मैदानका रूपमा संरक्षण गरेको छ। घाँसे मैदान संरक्षणपछि दुवै सामुदायिक वनमा वन्यजन्तुको विचरण पनि बढेको छ । हात्ती, बाघ, नीलगाई, चित्तल र बाह्रसिंगालगायतका वन्यजन्तु उक्त क्षेत्रमा पुग्न थालेको अध्यक्ष पन्त बताउँछन् । लालझाडी मोहना संरक्षित क्षेत्र वन्यजन्तुको मुख्य करिडोर हो । भारतको दुधुवामा राष्ट्रिय निकुञ्जबाट वन्यजन्तु लालझाडी हुँदै चुरे फेदीबाट शुक्लाफाँटासम्म पुग्छन् । शुक्लाफाँटाबाट पुन लालझाडी हुँदै फेरी दुधुवा फर्किन्छन् । लालझाडी संरक्षित क्षेत्रसँगै जोडिएको सामुदायिक वनहरूले संरक्षण थालेपछि वन्यजन्तु उक्त क्षेत्रमा पनि रोकिन थालेको अध्यक्ष पन्त बताउँछन् ।

स्थानीय तहहरूले नदी नालाबाट निर्माण सामग्री उत्खनन्का लागि ठेक्का दिने गरेका छन् । तर त्यसपछि नियमित अनुगमन नहुँदा नदीनालाको अनियन्त्रित दोहन हुन्छ। जसको प्रत्यक्ष प्रभाव वन र चुरे क्षेत्रमा परिरहेको छ । महाकालीपछि सबैभन्दा बढी निर्माण सामग्री उत्खनन् हुने नदीमध्ये मछेली पनि पर्छ । त्यसकै प्रभाव समैजी सामुदायिक वनमा पनि परेको हो । 'संरक्षण नगरेको भए समैजी वन पूरै बगर भइसक्थयो, बस्ती पनि जोगाउन गाह्रो हुन्थ्यो,' अध्यक्ष पन्तले भने, 'लालझाडी संरक्षित क्षेत्रका सामुदायिक वनमध्ये समैजी संरक्षणमै नमुना बनेको छ ।'

उनका अनुसार लालझाडी संरक्षित क्षेत्रसंग ९१ सामुदायिक वन जोडिएका छन् । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने पुनर्बास नगरपालिका ११ डोके बजार दुधुवादेखि लालझाडी जोड्ने करिडोरको मुख्य विन्दु हो । तर उक्तक्षेत्रमा जथाभावी भएको अतिक्रमण र बस्ती विकासले करिडोर अवरुद्ध भएको छ। तर मोहना नदीकिनारको गंगाजमुना सामुदायिक वन पनि स्थानीयले संरक्षण गरेको अर्को नमुना हो ।

१९ हेक्टरमा रहेको यो वन पनि केही वर्षअघिसम्म बगर नै थियो । स्थानीयले संरक्षण थालेपछि अहिले यो निकै घना वनभएको छ । 'करिडोर अवरोध तोड्ने डोकेबजारको अतिक्रमण हटाउनुका साथै लालझाडीलाई दुधुवासंगै जोडुनपर्ने देखिन्छ,' लालझाडीसँगै जोडिएको कुण्डा सबडिभिजन वन कार्यालय पचगडियाका सहायक वनअधिकृत दिनेश यादवले भने, 'स्थानीयको पहलमा केही संरक्षणका सकारात्मक काम भएका छन्, यसलाई निरन्तरता दिन सके मात्रै करिडोर संरक्षण हुन सक्छ ।'

# पानी नपर्दा बाली सुक्दै

## आकाशे झरी नहुँदा बीउ छरेका खेतमा बाली सप्रेको छैन, अहिलेसम्म बाली जमिनमाथि देखिएको छैन'

मनोज बडू (दार्चुला)

आकाशेपानीको भरमा खेती गर्ने यहाँका किसान हिउँदे बाली लगाएदेखि वर्षा नहुँदा चिन्तित भएका छन् । जिल्लाको अधिकांश खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्था नहुँदा आकाशे वर्षाको भरमा खेती हुँदै आएको छ ।

लामो समयसम्म हिउँदे वर्षा नभएपछि यहाँका किसानहरू यो वर्ष हिउँदे बालीको उत्पादनमा कमी आउने अनुमान गरिरहेका छन् । हिउँदे बाली लगाउने समयदेखि पानी नपर्दा खेतमा लगाइएको बाली सुकिरहेको मालिकार्जुन गाउँपालिका-४ राहुलसिंह धामीले बताए । 'आकाशे झरी नहुँदा बीउ छरेका खेतमा बाली सप्रेको छैन,' धामीले भने, 'कात्तिकमा हिउँदे बाली छरेको थिए । अहिलेसम्म बाली जमिन माथि देखिएको छैन ।' यहाँका किसानहरू हिउँदे खेतीमा गहुँ, जौ, उवा, केराउ मसुरोलगायतका बाली लगाउने गर्छन् ।

लेकम गाउँपालिका-२ का रामदत्त जोशीका अनुसार मंसिर सुरुमा वर्षा हुनुपर्ने हो । अहिलेसम्म पानी परेको छैन । हिउँदे बालीको बीउ छरेको १५/२० दिनभित्रमा पानी परेर सुरुदेखि बाली राम्रो देखिन्छ । उनले मध्य मंसिरसम्म पानी नपरे हिउँदे खेती बिग्रने सम्भावना हुने बताए । पुस सुरुसम्म पानी परेको छैन । प्राकृतिक वर्षाको भरमा खेती गर्नुपर्ने अवस्था रहेकोले हिउँदे बालीको उब्जनी खासै नहुने उनको भनाइ छ । 'हाम्रो ठाउँमा पिउने पानीको समस्या हुने भएकाले खेतीलाई सिँचाइको व्यवस्थाको कुरा परको हो,' उनले भने, 'समयमा पानी परे हिउँदे खेती ठिकै हुन्छ ।'

हिउँदे बालीको अन्नले यहाँका किसानहरू दुईदेखि ६ महिनासम्म खाद्यान्नको व्यवस्था हुन्छ । पानीका कारण हिउँदे सिजनमा यहाँका किसानहरूले बढीजसो जमिन बाँझो राख्ने गरेका छन् । लामो समयसम्म पानी नपर्दा जिल्लाका विभिन्न ठाउँहरूमा गहुँ, जौ, उवा, केराउ, मसुरोलगायत बालीको उत्पादनमा निक्कै कमी हुने देखिएको छ ।

जिल्लामा ५ हजार ९६५ हेक्टर जमिनमा गहुँखेती गरिँदै आएकोमा ३२ दशमलव ७ प्रतिशत जमिनमा मात्रै मात्रै सिँचाइको सुविधा छ । सिँचाइको सुविधा नभएका ठाउँमा कतिपय किसानले गहुँबालीसमेत छर्न पाएनन् । छरेका ठाउँमा पनि खडेरीका कारण बालीनाली सुक्न थालेको किसान रामदत्त जोशीले बताए । जिल्लाको अन्य क्षेत्रमा समेत हिउँदे बाली सुक्न थालेको किसानहरूले बताएका छन् । कतिपय ठाउँमा सिँचाइका लागि पानी भए पनि भौतिक पूर्वाधार नहुँदा सिँचाइ गर्न समस्या रहेको किसानहरूको गुनासो छ ।

खेतीपातीकै भरमा जीविकोपार्जन गरिरहेका जिल्लाका अधिकांश ठाउँका किसान उत्पादनमा कमी आउने देखिएपछि चिन्तित भएका छन् । वर्षे बालीमा समेत वन्यजन्तुले क्षति गरेका कारण खासै उत्पादन भएको छैन । हिउँदे बाली खडेरीले सुक्न थालेपछि चिन्तित भएका दार्चुलाका किसानले सिँचाइका लागि स्थानीय सरकाले व्यवस्था गर्न नसकेको गुनासो गरेका छन् । कृषि ज्ञान केन्द्र दार्चुलाका अनुसार जिल्लामा गत वर्ष १४ हजार १ सय ३ मेट्रिक टन गहुँ उत्पादन भएकामा यो वर्ष भने समयमै पानी नपरेपछि गहुँ उत्पादनमा कमी आउने अनुमान छ । जिल्लाको खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्था छैन । हिमाली तथा जंगल नजिकका क्षेत्रमा जंगली जनावरका कारण बाली राम्रोसँग उत्पादन नहुने ज्ञान केन्द्रले जनाएको छ ।


BHL
बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना ।**

यस पाँचतारे होटलको लागि IT Equipment आवश्यक परेको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा BOQ (Bill of Quantity) भरी बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि निम्न उल्लेखित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**संलग्न गर्नुपर्ने कागजात:**

१. अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।

बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौं
सम्पर्क : ९८४१०९४८१३, ९८०१८७७५५३
इमेल: Pandeypadam277@gmail.com



**Vacancy Announcement**

Applications are invited from qualified Engineers for the Post of *Project Manager, Mechanical Engineer/Sub-Engineer "CIVIL".*
**Company Name:** Maryada Construction and Suppliers
**Interested candidates can send their CV to Email:** *Prameshworkhp@gmail.com*
**Whatsapp/Viber:** 9845912381

| Position | No | Minimum Qualification |
|---|---|---|
| Project Manager | 2 | Masters degree in relevant field with at least 10 years of work experiences in Construction Projects. Must have 5 years of work experience in MEP work. Adequate knowledge in Piling work and at least double basement. Sound knowledge of Structural and Geotechnical Engineering. Knowledge in Construction Planning Scheduling, and Monitoring of Construction project. |
| Mechanical Engineer | 1 | Master's in mechanical engineering. Minimum 10 years of work Experience in Mechanical, Electrical and Plumbing Work. Must be able to prepare Plans, detailed design and Cost estimate of HVAC, Firefighting, Electrical and Plumbing Work |
| Engineer/Sub- Engineer (CIVIL) | 5 | Must have Experience in Building Construction, Supervision and Bill Preparation for at least 3 years. Good understanding of Construction Drawing and the incumbent must be proficient in AutoCAD and related software. Monitor the progress of each day and compile report accordingly. Must know how to survey sites and use Total Station. |
| Accountant | 2 | Master's degree in accounting The incumbent must be analyzed, compiling, reconciliation financial data Create periodic reports such as balance sheets, profit & loss statement etc. Must perform audits and resolve discrepancies. The incumbent must have adequate knowledge of Accounting Software like Excel, Dynamic etc. |
| Storekeeper | 2 | Must have knowledge of inventory management and proficiency in use of ERP software's to maintain the stock of all the construction materials |



**आवश्यकता**

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइपुग्ने गरी दरखास्त आहवान गरिएको सूचित गरिन्छ ।

| सि.नं. | पद | तह | योग्यता | संख्या |
|---|---|---|---|---|
| १. | मेडीकल ल्याव टेक्नोलोजिष्ट | ७ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट BMLT उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने । | केही |
| २. | डेन्टल हाइजेनिष्ट | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा Diploma in Dental Hygiene उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ३. | एक्सरे टेक्निसियन | ५ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट रेडियोग्राफर प्रमाणपत्र तह उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । | केही |
| ४. | रिसेप्सनिष्ट | ४ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 पास गरेको । | केही |

**सहिद मेमोरियल अस्पताल** कलंकी – १४, काठमाडौं
फोन नं: ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४



CIS
JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD &
MEH CONSULTANTS P. LTD.
MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)

**VACANCY ANNOUNCEMENT**

The Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all seven provinces.

**CIAS-MEH JV**, on behalf of the SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the position of **Finance and Controlling Manager (FCM)** to be based in Kathmandu with frequent field visits to the provinces.

Key qualifications required for this position: A Chartered Accountant with a minimum of 5 years of post-qualification experience in key managerial position preferably with a Master's degree in Finance/Accounting. Prior experience in an International Development Cooperation Project.

The detailed terms of reference (ToR) for the job description can be downloaded from **https://merojob.com/MLRBP-IV.** Qualified candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website.

The closing date for applications is **31st December 2022.** Only short-listed candidates will be invited for selection process and further assessments. No telephone calls, written or personal enquiries will be entertained in this regard.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).**



**वर्गीकृत डिस्प्ले**

**Asian College for Advance Studies**
(Affiliated to Purbanchal University)
Running Bachelor Programs:
1. BPH
2. B Pharmacy
3. PBNS / BNS
4. B.Sc. Nursing
Satadobato, Lalitpur
Phone: 01-5540183/5530656

**भाडामा**
काठमाडौंको मुटु टेकुस्थित अम्बे ग्रुपद्वारा सन्चालित अम्बे कम्प्लेक्समा, कार्यालय सञ्चालनको लागि सुविधासम्पन्न फ्ल्याटहरु खाली भएकोले आवश्यक पर्ने महानुभावहरुले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं : ९८४३२८२६००

**सटर चाहियो**
काठमाडौंको चोक चोकमा म:म पसलको लागि सटर चाहियो ।
स्थानहरु : चाबहिल, गोंगबु, माछापोखरी र कलंकी क्षेत्रमा
सम्पर्क नं. ९८४१५५२९१४

**भर्ना**
बिचमा पढाई छोडेकाहरुको लागि +2 मा भर्ना
City Education Foundation
Koteshwor, Kathmandu
Call: 9841206019
Email: cityfoundation@gmail.com

**वर्गीकृत डिस्प्ले** अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*
सम्पर्क नं. ५१३५000, ५१३५00४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।